
मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना पत्रिका

पूर्णाङ्क १११, चैत, २०८१



# नेपालमा दलित आन्दोलनको इतिहास र वर्तमान अवस्था

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

**पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू**

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



**सुविधाहरू**

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना त्रैमासिक पत्रिका

वर्ष २७, अङ्क १११, चैत २०८१

*संस्थापक*
**सुशील–प्रकाश**

*सल्लाहकार*
**डा. कुन्दन अर्याल**
अध्यक्ष, इन्सेक
**विजयराज गौतम**
कार्यकारी निर्देशक, इन्सेक

*सम्पादक*
**मदन पौडेल**

*व्यवस्थापक*
**शैलेश शर्मा**

*मुद्रक*
**ड्रिम ग्राफिक्स प्रेस**
**काठमाडौँ**

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट : जातीय छुवाछुत के हो ? ५
- इतिहासको पानाबाट : रोजीरोटी खोस्न कठोर दण्ड ४६
- इतिहासको पानाबाट : विवाहकै कारण ... ५०
- जातीय विभेदविरुद्ध इन्सेक.../विजयराज गौतम ५१
- नेपालमा जातीय.../अधिवक्ता डा. रुद्रबहादुर चर्माकार ५४
- नेपाली दलित आन्दोलन .../गणेश विश्वकर्मा ६७
- नेपालमा दलित आन्दोलन.../निशान्त ढुङ्गाना ७२
- नेपालको दलित आन्दोलनः समीक्षा.../सुशील विके ८०
- किन भूमिहीन छन्, दलितहरू/विश्वास नेपाली ८६
- अनौपचारिक श्रम क्षेत्रमा.../मणिलाल विश्वकर्मा ९६
- जातीय विभेदका घटना .../भोला पासवान १०६
- प्रेममा अवरोध बनेको जात व्यवस्था/चिना बराल ११४
- सुदूरपश्चिम प्रदेश : स्थानीय तह र प्रदेश सरकारमा दलित ..../ कृष्णबहादुर बिक १२८
- कर्णालीका भूमिहीन .../ जगतदल जनाला विक १३२
- अन्तरजातीय विवाह .../ ममता विश्वकर्मा १४२
- शिक्षाको पहुँचबाट टाढा.../ पदमकुमार सरदार बाँतर १४६
- जातीय विभेदविरुद्ध गण्डकी प्रदेश सम्मेलनबाट जारी पोखरा घोषणापत्र १४८
- अन्तरवार्ता /देवराज विश्वकर्मा १५०

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
इन्सेक insec
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत



समाजमा परम्परादेखि जकडिएर आएको यो कुरीति अझै अन्त्य भएर आएको अवस्था छैन। रोजगारीको अवसरलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ भनेर सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यक्रमहरू पनि अगाडि सारेका छौँ।

**सुरेन्द्रराज पाण्डे**
मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार



गण्डकी प्रदेश सरकारले सदियौँदेखि जात व्यवस्थाले सिर्जना गरेका जातीय भेदभाव तथा छुवाछुतजन्य व्यवहार अन्त्य गर्दै दलित समुदायको हक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न र दलित सशक्तिकरण सम्बन्धी ऐन निर्माण गरिरहेको छ।

**विन्दुकुमार थापा**
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री, गण्डकी प्रदेश सरकार



आज २१ औँ शताब्दीमा पुग्दा पनि जातीय विभेदको विषयमा चर्चा गरिरहनु लाजमर्दो कुरा हो।

**डोबाटे विश्वकर्मा**
पूर्वमन्त्री, गण्डकी प्रदेश



अबको नेपालको दलित आन्दोलन अथवा अबको नेपालको विभेदीकरणलाई हेर्न नयाँ ढङ्गले सोच्नुपर्छ। तथ्याङ्कका हिसाबमा त्यस्ता कुरा कम छन् तर किन कम छन् भन्दा कतिपय घटनाहरू सार्वजनिक भएका छैनन्।

**डा. कुन्दन अर्याल**, अध्यक्ष, इन्सेक

## कार्टून




**साभार : अनलाइनखबर डट कम**

### प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क
कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन्
भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न
नभुल्नु होला॥

email : prachi@insec.org.np

**सम्पादक**

# जातका आधारमा गरिने विभेदको अन्त्य कहिले ?

नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हकको व्यवस्था गरिएको छ। उक्त धाराको उपधारा (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन भन्ने उल्लेख छ। यसरी यस उपधारामा निजी तथा सार्वजनिक दुवै स्थानमा छुवाछुत निषेध गरिएको छ। उपधारा (२) मा वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा कुनै पनि विभेद नगरिने व्यवस्था छ। त्यसैगरी उपधारा (३) मा उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जातजाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने व्यवस्था छ भने उपधारा (४) मा जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन। उपधारा (५) मा यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ।


दलितका मुद्दामा आवाज उठाउने संस्थाहरूको अहिले नेपालमा कमी छैन। तर, पनि पहुँच र नीति निर्माणको तहमा दलितको उपस्थिति नहुँदा आज पनि मुलुकमा अझै पनि मानिस–मानिसका बीचमा विभेद कायम छ। दलित भएको आरोपमा देशका धेरै मानिसहरू अझै पनि समाजको मूल प्रवाहीकरणबाट बाहिरै छन्। जातपातका आधारमा मानिस–मानिसबीच गरिने यस्तो विभेद कानुनतः अक्षम्य भए पनि यो प्रथा, संस्कृति, धर्म, परम्परा, विचार आदि कारणबाट समाजमा विद्यमान छ।

नेपालमा जातीय छुवाछुत प्रथाको प्रचलन कायम भएको एकीन ऐतिहासिक प्रमाण छैन। तर लामो समयदेखि प्रचलनमा रहँदै आएको यो प्रथाका कारण लाखौँ मानिसहरू प्रताडित भएका छन्। जातीय छुवाछुतका कारण दलितहरूमाथि भएको उत्पीडन कम्ती डरलाग्दो छैन। समाज परिवर्तनसँगै जातीय छुवाछुतको प्रथामा विस्तारै कमी आउन थाले पनि यसका कारण उत्पन्न हुने र भएका पीडाको श्रेणी निकै लामो छ। आज एक्काइसौँ शताब्दीमा पनि मानिसलाई मानिस सरह व्यवहार नगर्ने यो प्रथाका कारण मानिसहरू उत्पीडनको शिकार भएका छन्।

जातीय भेदभावलाई निर्मूल गर्न राज्यको कृयाशीलतामात्रै पर्याप्त छैन। कानुन कडा बनाउने तर कार्यान्वयन फितलो हुनाले समस्या ज्युँका त्युँ छ। विद्यमान कानुनको अक्षरशः पालना आजको मूल दायित्व हो भने समाजमा व्याप्त अन्धविश्वासबाट बाहिर निस्कन नसक्दा कतिपय ठाउँमा जातका आधारमा हुने विभेदका घटना बाहिर आइरहेका छन्।

लोकतन्त्रको पुर्नस्थापनापछि अनेकौँ कानुनी प्रबन्ध तथा घोषणाका बाबजुद पनि नेपालमा दलितमाथि हुने विभेदका घटनामा कमी आएको छैन। जातीय विभेदका घटना अभिलेख नहुने र भएका पनि सबैजसो मेलमिलापमा टुङ्गिने गरेको पाइन्छ। जातीय छुवाछूतजस्तो घृणित कार्यमा मेलमिलाप गरी पीडकलाई उन्मुक्ति दिने कार्य भइरहनुले अपराधका घटनामा कमी नआएको अनुमान गर्न सकिन्छ। दलितमाथि भइरहेका घटना र यस्ता घटनामा कमी ल्याउन राज्य र तिनका निकायले प्रभावकारी पहलकदमी लिनु जरुरी भइसकेको छ।

# जातीय छुवाछुत के हो ?




**शास्त्रीय सन्दर्भ**

भारत, नेपाल र केही छिमेकी मुलुकहरूमा हजारौं वर्षदेखि जातपात र छुवाछुतको प्रथा चलेर आएको छ र यसले अहिले पनि समाजलाई प्रभावित पारिरहेको छ। यस्तो प्रथा विश्वका अरू देशमा कहीं पनि थिएन र छैन। यो प्रथा चलेका भारत नेपाल जस्ता देशमा बस्ने मानिसहरूले हजारौं वर्षदेखि ठूलो सामाजिक भेदभाव, घृणा र अपमान सहनु परेको छ। त्यसैले यो प्रथा यी मुलुकहरूमा मानव जातिको कलंक बनेको छ।

जातिपाति प्रथा शुरूमा थिएन भन्ने कुरा शास्त्रीय ग्रन्थहरू र ऐतिहासिक तथ्यहरूको गहन विश्लेषण गर्दा छर्लङ्ग हुन्छ। भारतीय उपमहाद्वीपमा आदिम समाज "वर्णव्यवस्था" (जातपात र छुवाछुत) रहित थियो। यस ठाउँमा पनि त्यो पछि मात्र शुरू भएको हो। यस सम्बन्धमा सुप्रसिद्ध ग्रन्थ महाभारत भन्दछ -

"जात्मा च सदृशा: सर्वे कुलेन सदृशास्तथा।"
*(शान्तिपर्व १०७/३०)*

(आदिम समाजका मानिसहरू जात र कुलमा सबै समान थिए, अर्थात त्यहाँ मानिस मानिस बीच असमानता र भेदभाव थिएन।)

पहिले समाजमा वर्ण व्यवस्था थिएन, त्यो पछि मात्र शुरू भएको हो भन्ने कुरा बाल्मीकि रामायण बताउँछ-

"तस्त्रेतायुगं नाम मानवानां बयुस्यताम्
क्षत्रिया: यत्र जायन्ते पूर्वेण तपस्यान्विता:।
................
अस्येन्स्तु ते सर्वे विशेषमधिकं तत:
स्थापनं चक्रिरे तत्र चातुर्वर्णस्य सम्मतम।"*(उत्तरकाण्ड ७४/११-१५)*

(सत्ययुगपछि त्रेतायुग आयो र त्यहाँ बलवान क्षत्रीयहरूले पनि ब्राह्मणहरूले जस्तै तपस्या गर्न थाले। त्यसपछि मनु आदि ऋषिहरूले ब्राह्मण र क्षत्रीयहरूमा केही फरक नदेखेर चार वर्ण भएको समाज कायम गरे।)

मूलवैदिक कालमा आर्यको ब्राम्हण, क्षेत्रीय र वैश्यमा वर्गीकरण भएको थिएन। ऋग्वेदको पहिलो चरणमा ब्राम्हण, क्षेत्रीय र वैश्य तीन वर्ण देखिए। ऋग्वेदको पछिल्लो कालमा शुद्रको निर्माण भयो तर शुद्र तिरष्कृत भएको पाइँदैन।

वर्णव्यवस्था पहिले कतै नभएको बेला भारत वर्षको दक्षिणी भागमा शुरु भएको थियो भनी लिङ्ग पुराण भन्दछ-

"वर्णाश्रम व्यवस्था च त्रेताप्रभृति सुव्रता:
भारते दक्षिणेवर्षे व्यवस्था नेतरेष्यथ।"

*(पूर्वार्ध ८९/९५)*

हिन्दू धर्मको पूर्व रूप बौद्धिक धर्म थियो। वैदिक समाजमा शुरूका आर्यहरूले गाउने गरेका गीत वा ऋचाहरूबाट पनि त्यसबेला समाजका मानिसहरू समान थिए र त्यहाँ जातपातको भेदभाव थिएन भन्ने स्पष्ट हुन्छ -

"समानोमन्त्र: समिति: समानी, समानै, मन: सहचित्तभेषाम्।"
समानी व: आकृति: समानी हृदयानि व:
समानमस्तु वो मनो व: सुसहासति।"

*(ऋग्वेद १०/१९१/३-४)*

जाति जन्मजात कुरा होइन र यो शुरूमा काम विशेषले निर्धारित हुन्थ्यो। ऋग्वेदको दशौं मण्डलको अन्ततिर स्पष्ट शब्दमा यसरी चारवर्णको उल्लेख गरेको पाइएको छ -

"ब्राम्हणोऽस्य मुखमासीत् वाहु राजन्य: कृत:
उरु तदस्य यद्वैश्य: पद्भ्यां शूद्रो अजायत।"(ऋग्वेद १०/०/१२)

(त्यस विराट पुरुषको मुख ब्राम्हण, हात क्षत्रिय, जाँघ वैश्य र खुट्टा शूद्र थिए।)

दश मण्डलका ऋचाहरूको रचनाकाल ई.पू. १५००-१००० को बीच अनुमान गरिएको छ। यसबाट के स्पष्ट हुन्छ भने अनेकौं वैदिक जन (कविला) हरूमध्ये कुनै कुनैमा ई.पू. १२०० को आसपास प्रारम्भिक रूपमा भएको श्रमविभाजन अनुसार चारखाले श्रमको आधारमा समाजलाई चारवर्णमा छुट्याउन थालिएको थियो। ती यसप्रकार थिए -

पुरोहित, ज्ञान, शिक्षा आदि बौद्धिक काम गर्ने ब्राम्हण (बौद्धिक र धार्मिक क्षेत्र)

सैनिक, शासकीय र खेतीपातीका काम गर्ने क्षत्रीय (राजनीतिक क्षेत्र)

पशुपालन, खेती र बन्दव्यापारका काम गर्नेहरू वैश्य (आर्थिक क्षेत्र)

कठिन श्रम, शिल्पकारी र सेवाको काम गर्नेहरू शूद्र (श्रम क्षेत्र)

तर ऋग्वेदमा यी चार वर्ण बाहेक उत्तर वैदिक कालमा देखापर्ने अरू जातहरू र अछूत प्रथाको उल्लेख कतै पाइन्न।

वर्ण शब्दको अर्थ रङ्ग हो। तर पछि पछि वर्ण शब्दले रङ्गको अर्थ दिन छोडेर श्रम विभाजनको अर्थ दिँदै गएको कुरा स्पष्ट हुन आउँछ। हिन्दू विचारधारा अनुसार वर्ण या जात एउटै शब्दका पर्यायवाची हुनपुगेका छन्। ऋग्वेदमा आर्य-अनार्यको भेद छुट्याइएको पाइन्छ। त्यहाँ अनार्यलाई दास या दस्यु भनिएको छ। यसरी के कुरा पनि सिद्ध हुन आउँछ भने प्राचीन कालमा वर्ण शब्दको अर्थ आर्य अनार्य छुट्याउनु नै थियो। भारतीय उपमहाद्वीपको समाज आर्य, मंगोलियन, द्रबिड र शिथियन यी वंशहरूको सम्मिश्रणबाट बनेको छ। जाति र वर्ण आम्नेसाम्ने रहने छिमेकी सरह हुन्। सबैभन्दा पहिले "ब्राम्हण" जातिमा बलियो। अत: जातिलाई वर्गको स्थितिमा पनि हेर्न सकिन्छ। शुरूमा माथिका चार खाले विभाजन कुनै कुनै वैदिक जनहरूभित्रै देखापरेको थियो तर, एउटै मान्छेले तीमध्ये कुनै पनि काम फेरेर गर्न सक्दथ्यो। काम अनुसारको योग्यता

हासिल गरेपछि वैश्य र शूद्रहरू पनि माथिल्ला वर्णको काम गरी सम्मान पाउन सक्थे।

महाभारतमा भनिएको छ

"शूद्र यीनौ हिजातस्य सद्गुणानुपतिष्ठतः

वैश्यत्वं लभते बम्हण क्षत्रियत्वं तथैक्च

आर्जय वर्तमानस्य ब्राम्हण्यभिजयते।"

(वनपर्व २११/११-१२)

(शूद्र कुलमा जन्मेको मानिस पनि यदि वर्ण अनुसारको गुण र योग्यता हासिल गर्दछ भने वैश्य, क्षत्रीय र ब्राम्हण पनि बन्न सक्छ।)

शुरूशुरूमा चारै वर्णका मान्छे र नारीहरूले पनि वेद पढ्न र यज्ञ गर्न पाउँथे। ब्रम्ह पुराण भन्दछ -

"शूद्रो S प्यागम संपन्नो द्विजो भवति संस्कृतः

ब्राम्हणो वा प्यसद्वृतः शूद्रोभवति तादृशः।" (२२३/५३ - ५४)

(वेद आदि शास्त्र पढेको र सुसंस्कृत आचरणको छ भने शूद्र पनि ब्राम्हण आदि माथिल्ला वर्णमा चढ्न सक्छ। यदि आचरण खराब छ भने ब्राहमण पनि त्यसरी नै शूद्र वर्णमा झर्दछ।)

यसै स्थितिलाई भगवद्गीतामा भनिएको छ -

"चातुर्वण्य ममा सृष्टं गुण कर्म विभागशः"

(मैले मानिसको गुण र कर्मको आधारमा चार वर्णको सृष्टि गरेको हुँ।)

यही नियम अनुसार शूद्र वा अरू "तल्ला" र निन्दित कुल कोखमा पैदा भएका व्यक्तिहरू पनि सम्मानित ऋषि, ब्राम्हण आदि बनेका र उच्च वर्णका मान्छेहरू तल खसेका प्रशस्त उदाहरण प्राचीन ग्रन्थहरूमा पाइन्छन्। "बज्रसूची उपनिषद्" अनुसार पुराण प्रसिद्ध ऋषिहरूमध्ये परासर चण्डाल्नीबाट, वशिष्ठ वेश्याबाट, विश्वामित्र छेत्रिनीबाट, भारद्वाज शूद्र स्त्रीबाट र नारद दासीबाट जन्मे तापनि माथि पुगेका थिए। मातंग चाण्डाल थिए तर तपोबलले महात्मा ऋषि बने।

शुरूशुरूमा भारतीय उपमहाद्वीपका सबै आर्य मूलका जनजातिहरूमा समान रूपले वर्ण व्यवस्था देखापरेको थिएन। आर्य मूलकै विदेह, शाक्य, कोलीय, लिच्छवी, मल्ल आदि जनजातिहरूलाई सिंगो रूपमा क्षत्रीय मात्र भनेको देखिन्छ, अरू चार वर्णको उल्लेख पाइन्न।

डा. भीमराव रामजी अम्बेडकरले शूद्रको उत्पत्तिका दुई कारणहरू बताएका छन् राजा र बाहुनका बीचमा मतभेद र कलहको परिणामले र ब्राम्हण र बौद्धको आपसी संघर्षबाट ऋग्वेदमा अनार्यहरू (आर्य विरोधी) आर्यद्वारा विजित भएपछि "शुद्र" भएको देखिन्छ। ऋग्वेदको "पुरूष सूक्त" बाहेक अन्यत्र "शूद्र" को प्रयोग भेटिंदैन र पुरुष सूक्त पछि थप गरिएको थियो। पहिले वैदिक आर्यजनहरू भित्रैको श्रमविभाजनबाट शूद्र वर्ण पनि शूद्र र दासको स्थितिमा राखिन थालेपछि आर्यजनका मानिसहरूले सकेसम्म शूद्र व्यवसाय छोड्न थाले। त्यसपछि गैर आर्यमूलका गरीब श्रमजीवीहरू र युद्धबन्दीहरूलाई बिभिन्न किसिमले शूद्र या दास बनाएको देखिन्छ।

शुद्र वर्णका व्यवसायहरू दासताको तहमा खस्दै गएपछि र गैर आर्यमूलका विजित मानिसहरू त्यसमा सामेल गरिँदै गएपछि शूद्र वर्णका मान्छेले त्यो पेशा छोडेर ब्राम्हण, क्षत्रीय आदिका पेशा अँगाल्ने स्थिति खतम हुँदै गयो। त्यति मात्र होइन, शूद्रले गर्ने फलाम, छाला, माटो आदिको काम, सडक

नाली आदिको सफाइको काम, मासु काट्ने, बेच्ने, मसानघाट कुर्ने आदि कामलाई एकदमै घृणा र अपहेलनाको दृष्टिले हेरिन थाल्यो। विस्तारै विस्तारै यिनीहरू वर्ण अत्याचार र अन्यायका शिकार हुँदै गए। कठिन एवम् निदित मानिएका ती काम छोडेर अरू वर्णका काम गर्न खोज्दा तिनीहरूलाई त्यसो गर्न नदिने नियमहरू बन्दै गए र ती नियम मिच्नेहरूलाई कठोर दण्ड दिने र मार्ने समेत गरियो।

"मनुस्मृति" (१०/४३-४५) मा मनुले चार वर्णका अतिरिक्त अन्य सबै जातिलाई शूद्र भनेका छन्।

**छुवाछुत प्रथाको सुरूआत**

ऋग्वेदमा चर्मम्न (चमार), वाजसनेमी संहितामा चाण्डाल र पौलकस नाउँको उल्लेख छ भने धोविनी स्मृति ग्रन्थमा रजक र छन्दोग्य उपनिषद्मा चाण्डालको चर्चा छ। तर, यस्ता वर्ग अछूत थिए भन्ने कतै पाइँदैन। स्मृति ग्रन्थहरूमा छुवाछुतको स्थिति भेट्न सकिन्छ। उच्च वर्ग र सत्ताधारी वर्गले आआफ्नो श्रेष्ठता देखाउन र समाजमा हैकम जमाउन, शूद्रहरूमाथि दमन एवम् नियन्त्रण झन झन बढाउँदै लगे। त्यसपछि रिस उठेका, मन नपरेका वा घिनलाग्दो काम गर्न पनि विवश भएका शूद्रहरूलाई शूद्र भन्दा पनि झन् तल हीन जातिको स्थितितिर धकेल्ने, समाजबाट बहिष्कार गर्ने र अछूत सरह व्यवहार गर्न समेत थालियो। अनि समाजमा

शूद्रहरूका पनि दुई किसिम देखा परे :

(१) आर्य मालिकहरूकै घरमा बसेर काम गर्ने छूत शूद्र र

(२) समाजबाटै बहिष्कृत भएर अछूत व्यवहार गरिने हीन जाति, अछुत शुद्र।

विष्णु पुराणको यस श्लोकले त्यस स्थितिको सुरूआत देखाउँछ

"प्राणाणर्यस्तथा दरान् ब्राम्हणर्येनिवेदयेत्
सशूद्र जातिर्भोज्यसद्भोज्य: शेष उच्चते।" (५/११)

(जुन शूद्रले आफ्नो प्राण, धन तथा स्वास्नीलाई ब्राह्मणको सेवामा अर्पण गर्छन्, त्यस्ता शूद्रको अन्न र तिनीहरूले छोएको कुरा स्वान हुन्छ, अरू शूद्रको अन्न खान हुँदैन।)

शूद्रले ब्राम्हण, क्षत्रीय र वैश्य कन्याबाट जन्माएका आयोगव, क्षत्रा, चाण्डाल आदिलाई हीन जाति भनेर समाजबाट बहिष्कृत गरी अछुत मान्न थालियो।

"व्यास स्मृति" ले निम्नलिखित जाति र पेशाका मानिसहरूलाई अछुत श्रेणीमा राख्केको छ :

"वणिक्किरात कायस्थ मालाकार कटुम्बिन:
वेरतो भेद चाण्डाल दास श्वपच कोलका:
एतेन्त्यज्य: समाख्याता: मे चान्ये च गवाशना:
एसां सम्भासणात्स्नानं दर्शनादकंवीक्षणम्।"
*(१/११-१२)*

(वणिक "व्यापारी", किराँत, कायस्थ, माली, बाँसको काम गर्ने, बेरद, कंजर (कुकुर खाने जात), चाण्डाल, दास, मेतर, कोलकहरू र अरू गाई खाने सबै जातहरू अन्त्यज हुन्। तिनीहरूसित बोलेको दोष नुहाएर मेटिन्छ। तिनीहरूलाई देखेको दोष सूर्यलाई हेरेपछि मेटिन्छ।)

स्पष्ट छ, यसमा वैश्य र किराँत (मंगोल जाति) आदिलाई पनि अछूत श्रेणीमै राखिएको छ। तर यिनीहरूलाई उसबेला र पछि पनि अछुत सरह व्यवहार गरेको देखिँदैन।

त्यस्ता एउटै गोत्रका पुरुष र स्त्रीबाट जन्मेका वा नजिकको हाडनाता र रगत

सम्बन्ध बिग्रिएर जन्मेका सन्तानलाई पनि सामाजिक बहिष्कार गरी चाण्डाल अछूत बनाउने चलन रहेको उल्लेख यमस्मृतिमा पाइन्छ। पाप र दुष्कर्म गर्ने व्यक्ति समाजबाट बहिष्कृत भएपछि अछुत मानिन्थ्यो। मनुस्मृतिका अनुसार, ब्रम्ह पुराणमा बौद्ध, पाशुपत, जैन, लोकायत, कपिल अर्थात् सांख्यका अनुयायी, धर्मच्युत ब्राम्हण, शैव र नास्तिकलाई पनि अछुतको गन्तीमा राखिएको छ।

स्वास-स्वास परिस्थितिमा परेकाहरूलाई अछुत मानिएको छ। जस्तै सुतकमा परेका वा रजस्वला भएकाहरू र अज्ञानतावश तिनीहरूलाई छोएर स्नान नगर्दासम्म अछुत मानिने गरियो। म्लेच्छ अर्थात् अहिन्दू सबैलाई अछुत बनाइयो।

हीनजाति या अछुत भनिनेहरूमा चाण्डालको स्थिति सबभन्दा दयनीय थियो। तिनीहरूलाई अछूत त मानिन्थ्यो नै, उनीहरूसित छोइएको हावा पनि दूषित मानिन्थ्यो। (जातक ३) "आपस्तंव धर्मसूत्र" ले चाण्डाललाई अछूत र "हेर्न समेत नहुने" (२/१/२/८) भनेको छ। "मनु स्मृति" मा चाण्डाल र मेहतर (पोडे, च्यामेहरू) गाउँ र शहरबाट बाहिर बस्नुपर्ने, माटाका भाँडा मात्र प्रयोग गर्नुपर्ने, मूर्दा मसानघाटमा लगेर पोल्नु पर्ने, मृत्युदण्ड पाएकाहरूलाई मार्नुपर्ने र तिनका कपडा, बिस्तरा, गहना लिएर प्रयोग गर्नु पर्ने जस्तो ज्यादै अपमानजनक नियमको उल्लेख छ। *(१०/५१-५६)*

संसारको इतिहासलाई नियाल्दा जन्म एवम् व्यवसायमा आधारित जाति व्यवस्था प्राचीन समयमा यूनान, फारस, रोम, चीन, जापान आदि मुलुकहरूमा समेत रहेको थियो, तर हामीकहाँ जस्तो जातीय भेदभाव र छुवाछुत प्रथा थिएन। अहिले पनि पूरै यूरोप र अमेरिकामा गोरो छाला बाहेक अरू रङको छाला हुनेहरू विशेष गरी निग्रो मूलका मानिसहरूप्रति हेला र घृणाको भाव प्रशस्तै छ तर अछूतप्रथाको स्तरमा भने त्यो झरेको छैन।

भारतीय उपमहाद्वीपमा विश्वका धेरै जाति जनजाति आएर छ्यासमिसे भई बस्नु परेको स्थितिले इतिहासको दुर्भाग्यपूर्ण घटनाको रूपमा जातपातको भेदभाव र छुवाछुत प्रथा जन्मेर ज्यादै जटिल रूप लिन पुग्यो, जुन आजको विज्ञान, प्रजातन्त्र र समाजवादको आधुनिक युगसम्म पनि एकदमै जटिल रूपले जकडिएर बाँचिरहेको छ। यसले वर्णव्यवस्था मान्ने वैदिक वा हिन्दू धर्म भित्रका मान्छेलाई विभाजित गरेर त सताएकै छ, त्यसभन्दा बढी जो आर्यमूलका पनि होइनन् र जो हिन्दू धर्म र वर्णव्यवस्था पनि मान्दैनन् उनीहरूले पनि, अर्थात् मंगोल मूल वा आष्ट्रिक मूलका विभिन्न जनजातिहरू (राई, लिम्बू, तामाङ, सतार आदि) ले पनि वर्णवादीहरूको बीचमा अनाहकमै तल्लोजात भनेर अपमानित हुनु परेको छ। गुरुङको बीचमा चारजाते र सोह्रजाते भन्ने भेदभाव छ। मगर, राई, लिम्बू, थारू आदि र तराईका अनेकौं जनजातिहरू हिन्दू धर्ममा सामेल गरिएका छन्। तर स्वयं उनीहरूभित्र यस्तो जातीय भेदभाव र छुवाछुत प्रथा छैन। यद्यपि ब्राम्हणवादद्वारा सिर्जित अछूतहरू प्रति भने छुवाछुतको व्यवहार गर्छन्। तैपनि उनीहरूले जातीय भेदभावको पीडा भोग्नु परेको छ। वास्तवमा नेपालका यी जनजातिहरू विशेष गरेर मंगोल मूलका जनजातिहरूलाई कतै क्षेत्रिय भनिएको छ, कतै वैश्य, कतै शूद्र र कतै अछूत भनी उल्लेख गरिएको छ। किन यस्तो लटरपटर र अस्पष्टता ? वास्तविकता के हो ?

ब्राम्हण साहित्यको निर्माणकालमा आएर व्यवसायको आधारमा मात्र नभएर

जन्मको आधारमा जाति मान्ने धारणा जन्मियो। सभ्यता र संस्कृतिको उत्थानको फलस्वरूप कार्याविभाजनको उत्पति भएको हो र श्रम, कला र सीपको उद्‌भवसगै कारणवश त्यससँग सम्बन्धित अनेक उपजातिहरू देखा परे। छुवाछुतको उदय हुनुभन्दा अघि हिन्दू र अछूतमा भएको अन्तर विजित र विजेताको थियो। जो तोडिए, जो पराजित भए तिनीहरू कालक्रममा अछूत घोषित गरिए। यस यथार्थका लागि उत्तर वैदिक कालका स्मृति संहिताहरू सहायक हुन्छन्। कोमलतामाथि कठोरताको विजय प्रबल हुँदै गएपछि मातृवर्गमाथि पितृसत्ता कायम हुन थाल्यो र नारीवर्ग नै दीनहीन, निर्धा निमुखो र अपहेलित बनाइयो। माथिल्ला तीन वर्ग मिलेर नारीवर्ग र शुद्रवर्गलाई वेदाधिकारबाट बञ्चित गराइयो। कालक्रममा हिन्दू समाजमा उपजातिकरणको सुत्रपात भयो। एउटै समाजका अन्तरक्रियामा पनि विभिन्नता देखिन थाल्यो। यसका साथै समाजका शासक वर्गको भूमिका बढ्नाले सामाजिक चरित्र हेर्ने दृष्टिकोणमा समेत मनोमालिन्यले स्थान पायो। ब्राम्हण समाजमा एकाधिकार, जातपात र चुलाचौकामा भावनात्मक पर्खाल चुलिदै जानु जस्ता अहंकार पराकाष्ठामा पुग्नु, अर्कातिर बालविवाह, वृद्धविवाह, बहुविवाह, अनमेल विवाहले प्रश्रय पाउनु जस्ता विकृति बढ्नु अनि एकातिर जैसी, घाटे, भाट, सन्यासी, ठकुरी, हमाल, भूइँहर, नगरकोटी, गोलक, कुण्डक, प्रतिलोम जस्ता उपजातिको अस्तित्व वृद्धि हुनु इत्यादि विकृतिहरू बढेर गए। यसले गर्दा प्रचलित सामाजिक नियम विधानमा कुठाराघात हुँदा निर्धारित मान्यता विरूद्ध सन्तान उत्पादन गराएमा मुड्ने, दामल गर्ने, जातिच्यूत गर्ने जस्ता संकरीकरणको बाटो अपनाइयो। फलतः आफैले पैदा गराइएका संकरलाई अपहेलित दृष्टिले हेर्ने, क्षतकी पातकी, अछुत ठान्ने र समाजबाट पूर्ण रूपमा बहिष्कार गर्ने जस्ता अमानवीय विकृतिहरू उत्तरोत्तर बढ्दै गए। यस विसंगतिको उपज उग्र ब्राह्‌मणवाद नै हो। त्यसैगरी शासक र युद्ध पिपासुहरूले पराजित पक्षलाई दास तुल्याएर जातिच्युत गर्ने, मुड्ने, देश निकाला गर्ने र तिरस्कार गर्ने जस्ता अमानवीय व्यवहारको फलस्वरूप असाध्य रोगका रूपमा सामाजिक विसंगति बढेर गयो।

उद्योग व्यवसाय पनि जातीय छुवाछुतको आधार होइन। ब्राम्हणहरूले जरुरी बौद्धहरूको तिरस्कार गर्थे वा उनीहरूसँग वैरभाव राख्थे, त्यही ढंगले पराजित मान्छेहरूमाथि पनि व्यवहार गर्दथे। उसै गरी आर्य द्रविडहरूको लडाइँमा विजयी आर्यहरूले द्रविडहरूलाई जितेर शुद्र बनाए। यस अघि द्रविडहरूले आदिवासीहरूलाई जितेका थिए र दास एवम् अछूत बनाएका थिए। यो जाति व्यवस्था आधुनिक सन्तति शास्त्रको मूर्त रूप होइन। वर्ण व्यवस्थामा अछूतहरूलाई गरिएको वर्ताव मुसलमान लगायत अन्य धर्मावलम्बीलाई पनि गरिन्छ। यसर्थ हिन्दू समाजमा जातिवाद धर्मबाट उदाएको प्रमाणित हुन्छ।

**नेपालमा वर्णव्यवस्था र छुवाछुत**

ई.पू. छैटौं शताब्दीमा नै बुद्धले वर्णव्यवस्था विरोधी आन्दोलन शुरू गरेको र स्वयं शाक्यवंशीहरू क्षेत्रीय भनिएकाले त्यसताका नेपालको पश्चिमी तराईमा पनि वर्णव्यवस्था शुरू भएको प्रष्ट हुन्छ। त्यसैताका बागमती उपत्यका र अरू पहाडी क्षेत्रतिर किराँतहरूको बाहुल्य थियो। त्यसैले यतातिर वर्णव्यवस्थाको उदय भएको थिएन। बागमती उपत्यका र पहाडी क्षेत्रमा शाक्य, मल्ल र लिच्छविहरूको आगमनको साथसाथै

क्रमशः वर्णव्यवस्था आउँदै गयो र ईसाको पाँचौं शदीमा लिच्छवि राज्यको विस्तार सँगसँगै त्यो पनि फैलदै गयो।

लिच्छवि राजाहरूमध्ये वृष देव ( मानदेवका बराजु) मात्र बुद्धमार्गी थिए, अरू सबैले वैदिक (हिन्दू) धर्म र वर्णव्यवस्थालाई अँगालेका थिए। राजा मानदेव (ई. ४६४ - ५०५) ले चाँगूनारायणको मन्दिर बनाएकोबाट र उनका विभिन्न शिलालेखहरूबाट उनी वर्णव्यवस्थाका अनुयायी भएको स्पष्ट हुन्छ। उनका नाति वसन्त देव (ई. ५०६ - ५३२) को थानकोटको अभिलेख (ई. ५०६) मा "जयपल्लिका गाउँका ब्राम्हण लगायत अठारै जातका गृहस्थीहरूलाई कुशलमंगल" लेखिएबाट त्यसबेला नेपालमा "चार वर्ण अठार जात" रहेको अन्दाज हुन्छ।

अंशुवर्मा (ई. ५८८ - ६२१) को टिस्टुङ अभिलेख (ई. ६०७) मा "अनतिवृत्तार्यमर्यादा सेतु" (आर्यमर्यादा अर्थात् वर्णव्यवस्थालाई उल्लङ्घन हुन नदिने) लेखिएको छ।

त्यसपछि मध्यकालमा उपत्यकाका मल्ल राजाहरूले बनाएका सयौं हिन्दू देवताका मन्दिरहरू र जयस्थिति मल्ल ( ई. १३६० - ९५) ले वृहत् रूपले गरेको वर्ण व्यवस्था, पूर्वी तराईमा ई. १०९७ देखि १३२५ सम्म रहेको जातपातको पञ्जीकरण प्रथा, गोरखाका राजा रामशाह (ई. १६०५ - ३६) ले गरेको वर्ण व्यवस्थामा आधारित समाज सङ्गठन, कर्णाली क्षेत्रमा ई. १३३८ तिरबाट बढ्दै गएको वर्णव्यवस्था आदिले मध्यकालमा अहिले नेपालमा रहेका विभिन्न क्षेत्रमा वर्णव्यवस्था झन् फैलिँदै गएको देखिन्छ। जयस्थिति मल्ल र रामशाहले धर्म शास्त्र र मनुस्मृतिकै आधारमा कडा सामाजिक नियम लागु गरे। यस अनुसार तल्लो जातलाई प्रत्यक्ष रूपमा भेदभाव गरी उनीहरूलाई एउटा सामान्य मानवको रूपमा समेत बाँच्ने अधिकार दिइएन। साना जात भनिएका त्यस्ता वर्गलाई लाउन, खान र बस्ने बासमा पनि ठूला वर्गका दाँजोमा ज्यादै पक्षपातपूर्ण नियम लगाइएको थियो। जात अनुसारको भेषभूषा लगाउनु पर्ने, तल्ला जातिले पक्की घर बनाउन नपाइने र शहरदेखि टाढा वा नदीका किनारमा मात्र बसोबास गर्नुपर्ने मान्यता थियो। यसरी जयस्थिति मल्ले बनाएको नियम श्री ५ सुरेन्द्रको पालामा बनेको मुलुकी ऐन सम्ममा पनि यथावतै कायम रहेको थियो।

नेपालमा उपजातीय सिर्जनाको कारक आफ्नै प्रकारको छ, सार्वभौम होइन। जस्तो : उच्च अभिजात वर्गको लोग्ने र निम्न जातकी स्वास्नीबाट जन्मिएको सन्तान बढौतीमा पर्दछ। यो पानी चल्ने र छोइछिटा हाल्नु नपर्ने अलिखित नियम समाजमा लागु थियो र अझ पनि छ। फिरन्ते सन्यासी बाबुबाट जन्मिएको सन्तान र बाँकी अन्तरजातीय वैवाहिक सम्बन्धबाट पैदा भएका सन्तान पनि यस श्रेणीमा पर्दछन्।

यही बढौतीका क्रममा इतिहास सम्बद्ध हुँदै आएको पाइन्छ। यसपछि आउँछ घटौतीको क्रम। वि.सं. १९१० को मुलुकी ऐनले अप्रत्यक्ष रूपमा नेपाली समाजलाई दुई जातमा वैधता प्रदान गरेको थियो पानी चल र पानी अचल जात। पानी चल जातको व्याख्या गर्दा कतै कतै छोइछिटा हाल्नु नपर्ने समाज र छोइछिटा हाल्नुपर्ने समाज भनेर परिभाषित गरिएको थियो। राणाकालमा आ-आफ्ना जातका समस्या मिलाउन तिनै जातका प्रमुखलाई जिम्मा दिइएको थियो। कामी र सार्कीको अख्तियारवालालाई "मिझार" (छुट्टाछुट्टै) भनिन्थ्यो भने दमाइँको अख्तियारवालालाई "नगर्ची" भनिन्थ्यो। यस्तै गरी अरू पानी अचल जातका पनि नाइके

तोकिइन्थ्यो। सानातिना मुद्दा मामिलामा अड्डा अदालत वा कचहरी धाउन नपरोस् भनी गरिएको यो व्यवस्थालाई ती मिझार, नगर्ची आदिले आआफ्ना समाजमा सकेसम्म अरू शोषण र अन्याय गर्ने भाँडो बनाएका थिए। जस्तो मालिक त्यस्तै दास भने झैँ मालिकको प्रभाव तिनीहरूमा पनि प्रष्टै परेको थियो। मालिकले अरूलाई शोषण र दमन गरे झैँ उनीहरू पनि आ-आफ्ना समाजलाई अन्याय गर्न पछि पर्दैनथे। यसको उजुरी कतै लाग्दैनथ्यो।

मध्यकालदेखि नै जातिभेद, वर्णभेदका कारणले तथा पराजित हुनु परेका कारणले जात खसालिएकाहरूको सामाजिक स्तर दिन प्रतिदिन गिर्दै र खस्किदै गयो। फलत: खानपान रहनसहन तथा आहार बिहारमा विसंगतिको मात्रा बढ्न थाल्यो र आचार विचार, सुग्घर सफाइ, आत्मसम्मान हराउँदै गयो। आफूलाई माथ्लो जात ठान्नेहरूले यसैलाई उत्पीडनको कारण बनाउँदै लगे। जन्मजात वैदिक समाजको पक्षपोषक हिन्दू धर्मको अनुयायी तथा राष्ट्रिय सांस्कृतिक स्तम्भलाई अवैदिक, अहिन्दू, अछूत भन्दै मन्दिर प्रवेश निषेध गराइयो। पूजाआजा, मांगल्योत्सवादिको आयोजना गर्न र शिक्षा आर्जन गर्नमा पनि रोक लगाइयो। यसरी मन्दिरमा प्रवेश गर्न नपाउने, अंकाक्षर अभ्यास गर्न नपाउने, माथ्ला जातकाले पढे-पढाएको सुन्न नपाउने, धर्मकर्म, यज्ञ-यज्ञादि गर्न नपाउने, तुलसी, बर-पीपल रोप्न नपाउने, जलाशय चौतारी आदि धर्मकीर्ति राख्न नपाउने, सार्वजनिक, मेला पर्व, चाड बाडमा समेत अरू सरह राम रमाइलो, हाँसो रोदनमा सामेल हुन नपाउने जस्ता अप्रिय अमानुषिक, असामाजिक बन्देज लगाइयो। सामान्यत: यस्तो अप्रिय व्यवहार सामाजिक बहिष्कार भन्दा पनि कडा थियो। यसले गर्दा समाजबाट अछूत रहनु पर्ने, अभिजात वर्गकासँग बीच बाटामा जम्काभेट भएका खण्डमा बाटामुनि लाग्नै पर्ने, उनीहरूलाई (जोसुकै होस्) "जदौ" गर्ने पर्ने, दमनविरूद्ध गएमा काटिनु पर्ने, माथ्ला जातका नारी माथि आँखा लगाए वा लगेमा देश निकाला हुनुपर्ने, आफ्नी नारी अभिजात वर्गकाले लगेमा जारीखत लिन नपाउने, तागाधारी वा गैरतागाधारी जातलाई छोइएमा छोइछिटा हाल्न अनुरोध गर्नुपर्ने, सरासर दोहोरो वार्तालाप गर्न नपाउने जस्ता बर्बरतापूर्ण यातना सहन वाध्य गराइयो। पारस्कर गृह्यसूत्र, गौतम सूत्र, मनुस्मृति, शुक्र नीति जस्ता परम्परित ग्रन्थका आडमा बनाइएको मुलुकी ऐनमा कति विषमता थिए, के कस्ता हृदयविदारक भ्रमजाल थिए भन्ने सम्बन्धमा उक्त ग्रन्थहरूमा स्पष्ट अवलोकन गर्न पाइन्छ। त्यसरी मानव समाजबाट अपहेलित र निरस्कृत हुनु परेपछि आर्थिक, सामाजिक, सांस्कृतिक तथा प्रशासनिक क्रियाकलापमा भाग लिने प्रश्नै आएन। अनि सियो धागो खेलाएर, बाजा बजाएर, आरन चलाएर, छालाको काम गरेर, संगीत, कला र नृत्यको साधना गरेर अनि ढुंगा काट्ने, भीर पहरा फोर्ने, माटाका हाँडा भाँडा बनाउने, ज्याला मजदूरी गर्ने, झाडू कुचो गर्ने, हगनगौडी सोहोर्ने, धुने पखाल्ने, मरेका जन्तुको सिनो स्याहार्ने आदि गरेर बाँच्न विवश बन्न पुग्यो। माथ्ला भनिएकाले पानी पँधेरा समेत छुन बन्देज लगाएकाले आर्थिक अवस्था राम्रो हुने र जीवनमा सुधार आउने प्रश्न झन् झन् जटिल हुँदै गयो। यसरी २००७ सालभन्दा अघि शोषित र पीडित निमुखाहरूले पाउनुसम्म गोता र हण्डर पाए। मान्छेको रूपमा समेत नचिनिने उनीहरूको आर्तनाद कसैले सुनिदिएन।

अहिलेको नेपालमा वर्णव्यवस्था

अन्तरगत आम रूपमा "चार वर्ण छत्तीस जात" भन्ने गरे तापनि त्यो पहाडी क्षेत्रको मोटामोटी गणना जस्तो देखिन्छ। नेवारी समाज र तराईको समाजमा छत्तीस भन्दा बढी जात छन्।

पञ्चायती व्यवस्थामा "नेपाललाई हिन्दू राज्य" समेत भन्न थालियो। २०४७ को संविधानले पनि नेपाललाई हिन्दू राज्य नै कायम गरेको छ। एक मात्र हिन्दू राष्ट्र नेपालमा लाखौं अछुत मानिनेहरूले कानुनी रूपबाट पनि सयौं वर्षदेखि यातना भोगिरहेका छन्। हिन्दू धर्ममा आधारित कानुनी व्यवस्था भएकोले किराँतकाल बाहेक लिच्छविकाल, मल्लकाल, शाह काल र राणाकालमा एउटै किसिमको अपराधमा कथित उपल्ला जातिकाले भन्दा तल्ला जातिकाले कडा र अमानवीय सजाय भोग्दै आउनु परेको कुराको इतिहास साक्षी छ। जस्तो : मल्लकालमा पोइ हुने ब्राम्हणीलाई शूद्रले करणी गरे लिंग काटी त्यसैलाई खुवाई चाण्डालको हातले काट्ने व्यवस्था थियो। त्यस्तै राजेन्द्र विक्रम शाहको पालामा वि.सं. १८९३ आषाढ सुदि ७ रोज ४ मा जारी गरिएको रूक्का अनुसार "शूद्र जात जस्तै दमाइँ, सुनार (कामी), सार्की, बलामी, माझी, दनुवार, मुर्मी, भोटे, चेपाङ, कुमाल आदिले जानीजानी भाउजूको करणी गरे मारिदिने" कानुनी व्यवस्था थियो। २०२० सालको नया मुलुकी ऐन लागु हुनुभन्दा पहिले पनि कानुनी व्यवस्था त्यस्तै रह्यो। जस्तो माथिल्लो जातका लोग्ने मानिसले तल्ला जातकी स्वास्नी मानिसको करणी गरे कम सजाय हुने र तल्ला जातका लोग्ने मानिसले माथ्ला जातकी स्वास्नी मानिसको करणी गरे चौध वर्षसम्म कैदको सजाय हुने कानुनी प्रावधान थियो। २०२० सालमा आएको मुलुकी ऐनले तल्ला जात भनिएकाहरूलाई कानुनी समानता दिलाउने सैद्धान्तिक व्यवस्था गरे पनि र हालैको संशोधन अनुसार छुवाछुतको भेदभावलाई दण्डको व्यवस्था समेत भएर पनि मुलुकका कैयौं भागमा अझै पनि यो समुदाय कानुनको समान हकदार हुन सकिरहेको छैन। यस्ता असमान र अमानवीय व्यवहारहरूको उल्लेख यथास्थानमा गरिनेछ।

**को अछुत ?**

**(क) गरगहना, हातहतियार, भाँडा वर्तन आदि निर्माण गर्ने र अन्य श्रम सीपका क्षेत्रमा संलग्न समुदाय**

पानी अचल जात भनिएकामध्ये आफूलाई उच्च ठान्ने यो समुदायलाई कामी, सुनार, लोहार, विश्वकर्मा ( वि.क. /वि.के.), सोभ, स्नेही, नेपाली आदि नामले पनि चिनिन्छ। पेशागत हिसाबले स्वास-स्वास पेशामा संलग्न भए अनुसार नै नामाकरण भएको स्पष्ट हुन्छ। जस्तै सुनको काम गर्नेलाई सुनार, घरद्वारको निर्माण कार्यमा लागेका वा भाँडा कुट्ने कार्यमा संलग्न भएकालाई ओड, तामा पित्तलको काम गर्नेलाई टमटा, फलामको काम गर्नेलाई लोहार (कामी), काठको भाँडा कुँद्नेलाई चुनरा, निगालो र बाँसको काम गर्नेलाई पार्की, वस्त्र बुन्नेलाई कोली, छालाका काम गर्नेलाई भूल भनिन्छ। पूर्वी नेपालमा यी सबैलाई अपमानसूचक शब्द "कामी" भनेर चिनाउन थालिएको छ। तर पश्चिम नेपालमा सबैलाई "लोहार" (लोहडा) भनेर चिनाइन्छ। नेपालको एकीकरणपछि मात्र पश्चिमतिर पनि "कामी" भन्ने शब्द थोरै मात्रामा पुगेको देखिन्छ। राणाकालमा यस समाजको थितिरीति मिलाउन सरकारबाट तोकिएको व्यक्तिलाई "मिझार" पट्टीले चिनिन्थ्यो र कतिले यसै शब्दलाई आफ्नो उपभेद (थर) को रूपमा लिएको पाइन्छ। पश्चिम क्षेत्रमा

सुनचाँदीको काम गर्ने पारस्वीलाई "मिझार" भनिन्छ। नेपालको सम्पूर्ण क्षेत्रमा यो समुदाय छरिएर रहेको पाइन्छ। यस समुदायभित्र निम्नबमोजिमका उपभेद (थर / कैरन) भेटिन्छन् :

आग्री, आचार्य, आफलधोती, ओखेडा, ओड/ओर, कडारा (कँडारो), कराडा, कसरा, काललोहार, कालिकोटे, कालिराज (साहू), कुमाकी, कैनी, कोइराला, कोली, खड्काथोकी, स्वपांगी, स्वाती, गजमेर, गजुरेल, गदाल, गदाइली, गहते (गहतराज), गिरी, गोतामे, गोवा, घतानी, घमाल, घर्ती घिमिरे, घामघोल्ले, घिमिरे (सिजापति र घिमिरेहरूले "सोभ" पनि भन्न थालेका छन्), घोताने, चंदरा। चंदारो, चिलिमे, तिवारी, चुनरा, छिस्तल, जाँडकामी, टमटा (ताम्रकार), ठगुन्ना, ठटेरा, तिरूवा, दयाल/दियाली, दलामी, दर्नाल, दुदराज (दूधराज), दुराल, देउपाते, देवल, धमला, धानिक (धानुक), नगरकोटी (काभ्रे, सिन्धुपाल्चोकका रसाइलीहरूले हालै प्रयोगमा ल्याएको), निरौला, नेपाल, पन्थी, पल्ल (या), पराजुली, पहरी, पाध्यवती, पाग्री, पार्की, पुलामी, पोखरेल, पोर्तेल, पौडेल, बराइली/बराली/बराल, बुंचेभाले, बांस्कोटा, विपाली, भट्ट, भट्टराई, भुसाल, भूल, माहिलीपार, मर (महर), मिझार, रसाइली, रहपाल, राजीलीहार, रामदाम/रामुदामू, रिजाल, रिसाल (रसाइलीहरूले प्रयोग गर्ने गरेको), रूचाल, रैकाल, लकान्द्री, लाटोपी, लाबड, लाम्गादे (यसका तीन उपभेद पाइन्छन् लामाकार्की, लामिछाने र पौडेली), लोहनी, लोहार, ल्वागुन/लुहागुन, शाहसंकर, शाहू, शेराला, सदासंकर/सत्तासंकर, सापकोटा, सानी, सुन्धुवा, सुन्च्यूरी/सुनचिउरी, सिंगाउरे, सिजापति, सिर्पाली (श्रीपाली), सुनी, सेतीपार, सेती महरा, सेतीसुराल, सोनाम, हिमच्यूरी आदि।

**(ख) लुगा सिलाउने र बाजागाजा बजाउने पेशामा संलग्न समुदाय**

लुगा सिलाउने पेशामा संलग्न सूचिकार वा सुजीकार भनिए। दमाउ (दमाहा) बजाउनेलाई दमाईं (दमाही), ढोल बजाउनेलाई ढोली, हुड्को बजाउनेलाई हुड्के, देववाजा नगरा बजाउनेलाई नगर्ची भनियो। वाद्यवादनका विभिन्न फाँट सम्हाल्दै आएकाले उनीहरूलाई त्यही अनुसारको नामले पुकारिनु स्वाभाविकै थियो। सिलाइमा लागेका यस समुदायलाई हाल दर्जी, टेलर, माष्टर, टेलरमाष्टर भन्ने चलन आएको छ। "दर्जी" शब्द मुसलमान वस्त्र निर्मातालाई भनिने शब्द थियो र हालसाल लुगा सिलाउनेदेखि बाजा बजाउने सबैका लागि यो शब्द प्रयोग गर्ने गरेको पाइन्छ। एउटा दमाहा बाजाको फाँट मात्र सम्हाल्नेलाई शुरूमा प्रयोग गरिएको "दमाईं" शब्दको अर्थ विस्तार भएर सिंगै जाति बुझाउन प्रयोगमा आउन थालेको छ। वास्तवमा यसले सिँगै जात वा छुट्टै जात बुझाउने होइन। उपभेद वा थरहरू भने विशेष गरी आर्यजातिसँगै मिल्छन्। परियार, नेपाली, दर्जी जस्ता शब्दको प्रयोग हिजोआज मात्रै हुनथालेको हो। पश्चिम नेपालमा दमाई भन्ने शब्दको प्रयोग निकै पछि मात्र हुन थालेको देखिन्छ। पूर्वमा हेपाइत गरेर "दमाईं" भने झैँ पश्चिममा "ढोली" भनिन्छ। यो समुदाय नेपालभरी नै छरिएर रहेको छ। यस समुदायका निम्नबमोजिम भेद, उपभेद (थर) पाइन्छन् :

अससाई, आउजी, कंडेल, कटुवाल, कार्कीढोली (खुलाल, मुडुला, लामा, सुतार), कालाखाती, कोइराला, स्वतिवडा, गुइँदै, गौतम (गोतामे), घतानी, घले, चाहार,

चुहान, छिनाल, जैरू, ठगुन्ना, ठटाल, डौंडे, ढोली (थर अत्तोपत्तो नभएकाले प्रयोग गर्ने गरेको पाइन्छ), ढ्याकी, तिवारी/तिस्खत्री, थापा, दर्नाल, दमाईं परियार, दमाई परेल, दास, देउकर, देवल, नगवाग, नागवान, नगर्ची, नेगी, नेपाल, नौबाग, परियार (अछामे, चुडाल), पाँचकोटी/पञ्चकोटी, बाहक, पोखरेल, बर्देवा, बागचन, बागदास, बूढापोथी, बूढाप्रिथी, बैजू, भण्डारी, भित्रिकोटी, भुसाल, मगर, महते, महरा, माले, रणपाल, रणपहेंली, रत्न/रत्ने, रत्नपरियार, रना, राइगाईं, रैका, ऱ्याइँझ्याइँ, लामघाते, लुइँटेल, शिनाल, शिलाल, शिवा/सिवा (कुखुरे, गोतामे, भेडे), समुद्रसाई, सुनाल, सुनाम, सुनामे, सुनच्यूरी/सुनचिउरी, सुन्दास, सासमुन्द्र, शाहस्समुद्र, सूजा, हिडमाङ, हुड्के आदि।

**(ग) छालाको काम गर्ने समुदाय**

यो समुदायलाई समाजमा सार्की, चर्मकार, मिझार भनेर चिनिन्छ। नेपालको पूर्वी भागमा केही कम सङ्ख्यामा पाइने यो समुदाय काठमाडौँ उपत्यका र सुदूर पश्चिमाञ्चलका क्षेत्रमा निकै पाइन्छ। पश्चिम क्षेत्रमा सार्कीहरूका दुई तह छन् घर भएका र थर नभएका, जसलाई "भूल" भनिन्छ। यो समुदाय आफूलाई कामी (विश्वकर्मा) सरह ठान्ने गर्दछ। यसका निम्न भेद, उपभेदहरू पाइन्छन् :

अच्छामी/अछामी, उपरकोटी, उप्रेती, कमार, कोइराला, खतिवडा, गिरी, गैरे, गैरेपीपल, गोथे, घिमिरे, चमार चुडाल, चुहान, छत्कुली, ठगुन्ना, छमार्की, ठाकुरस्य, ठाराराई, डाले, तोलांगी, थपलिया, थाक, दाउलाकोटी/द्यौलाकोटी, दाबे, दाहाल, दुलाल, धमेल, नघाली, पहेंली (पंयेली), पुर्कोटी, बत्स्याल/बसेल, बमरेल, बायलकोटी, बस्ताकोटी, बिसुन्खे, बोगटी, भंग्याल, भूल/भेयांल, भूर्तेल, मंग्राती/मगराती (आठथने, काला, स्विलिंगे, दूध, धुर, बाथने), मजबोटी, माल्बुले, माल्बोक, रोकाते, मुल्बुले, माल्बोक, मुलदे, लम्जेल, लम्साल, शाही, श्रीमाली/सिरिमाल, सौंते, सिरौते, सुर्खेती, सुयेंल, सेज्वाल, हितांग आदि।

**(घ) गीत गाई हिँड्ने समुदाय**

सारंगी बजाउँदै देशका कुना कुनासम्म ऐतिहासिक वीरगाथाहरूको गीत गाउँदै हिँड्ने एउटा अछूत ठानिएकाहरूको समुदाय छ जसलाई गाइने, गन्धर्भ भनेर चिनिन्छ। यो समुदाय आफूलाई "नेपाली" भन्ने उपनामले पनि चिनाउने गर्दछ। मुलुकभरी घुमन्तेको रूपमा हिँड्ने यो समुदायको मूलथलो पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका केही जिल्लाहरू जुम्ला, कास्की (बाटुलेचौर), स्याङ्जा, गोरस्वा, तनहुँ, पाल्पा, गुल्मी, भैरहवा, सुर्खेत, दैलेख, जाजरकोट, रूकुम, प्यूठान, दाङ, सल्यानलाई मान्न सकिन्छ। काठमाडौं उपत्यका र पूर्वाञ्चलको भोजपुरमा पनि बसोबास रहेको पाइन्छ। थोरै थरहरू मात्र मौलिक जस्तो लाग्ने यस समुदायका अधिकांश थर (उपभेद) हरू बाहुन, क्षेत्री र कामीसंग तथा केही स्थान विशेषसंग मिलेको पाइन्छ। जुन निम्नानुसार छन् :

अधिकारी, कामी, काला कौशिक, काला पौडेल, कालिचन, गोसाई, जोगी, ठकुरी, तुर्की, बाहुन, बुढाथोकी, बैकार/वाग्यकार, वैष्ठ (विष्ठ), बोगटे, भुसाल, भुसालपर्वते, महेश्वर, मेघनाथ, विश्वकर्मा, विष्णुपद, समुद्री, साई, सुरसामान, सेतापर्वते, सेतिचन, हुकचिङ्राना आदि।

(ङ) **वादी समुदाय**

पूर्वी नेपालको भोजपुर, तेह्रथुम आदि क्षेत्रमा फाट्टफुट्ट पाइने यो समुदाय मरेका पशुको छाला काढ्ने, मादल, ढोलक आदि बाजा बजाउने, स्वास गरी मादलमा स्वरी लगाउने काम गर्छ। यो समुदायका महिलाहरू यस क्षेत्रमा देह व्यापारमा संलग्न देखिँदैनन्। पश्चिम नेपालको खास गरी तुल्सीपुर, दाङ, नेपालगञ्जमा यो समुदाय प्रशस्त पाइन्छ। यो समुदाय मूलतः फिरन्ते भए पनि खासगरी पश्चिम नेपालको बाँके, दाङ, कैलाली, सुर्खेत जिल्लामा बढी बसोबास गर्छ। यहाँका वदिनीहरू बढी मात्रामा देहव्यापारमा संलग्न रहँदै आएका छन्।

मध्यपश्चिमाञ्चलमा समेत वादीहरू माटोबाट सुल्पा, चिलिम, हण्डी, गाग्रोजस्ता वर्तनहरू तयार गर्छन्। परम्परागत रूपमा गानबजान नृत्य गर्दै मागेर गुजारा चलाउँदै आएकोमा हाल आएर यिनीहरू अन्य व्यवसाय र श्रममा संलग्न हुन थालेका छन्। डोटी, बझाङ, सल्यान, प्यूठान, कालीकोट, दैलेख, रूकुम आदि जिल्लाहरूमा फाटफुट रूपमा बसोबास गर्ने वादी समाजमा देहव्यापार भएको पाइँदैन। हालै इन्सेकले गरेको एक सर्वेक्षण अनुसार वादीहरूको सङ्ख्या पुगनपुग २ लाख बताइएको छ। तर त्यहाँ उल्लेख गरिएभन्दा बढी जिल्लाहरूमा वादीहरू बसोबास गरेको कुरा पत्ता लागेपछि यो वादी समुदायको जनसङ्ख्या अरू बढी हुनसक्ने कुरा स्पष्ट देखिन्छ।

तुल्सीपुर, दाङ, नेपालगञ्जको वादी समुदाय खुल्लमखुल्ला देह व्यापारमा संलग्न छ र प्रमुख पेशाकै रूपमा अपनाएको पाइन्छ। वादी लोग्ने मानिसहरू आफ्ना समुदायका महिलाहरूका निम्ति ग्राहक खोज्ने काममा प्रतिस्पर्धा गर्छन्। कथित उपल्ला जातकाहरू वदिनीहरूसँग रात बिताउँछन् तर उनीहरू यो समुदायसँग छोइछिटो हाल्न पछि पर्दैनन्। वादी समुदायका निम्ति वेश्यावृत्तिको विकल्प दिने र यस समुदायलाई समाजमा मर्यादित बनाउने ढंगले राज्यस्तरबाट कुनै सशक्त कदम चालेको देखिदैन। Social Awareness for Education (SAFE) नामक संस्थाले यहाँका वादी समुदायको उत्थान र सम्मान गर्ने नाममा काम गर्न थालेको छ। नेपालगंज न.पा.वा.नं. ९ को गगनगंजमा मात्रै वादीहरूको बयालीस वटा जति पक्की घर छन् र यस क्षेत्रलाई "रेड लाइट क्षेत्र" भनिन्छ। देह व्यापारको प्रमुख केन्द्रको रूपमा विभिन्न स्थानतिर बिक्री वितरण गर्ने काम हुदै आएको छ। अमर्यादित पेशासँग सम्बद्ध केही वदिनीहरूले गर्दा सिंगै वादी समाजलाई हेर्ने गलत दृष्टिकोण निर्माण हुन थालेको छ।

पूर्वी नेपालको भोजपुर र यदाकदा यसको सेरोफेरोमा बसोबास गर्ने वादीहरू कामी समाज सरह ठानिन्छन् र आपसमा बिहावारी समेत गर्छन्।

वादीहरूको भेद पनि कामी, दमाईं, सार्की समुदायका थर (भेद) सँग मिलेको पाइन्छ। यसबाट के स्पष्ट हुन्छ भने वर्णव्यवस्थाले शूद्रमा राखेर कालान्तरमा अछूतसम्म बनाइएका र नृत्य, गान बजान तथा मनोरञ्जनमा संलग्न गराइएको एक समुदाय नै वादी बन्न पुगेको हो। आफ्नो परम्परागत थर उल्लेख गरेर नागरिकता प्राप्त गर्न नसकेपछि सोझै वादी मात्र बताउन यिनीहरू विवश छन्। वादी शब्दको अर्थ वाद्यवादक हो र यो समुदाय माथि उल्लेख गरिए जस्तै वाद्यवादनको काम गर्दै आएको स्पष्ट हुन्छ। यसर्थ वादी जात नभएर एक पेशा मात्र थियो। तर हाल आएर यो शब्द दुर्भाग्यवश अमर्यादित पेशासंग जोडिन पुगेको छ र छुट्टै जातको रूपमा पनि चिनिन थालेको छ।

**(च) कुमाल समुदाय**

माटाका भाँडाकुँडा बनाउने एउटा समुदायलाई कुमाल (कुम्हाल) भनिन्छ। नेपालको प्राय: सबै क्षेत्रमा पाइने यो समुदाय कतै छुत मानिन्छ भने कतै अछूत। पूर्वी नेपालमा यो समुदायका दश थर पाइन्छन्। उनीहरू आफूलाई नेवार सरह मान्छन्। यहाँ उनीहरूको पानी चल्छ। सेती अञ्चलको अछाम जिल्लामा पाइने कुमालहरू आफूलाई क्षेत्री सरह मान्छन्। त्यहाँ यिनीहरूको बोहोरा क्षेत्रीसँग बिहेवारी भएको पनि पाइन्छ। तर सेती अञ्चलकै दीपायल सिलगढीमा यिनीहरू अछूत हुन पुगेका छन्। त्यसैगरी महाकाली अञ्चलका कुमालहरू पनि अछूत छन्। यिनीहरूलाई यहाँ "भाँड कुमाल" भनिन्छ। काठमाडौं उपत्यकामा यिनीहरू छूत जातमै लिइन्छन्। यी सबै छुत अछूत कुमालहरूको पेशा भने एउटै रहेको पाइन्छ। पूर्वाञ्चलका पानी चल कुमालका दशथर पाइन्छन् भने पश्चिमका पानी चल कुमालहरूको बत्तीस थर पाइन्छ। पानी अचल कुमालका केही थर भने पूर्व र पश्चिमकाहरूसंग मिलेको पाइन्छ। कुमाल (भाँड) र दमाई समुदायका बीच पानी चलेको पाइन्छ। कंचनपुरका आफूलाई "गजुरेल" भनी चिनाउने कुमालहरू कामी सरह छन् र आपसमा बिहेवारी गर्छन्।

**(छ) लुगा धुने पेशा भएको समुदाय : धोवी**

पहाडतिर पाइने धोवीहरूले आफूलाई अछूतभन्दा ठूला ठाने पनि कथित उपल्ला जातकाले भने उनीहरूलाई अछूत नै मानेको पाइन्छ। तराईमा पाइने धोवीहरू दुई खाले पाइन्छन् राजधोवी र धोवी। राजधोवीको पानी चल्ने र धोवीको पानी नचल्ने गरेको देखिन्छ।

**(ज) विभिन्न पेशामा संलग्न नेपालको तराई (मधेश) मा पाइने अछूत समुदायका निम्न भेद र उपभेदहरू पाइन्छन्**

अघोरी, करोरी (यादवको उपजाति अछूत), किच्चक, किसान, कोचे, खत्वे, गन्धर्व (मुस्लिम), चमार/मेची/हरिजन, चिडिमार, गुडिहारा, झाँग (उरा/उराम), झांगर (कछुवा, स्वरवा, बकला, बुजिरा, बेख, लकडा), डूम/डोम/धाँगर, तत्मा, ताँती, तूरी, दुसाध, धुनियाँ (मुस्लिम), धोवी, नट, पमरिया, पासवान, पासी, बाँतर, भिल्ल, भूइँया, मिरशिकार, मुण्डा, मुसहर (सदा), रचवार, शरभंग, शाई (मुस्लिम), सतार, सन्ताल (सतार), हलखोर आदि।

**(झ) नेवारी समाजभित्र अछूत पारिएकाहरू**

नेवारी समाज भन्नाले नेवारी भाषा बोल्दै आएको एउटा समूह बुझिन्छ। तर नेवार छुट्टै जात होइन भन्ने प्रष्ट हुन्छ। नेवारको मूल थलो काठमाडौं उपत्यका नै हो। मुलुकका विभिन्न शहरी क्षेत्रहरूमा समेत बसोबास गर्न पुगेको यो समाज ताप्लेजुङदेखि बैतडी, डोटीसम्म छरिएको छ र कुनै न कुनै रूपमा यिनीहरूले नेवारी भाषा प्रयोग गर्दै आएका छन्। शहरी क्षेत्रभन्दा बाहिर बसोबास गर्ने नेवार समाज पनि देखिन्छ, तर नेवारी भाषा भने उनीहरूबीचबाट लोप भइसकेको छ। नेवारी समाज हिन्दू र बौद्ध गरी दुई भागमा विभाजित देखिन्छ। सामाजिक संस्कार एवम् विधिविधानका आधारमा नियाल्ने हो भने यो समाजभित्र को हिन्दू र को बौद्ध छुट्याउन गाह्रो छ।

वर्णव्यवस्थाको अवधारणा लिच्छविकालको प्रारम्भतिर सर्वप्रथम नेपालभित्र प्रवेश गरेको देखिन्छ। वैष्णववादको रूपमा उदाएको यो

अवधारणाले यहाँका श्यामनवाद (धामी धरन्तरी तथा प्राकृतिक धर्म), शैव र बौद्ध सम्प्रदायसग समायोजन गर्न शुरू गऱ्यो। नेवारी समाजभित्र हिन्दू वा बौद्ध दुवै सम्प्रदायमा जातिपातीको व्यवस्था गरेको पाइन्छ। यसबाट के देखिन्छ भने यो समाजको जातीय व्यवस्था निकै जटिल छ। काठमाडौं उपत्यकाभित्र जयस्थिति मल्लले मनुस्मृतिकै आधारमा जातीय व्यवस्था कायम गराए। जात अनुसारकै पेशा अपनाउनु पर्ने, लुगाफाटा गरगहना लगाउनु पर्ने, घर बनाउनु पर्ने र यी नियमहरूको पालना नगरे दण्ड सजाय हुने व्यवस्था पनि गरिएको पाइन्छ। विभिन्न पेशा र व्यवसायका आधारमा जात निर्धारित गरिए भने पछि छुवाछुतको भेदभाव पनि विकसित भएर गयो। नेवारी समाजको जातीय भेदभाव र छुवाछुतको स्थिति खस तथा मैथिल समाजको भन्दा अलिक भिन्नै किसिमको देखिन्छ। उदाहरणार्थ खस तथा मैथिल समाजमा अछूत पारिएकाहरूलाई समान ढंगले छुवाछुतको भेदभाव गरिँदै आएको छ तर नेवारी समाजभित्रका अछूतलाई भने कसैलाई ( कसाई) दोस्रो तल्लासम्म चढ्न दिइन्छ, कसैलाई (च्यामे) पहिलो तल्लासम्म छिर्न दिइने र कसैलाई चाहीं (हारहुरू) घरमा छिर्न बिल्कुलै दिइँदैन। सामान्यतया अछूतमा राखिएकाहरूलाई बुइँगलमा जाने अनुमति हुँदैन। कसाईको दूध र मासु चल्ने भात भान्सा नचल्ने र धोवी नापित (हजाम) को भात भान्सा नचल्ने जस्तो थिति छ।

सन् १८५४ को मुलुकी ऐन लागु हुनु अघि नेवारी समाजमा पनि केही शूद्रहरूलाई पानी नचल्ने जातमा गणना गरिएको थियो जसमध्ये कतिलाई छोइएमा छिटो हाल्नु पर्ने र कतिलाई छोइएमा छिटो हाल्नु नपर्ने प्रथा कायम थियो। सोही ऐन अनुसार पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने जातमा धोवी, कसाई, कुसुले (कपाली/दर्शनधारी) र कुलू थिए। छोइछिटो हाल्नु पर्ने जातमा पोडे र च्यामे (च्यामखल:) किटिएको पाइन्छ।

परम्परागत रूपमा बगरे (मासु काट्ने बेच्ने) को पेशा गर्दै आउने समूहलाई कसाई (खड्की) भनिन्छ। यिनीहरू नायस्विं बाजा बजाउँछन्। शवयात्रादेखि लिएर काठमाडौँ उपत्यकाको जुनसुकै चाडबाड या जात्रामात्रामा यिनीहरू बाजा बजाउँदै आएका छन्। राणाकालमा गाईजात्रा र इन्द्रजात्राताका प्रदर्शन गरिने लाखे नाच र कसाईको पल्टन ज्यादै लोकप्रिय थियो। शाही सैनिक व्याण्डमा पनि बादशाही बाजा बजाउने वादकहरू कसाई समेत हुन्थे। अब समयानुसार उनीहरूको पेशा विस्तारित हुँदै गएको छ। मासु, सागसब्जी आदिको बेचबिखन र ठेक्कापट्टामा मात्र नलागी उनीहरू विभिन्न पेशामा पनि संलग्न हुन थालेका छन्। व्यापार र व्यवसायमा पहिलेदेखि नै लागेको हुनाले उनीहरूको आर्थिक स्थिति अरू पानी नचल्ने जातको दाँजोमा राम्रो मान्न सकिन्छ।

कुसुलेहरूले प्राचीन कालदेखि नै मठमन्दिरदेखि विवाह, व्रतवन्ध आदि मंगल कार्यमा सगुनको रूपमा पञ्चेबाजा बजाउँदै आएका छन्। जुनसुकै शुभकार्यमा उनीहरूको उपस्थिति आवश्यक मानिन्छ। उनीहरू वस्त्रसिलाइको पेशामा पनि संलग्न हुँदै आएका छन्। यसबाहेक तालबाजाहरू मोहर्ने (मढ्ने) कार्य गरिआएका कुलूहरूले मादल र पश्चिममा स्विंमा (एक किसिमको बाजा) खरी भर्ने काम पनि सफलतापूर्वक गर्दै आएका छन्। तालबाजाहरू बजाउन र बिक्री गर्नमा यिनीहरू नामूद छन्।

पोडे, च्यामेको बसोबास काठमाडौं, भक्तपुर र ललितपुरमा छ। उनीहरू बसेको टोललाई पोडेटोल भनिन्छ। आफूलाई

"देउला" भनी परिचय दिने यी पोडे, च्यामेहरू परम्परागत रूपमा फोहोर मैला सफा सुग्घर गर्ने काममा संलग्न हुँदै आएका छन्। आजकल कूचीकार या स्वीपरका रूपमा पनि यिनीहरूलाई चिन्ने गरिन्छ। अझ सभ्य भाषामा यिनीहरूलाई "सफाइ मजदूर" भन्ने गरिन्छ।

कपाल, नङ काट्ने पेशामा संलग्न हुँदै आएको समूहलाई "नापित" (हजाम) भनिन्छ। त्यसै गरी परम्परागत रूपमा कपडा धुने पेशामा संलग्न समूहलाई यहाँ "धोवी" भनेर चिनिन्छ। काठमाडौंमा यिनीहरूको बसाइ मुख्य रूपमा धोविचौर र धोविधारामा छ। ललितपुरमा यिनीहरू धोवीघाटमा बढी मात्रामा बसोबास गर्छन्। लुगाधुने पेशाले अब आधुनिक लाउण्ड्रीको रूप लिइसकेकोले ठूल-ठूला लाउण्ड्री अरूहरूले नै चलाउँदै आएका छन् भने ससाना लाउण्ड्रीहरू मात्र यिनीहरूले सञ्चालन गर्दछन्।

नेवारी समाजका अछूतहरूमध्ये सबभन्दा तल हारहरू (आधारहीन) पर्दछन्। आफ्नो वंश परम्परा थाहा नभएको, थातबासको अत्तोपत्तो नभएको र मागेर गुजारा चलाउने यो समूह नगण्य रूपमा यहाँ भेटिन्छ। गठेमंगल जस्ता अवसरहरूमा माग्दै हिँड्ने काममा हारहरू चिरपरिचित छन्। नेवारी समाजभित्र अछूतमा राखिएका कसाई, नापित, कपाली आदिलाई उपत्यका बाहिर खस समाजमा पानीचल नै मानिन्छ।

**नेपालमा जातीय छुवाछुतको स्थिति कस्ती छ ?**

नेपालका सवर्ण समाजमा पर्ने तीन मुख्य समुदाय छन्: खस, नेवार तथा मैथिल। यस अलावा नेपालमा बसोबास गर्ने मंगोल समूहका जनजातिहरूको समुदाय छुट्टै छ। अघिल्ला तीनै समुदायको समाज संरचनामा प्राय: एकरूपता पाइन्छ। जस्तो ब्राम्हण, क्षेत्री, वैश्य, शूद्र। यिनमा नेपाली मूल तथा भारतीय मूल भन्ने भेदभाव पनि विद्यमान छ, जसलाई भूमिपुत्र समाज र यायावर समाज पनि भन्न सकिन्छ। हिन्दू, बौद्ध, मुस्लिम र क्रिश्चियन नामक धार्मिक समाज पनि यहाँ छ, तर जातीय उत्पीडनको समस्या स्वास गरी उपर्युक्त तीन समुदायमा जटिल बनिरहेको छ। स्वास गरी ब्राम्हण, क्षत्रिय, वैश्य तथा शूद्रमध्ये पहिला तीन जातमा उपजातिकरण, जाति मलिनीकरण तथा संकरीकरण जस्ता संकुचित कारणले पैदा गराएको जातीय उत्पीडन नै वर्तमान नेपाली समाजमा विद्यमान समस्या हो।

अर्को दृष्टिकोणले नेपाली समाज छुत र अछुत गरी दुई भागमा स्पष्ट रूपले विभाजित छ। कथित पानी चल समुदायले पानी अचल समुदायसँग भात-पानी बार्ने, विहेवारी नगर्ने, घरभित्र पस्न रोक लगाउने र पश्चिम क्षेत्रका कतिपय ठाउँमा छोइछिटो समेत हाल्नेजस्ता व्यवहार गर्दै आएको छ। देशका अधिकांश मन्दिर, मसानघाट, पाटी, धारो, कुवा ( नाउलो), होटल, पसल लगायतका सार्वजनिक स्थलहरू तल्ला जात भनिएकाहरूले उपभोग गर्न पाउँदैनन्। हिन्दू वर्णव्यवस्था अन्तरगत नपरेका मंगोल समुदायका जनजातिहरूले पनि सवर्ण समाजका तल्ला भनिने जातिहरूलाई उस्तै किसिमको छुवाछुतको व्यवहार गर्दै आएका छन्।

सवर्ण समाजभित्रैबाट उब्जिएको जातिपाती र छुवाछुतको नियम स्वयम् अछुत पारिएका विभिन्न समुदायहरूबीचमा पुन: छूत अछूतको भेदभाव गर्ने स्थितिसम्म पुग्यो। जस्तो कामी र सार्की समुदायले दमाई लगायत सबै समुदायलाई अछूत मान्छ भने

कामी र सार्की बीचमा पनि समानताको व्यवहार भएको छैन। दमाई समुदायले गाइने लगायत अरू समुदायलाई अछूत बनाएको छ भने गाइनेले वादी वा कुमाल (भाँड) लाई उसै गरी अछूतको श्रेणीमा राखेको छ। अछूत पारिएकाहरूको कुनै स्वास समुदायभित्र पनि आर्थिक कारणले विपन्न हुन पुगेको आफ्नै समुदायलाई हेलाहोचो गर्दै भात पानी र बिहेवारी समेत बार्ने स्थितिको नमूना हालसालै सुदूर पश्चिमाञ्चलका केही भागमा प्रचलनमा आएको देखियो। यद्यपि उत्पीडित दलित जातिहरूको सांगठनिक प्रयासले भेदभाव विरोधी अभियान अगाडि बढ्न थालेको पाइएको छ। तर खुलेआम रूपले घरभित्र पस्ने र बिहेवारी गर्ने काम भने अझै हुन सकिरहेको छैन। पश्चिम नेपालका पहाडी भेगमा अछूत जातिका लागि मात्र ( बोर्ड राखेर वा नराखी) खोलिएका होटल पसलहरूमा सबै अछूत भनिने समुदायहरूले अब आएर विना भेदभाव उपभोग गर्न थालेका छन्।

माथिल्ला जातकाहरूले त्यस्ता तल्ला जातिहरूलाई जुनसुकै उमेरका भए पनि "तँ" भनेर बोलाउने, साइनो लगाएर बोल्न नपाउने र तल्ला जातकाले जुनसुकै उमेरको किन नहोस् बाहुनलाई "बाजे", क्षेत्री र मगरलाई "मुखिया", राई, लिम्बूलाई "सुब्बा" जस्ता सम्मानसूचक शब्द प्रयोग गर्दै "तपाई" "हजूर" नै भन्नुपर्ने चलन छ।

२००७ पछि कुनै खास नियम र कानुन बनेर होइन कि आफसे आफ माथिल्ला जाति भनिनेहरूले सामाजिक बन्धनहरू तोड्दै आए। तर त्यो बढी मात्रामा उनीहरूकै निम्ति मात्र सीमित रह्यो। त्यसबेला पनि छुवाछुत प्रथालाई कायमै राखियो। केही क्षेत्रका सार्वजनिक स्थलहरूमा तल्ला जातिलाई रोकटोक गरिएन भने मुलुकका अधिकांश भागमा स्थिति फेरिएन। मुलुकी ऐनमा अदलको १० नं. मा छुवाछुतको भेदभाव गर्न पाइने छैन भन्ने कानुनी व्यवस्था गरिए पनि यसलाई दण्डनीय नगरिएको हुनाले तल्ला जातिका निम्ति यो कानुनको अर्थ रहेन। नेपालको नया संविधान ( ०४७) को धारा ११(४) ले "त्यस्तो कार्य (छुवाछुतको भेदभाव) कानुन बमोजिम दण्डनीय हुनेछ" भनेको छ र मुलुकी ऐनको संशोधन गरी अदलको १० नं.मा (क) थप गरी त्यस्तो कार्य भएमा दण्डको व्यवस्था भएको छ। तर संविधान र कानुनलाई उल्लंघन गरी माथ्ला जातिहरूले तल्ला भनिने जातिहरूलाई मन्दिर लगायत अन्य सार्वजनिक स्थलहरूमा प्रवेश गर्न दिइरहेका छैनन्। जसको उदाहरण "घटना विवरण" बाट थाहा हुनेछ। मुलुकमा विद्यमान जातीय छुवाछुतको स्थितिलाई क्षेत्रगत हिसाबले निम्नबमोजिम हेर्ने प्रयास भएको छ।

**सुदूर पश्चिमाञ्चल क्षेत्र**

विशेष गरी पहाडी जिल्लाहरूमा छुवाछुतको भेदभाव चरम सीमामा रहेको छ। सार्वजनिक मन्दिरहरूमा कथित अछूत जातिकालाई प्रवेश निषेध छ। जस्तो देहीमाण्डौ बैतडीमा वर्षमा एकपटक लाग्ने मेलामा अछूतहरूलाई प्रवेश गर्न र पसल खोल्न दिइँदैन। यहाँ "प्रवेश गर्न पाऊँ" भनी अछूतहरूले तीन वर्ष पहिले प्र.जि.अ.लाई दिएको निवेदनउपर कुनै कारबाही भएको छैन। बैतडी, खलंगास्थित जगन्नाथको मन्दिरमा अछूत जातिले प्रवेश पाउँदैनन्। होटल पसलमा बाहिर बसेर स्वानु पर्ने र स्वाइसकेपछि वर्तन सफा गरिदिनु पर्छ। कतिपय ठाउँमा छोइछिटो हाल्ने चलन समेत छ। अछूतहरूलाई दूध दही दिइदैन। घिउ भने नछोइने अनौठो चलन यहाँ छ।

विद्यालयहरूमा पनि अछूत बालबालिकाहरूमाथि भेदभाव गरिन्छ। पिउने पानीका लागि छुट्टै वर्तन राखी अलग्ग थाप्नुपर्छ भने मसी छोइने भएकोले कक्षामा अलग्ग बस्नु पर्छ। उदाहरणार्थ त्रिपुरासुन्दरी-४ (बैतडी) स्थित शिव प्रा.वि. डुंगरामा आफ्ना केटाकेटीका लागि छुट्टै व्यवस्था गर्नुपर्ने भएकोले अछूत भनिनेहरूले एउटा आल्मुनियमको बाल्टी र लोटा खरीद गरी विद्यालयमा दिएका थिए तर हाल सो गाग्री लोटा आफूहरूले प्रयोग गरी तिनीहरूका लागि एउटा पुरानो बाल्टी दिइएको छ। दानेश्वर मा.वि. बराकोट बैतडीका शंकरराम महर कक्षा ८ देखि १० सम्म पढ्दा विद्यालयमा कहिल्यै पानी नपिएको कुरा बताउँछन्। यसै ठाउँमा अछूत भनिनेहरूले उत्तिकै पैसा तिरेर पनि होटलमा बाहिर घोप्ट्याएर राखिएको ग्लास, प्लेटमा थापेर स्वाई दुई पटक धोएर राखी हिँड्नुपर्ने चलन छ। धारा अलग अलग हुन्छ, तल्ला जातिका लागि तल र माथ्ला जातिका लागि मास्तिर।

यस भेगमा अछूत भनिनेहरूले बाहुनले "प्रसाद" क्षेत्रीले "बहादुर"/"ध्वज" लेखे जस्तै आफ्नो नामको मध्यमा "राम" भनी लेख्नै पर्ने चलन छ। नागरिकता, धनीपूर्जा वा प्रमाणपत्रहरूमा तथा जागिरमा बहाली गर्दा पहिचानका लागि आफ्नो थर वा भेद नरास्वी सुनार, लोहार, कामी, ढोली, दर्जी, डूम, वादी जस्ता अछूत जातिसूचक शब्द राख्नै पर्छ। जस्तो नरीराम लोहार, प्रतामपराम लोहार आदि। बाराकोट-६ स्थित एउटा विद्यालयमा नाम लेखाउँदा रामसिंह लावड र भाष्कर देव लावडले क्रमश: रामुराम र भाष्करराम भनी लेखाउनु परेको थियो।

यस्तै खलंगा निवासी गोपालराज पौडेल (ना.प्र.प.नं. १९५) ले आफ्नो छोराको नागरिकता बनाउन चाहँदा 'पौडेल' थर लेख्न चाहेकोमा आपत्ति गर्दै प्र.जि.अ. माधवराज शर्माले भनेका थिए "यस्तो थर लेख्ता झुक्किएर पछि उपल्लाहरूसंग बिहे भएमा समस्या उत्पन्न हुने भएकोले नागरिकता दिन सक्तिन।"

मुलुकका अन्य भागमा झैं माटाकै काम गर्ने कुमालहरूलाई बैतडी, डोटी, बझाङ, बाजुरामा अछूतमध्ये पनि महाअछूत मानिन्छ। अछाम जिल्लामा भने कुमालहरू क्षेत्री सरह छन्। बाँकी क्षेत्रहरूमा कुमालहरू अछूत मानिदैनन्।

बजार क्षेत्रहरूमा अछूतहरूका बेग्लै होटल खोलिएका छन्। कतिपय ठाउँमा यस्ता होटलमा जातिसूचक बोर्ड राख्नै पर्ने बाध्यता छ। बैतडीको खलंगा र डोटीको दीपायलमा खोलिएका "विश्वकर्मा होटल" नमूनाको रूपमा लिन सकिन्छ। शुरु शुरुमा विश्वकर्मा होटलमा त्यही जातिकाले मात्र प्रवेश पाउने गर्थ्यो तर अचेल अछूत भनिनेहरूको एकता बढ्दै गएकोले जुनसुकै अछूत भनिने समुदायले पनि यस्ता होटलहरूमा समान व्यवहार पाउन थालेको छ।

यी अछूतहरूको तहमा पनि छुवाछुतको भेदभाव माथि उल्लेख भए अनुसार नै रहँदै आएकोमा हाल उत्पीडित जातिहरूको समानताको आन्दोलनको गतिविधिले एकअर्कामा भेदभाव कमी हुँदै गएको छ। फलस्वरूप अछूत भनिने जातिहरू सार्वजनिक सहभोज गर्नसम्म थालेका छन्। यद्यपि आन्तरिक रूपमा बिहेवारी गर्ने कुरामा तथा पुराना पुस्ता र घरद्वारमा छुवाछुत विद्यमान छ। अछूतहरू बीच मै छोइछिटो हाल्ने चलन समाप्त भएको छ।

शाही नेपाली सेनामा आवश्यक सेवाका निम्ति निम्नस्तरको पदमा भर्ना गरिएका अछूतहरूलाई व्यारेकमा बस्ने त कुरै छैन, कम्पाउण्डभित्र प्रवेश गर्नसम्म दिइदैन। उनीहरूले बाहिरै आफ्नो मानिसको घर खोजेर बस्नु पर्ने र ड्यूटी गर्नु पर्ने वाध्यता छ। प्रहरी सेवामा सीमित मात्रामा भर्ती भएका अछूत जवानहरूले पनि व्यारेक एवम् कार्यालयमा छुवाछुतको भेदभाव व्यहोर्नु परिरहेको छ। प्रहरी भर्ना लिने छनौटमा छानिएर बझाङबाट दिपायल गएका धरेन्द्रबहादुर रसाइलीलाई जातीय कारणले अयोग्य ठहऱ्याई भर्ना नलिइएको जस्तो उदाहरण पनि पाइएको छ।

यी क्षेत्रहरूमा सरकारी स्तरबाट दिइने पानीको धारा पनि अछूत बस्तीहरूमा दिइएको छैन। बझाङ, हेमन्तवडा-५ बांदरभिंडी गाउँमा "उपल्ला" हरू बस्ने गाउँमा बाटो पर्ने अछूतहरूको वस्तीबाट लाँदा पानी छोइने भएकोले अन्तैबाट लगियो। फलस्वरूप तीस परिवार जति अछूतहरूको एउटा गाउँ धाराबाट बञ्चित हुनु पऱ्यो। अछूत भनिनेहरूले छिटफुट रूपमा केही विद्यालयमा शिक्षक हुन पाए पनि त्यहाँ अमर्यादित जीवन बिताउन बाध्य छन्। अछूत जातिका केटाकेटीहरू अपमानित हुनु पर्ने भएकाले साहै कम सङ्ख्यामा विद्यालय जाने गर्छन्। कुनै पनि निकायमा पियन पदका लागि अछूतहरू बिलकुलै अयोग्य ठहरिन्छन्।

यस क्षेत्रका केही गाउँ जस्तो रोडीदेवल गाविस (बैतडी) मा नाँचगानमा ख्यातिप्राप्त आउजी (दमाई) हरूको बस्तीमा ठूलाठालुहरू मादक पदार्थ सेवन गरी घरमा गई महिला तथा युवतीहरूलाई नचाउने प्रथा पनि रहेको छ। नाच्न जान्ने प्रौढ महिला भए पनि उसको सट्टामा नाच्नै नजान्ने युवतीलाई जवर्जस्ती नाच्न लगाइन्छ।

अछूत भनिनेहरूलाई मन्दिर प्रवेशमा निषेध छ। नागार्जुन गाविस (बैतडी) मा त सत्यनारायण आदि पूजाको प्रसाद समेत यस्ता समुदायलाई दिन नहुने चलन छ। स्वलंगा-१ स्थित जगन्नाथ मन्दिरको मूर्ति धेरै काल पहिले भूल जातिहरूले भेटी ल्याएका थिए, तर हाल सो मन्दिरमा उनीहरूले नै पस्न पाउँदैनन्। यसको सट्टा उनीहरूका लागि अलग्गै ठाउँमा अर्को ढुङ्गेमूर्ति बनाइएको छ। मेला जात्रा चलुन्जेल अछूतहरूका लागि सार्वजनिक बाटो रोकिन्छ।

बझाङ, चैनपुर गाविस स्थित पीठलेक र धामी लेकमा तल्ला जातिकाले उपल्ला जातका आँगनमा चिसो भएको अवस्थामा टेक्न पनि नहुने, घरको भित्ता छुन नहुने, नजानी छोइए दण्ड गरिने चलन छ। साउनको औंसीदेखि पूर्णिमा पछिको पञ्चमीसम्म धामीलेकमा तल्ला जातिकाले जान नहुने चलन छ। यही ठाउँमा कुकुरले तल्लाजातलाई छोएमा कुकुरलाई छिटो हाली चोख्याइन्छ। रिटापाडा-४ मा बस्ने सार्कीहरूले स्थानीय ठालु थापा क्षेत्रीहरू मर्दा कपाल स्वौरनु पर्ने (जूठो बार्नु पर्ने) चलन छ। कोटदेवलका आउजीहरू र हेमन्तवाडाका ढोलीहरूले उपल्ला जातका मर्दा र जन्मदा बाजा बजाइदिनै पर्छ। यो चलन नेपालको पूर्वी भागमा पनि आशिक रूपमा रहेको पाइन्छ।

यस क्षेत्रमा छुवाछुत प्रथा कत्तिको प्रवल रूपमा छ भन्ने कुरा तलका घटनाहरूबाट थाहा हुन सक्ला।

खलंगा स्थित रा.वा. बैंकबाट भैंसी पालनवापत ऋण लिन खोज्दा लच्छीराम भूल र कलकुते लोहारलाई त्यहाँका मेनेजर ( गणेशदत्त लेखक) ले "तिमीहरूको दूध बजारमा नबिक्ने भएकोले ऋण दिन मिल्दैन" भनी ऋण दिएनन्।

छान्नादारामा दमाईहरूले शुभकार्य गर्दा दमाउ बजाएर रमाइलो गर्दा उपल्लाजातका भनिनेहरू आएर "किन बजाएको ?" भनी हप्काउँदा त्रसित भई दमाईहरूले "हजुरहरूकै लागि हो" भनेपछि छुट्टी पाए।

२०५० कार्तिकमा आफ्नो प्रमाणपत्रहरू प्रमाणित गराउन जाँदा बैतडी माल कार्यालयका प्रयागराज उपाध्यायले गजेन्द्र रसाइलीलाई "मैले बर्खी बारेकाले तिमीलाई छुनु हुँदैन, तल राखिदेऊ" भनी सोझै हातले लिएनन्।

उपल्ला जातका भनिनेहरूले झोंक्का झोंकमा एक अर्कालाई अछूत जातिको नामले गाली गर्दा ठूलो अपराध ठानिन्छ भन्ने कुराको एउटा उदाहरण बैतडी जिल्ला मेलौली ३ मा पदम बहादुर चन्दले आपसमा झगडा पर्दा मानसिंह घर्तीलाई "डूम" भनेको हुँदा समाजको निर्णय अनुसार निज चन्दले रू.५००० दण्ड तिर्नुपर्ने भएको थियो।

हालै माझी गाउँका बिर्केश दमाईले छोरा स्खुशीरामको बिहे गर्दा बेहुलीलाई तामदान (कार्पेट/डोली) मा ल्याउँदा उपल्ला जातिका भनिनेहरू आई हप्की दप्की पार्दै बेहुलीलाई कार्पेटबाट निकाली उनीहरूसित रू.५०० दण्ड गरे।

बझाङ, गैरीगाउँ सुर्माताल भन्ने धार्मिक स्थलमा जानुभन्दा पन्ध्र दिन अघिदेखि नै तल्ला जातलाई छोईदैन, छोइहालिएमा दण्ड गरिन्छ। तल्ला जात भनिनेले जान नहुने उक्त स्थलमा क्रिश्चियन, मुस्लिम आदिले भने जान पाउने व्यवस्था छ।

पहाडी भेगमा तल्ला भनिने जातिहरूलाई सबै किसिमको कपडा, किराना लगायतका पसलमा पस्न दिइदैन र परैबाट थापेर सामान लिनुपर्छ।

डडेलधुरा बजारको बागबजार बीच बाटामा रहेको जोगिनथानामा अछूत जातिले तर्केर हिँड्नु पर्छ।

**सिलगढी, डोटीको प्रसिद्ध शैलेश्वरीको मन्दिरमा**

तल्ला भनिने जातिका निम्ति प्रवेश निषेध गरिँदै आएको छ। त्यस्ता जातिहरूले शैलेश्वरी देवीलाई मन्दिरको हाता बाहिरबाट नै ढोग एवम् प्रार्थना गरेर चित्त बुझाउने गर्छन्।

बझाङका अछुतहरू आफ्ना भिन्नै देउताहरू पनि मान्दै आएका छन्। जस्तै लांगा (लांगो), बाटावाला (बांठपालो) मसाने आदि। यी देउताहरूलाई अरू जातिले मान्दैनन्। अछूत जातिहरूले मर्दापर्दा शंख बजाउन पाइदैन। उनीहरूले त्यसको साटो तामाका नली वा मेवाको डाँठ बजाउने गर्छन्।

अछूतहरूलाई खुला चौरमा भएको सभा सम्मेलनमा जान दिइन्छ। तर मन्दिर क्षेत्रमा भएको सभा समारोहमा जान दिइँदैन। बोल्नै दिनु पर्‍यो भने तार सहित स्पीकर मन्दिर क्षेत्र बाहिर ल्याएर मात्र बोल्न दिइन्छ।

महेन्द्रनगर- ५, सुवासाल भन्ने ठाउँमा हालसालै अछूतहरूले एउटा मन्दिर बनाए र मन्दिर भित्र शिवनारायणको मूर्ति स्थापना गर्न लागेको थाहा पाई जिल्ला प्रशासक र नगरप्रमुख समेतको उपल्ला जातिहरूको गठबन्धनले "अछूतहरूले शिवनारायणको पूजा गर्नु हुँदैन" भनी रोके। त्यसपछि केही आर्थिक सहायता समेत दिई विश्वकर्माको मूर्ति स्थापना गर्न लगाए र मन्दिरको नाम पनि "विश्वकर्मा मन्दिर" राख्न लगाए। हाल सो मन्दिरमा छूत्त जाति भनिनेहरू जाँदैनन्।

अछूत जातिका महिलाहरूलाई माथ्ला भनिने व्यक्तिले कसरी आफ्नो कामबासनाको शिकार बनाउँछन् र बर्बाद गरिदिन्छन् भन्ने उदाहरणका रूपमा लक्ष्मी सुनार र पद्मा विश्वकर्मालाई लिन सकिन्छ। कञ्चनपुर जिल्लाको परासन-८ का ऋषिराज जैसीले सोही ठाउँकी लक्ष्मी सुनारलाई ललाइ फकाई भगाए। केटाका आफन्तहरूले खोजतलाश गरी अछूत जातकी केटी ल्याउँदा धर्म र जातै नष्ट हुने भनी केटीसित छुटाउन सफल भए र उसलाई भारततिर लगेर लुकाए। हाल लक्ष्मी सुनार अलपत्र परेकी छन्। कञ्चनपुर जिल्लाकै बाईसे बिचवा-६ मा २०४९ फागुनमा कृष्णबहादुर बोहराले पद्मा विश्वकर्मालाई भगाई भारततिर लगे। केटाका अभिभावकहरू भारत गई केटीलाई डरधाक देखाई चितवनको एउटा विश्वकर्मा केटासित जिम्मा लगाए। सो केटाले इमान्दारीपूर्वक पद्मालाई सुरक्षितसाथ पुन: बोहराकै घरमा पुऱ्याइदियो। तर केटाकी आमाले पद्मालाई कुटपिट गरी अपमानपूर्वक खेदेपछि उनी माइत गइन्। "म केटासँगै बस्न चाहन्छु" भनी पद्माले अदालतमा दिएको मुद्दा मुल्तवीमा रहेको छ।

डडेलधुरा, खलंगा-२ बस्ने गौर दमाईकी छोरी वर्ष २० की किशोरी दमाईलाई सोही ठाउँ बस्ने वर्ष २७ को आनसिंह धामीले प्रेम गरी स्वास्नी बनाएको थियो। त्यहाँको कट्टर समाजको दबावमा परी एउटा बच्चा समेत भइसकेको अवस्थामा किशोरीलाई अलपत्र पारेर बेपत्ता भएको घटना चर्चाको विषय बनेको छ।

जेलभित्र परेका अछूत जातिहरूमाथि कर्मचारी तथा अन्य बन्दीहरूले पंक्तिभेद गरेका धेरै उदाहरणहरू भेटिए। त्यसमध्ये महेन्द्रनगरस्थित जेलमा तुलनात्मक रूपले अन्यत्र भन्दा कम भेदभाव छ। हुन त यो जेलमा ७५ जना कैदीहरू मात्र अट्ने क्षमता छ, तर यहाँ १२२ पुरूष र एकजना महिला कैदीलाई कोचिएको छ। त्यसमध्ये कामी, दमाई, सार्की र तराई तथा भारतका गरी जम्मा १८ जना अछूत कैदीहरू छन्। अछूतहरूका लागि बेग्लै भान्साको प्रवन्ध छ। तर अछूत बन्दीहरू भने बिना भेदभाव एउटै भान्सामा खान्छन्।

बझाङ जिल्लामा यही २०५० सालमा जग्गा नापी हुँदा पुस्तौंदेखि भोग्दै आएको जग्गा त्यहाँका सार्कीहरूको नाममा नापी भएन र त्यहाँका ठालुहरूले नै जालसाजी गरी आफ्नो नाममा दर्ता गराए।

**हली (या) प्रथा**

तराई क्षेत्रको बाँके, बर्दिया आदि जिल्लामा थारू जातिलाई बँधुवा बनाएर मजदूरी गराएको सर्वविदितै छ। यो बँधुवा मजदूर बनाउने परिपाटीको उदय यही विकास क्षेत्रको पहाडी भागबाट शुरू भएको हो। पहाडका ठालु, सामन्तहरू तराई झरेपछि यो हलिया प्रथा साथैमा ल्याए र त्यहाँका आदिवासी थारूहरूको जायजेथा हडपेर उनीहरूलाई बंधुवा बनाएको हो। यसर्थ के कुरो प्रष्ट हुन आउँछ भने हलिया प्रथा व्यापक रूपमा पहाडमा प्रचलनमा छ। बैतडी, डडेलधुरा, बझाङ आदि जिल्लाहरूमा यो प्रथा चलेको पाइन्छ। पहाडका बाहुन र ठकुरीले हालसम्म हलो जोत्नु हुँदैन भन्छन्। यहाँ हलो जोत्ने जाति लोहार, सार्की तथा दमाईंहरू नै हुन्। अत्यधिक रूपमा लोहारहरू नै हलिया छन्। आर्थिक रूपले विपन्न त्यहाँका तल्ला जातिहरूले विभिन्न कारणबाट कथित उपल्ला जातका बाहुन, ठकुरीबाट ऋण लिनै पर्ने हुन्छ। आफूले लिएको कर्जाको ब्याज तिर्न नसकेको अवस्थामा हलिया बस्नु पर्छ। ब्याज काटेर

केही मात्रामा अन्न (स्वलो) पनि लिने चलन रहेको छ। आफूले लिएको ऋण बुझाउन जाँदा साहूले बुझ्न मान्दैन र हलो जोत्न कर गर्छ। नमानेका खण्डमा देवता लगाइदिने डर देखाएर ऊज्याएर हलो जोत्न लगाइन्छ। हलियाका परिवारले मालिककै घरमा काम गर्नुपर्ने हुन्छ। कतिपय गरीब निमुखाहरूलाई बिना पैसा नै हलो जोताउने चलन छ। पूरै वर्ष बाली लगाए पनि तीन सुप्पा ( लगभग छ पाथी) भन्दा बढी धान नदिने र एक डोको मकै दिने चलन रहेको छ। तर ज्यालादारीमा काम गर्नेहरूलाई दैनिक बिहान स्वाजा, दिउँसो स्वाना र चारमाना अन्न दिने गरिन्छ। रोपाहारलाई चार नाली (एक पाथी) अन्न मिल्छ। छोरा छोरीको बिहे गर्नु पर्दा वा त्यस्तै अन्य कार्य गर्नु पर्दा "हलो जोतुला, पर्सी बोकुला" भनेर पैसा लिइन्छ। पैसाको व्याजमा मात्र हलो जोत्ने चलन पनि चलेको छ। व्याजमा मात्रै हलो जोतेपछि साँवा तिर्ने उपाय हुन सक्तैन र आजीवन बँधुवा मजदूर भएर रहने वाध्यता छ। ९५ प्रतिशत जति तल्ला जातिहरू त्यही स्थितिमा छन्। यो प्रथाबाट दिक्क भएर बैतडी त्रिपुरासुन्दरी बस्ने एक वृद्ध अनिराम टमटा आफ्नो दुःखेसो यसरी व्यक्त गर्छन् - "सब काम गर्‍या हला जनपड्या" (सबै काम गर्नु तर हली नहुनु !)

पश्चिमाञ्चलको गोरस्वामा समेत यो प्रथा कायम रहेको पाइन्छ। वास्तवमा यो प्रथा मुलुकको सबै भागमा कुनै न कुनै रूपमा रहेको देखिन्छ। पश्चिम नेपालमा भने बाँधा बनाएर राख्ने घोर अत्याचारी प्रथाले तल्ला भनिने जातिहरू (आर्थिक रूपले विपन्न) को मानव अधिकार हनन् हुनपुगेको छ। यस क्षेत्रका तल्ला भनिने जातिहरूमध्ये आर्थिक रूपले ठीकै भएकाहरू पनि पहिलेदेखि नै हलो जोताउँदै आएका बाहुन, ठकुरीको कुरो काट्न नसकी हलो जोत्न छोड्न सकिरहेका छैनन्।

**डोली प्रथा**

सुदूर पश्चिमाञ्चलका दार्चुला, बैतडी, डडेलधुरा, बझाङ, बाजुरा, डोटी, अछाम लगायतका पहाडी जिल्लाहरूमा डोली बोक्ने काम लोहार र सार्कीहरूबाट गराइदै आएको छ। बिहामा दुल्हा दुलहीलाई डोलीमा बोक्ने र ठालुहरूलाई एक ठाउँबाट अर्को ठाउँ लैजान डोलीमा बोक्नुपर्ने चलन यस क्षेत्रमा व्याप्त छ। यहाँ डोली बोक्नेहरूलाई ज्यालावापत सीमित रकम दिइने गरिन्छ र बोक्न नामञ्जूर गरेमा धाक धक्कु दिने, बनवेत (मेलापात), बाटोघाटो, पानी पंधेरो रोकिदिने र कुटपिट समेत गर्ने हुँदा चुइँक्क भएर डोली बोक्नैपर्ने बाध्यता छ। अज्ञानताकै कारणबाट डोली नबोक्दा आफ्ना इष्ट देवताहरू रिसाउने र केही अनिष्ट हुने भयले पनि डोली बोक्न छोड्न सकेका छैनन्। घोडाबाट सजिलै यात्रा गर्न सकिने ठाउँमा पनि ठूला बडाहरूले आफ्नो शान-शौकत देखाउनलाई कँज्याएर डोलीमा यात्रा गर्ने गर्छन्।

**जारी प्रथा**

अर्काकी स्वास्नी लाने चलन नै जारी प्रथा हो र सो बापत तिरिने दण्ड जारी हो। जारी गर्ने चलन मुलुकभरी नै केही न केही मात्रामा रहेको भए पनि सुदूरपश्चिमका ठाउँहरूमा यो प्रथा भिन्नै ढंगले विकसित भएर गम्भीर समस्या बनेको छ। बाहुन र क्षेत्री समाजमा यो केही अपवादको रूपमा मात्र देखिन्छ भने तल्ला भनिने जातिहरू माझमा यो प्रथा बढी प्रचलनमा छ।

**धन स्वाने (छांग्रा) प्रथा**

तल्ला भनिने जातिहरूले परम्परागत

रूपमा छोरीको बिहे गर्दा केटा पक्षबाट धन (रीतभाँत) खाने प्रथा मुलुक भरिनै थियो। हाल मुलुकका अन्य भागमा यो प्रथा कोही कोहीले मात्र जारी राखे पनि सुदूर पश्चिमाञ्चलमा व्यापक रूपमा छ। यसरी केटा पक्षबाट बिहे खर्च वा रीतभाँत वापत धन लिनुपर्ने कारण खास गरी आर्थिक दुरावस्थाकै परिणाम हो।

**मध्यपश्चिमाञ्चल क्षेत्र**

तराईका जिल्लाका शहरी इलाकामा छुवाछुतको भेदभाव कम छ। उदाहरणका लागि देउखुरी, लमीमा एकजना विश्वकर्माले खुलेआम रूपमा होटल चलाएका छन्। पहाडी इलाकामा भने छुवाछुतको भेदभाव देखिन्छ। रूकुम, जाजरकोट, प्युठान, सुर्खेत, रोल्पा आदि जिल्लामा अछूत जातिलाई मन्दिर प्रवेशमा शख्त मनाही गरिँदै आएको छ। शहर बजारमा उतिसाह्रो भेदभाव नदेखिए पनि बाहुन ठकुरीका घरमा छुवाछुतको भेदभाव गरिन्छ र अछूतहरूलाई बाहिरै खान दिइन्छ। शहरी क्षेत्र भए तापनि नेपालगञ्जको बागेश्वरी मन्दिरमा तल्ला जातकाले जात बताएमा प्रवेश गर्न पाइदैन।

रुकुम जिल्लामा अछुत जातिहरूमा पनि ब्रतबन्ध गर्ने चलन छ। उनीहरूकै घरमा गएर ब्राम्हणले पूजाआजा ब्रतबन्ध गरिदिन्छन् र दानदक्षिणा लिन्छन्। नेपालका अरू जिल्लाहरूमा भन्दा रूकुमका केही भागमा यो जातीय छुवाछुतको भेदभाव एकदम कम र कतै कतै त हुँदै नभएको स्थिति पनि छ। रोल्पा जिल्लाभित्र "थवाङ" नामको एउटा गाउँमा प्राय: सबै जातको बसोबास छ। घरभित्रका चालचलन र बिहेवारीमा एकले अर्काको इच्छा विरूद्ध काम गर्दैनन्, तर बाहिर भोज भतेर, जन्ती, मलामी, मेलापात, चाडपर्व, सभा समारोह एवम् धार्मिक सांस्कृतिक जस्ता सामाजिक क्रियाकलापमा बिल्कुल समान व्यवहार गर्छन्। त्यस गाउँमा कोही कसैको दृष्टिमा सानो ठूलो, छुत-अछुत छैन।

बर्दिया जस्तो तराई क्षेत्रका विद्यालयमा समेत अछूत शिक्षक, विद्यार्थीमाथि भेदभावपूर्ण व्यवहार गरिन्छ। चिया खाँदा समेत अलग्ग बसेर खानुपर्दा आफूलाई निक्कै अपमानित भएको महसुस हुन्छ भनी देउडाकला माछागडको नेपाल राष्ट्रिय प्राविका शिक्षक रामबहादुर नेपाली बताउँछन्। कदाचित लगे भने षडयन्त्रमूलक ढंगले छोडाउने र अलपत्र पार्ने काम भइरहेको छ। तल्ला भनिने जातिले माथ्ला जातकी केटी ल्याएमा जिल्लै छाडेर भाग्नुपर्छ। तराई क्षेत्रमा समेत अछूत जातिका बालबालिकाहरू ज्यादै कम मात्रामा विद्यालय जान्छन्। यसको मुख्य कारण उनीहरूको बाबु आमाको दयनीय आर्थिक स्थिति नै हो। बालबालिकाहरूले पनि मजदूरी गरेर जीविका चलाउँछन्। सिंगै क्षेत्रभित्र अछूत बालबालिकाहरू हेपिनुपर्ने भएकोले स्थिति राम्रो हुँदाहुँदै पनि विद्यालय जाने रूचि नभएको देखिन्छ।

जाजरकोट जस्ता पहाडी भेगमा ठकुरी र बाहुनहरूले सार्वजनिक धारा कुवा अछूत भनिने जातिहरूलाई छुन दिँदैनन्। यहाँको खलंगामा पनि जातीय भेदभाव चरम रूपमा देखिन्छ। यस क्षेत्रमा कमैया प्रथा तथा हलिया प्रथाले निकै स्थान पाएको छ। बाँके, बर्दिया, सुर्खेत आदि जिल्लाहरूमा बाँधा मजदूर बनाउने चलन व्याप्त छ। कमैया प्रथाको मारमा थारू समुदाय मात्र परेका छैनन्। बरू अछूत भनिने समुदाय पनि कमैया र हलिया प्रथा भित्र जकडिएका छन्। पहाडी भेगमा कुनै न कुनै रूपले अछुत जातिहरू हलिया प्रथाको मारमा परी कंगाल हुँदै

गइरहेका छन्।

यस क्षेत्रका अछूतहरूलाई दूध बिक्री वितरण गर्न दिइँदैन। फलस्वरूप सरकारी तहबाट भैंसी पालनको निमित्त यो वर्गलाई ऋण दिइँदैन। बाखा पाल्नको लागि भने कतै कतै ऋण उपलब्ध हुन्छ। कतिपय ठाउँहरूमा अछूत जातिलाई पूजाको प्रसाद र पञ्चामृत दिने चलन छैन। उनीहरूलाई दूध दही पनि बारिन्छ।

अन्यत्र जस्तै यस क्षेत्रमा पनि तल्ला जातिहरूले आफ्नो वंश परम्पराको भेद उल्लेख गरेर नागरिकता प्रमाणपत्र पाउँदैनन्। लोहार, कामी, सुनार, दमाई, नेपाली, डूम जस्ता शब्दहरू लेख्नैपर्ने हुन्छ। यो स्थिति प्रमाणपत्र (शैक्षिक प्रमाण पत्र), धनीपूर्जा आदिमा पनि देखिन्छ। ब्रिटिश सेना भर्तीमा योग्य ठहरिएका प्यूठानका हरि नेपालीलाई जातीय कारणले नै लाइनबाट निकालिएको घटना हालै घटेको छ।

नागरिकता दिने सवालमा जाजरकोटका प्र.जि.अ. नेत्रबहादर कार्कीको उदार दृष्टि रहेको देखिन्छ। अछूत जातिहरूले नागरिकता लिंदा वंश परम्पराको थर मात्रै उल्लेख गरेर पनि नागरिकता पाइरहेका छन्।

जातीय कारणले गर्दा नै यस क्षेत्रमा अछूत जातिकाहरूले पियनसम्मको जागिर पनि पाउन सकिरहेका छैनन्।

मध्यपश्चिमाञ्चल वादीहरूको प्रमुख थलो हो। तराईको राजापुर, वनमुसरी, ताराताल, तुल्सीपुर, गगनगञ्जमा वादीहरूको सङ्ख्या ठूलो छ। यो क्षेत्रमा कतिपय वादी समुदायहरू देह व्यापारमा लागेका छन्। देह व्यापारकै फलस्वरूप बाबुको एकीन हुन नसकेको छोराछोरीहरूको सङ्ख्या यहाँ बढ्दै गइरहेको छ र यिनीहरू बढेपछि स्वत: देहव्यापारमा लाग्न थालेका छन्। वेश्यावृत्ति त्यागेर बिहे गरी बाध्यताले त्यस्तो घृणित पेशामा लाग्नुपरेको बताउँछन्। वेश्यावृत्तिबाटै आफूले जन्माएका सन्ततिलाई पुन: त्यही पेशामा धकेल्न उनीहरू चाहँदैनन्। वेश्यावृत्ति छोडेका वदिनीहरू हाल अरू किसिमका मजदूरी एवम् सीपका कामहरू गरेर गुजारा गर्छन्। आफ्ना छोराछोरीहरूलाई केही शिक्षा दीक्षा दिलाउन पनि उनीहरूले थालेका छन्। रूकुम, जाजरकोट, सल्यान, प्यूठान, रोल्पा जस्ता जिल्लाका वादी वदिनीहरू परम्परागत माटाका वर्तन बनाएर बेच्छन् नाचगान गर्छन्, मागेर खान्छन् र नगन्यले मात्र देहव्यापार गर्छन्।

बहुविवाह, जारी र डोली प्रथाले यस क्षेत्रका अछूतहरूलाई सबभन्दा बढी मार परेको छ। प्यूठान, बर्जीवाङ-२ दहचौरकी सात छोराछोरीकी आमा चालीस वर्षीया बीरादेवी सुनारलाई माइतीले दिएको जेथाधरी हडपेर उनको लोग्नेले अर्की स्वास्नी लिई बेग्लै बसेको घटनाले अछूत महिला उत्पीडन झन मार्मिक बन्न पुगेको पुष्टि गर्छ।

माथ्ला जातिले तल्ला जातिलाई दमन गर्न खास गरी दुई किसिमका खतरनाक तरिकाहरू प्रयोग गर्दै आएका छन्। रीसईबी साधना गर्नका निम्ति बलात्कार र गौहत्या काण्डमा फसाएर यिनीहरूलाई ठूलो सजाय भोगाइने गरेको पाइयो। धेरैजसो अछूत जातिले बलात्कार र कथित गौहत्याका काण्डमा जेलको सजाय काट्नु परिरहेको छ वा अड्डा अदालत धाउनु परिरहेको छ। यस क्षेत्रका अछूतहरूसँग प्रत्यक्ष भेट गरी बुझ्दा अनाहकमा उनीहरूलाई यस्ता काण्डमा फसाएर सास्ती दिएको बुझिन्छ।

पहाडी भेगमा अछूतहरूलाई शंख बजाउन समेत बन्देज छ। गत वर्ष फागुन महिनामा दैलेख जिल्लाको लाँकुरी गाविस निवासी धनसरा कमिनीको लाश लिएर

शङ्ख बजाउँदै बैतडी खोलातिर गइरहेका मलामीलाई त्यहाँका उच्च जातिहरूको एक जत्थाले "तिमीहरूलाई शङ्ख बजाउने अधिकार छैन" भनी कुटपिट गरेको घटना स्मरणीय छ।

जातीय भेदभावको अनौठो र लज्जास्पद स्थिति रुकुम जिल्लाकै मोरावाङ गाविसमा देख्न सकिन्छ। यहाँ माघे संक्रान्तिमा एउटा मेला लाग्छ। मेलाको अन्त्यतिर त्यहाँका उच्च भनिने जातिका महिला एवम् पुरुषहरू एउटा चौतारामा जम्मा भई अछूतहरूको बस्तीतिर फर्केर ढोल बजाउँदै उनीहरूलाई अपशब्दहरूसहित गाली गर्छन्। यो त्यहाँको परम्परा हो। अछूतहरूलाई गुप्तांग देखाउँदै "तिमेरू यो खाओ, तिमेरको नाश होस्" भन्दै गीत गाएर उन्दै नाच्छन्। देवतालाई खुशी पार्न यसो गर्दै आएको कुरा उनीहरू भन्ने गर्छन्। अछूत जातिलाई त्यसबेला त्यहाँ जान दिइँदैन। यदि गएमा वा विरोध गरेमा दश पोल (६४ पोलको १ धार्नी) तामो डाँड्ने चलन छ। स्थानीय तल्ला जातिहरूले प्रजिअ कहाँ यो कुराको विरोध पत्र दिएका छन्, तर यसलाई टालटुल गर्ने काम मात्रै भइरहेको छ। सम्बन्धित गाविसलाई त्यो काम रोक्नका लागि परिपत्र भइसकेको बताइए पनि यो प्रचलन जारी छ।

यस क्षेत्रका विभिन्न भागमा विभिन्न राजनीतिक पार्टीको प्रतिनिधित्व गर्दै गाउँ तहमा अछूत जातिहरू नगन्य मात्रामा जनप्रतिनिधिको रूपमा छानिएका छन्। तर अरू जातका जनप्रतिनिधि सरह उनीहरूको स्तर र मर्यादा छैन। समानताको नारा दिने राजनीतिक पार्टीहरूको पनि जातीय समानताका सवालमा केही उल्लेखनीय पहल भएको छैन। बरू यही वर्षको दशैंताका प्यूठान जिल्लाका जिशिअ बलबहादुर परियारलाई शिक्षक छनौटको क्रममा धाँधली गरेको आरोप लगाई ने.क.पा. मशालका कार्यकर्ताहरू समेतले "तँ दमाईं कुर्सीमा बस्न योग्य छैनस्, दमाहा बजाउन, लुगा सिउन जा" भन्दै बेइज्जतीका साथ जिल्लाबाट खेदेको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ।

दाङ देउखुरी, लोहारपानी-९ बस्ने २६ वर्षया तोवी विश्वकर्मालाई सोही ठाउँ बस्ने ३६ वर्षीय डिल्लीराज घिमिरेले "जात नमिले पनि तिमीलाई इण्डिया लैजान्छु" भनी झूटो आश देखाई यौनसम्बन्ध राखी एउटा छोरो (विरोध घिमिरे) जन्मिएपछि स्वीकार्न नमानेको हुँदा हाल तोवी विश्वकर्मा छोरो लिई अंश दावा गर्दै जिल्ला अदालतको ढोका ढकढक्याइरहेकी छिन्। स्मरणीय छ, तोवीले यही ०५० साल पुस ९ गते उक्त शिशुलाई जन्म दिएकी थिइन्।

दाङकै चैलाही वा. नं. २ लमही बजारमा ३० वर्षीय मानबहादुर दमाई र २४ वर्षीया आइती क्षेत्रिनीले २०५० असोजमा प्रेम विवाह गरे। केटीका माइती पक्षले प्रहरी थानामा लगी मानबहादुरलाई निक्कै यातना दिलाउने काम गरे। तर "पेट बोकेकी छु" भनी केटीले छुट्टिन नमान्दा नमान्दै पनि जबरजस्ती बिछोड गराएकोले यो एउटा बियोगान्त घटना बन्न पुगेको छ। अन्यत्र झैं यस क्षेत्रमा पनि यसरी हुन गएका अन्तरजातीय प्रेम विवाहलाई जातीय कारणले नै सफल हुन नदिइएका घटनाहरू प्रशस्त छन्।

हुम्ला, जुम्लाजस्ता जिल्लाहरूमा भोटेहरूको आफ्नै समाजभित्र पनि जातीय छुवाछुतको भेदभाव सिर्जना भएको पाइयो। यिनीहरूमै भेटिने एउटा श्रमजीवी समुदायलाई "कमारो" भनिन्छ र अछूतमा झारिएको छ।

**पश्चिमाञ्चल**

यस क्षेत्रको मुस्ताङ लगायतका उत्तरी भेगमा मंगोल समुदायका जनताको बाहुल्य छ। तल्ला भनिने जातिहरूमा कामी, दमाईं र सार्की मात्र छन्। जोमसोमभन्दा माथिल्लो भागमा बसोबास गर्ने यी तल्ला जातिहरूको भाषा र रहनसहन पनि स्थानीय मंगोलहरूकै जस्तो हुनपुगेको छ। अपेक्षाकृत रूपमा यिनीहरूको सङ्ख्या यहाँ कमै छ। तिब्बती सीमाका गाउँहरूमा त्यहाँ मंगोलमूलका (भोटे) समुदायले तल्ला भनिने जातिहरूलाई "घारा" भन्छन् र छुवाछुतको भेदभाव गर्छन्। घाराहरूले होटलमा, घरमा, बौद्ध गुम्बामा तथा मन्दिरहरूमा प्रवेश गर्न पाउँदैनन्। यसैले उनीहरूले अलग्गै बस्नु पर्छ। निर्धा, निमुखा घाराहरूले होटलमा स्वानपिन खाएर बर्तन सफा गर्नैपर्ने हुन्छ।

मुस्ताङमा जातीय भेदभावकै आधारमा समाजको सञ्चालन भइरहेको तथ्य निम्न घटनाले प्रष्ट पारेको छ। २०३१/३२ सालमा श्री ५ वीरेन्द्र मुस्ताङ सवारी भएका बखत मुस्ताङे राजाको भित्रिया भई सहयोग गर्दै आएका शिक्षक मानबहादुर विश्वकर्माले कुशलतापूर्वक राजाको सवारी चलाएका थिए। यसैले श्री ५ को सरकारले मानबहादुर विश्वकर्माको क्षमताको कदर गर्दै मुस्ताङे राजाको निजी सचिवमा नियुक्ति दियो, तर मुस्ताङे राजाका अन्य जातिवादी मतियारहरूको षडयन्त्रस्वरूप उनको ठाउँमा अर्कै व्यक्तिको नियुक्ति गरियो।

म्याग्दी, बाग्लुङ आदि जिल्लामा जातीय भेदभाव चर्को रूपमै छ। यहाँका तल्ला भनिने जातिहरूले आफ्नो वंश परम्पराको थर (भेद) उल्लेख गरेर नागरिकता लिन पाइरहेका छैनन्। यी ठाउँहरूका मठ, मन्दिरमा यिनीहरूलाई "अछूत" भनी प्रवेश निषेध गरिन्छ। अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लामा पनि जातीय भेदभाव उही रूपमा कायम रहेको छ। गोरस्वा बजार क्षेत्रमा पनि जातीय भेदभाव केही मात्रामा कायमै छ। सिधा सादा तल्ला भनिने जातिलाई हेपेर पसल एवम् होटलमा छुतछात गरिन्छ। सार्वजनिक धारो, पंधेरो, कुवामा तल्ला जातिका मानिसहरू निषेधित छन्। हालैको एउटा घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ। खोप्लाङ गाविसको एक सार्वजनिक धारामा पानी भर्न गएकी धनकुमारी गैरेलाई हीरालाल बस्नेतले रोकटोक गरे, तर धनकुमारीले जबरजस्ती पानी भर्न लाग्दा उनले हसियाको झटारो हानेर धनकुमारीलाई घाइते बनाए। यो कुटपिट मुद्दा अदालतमा चलिरहेको छ।

गोरखाका धार्मिक स्थल र देवालयहरूमा तल्ला भनिने जातिहरूलाई प्रवेश निषेध रहेको तथ्य हालैको एक घटनाबाट प्रमाणित भएको छ। यस प्रमाणबाट सिंगै मुलुकमा राज्यस्तरबाट तल्ला भनिने जातिहरूको मानवअधिकारको हनन् भएको प्रष्ट हुन आउँछ।

गत माघ २१ गते नेपाल उत्पीडित दलित जाति मुक्ति समाज जिल्ला समिति गोरखाको आयोजनामा स्थानीय तल्ला भनिने जातिहरूले गोरखा दरबारस्थित गोरखनाथ मन्दिरभित्र पूजा गर्न जान लाग्दा सरकारी स्तरबाट रोक लगाइयो। भीडले जबर्जस्ती गर्न लाग्दा त्यहाँ अघिदेखि नै तैनाथ प्रहरीले गोली हान्ने धम्की दिए पछि पूजा गर्न नपाई फर्किनु पर्यो। "हामीले किन पस्न नपाउने, लिखित आधार देऊ" भन्दा गोरस्वा स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालयका प्रमुख गणेश विक्रम शाहले लिखित बन्देज पत्र दिएका थिए।

स्याङ्जा, रूपन्देही, नवलपरासी जिल्लाहरूमा पनि छातछूतको भेदभाव कायमै

छ। पाल्पा जिल्लाका तल्ला जाति भनिनेहरूकै बीच छुवाछुतको भेदभाव हटेको छैन। तर स्याङ्जामा भने यस्तो भेदभाव धेरै मात्रामा हटिसकेको छ।

यहाँ माथ्ला जातिहरूले सार्वजनिक स्थलमा समेत गरेको छुवाछुतको भेदभाव हाल आएर राष्ट्रिय चर्चाको विषय बनेको छ। पेलाकोट गाविसको उदियाचौरमा दुग्ध विकास संस्थानले राखेको भगवती दुग्ध संकलन केन्द्रमा गत: आठ वर्षदेखि तल्ला जातिहरूलाई दूध जम्मा गर्न दिइएको थिएन। गत: कार्तिक २१ गते तल्ला जातिहरूले पनि समान ढंगले दूध खरीद गर्न दबाव दिई दूध मिसाएपछि कथित माथ्ला जाति र उनीहरूका बीचमा वादविवाद र कुटाकुटसम्म हुन गयो। दुग्ध विकास संस्थानले स्थानीय ब्राम्हणवादीहरूको दबावमा परेर उक्त संकलन केन्द्र नै बन्द गऱ्यो। यसमा स्थानीय प्रशासनले पनि माथ्ला जातिहरूकै पक्ष लिएपछि स्थानीय दलित उत्पीडित किसानहरूले सङ्घर्ष समिति बनाई सङ्घर्ष शुरू गरेका छन्। समान रूपले दूध लिने गरी केन्द्र खोलियोस्, भेदभाव गर्नेमाथि कारवाही होस् भन्दै यही फागुन १ गते सङ्घर्ष समितिको आव्हानमा हजारौं हजार जनताले स्याङ्जा बजारमा विरोध प्रदर्शन सम्पन्न गरे।

यस क्षेत्रका कतिपय विद्यालयमा कार्यरत तल्ला जातिका शिक्षक एवम् कर्मचारीलाई जातीय कारणले नै उपेक्षा गर्ने र अवकाश गर्नेसम्मका घटनाहरू भैरहेका छन्। तर सम्बन्धित जिम्मेवार निकायले यस बारे कुनै चासो देखाइरहेको छैन। यस क्षेत्रमा अन्तरजातीय विवाहका घटनाहरू भैरहेका छन्, तर माथ्ला जातिकाहरूले तल्ला जातकी केटी लाने र पुरानो संस्कारको चपेटामा परेको बहाना गर्दै अलपत्र पार्ने काम भइरहेको छ। उदाहरणार्थ केही घटनाहरूलाई लिन सकिन्छ।

तनहुँ, भीरकोट-२ की रिउरी दमिनीलाई सोही ठाउँ बस्ने हरिबहादुर रानाले गर्भिणी बनाएपछि जिम्मा लगाउने काम भयो, तर त्यहाँको समाजले केही रकम दिई एउटा कामी केटासँग जिम्मा लगाउने काम गर्यो। हरिबहादुरलाई पनि बाहुनहरूले पानीबाट हटक गरेर उसकी जेठी स्वास्नीतिरबाट जन्मेको बच्चाको न्वारान गरिदिएनन्। अर्कातिर रिउरी लाने कामीलाई दमिनी ल्याएको आरोपमा उसका दाजुभाइहरूले पानीबाट हटक गरे। यसपछि रिउरी पनि अर्कैसँग वैवाहिक जीवनयापन गर्न बाध्य भइन्। तनहुँ कै भानु-३ की त्रोकमाया परियारले सो ठाउँ बस्ने नन्दकुमार श्रेष्ठको छोरा जन्माएको प्रमाणित भएपछि नन्दकुमार श्रेष्ठ बेपत्ता भएको थियो। यता नन्दकुमारलाई समाजले जातिच्युत गर्यो भने त्रोकमाया बिमारी भई मरिन्। दूधे बालकको बिजोक छ भने आफ्नी पहिलेकी स्वास्नी र केटाकेटी सहित नन्दलाल हाल मुडलिङ आई होटल चलाई बसिरहेको पाइयो। सोही गाविसकै अच्युतराज अर्यालले आँटिलो भएर राधिका परियारलाई प्रेम विवाह गरेपछि जातिच्युत भएर बस्नु परिरहेको छ।

यही मंसीर १४ मा पोखराका अशोक विश्वकर्मा र लीला विश्वकर्माले प्रेम विवाह गर्नका लागि विन्ध्यबासिनी मन्दिरमा जाँदा पुजारीले जातीय कारण देखाई विवाह गराइ दिन मानेनन्।

बाग्लुङ जिल्लाको आमचौर गाविसका टोपबहादुर श्रीस र कमला नेपालीको प्रेम विवाहलाई भने समाजले स्वीकारेको पाइयो। त्यसैगरी अर्घाखाँचीमा यही ०५० साउनमा भएको बाबुराम विश्वकर्मा र रेञ्जर इन्द्रलाल अर्यालकी

छोरीबीच सम्पन्न प्रेमविवाहलाई अर्यालले सहर्ष स्वागत गरेको कुरा चर्चित छ।

नवलपरासी जिल्लामा अछुत भनिनेहरूलाई मन्दिर पस्न नदिनाले विगतमा निकै सङ्घर्षहरू भएका छन्। छुवाछुतको भेदभाव यस जिल्लामा पनि कायमै छ। उदाहरणार्थ यही ०५० कार्तिकमा नयाँ बेलानी-८ बस्ने इन्द्रबहादुर परियारकी ८ वर्षीया छोरी सगुन परियार धारामा पानी लिन जाँदा हातबाट ग्यालेन खुस्केर पानी बोक्दै गरेकी एउटी मगर्नीलाई छोइएकोले छोइस् भन्ने निहुँमा घैटाले नै बालिकाको टाउकामा हानी गम्भीर रूपमा घाइते बनाएपछि वीर अस्पतालमा ल्याई लामो उपचारपछि मात्र घर लगियो।

बुटवल न.पा. ५ मा यही ०५० जेठमा ६५ वर्षीया विमला विश्वकर्मालाई धारामा पानी लिन जाँदा पानी छोइदिएको आरोपमा सोही ठाउँ बस्ने सानुमाया प्रधानले गाग्रीको पानी खन्याइ दिइन् र शख्त घाइते बनाई बेहोस् हुने गरी पिटेको उल्लेख्य छ। घटना

**मध्यमाञ्चल क्षेत्र**

देशकै राजधानी समेत रहेको यो क्षेत्र राजनीतिक, आर्थिक, धार्मिक, बौद्धिक, सांस्कृतिक सबै क्षेत्रमा अपेक्षाकृत अगाडि हुँदाहुँदै पनि सामाजिक क्षेत्रमा भने पछाडि नै छ। मन्दिर, गुठी, शक्तिपीठ, गुम्बा तथा देवालय आदिले भरिभराउ भएको काठमाडौं उपत्यका अन्यत्रको तुलनामा धार्मिक दृष्टिले जति अगाडि छ, त्यति नै धर्ममा आधारित वर्णव्यवस्थाद्वारा सिर्जित जातीय भेदभाव र छुवाछुतले पनि ग्रसित छ। बत्तीमुनिको अंध्यारो भने झै राजधानीमै अछूत पारिएकाहरूका निम्ति कतिपय धार्मिक स्थल, धारा, कुवा, नल, मसानघाट लगायतका सार्वजनिक स्थलहरू प्रतिबन्धित छन्। काठमाडौं शहर भित्रका होटल-पसलमा जातिपातीको वास्ता हुन छोडेको छ, तर नगरपालिकाकै इन्द्रायणी, आलापोट, भद्रवास, मूलपानी, डाँछी, साँखु जस्ता ठाउँमा भएका होटल पसलहरूमा जातपातको खोजिनीति हुन्छ। तल्ला जातिहरूले बाहिरै खानुपर्ने र बर्तन सफा गर्नुपर्ने चलन छ। गाउँमा तल्ला जातिहरूलाई काठको पीरा समेत छुइन्छ भनी दिइदैन। कथम् कदाचित् तल्ला भनिने जातिकाले माथ्ला जातिकहाँ खानु पर्दा आँगनमै अलग्ग बस्नुपर्ने, खानासगै गाईको गोबर पनि ल्याएर छेउमा राखि दिइने र खाइसकेपछि भाँडा बर्तन सफा गरिदिनुका अतिरिक्त बसेको ठाउँ समेत सो गोबरले लोट्याउनै पर्ने बाध्यता छ।

ललितपुर र भक्तपुरका गाउँ क्षेत्रहरूको स्थिति पनि उस्तै छ। उपत्यकाका तीनै शहरहरूमा तल्ला भनिने जातिहरूका लागि डेरा मिल्दैन। त्यसैले आफ्नो जात ढाँटेर बस्नुपर्ने बाध्यता छ। बीचमा कथम्कदाचित जात थाहा पाएमा विभिन्न बहानाले डेराबाट निकालिदिने गरेको हुँदा डेराको समस्या भोग्नु परिरहेको छ। उपत्यकाको कतिपय स्थानमा नेवारहरूको चाड गठेमंगलमा ग्रहदशा पन्छाउनका लागि पोडेहरूलाई जबर्जस्ती दान दिइने गरिन्छ। मध्यमाञ्चलको पूर्वोत्तर भेगमा माथ्ला भनाउँदा जातिहरूले बिग्रेको ग्रहदशा सुधार्ने नाममा अछूत भनिनेहरूलाई किनेर मुखमा कालो, रातो, पहेंलो रंग र खरानी समेत घसेर सेतो कालो कपडा भिराएर मूर्ति जस्तै गरी मन्साउने गरिन्छ।

अरू विकास क्षेत्रमा जस्तै यहाँ पनि अन्तरजातीय विवाह टिक्न मुश्किल हुँदै आएको छ। अन्तरजातीय विवाहका घटना भएमा ठाउँ छोडेर अन्यत्रै जानु पर्ने वा

जबर्जस्त सम्बन्ध विच्छेद गर्नेपर्ने हुँदै आएको छ। खास गरी तल्ला जातका भनिने महिलाहरू उपर माथ्ला जातका भनाउँदाहरूले कुनै हालतमा पनि न त्याग्ने बाचा गरी फँसाउने र पछि धोका दिएरै छोड्ने घटनाहरू बराबर भइरहेका छन्। उदाहरणका लागि काभ्रे जिल्ला, भुम्लुटार-७ डुम्रे पानीका काइँला उप्रेती भन्नेले हर्के दमाईकी विधवा कान्छी दमिनी भन्नेलाई लोभलालचमा पारी शारीरिक सम्बन्ध स्थापित गरेपछि एउटा छोरो समेत जन्मियो। पछि उप्रेतीले स्वीकार नगरेकोले कान्छी दमिनीले बनिबुतो गरेर सो बालक संग्राम उप्रेतीलाई हुर्काइन्। हाल संग्राम उप्रेती ( दमाई) बाबुसित नाता कायम गर्न प्रयासरत छन्।

काभ्रे जिल्ला, देउपुर १ बस्ने रेवतीरमण ढकालले सोही ठाउँकी बुद्धलक्ष्मी विश्वकर्मासित गुप्त सम्बन्ध स्थापित गरी ०५० असोज ९ मा एउटा बच्चा पैदा भयो। सो बच्चाको नाम रामप्रसाद ढकाल राखिएको भएता पनि जन्मदर्ता गर्न जाँदा गाविस सचिवले दर्ता गर्न मानेका छैनन्। उत्तरतिर रेवतीरमणलाई त्यहाँका माथ्ला जातका भनिने ठालुहरूले उचालेर सो बच्चा आफ्नो होइन भन्न लगाइरहेका छन् भने उत्पीडित दलित जातीय मुक्ति समाज जिल्ला समिति काभ्रेको सक्रियतामा जन्म दर्ता गराउने प्रयास भइरहेको छ।

यस क्षेत्रका माथ्ला भनिने जातका केही सचेत युवाहरूले अछूत भनिएकाहरूकहाँ वा एकैसाथ बसेर खाएवापत घरभित्र पस्न नपाएको तथा जातिच्यूत हुनुपरेका घटनाहरू भइरहेका छन्।

यस क्षेत्रका अधिकांश ठाउँका मन्दिर तथा सार्वजनिक स्थलहरूमा अछूत भनिनेहरूलाई अन्यत्र मै प्रवेश निषेध छ। यही ०५० मंसिर १२ को घटना हो काभ्रे, पाँचखाल -३ बस्ने सार्कीको छोराले अर्काको धानको भारी स्थानीय एउटा मिलमा पुऱ्याएर आउँदा "मिलभित्र किन पसिस्" भनी खेलबहादुर दुलाल भन्ने व्यक्तिले कुटपिट गरे। ०५० पुष १४ मा बनेपा न.पा. १० को एउटा बाहुन पसलेले कंचन परियारलाई घोर्क्याइ मुन्ट्याई गरी पसलबाट अपमानित ढंगले निकालिदिए।

काभ्रे, दोलखा, सिन्धुपाल्चोक, रामेछाप जस्ता जिल्लाहरूका होटेलहरू तथा मन्दिरहरूमा तल्ला भनिने जातिहरूले प्रवेश पाउँदैनन्।

यस क्षेत्रका अधिकांश जिल्लाहरूमा आफ्नो थर उल्लेख गरेर मात्रै तल्ला भनिने जातिहरूले नागरिकता प्रमाणपत्र पाउन सकिरहेका छैनन्।

रामेछाप जिल्लामा बाहुनहरू हिँडेको बाटो मास्तिर लागे अछूत भनिनेहरूले सजाय भोग्नुपर्ने हुन्छ। यस ठाउँमा तल्ला जाति भनिनेहरूले बेग्लै कुवा, पंधेरा बनाएर पानी खाँदै आइरहेको छ। पहाडी भेगका अधिकांश दुग्ध संकलन केन्द्रहरूमा समेत तल्ला भनिने जातिहरूले दूध बेच्न पाइरहेका छैनन्। माथ्ला भनिने जातिहरू र स्वयं दुग्ध विकास संस्थानका कर्मचारीहरूको मनोमानीबाट यो स्थिति सिर्जना भएको छ।

सिन्धुपाल्चोक जिल्लामा तल्ला भनिने जातिहरूले सार्वजनिक कुवाबाट पानी उघाउन पाउँदैनन्। सिपापोखरे-८ मा पर्ने कुवापानी भन्ने ठाउँमा २०४९ मंसिर १२ मा एउटा यस्तो घटना घटेको छ- झंकबहादुर विश्वकर्माकी तीन वर्षे छोरी लक्ष्मी खेल्दै नजीकैको कुवामा पुगिन्। त्यसैबेला त्यहींका पार्वती भट्टराईले "कामीको बच्चा भएर कुवामा खेल्ने" भनी कुटपिट

गरेपछि त्यसबारे बच्चीका बाबुआमाले आपत्ति गरेका थिए। भोलिपल्ट सो बच्चीको लाश त्यही कुवामा डुबिरहेको पाइयो। स्थानीय जनताको एकलौटी सरजमिनबाट सो बालिका कालगतिले डुबी मरेकी पारिएको भए पनि त्यो मृत्यु रहस्यमय बनिरहेको छ। केही दिनपछि त्यसै कुवामा पानीकै विषयलाई लिएर विवाद हुँदा त्यहींका नरबहादुर विश्वकर्मामाथि कुटपिट गरियो। पार्वती भट्टराईकै लोग्ने कृष्णप्रसाद भट्टराईले "एकजना त मऱ्यो फेरि अरू पनि मर्ने विचार छ कि क्या हो ?" भनी धम्की दिएको घटनाले सन्देह थपिएको छ।

यस क्षेत्रमा पर्ने तराईका जिल्लाहरू चितवन, बारा, पर्सा, सर्लाही, महोत्तरी, धनुषामा मैथिल समाजका अछूत भनिनेहरू बसोबास गर्छन्। पहाडी क्षेत्रमा जस्तो किसिमको जातीय छुवाछुत यहाँ त्यति छैन, तर भावनात्मक रूपमा भेदभाव कायमै रहेको छ। चमार, डूम, मुसहर, दुसाध, धोबी जस्ता पेशागत समूहहरूले यहाँ अपहेलित र तिरस्कृत जीवन बिताउनु परिरहेछ। डूमहरूलाई होटलहरूमा प्रवेश गर्न दिइदैन भने उनीहरूका बालबच्चालाई पनि विद्यालयमा भेदभाव गरिन्छ। शहरी क्षेत्रमा भेदभाव केही कम भए पनि ग्रामीण क्षेत्रमा तल्ला भनिने जातिहरूप्रति गरिँदै आएको छुवाछुतको भेदभाव हट्न सकेको छैन।

यस क्षेत्रमा तल्ला भनिने जातिहरूका बालबालिकाहरूले विद्यालयमा शिक्षक तथा साथीहरूबाट अरू सरह व्यवहार नपाउने भएकोले विद्यालय जान छोड्ने वा हीनताबोधबाट ग्रसित भएर प्रगति गर्न नसकेको स्थिति देखिन्छ। यस क्षेत्रभरी नै तल्ला भनिने जातिहरू योग्यता भएर पनि जातीय कारणले नै जागीर खान पाइरहेका छैनन्। कथंकदाचित् पाएको जागीरमा पनि अपमानित भएर रहनु परिरहेको छ। अरूभन्दा पनि पियन पदको लागि पानी चिया बाँड्न नमिल्ने कारणले नै अयोग्य ठहरिने गर्छ।

चितवन जस्तो तराईको शहरी क्षेत्रमा समेत २०५० असोज १० मा दुग्ध संकलन केन्द्रका कर्मचारीले तल्ला जातिका मानिने चन्द्रबहादुर विश्वकर्मालाई दूध संकलन गर्न प्रतिबन्ध लगाए। यस विषयलाई लिएर "मुक्ति समाज" चितवन जिल्ला समितिले आन्दोलन शुरू गरेपछि स्थानीय

प्रशासनले सो सवाललाई मिलाउने प्रयत्न गऱ्यो। तराई क्षेत्रमा समेत अन्यत्र जस्तै तल्ला भनिने जातिहरूले भैँसी किन्न कृषि विकास बैंकबाट ऋण पाइरहेका छैनन् र आफ्नै प्रयासबाट पालिएका गाई भैँसीको दूध हाटबजारमा समेत खुला रूपमा बिक्री हुँदैन।

गत: दशैँताक चितवन जिल्ला ज्योतिनगरका ३४ वर्षीय रामबहादुर परियारलाई आफ्नो पसलबाट अबेला घर फिर्दै गरेको अवस्थामा गुल्मी जेठी भन्ने बाहुनीको घर आँगनमा आइपुग्दा चोर्न आएको भन्ने निहुँ बनाई उसैको लाहुरे देवरद्वारा गुण्डागर्दी गराई मरणासन्न हुने अवस्थामासम्म कुटपिट गरी प्रहरीलाई बुझाउने काम भएको थियो। रामबहादुरको स्थिति चिन्ताजनक अवस्थामा पुगेकोले प्रहरीले अस्पतालमा लैजादा बाटैमा निजको मृत्यु भयो। हाल यो काण्डलाई लिएर सरोकारवालाहरू न्याय खोज्ने काममा लागेका छन्, तर घटना दबाउने भरमग्दुर प्रयास भइरहेको छ।

तल्ला भनिने जातिका व्यक्तिहरूले अनाहकमा कुटाइ खानुपर्ने र मारिनु पर्ने जस्ता घटनाहरू यहाँ दिनानुदिन भइरहेका छन्। उदाहरणका लागि गत: कार्तिक २६

गतेको चितवनमा ७८ वर्षीय बालकृष्ण विश्वकर्मालाई हवाई ग्राउण्डमा भैंसी चराएको आरोपमा प्रहरीहरूले निर्ममतापूर्वक कुटेर मारेको घटनालाई लिन सकिन्छ। यो घटनाको विरूद्ध व्यापक जनआक्रोश भएको र अपराधीमाथि कारवाहीको माग भइरहेकै बेलामा दोषी ठानिएका प्रहरी मुक्तबहादुर कर्ण र तेजनारायण देवकोटालाई जोगाउने चेष्टा जिम्मेवार निकायले गरिरहेको छ।

**पूर्वाञ्चल क्षेत्र**

सर्सर्ती हेर्दा पश्चिमी नेपालको तुलनामा यस क्षेत्रमा जातीय भेदभाव अलि कम देखा परे पनि गहिरिएर हेर्ने हो भने यहाँ पनि छुवाछुत प्रथा कायमै रहेको छ। तराईका जिल्लाहरू लगायत पहाडका केही जिल्लाहरू जस्तो इलाम, ताप्लेजुङ आदिमा पनि धेरै खुला वातावरण पाइन्छ। पाँचथर जिल्लाको फिदिम बजारमा समेत छुवाछुतको भेदभाव गरिन्छ। यस जिल्लाका क्षेत्री बाहुनको बाहुल्य रहेको क्षेत्रमा भेदभाव गम्भीर खालको छ। लिम्बूहरूको बस्तीमा घरभित्र पस्न नदिइए पनि केही मात्रामा समान व्यवहार पाइन्छ। तर कतिपय लिम्बूहरू पनि क्षेत्री बाहुन जत्तिकै कट्टर छन्, जस्तो - आङदेम्बे, नेम्वाङ आदि। दशैंमा अछूत भनिनेहरूले मुखियाका घर आँगन सरसफाइ गरी दिनुपर्ने, फूलपातीको प्रसाद भित्र्याउँदा दमाईले बाजागाजा सहित जानै पर्ने, नौरथा भरी र शवयात्रामा समेत बाजा बजाउनै पर्ने जस्ता प्रथाहरू यहाँ चलेका छन्।

पहाडी क्षेत्रमा मात्र होइन, तराई क्षेत्रमा समेत खुलेआम रूपमा अछूत भनिनेहरूले दूध दही बिक्री वितरण गर्न सक्तैनन्। यद्यपि पश्चिम क्षेत्रमा जस्तो भैंसी पालन वापत ऋण नपाउने स्थिति यहाँ छैन।

मधेशी मूलका अछूतमा पर्ने डूम, मेहत्तरहरूप्रति झन कडा व्यवहार गरिन्छ। भद्रपुर, विराटनगर, राजविराज, जनकपुर जस्ता तराईका ठूलठूला शहर बजारमा समेत यिनीहरू होटलभित्र पसेर खान सक्तैनन्। जबकि पहाडे मूलका अछूतहरूलाई यी क्षेत्रका होटल, पसलमा पस्न निषेध छैन।

नागरिकताको समस्या यस क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै छ। पहिले पहिले अछूत भनिनेहरूले आफ्नो जात लेख्नै पर्ने भएकाले र हाल नागरिकता लिँदा आफ्ना बाबु, दाजुको नागरिकताकै आधारमा दिइने हुनाले आफ्नो छुट्टै भेद (थर) राखी नागरिकता लिन कठिन पर्छ।

यस क्षेत्रमा पनि सम्पूर्ण अछूत भनिनेहरूले सबै मन्दिरहरूमा खुला रूपमा प्रवेश गर्न पाउँदैनन्। भोजपुरस्थित सिद्धकालीको मन्दिरमा वि.सं. २०२१ सालदेखि प्रवेश पाउँदै आएकोमा २०४७ सालदेखि मुलुकी ऐनको अदलको १० को स्पष्टीकरण (हाल हटिसकेको) को आधारमा पुनः अछूतहरूलाई रोक लगाइएको छ। त्यस्तै यहाँकै सिद्धेश्वर, पखुवाको मन्दिर र दिङलाको शिवालयमा अझसम्म प्रवेश गर्न दिइँदैन। झापा जिल्लाको पृथ्वीनगर गाविसमा बुद्धिबहादुर शंकरको अध्यक्षतामा बनाइएको शिवालयमा "कामीहरूले पूजा गर्ने ठाउँ" भनी बहुदल आएपछि उपल्ला जातका भनिनेहरूले पूजा गर्न र त्यहाँस्थित इनारको पानी समेत पिउन छाडिदिएका छन्। पाँचथर जिल्लाको सुभाङ गाविस स्थित जोरपोखरी शिवालयमा पहिलेदेखि अछूत भनिनेहरूले पनि पानी चढाउँदै आएकोमा बीचमा बन्द भयो। हाल पुनः त्यहाँ पानी चढाउन खोज्दा बन्देज लगाइएकोले देवी नेपाली, गोपी कालिकोटे लगायतका ४५ जना अछूत भनिनेहरूले जबर्जस्ती पानी चढाउँदा उनीहरूलाई खुट्टा भाँचिदिने धम्की दिइयो।

यो घटनाले छुत अछूत बीच तनावको वातावरण पैदा भएको छ।

सैद्धान्तिक रूपमा जतिसुकै छुवाछुत विरोधी नारा दिए पनि व्यवहारमा उतार्न भने उपल्ला भनाउँदाहरू चाहँदैनन् भन्ने कुराको एउटा उदाहरणको रूपमा यो घटनालाई लिन सकिन्छ। ०४९ मा धरान जस्तो खुल्ला समाज नजिकैको चक्रघट्टी बजारका कतिपय चियापसल एवम् होटलमा अछूत जातिहरूलाई प्रवेश गर्न रोक लगाइएको देख्दा अचम्म लाग्छ।

अछूत भनिनेहरूको छुट्टै टोलमा बसोबासो भए त्यस्ता टोलको उपेक्षित नाम राख्ने, त्यहाँ कुनै विकास नगर्ने जस्ता कार्यहरू पनि हुने गर्छन्। उदाहरणका लागि झापा जिल्ला अर्जुनधारा-२ मा बजार क्षेत्रभित्रै पर्ने एउटा तल्ला जात भनिनेहरूको टोल छ। उपल्लाहरूले "कामी टोल" भनेर नाम राखिएको त्यो टोललाई "एकान्त टोल" भनी त्यहाँका बासिन्दाले नाम राखेका छन्। त्यस टोलमा अहिलेसम्म बिजुली दिइएको छैन। जबकि त्यस गाविसमा बिजुली पुगेको लगभग बीस वर्ष हुन लाग्यो। बाटो बनाइएको छैन, पिउने पानीको व्यवस्था छैन।

यस क्षेत्रका अछूत भनिनेहरूमध्ये कतिले जातीय भेदभाव र छुवाछुत प्रथाबाट मुक्ति पाउने प्रयासमा क्रिश्चियन धर्म अँगाल्न पनि थालेका छन्। त्यसरी धर्म परिवर्तन गरेका अछूत भनिनेहरूसँग सधर्मी उपल्ला जातिकाले पनि समानताको व्यवहार गर्दैनन्। धार्मिक सम्प्रदायहरूमध्ये वैष्णवहरू निकै कट्टर देखिन्छन्। पूर्वाञ्चलका वैष्णवहरूमा देखिएको छुवाछुत भेदभावको एक चरम नमूना यस्तो छ झापा, खुदुनाबारी-२ बस्ने वैष्णवहरूका गुरू कहलाइएका देवकीनन्दन कोइराला र उनका शिष्यहरूले पुराण तथा अन्य धार्मिक कार्यक्रममा गएका अछूत भनिनेहरूलाई अलग्गै बसाइने र उठेर हिंडेपछि त्यस स्थानलाई गोबरले लिपेर चोख्याउने जस्ता कार्य गर्छन्।

उदयपुरमा पनि छुवाछुतमा कुनै फरक छैन। त्यहाँ तल्ला जातिहरूको दूध बजारमा बिक्तैन। जात थाहा पाएको खण्डमा होटलमा पनि पस्न पाइँदैन। बेलटार बजारस्थित सार्वजनिक धारामा तल्ला जातिहरूले माथ्ला जातकाहरूले धारो स्वाली गरेपछि मात्र पानी थाप्न पाउँछन्। यस जिल्लाका सत्तल, पाटी, पौवा, पंधेरामा निकै छातछूत गरिन्छ। अन्यत्र झै यहाँका मन्दिर र देवस्थलहरूमा अछूत जातिलाई प्रवेश गर्न दिइदैन।

खोटाङ जिल्लाका कतिपय होटलहरूमा अछूत जातिहरू पस्न पाउँदैनन्। मोरङ, सप्तरी, धनुषा, सिराहा जस्ता तराईका मन्दिरहरूमा अछूत जातिहरू पस्न पाउँदैनन्। खासगरी डूम समुदाय छुवाछुतको समस्याले बढी पिल्सिएको देखिन्छ। अज्ञान र अशिक्षाले जकडिएका सबैबाट उपेक्षित यी डूमहरूको बस्ती फोहोरको डंगुरका माझमा भेटिन्छ।

**जातीय छुवाछुतप्रति धार्मिक सम्प्रदाय, सरकार र राजनीतिक दलको दृष्टिकोण**

पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१) को नेपाल एकीकरण कार्यमा कालु सार्की, मनिराम गाइने तथा बिसे नगर्चीहरूको महत्वपूर्ण योगदान भएर पनि जातिपाती र छुवाछुत प्रथालाई घटाउनेतिर ध्यान गएको पाइँदैन। सन्त शशिधर (वि.सं. १८०४-१९०६), सन्त ज्ञानदिल दास (वि.सं. १८९२-१९५४) जस्ता जोसमनी सन्त परम्पराका अनेकौं सन्तहरूले जातपात र कर्मकाण्ड विरोधी आन्दोलन अघि बढाए। रणबहादुर शाह (वि.सं. १८३४-१८६३)

जोसमनी सम्प्रदायका शशिधरसित दीक्षित भएर जातपात विरोधी हुन गए र सबै जातलाई राखेर सहभोज गराउने कार्यसम्म गरे। दरवारिया, पुरोहित र कट्टर पन्थीहरूले उनको यस्तो कार्यको विरोध गरे। तर उनी पछि अरू राजाहरूले यस्तो साहसिक कार्यलाई निरन्तरता दिंदै जातीय समानताको भावना विस्तार गरेर सबैलाई एउटा राष्ट्रिय शक्तिको रूपमा समेट्ने काम गरेको पाइँदैन। परम्परागत रूपमा चलिआएको छुवाछुत प्रथालाई मुलुकी ऐन १९१० वि.सं.) जारी गराई सर्वप्रथम जातपात र छुवाछुतलाई कानुनी मान्यता दिलाउने काम राजा सुरेन्द्रको शासनकालमा जंगबहादुर राणाले गरे। फलस्वरूप अछूत भनिने जातिहरूको जीवन ज्यादै कष्टकर र दयनीय बन्न पुग्यो। यो कानुनको विरोधमा सन्त ज्ञान दिलदासले स्वदेश र प्रवासमा आन्दोलन चर्काए। सिक्किममा नेपाली समाजभित्र राँको बालेर जात खोज्दै अन्ध परम्पराको खिल्ली उडाएको १९२५ वि.सं. को घटना उल्लेखनीय छ। राणाकालमा अनेकौं व्यक्ति र विचारकहरूले जातपात र छुवाछुत उन्मूलन गर्न प्रयत्न गरे, तर हुकुमी शासनमा सफल हुन सकेनन्।

मानवतावादी राजा जयपृथ्वी बहादुर सिंह (वि.सं. १९६३ - १९९७) ले सामूहिक भावनाको आवश्यकता महसुस गर्दै मानिस मानिसका बीच विवेक र नैतिकताद्वारा स्थापित सम्बन्धबाट नै वास्तविक एकता र मेलमिलाप आउन सक्छ भन्ने ठानेर सामाजिक सुधारका कार्यहरू सम्पन्न गरे। श्री ३ चन्द्र शमशेरका ज्वाईं एवम् बझाङका राजा भएर पनि देश, जनता र विश्व भ्रातृत्व एवम् शान्तिका निम्ति अविस्मरणीय काम गरे। जातजाति, धर्म र अधिकारको उन्माद नाघी शुद्ध मानवतावादी मान्यता र धारणामा कटिवद्ध राजा जयपृथ्वीले सामाजिक रूपले उत्पीडनमा परेका जनताप्रति गहिरो सहानुभूति राख्तै उत्थानार्थ गरेका कार्यको उदाहरणस्वरूप आफ्ना राज्यका तल्ला जाति मानिने कलु भूल (सार्की) र रविदासे दमाई जस्ता मान्छेहरूलाई बाहिर उच्च किसिमको सीपको तालिम गराएकोलाई लिन सकिन्छ। राजा जयपृथ्वीबहादुरको समतामूलक एवम् उदारवादी सोचाइ र कार्यको प्रभावले उनका ससूरा चन्द्र शमशेरले पनि "अछूत जातहरू पनि मान्छे नै हुन् उनीहरूले पनि समान अधिकार पाउनु पर्छ" भन्ने कुरा दरवारभित्र उठाएका थिए। तर यसमा दरवारियाहरूको सहयोग नपाएर वा अरू नै कारणले गर्दा त्यो सोचाइ साकार भएको पाइएन।

जातीय भेदभाव, रंगभेद, वर्णभेद जस्ता अमानवीय कलंकले मानव जातिकै गला निमोठिरहेको बेला संयुक्त राष्ट्रसङ्घले मानवअधिकार घोषणा पत्र १९४८ ई.मा प्रकाशित गऱ्यो। यो घोषणापत्रको धारा २ अनुसार "जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अरू विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरू कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ। यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभु सत्ता भएको होस्, त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन।" भनी उल्लेख भयो। ००७ सालको क्रान्तिपछि राजा त्रिभुवनले २००७ फागुन २० गतेदेखि "नेपालको पल्टनमा सिपाहीहरू भर्ना गर्दा कुनै प्रकारको जाति, धर्म, भाषाको भेद राखिने छैन। जुनसुकै जाति, धर्म, भाषाको व्यक्तिले समान रूपमा सैनिक बन्न पाउने

छन्" भन्ने सरकारी घोषणा गरे। जुन उल्लेखनीय मान्न सकिन्छ। तर २००७ फागुन १२ मा राजा त्रिभुवनले प्रेस विज्ञप्ति जारी गरेर जातिपातीको भेदबारे धारणा यसरी व्यक्त गरेको पाइन्छ "... जातिपातीको भेद, छुवाछुतको भावना इत्यादि हटाउने अथवा नहटाउने विषयलाई प्रजातान्त्रिक राज्यमा कुनै एक वा दुई व्यक्तिबाट निर्णय हुँदैन। यसको निर्णय सबै जनता मिलेर नै गर्नुपर्छ। तसर्थ विधान परिषद् खडा नभएसम्म यो कुरा उठ्दैन।"

विश्वमा आएको खुलापनको लहरको प्रभावमा ००७ सालपछि नेपालमा पनि १९१० सालको मुलुकी ऐनले व्यवस्था गरेको कडा सामाजिक परिपाटी केही हदसम्म जनताको आफ्नै प्रयासबाट तोडिँदै गयो। तर, राज्य स्तरबाट त्यस्तो कुनै जातीय समानता र छुवाछुत उन्मूलन गर्ने कार्यक्रमहरू भएनन्। अर्कातिर त्यसबेला राजनीतिक दलहरूबाट सामाजिक भेदभाव र जातीय छुवाछुतलाई उन्मूलन गर्ने दिशामा कुनै उल्लेखनीय काम भएन।

पञ्चायती शासन कालमा राजा महेन्द्रले २०२० साल भाद्र १ गते मुलुकी ऐन लागु गरे। सो ऐनमा अदलको १० मा जातपात र छुवाछुतको भेदभाव गर्न नपाइने भन्ने स्पष्ट उल्लेख भएर पनि कसैले सो गरेमा दण्ड गर्ने व्यवस्थाको अभावै रहेकोले व्यवहारमा केही फरक नपर्नु स्वाभाविकै थियो। यद्यपि १९१० को मुलुकी ऐनमा व्यवस्था भएको ज्यादतीपूर्ण कानुनलाई काट्ने गरी भएको यो कानुनी व्यवस्थाले ऐतिहासिक महत्व राख्दछ। पञ्चायत जस्तो एकदलीय शासन व्यवस्थाभित्र तल्ला जातिका भनिने समाजबाट सरकारमा पुगेका हीरालाल विश्वकर्माले पनि सो कानुनलाई लागु गराउनपट्टि भन्दा यथास्थितिलाई नै समर्थन गर्न पुगे। त्यसै कालमा राष्ट्रिय पञ्चायतमा पुगेका धनमान सिंह परियार, हरकुमार सिंह, टी.आर. विश्वकर्मा तथा टेकबहादुर विश्वकर्माले पनि यस क्षेत्रमा केही गर्न सकेनन्। स्मरणीय छ, यस कालमा सामाजिक एवम् आर्थिक रूपले पिछडिएका जातिहरूको उत्थान गर्ने नाममा अरबौं अरब रूपियाँ विदेशी अनुदान लिइयो, तर काम केही भएन। नेपालले संयुक्त राष्ट्र संघमा गरेको अभिसन्धि, सम्झौता तथा समझदारीलाई पालन गर्दै जातीय भेदभाव र उत्पीडनलाई समाप्त पार्नेतर्फ गहकिला काम गरिएनन्।

२०४६ सालमा जनआन्दोलनबाट देशमा बहुदलीय प्रजातन्त्रको पुनर्बहाली भयो। संविधान निर्माणका लागि गठित संविधान सुझाव आयोगमा तल्ला भनिने जातिहरूको प्रतिनिधित्व गराइएन। राजा, कांग्रेस र कम्युनिष्टका प्रतिनिधिहरू समावेश भएको यो आयोगको मस्यौदामा संसदका निम्ति दलितका तर्फबाट तीन सीट आरक्षित गरिएको थियो तर संविधानबाट त्यो कुरा झिकियो। उल्टै "हिन्दू राष्ट्र" घोषित गरी वर्णवादलाई नै टेवा पुऱ्याउने काम भयो।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा ११ (४) ले "कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट बञ्चित गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ" भनी व्यवस्था गरेको छ।

उक्त स्पष्टीकरण स्वारेजीको लागि मनबहादुर विश्वकर्माले मिति ०४९ जेठ २४ गते र मनोहरलाल बमरेलले मिति ०४९ साउन ८ गते (क्रमशः रिट नं. २५०५ र २१०५) सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभएको थियो। सर्वोच्च अदालतका

न्यायाधीश त्रिलोकप्रताप राणा, लक्ष्मणप्रसाद अर्याल र केदारनाथ उपाध्यायको विशेष इजलासले मिति ०४९ फागुन १४ गते बिहिवार दिएको फैसला अनुसार मुलुकी ऐन अदलको १० (क) को स्पष्टीकरण खण्डलाई अमान्य र बदर घोषित गरी कसैले कसैलाई जातिपातीको आधारमा कुनै मन्दिर वा धार्मिक स्थलमा भेदभावपूर्ण व्यवहार गर्न नहुने ठहर दियो।

सत्ताधारी तथा प्रतिपक्षी राजनीतिक दलहरूले जातीय उत्पीडनमा परेका जातिहरूको समेत सामाजिक एवम् आर्थिक उत्थानका नाराहरू विशेष गरी चुनावको बेलामा दिँदै आए पनि व्यवहारिक रूपमा कार्यक्रम अगाडि सारेर सही अर्थमा यस्ता कुप्रथा र दुरावस्थाको उन्मूलन गर्नेतर्फ लागेका छैनन्। नेपालका मानवअधिकारवादी संस्थाहरूले जातीय भेदभाव एवम् मानव अधिकार बहालीको क्षेत्रमा दबाव दिँदै आएको कुरालाई अपेक्षाकृत सकारात्मक रूपमा लिन सकिन्छ। सरकार, सरकारी निकाय, अर्धसरकारी निकाय तथा नीति निर्णयका क्षेत्रमा अछूत भनिने जातिहरूको सहभागिता गराउने तथा यो वर्गको सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा विशेष आरक्षणको व्यवस्था गर्नेतर्फ राज्यस्तरबाट नसोचिनु दुःखदायी कुरा बन्न पुगेको छ।

छुवाछुतको उन्मूलनको निम्ति कुनै पनि कल्याणकारी संस्थाहरूले सक्रिय भूमिका निर्वाह गरेको पाइदैन, बरू व्यक्तिगत रूपमा नेपालका समाजसुधारक एवम् बुद्धिजीवीहरूले फाट्टफुट्ट रूपमा सकारात्मक कामहरू गरेका उदाहरण पाइन्छ। भू.पू. प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला पनि जातिपाती र छुवाछुत प्रथाका विरोधी थिए। यस्तै ००७ सालपूर्व दलित जातिका छोराछोरीहरूलाई विद्यालयमा प्रवेश गराउन र उनीहरूको हकहितलाई अघि बढाउने कार्यमा महानन्द सापकोटाले ००७ सालमा जवाहर रोक्कालाई चैनपुरमा र धरानमा पं. छविलाल पोखरेलले हीरालाल विश्वकर्मा, टी.आर. विश्वकर्मा, उमालाल विश्वकर्मालाई शिक्षा आर्जन गर्नमा सहयोग पुऱ्याएका थिए।

इलाममा इन्द्रप्रसाद प्रसाईं र भोजपुरमा नारदमुनि थुलुङले पनि सार्वजनिक स्थलमा कथित अछूतको प्रवेशबारे काम गरेका थिए। २००९ सालतिर धनकुटाका बडाहाकिम रंगनाथ उप्रेतीले चैनपुरमा जवाहर रोक्कालाई निःशुल्क पढ्ने व्यवस्था मिलाइदिए। चैनपुरमै शेरबहादुर श्रेष्ठले अछूत भनिनेहरूलाई शिक्षा दिने काममा मद्दत गरेका थिए। झापा र आठराई तेह्रथुममा बराबर बसोबास गर्ने शिक्षाप्रेमी देवीप्रसाद उप्रेती (१९६८ २०४९ वि.सं.) ले २०२३ सालमै विश्वकर्मा भान्से राखेर छुवाछुतको भावनालाई चुनौति दिए। आफ्नो प्रभावशाली लेखनीद्वारा छुवाछुतलाई धज्जी उडाउनेमा स्याङ्जाका कालीभक्त पन्तको देन पनि उल्लेखनीय छ। २००० साल पूर्व नै चैनपुर (संखुवासभा) का भक्तबहादुर शाक्यले नेवार सम्प्रदायमा छुवाछुत विरोधी गतिविधि देखाएका थिए। ताप्लेजुङका महेश्वर मेन्याङ्वोले ००७ सालपछि अछूत भनिने महिलासँग विवाह गरेर जातिभेद उन्मूलनको आन्दोलनमा टेवा पुऱ्याएका थिए। २०११ सालदेखि ताप्लेजुङ खोक्लिङका अम्बिका साँवा (हाल सांसद) ले छुवाछुत नमान्ने अडान लिएर त्यही अनुरूप व्यवहार गर्दै आएको कुरा प्रशंसनीय छ।

**स्वयम् अछूत मनिनेहरूद्वारा नेपालमा गरिएका जातीय मुक्तिका प्रयासहरू**

नेपालको इतिहासमा स्वयं उत्पीडित दलित जातिका व्यक्तिहरूबाट राष्ट्रियस्तरमा

सङ्गठनात्मक रूपले छुवाछुतको विरूद्ध मुक्ति सङ्घर्षको उल्लेख ००७ साल पूर्व पाइन्न। सामाजिक स्तरमा इलामका काले दमाई (काली बहादुर सुन्दास), तेह्रथुमका गोपाल लमजेल (वि.सं. १९१८ २००६), बाग्लुङका भगत सर्वजित विश्वकर्मा (वि.सं. १९५० - २०१२), पाल्पाका रिपलाल विश्वकर्मा (वि.सं. १९७१) र अन्य व्यक्तिहरूमा हिक्मतसिंह विश्वकर्मा, गंगाबहादुर परियार, मनवीर विश्वकर्मा, गोथी बसेल (१९५७ - २०१० वि.सं.) ले समाज सुधार र छुवाछुत उन्मूलनका निम्ति चासो देखाउँदै आएको पाइन्छ। जसले छुवाछुत विरोधी आन्दोलनको पृष्ठभूमि निर्माणको काममा प्रेरणा दिएको पाइन्छ। राणा शासनको क्रूरता र कठोर नियन्त्रणबाट मुक्तिको आवाज उठाउनु ठाडै मृत्युलाई निम्त्याउनु जस्तै हुन्थ्यो। त्यस्तो कठोर यन्त्रणालाई सहेरै पनि कष्टमय जीवन व्यतीत गर्नु नै उत्पीडितहरूको आत्मसुरक्षाको एक मात्र बाटो थियो। २००७ सालको जनक्रान्तिले जनतालाई बोल्ने, लेख्ने, पढ्ने तथा राजनीतिक स्वतन्त्रता प्रदान गर्यो, न्यायिक तथा प्रशासनिक निकायका ढोकाहरू खुले। तर विडम्बना के भयो भने पुस्तौंदेखि जातीय दमनको रूपमा जयस्थिति मल्ल र जंगबहादुर राणाको पालामा लादिएका कानुनी बन्देजहरूद्वारा समाज सञ्चालित थियो। छिचिमिरा जस्तै उम्रेका राजनीतिक पार्टीहरूको सोचाई पनि जातीय उत्थान र मुक्तिको निम्ति भन्दा बढी कुर्सी ओगट्ने र कमाउने ध्येयले प्रेरित भएको हुँदा नेपाली जनताले सोचेजस्तो परिवर्तन र विकास हुन सकेन। जे होस् ००७ सालको क्रान्तिले के कुरा स्पष्ट पार्‍यो भने शिक्षा प्राप्ति र सङ्गठनात्मक एकताको अभावमा सङ्घर्ष नगरी राष्ट्रिय निकायमा पुग्न सकिन्न। राष्ट्रिय निकायमा पुगेर शक्ति सञ्चालन नगरुन्जेल जातीय जीवनका विविध फाँटलाई योजनाबद्ध रूपले सञ्चालन गर्न सकिदैन भन्ने कुराको हेक्का जातीय उत्पीडनमा परेका समुदायमा भएको पाइन्छ।

उत्पीडित जातिको हकहित र आत्मसम्मानलाई गतिशीलता दिने उद्देश्यले वि.सं. २००४ सालमा बाग्लुङ, सुनसरी र काठमाडौंमा केही व्यक्तिहरूको प्रयासले दलित सङ्गठनहरू स्थापना भएको पाइन्छ। तिनीहरूको कार्यक्षेत्र सीमितै भए तापनि ऐतिहासिक पृष्ठभूमि निर्माणको सूचकको रूपमा मान्नु पर्छ। बाग्लुङमा “विश्व सर्वजन संघ (२००४)” भगत सर्वजित विश्वकर्माले स्थापना गरे भने सुनसरी, धरानमा “निम्न समाज सुधार संघ (२००८)” जदुवीर विश्वकर्मा, हीरालाल विश्वकर्मा, उमालाल विश्वकर्मा, टी. आर. विश्वकर्माले स्थापना गरे काठमाडौंमा “टेलर यूनियन ( २००४)” सहर्षनाथ कपालीको संयोजकत्वमा स्थापना भयो। पछि २००८ सालमा टेलर यूनियन र निम्न समाज सुधार संघ संयुक्त भएर काठमाडौंमा सहर्षनाथ कपालीको संयोजकत्वमा “जाततोड मण्डल” स्थापना भयो। वि.सं. २००९ सालमा गएर जाततोड मण्डलको नाम फेरेर “समाज सुधार संघ” सहर्षनाथ कपालीकै संयोजकत्वमा बन्यो। यही समाज सुधार संघको पहलमा वि.सं. २०११ सालमा पशुपतिनाथ मन्दिर प्रवेश गर्ने प्रयास गरियो। सो पशुपति सङ्घर्ष समितिको संयोजकमा सिद्धिबहादुर खड्गी रहनु भएको थियो। मन्दिर प्रवेश गर्न खोज्नेमा सहर्षनाथ कपाली र गणेश योगीको नेतृत्वमा हजारौँ हजार अछूत पारिएका जनता सहभागी थिए। तत्कालीन गृहमन्त्री टंकप्रसाद आचार्यको निर्देशनमा प्रशासनले प्रहरी बल प्रयोग गरी मन्दिर प्रवेश गर्न

खोज्नेहरूलाई लाठी प्रहार गऱ्यो। सबभन्दा बढी महिलाहरू सहभागी भएको यो काण्डमा ७५० जनालाई गिरफ्तार गरेको थियो। यस काण्डपछि सरकारले पशुपतिनाथको मन्दिरको ढोकाबाट "अछूतलाई प्रवेश निषेध" भन्ने बोर्ड पहिलोचोटी हटायो।

संगठित रूपमा पशुपतिनाथ प्रवेश काण्ड (२०११) पछि २०२० सालको मुलुकी ऐनको व्यवहारिकता जाँच गर्न स्वतन्त्र ढंगले भोजपुरमा पद्म सुन्दास र लालकुमारी विश्वकर्माको अगुवाइमा भोजपुरको सिद्धकाली मन्दिर प्रवेश गर्ने काम भयो। यो २०२१ साल असोज २९ र ३० को दुई दिने कार्यक्रममा अछूत भनिने जातिहरूलाई समान रूपले मन्दिरमा प्रवेश गराउन चाहनेहरूमा समाजसेवी नारदमुनि थुलुङ र स्वयं बडा हाकिम निरञ्जनभक्त श्रेष्ठ लागेका थिए भने माथ्ला भनिने जातिहरू, प्रहरी प्रशासन तथा पुजारी एवम् पण्डाहरू यसको विपक्षमा थिए। २९ गतेको मन्दिर प्रवेश पछि भोलिपल्टको कार्यक्रम विफल हुन पुग्यो।

अछूत महिलाहरूको हित गर्ने उद्देश्यले मिठाई देवी विश्वकर्मा (वि.सं. १९९३) को अध्यक्षतामा काठमाडौंमा २०१२ सालमा "परिगणित नारी संघ" स्थापित भयो। समाजसुधार संघ फेरि अर्कोपटक नाम फेरेर वि.सं. २०१४ मा सहर्षनाथ कपालीकै अध्यक्षतामा "नेपाल राष्ट्रिय परिगणित परिषद्" बन्न पुग्यो। यस सङ्गठनका महासचिव रिपलाल विश्वकर्मा थिए भने टी. आर. विश्वकर्मा र हीरालाल विश्वकर्मा पनि यसमा संलग्न भए। मिठाईदेवी विश्वकर्माको परिगणित नारी संघ पनि २०१५ मा यसैमा आएर मिल्यो। यस सङ्गठनको विधिवत दर्ता वि.सं. २०१९ सालमा आएर हुन पुग्यो। २०२४ मा सहर्षनाथ कपालीको अध्यक्षतामा "नेपाल राष्ट्रिय दलित जन विकास परिषद्" भन्ने संस्था खुल्यो, जसका महासचिव हीरालाल विश्वकर्मा बन्न पुगे। यसको प्रथम राष्ट्रिय सम्मेलन २०२९ जेठ २९ गते काठमाडौंमा सम्पन्न हुनु दलित आन्दोलनको इतिहासमा एउटा नया घटना थियो। सम्मेलनपछि मोहनलाल कपाली यस सङ्गठनका अध्यक्ष बन्न पुगे, महामन्त्रीको रूपमा टी. आर. विश्वकर्मा र अन्य नेतृत्व पक्तिमा हीरालाल विश्वकर्मा, जवाहर कपाली, विच्छे वर्मा कपाली आदि चुनिए। यस सङ्गठनका देशभरि धेरै शाखाहरू खुलेका थिए र केही रूपमा अछूत भनिनेहरूलाई संगठित गर्ने प्रयास पनि भयो। २०३४ सालमा आएर यो संस्थालाई सामाजिक सेवा समन्वय परिषद् अन्तर्गत दर्ता गर्दा "दलित" शब्द हटाएर "नेपाल राष्ट्रिय जन विकास परिषद्" मात्र कायम गरियो।

२०३६ सालको जनमत संग्रहताका शंकर विश्वकर्माको संयोजकत्वमा पद्मलाल विश्वकर्मा, चित्र शिकारू, मानबहादुर विश्वकर्मा आदि संलग्न भएको "समाज सुधार संघ" नामक संस्था वडा भयो। यस सङ्गठनको प्रमुख उद्देश्य बहुदलीय व्यवस्था बहाली गराएर मात्र जातीय मुक्ति संभव हुने तथ गरी त्यही अनुसार गतिविधि अगाडि बढाउने काम भयो। यसले पत्रपत्रिका प्रकाशनदेखि लिएर जनतालाई सचेत पार्ने काम गरेको थियो। निर्दलीय व्यवस्थाकै पक्षमा जनमत संग्रहको नतिजा निस्किएपछि यो सङ्गठन सेलायो।

२०३६ सालमै नेपाल राष्ट्रिय जन विकास परिषद् दर्ता भएपछि त्यस सङ्गठनको नेतृत्वमा फूट पैदा हुन गयो र नेपाल राष्ट्रिय दलित जन विकास परिषद्कै नाममा मोहनलाल कपालीको नेतृत्वमा सङ्गठन बनाउने काम भयो। २०३७ सालमा

मोरङमा "पछौटे जाति सुधार संघ" जवाहर रोक्काले स्थापना गरे। २०३८ सालमा नारायणप्रसाद कपालीको अध्यक्षतामा "नेपाल अतिपिछडिएको जन विकासपरिषद्" काठमाडौंमा खडा भयो। त्यस सङ्गठनले राष्ट्रिय दलित जन विकास परिषद्को एकतामा घाटा पुऱ्यायो। सङ्गठन स्थापना गर्ने र नेता बन्ने होडबाजीकै क्रममा २०३९ सालमा सिद्धिबहादुर खड्गी अध्यक्ष र प्रतापराम लोहार महासचिव भएको "नेपाल राष्ट्रिय समाज कल्याण संघ" खुल्यो र नेपाल राष्ट्रिय जन विकास परिषद् यसैमा गाभिएर हीरालाल विश्वकर्मा समेत यसमै संलग्न हुन पुगे। यही क्रममा २०४४ सालमा मेघबहादुर विश्वकर्माको अध्यक्षतामा "जाति विभेद उन्मूलन मञ्च" काठमाडौंमा खुल्यो। यस सङ्गठनले केही क्रान्तिकारी कार्यक्रमहरू अगाडि सार्ने नाममा मोटो रकम चन्दा सङ्कलन गरिसकेपछि सङ्गठन नै बेपत्ता भयो। उतातिर नेपाल राष्ट्रिय दलित जन विकास परिषद् टी. आर. विश्वकर्माको नेतृत्वमा चल्दै थियो।

जातीय मुक्तिका नाममा यति औधि सङ्गठनहरू खुले पनि नेतृत्वको होडबाजी, सङ्गठनलाई सत्ताको तावेदारीमा लगाएर व्यक्तिगत फाइदा ताक्ने र जातीय उत्पीडनको विरूद्धमा चुँसम्म बोल्न नसक्ने स्थितिले गर्दा कुनै सङ्गठनहरूप्रति अछूत भनिने जनता आकर्षित भएनन्। पञ्चायती व्यवस्था रहेसम्म जातीय भेदभाव झन् झन् विकराल हुँदै जाने स्थिति स्पष्ट देखेपछि यो व्यवस्थाकै अन्त्य गरी बहुदलीय व्यवस्था बहाली गरेपछि मात्रै वर्णवादको उत्पीडनबाट मुक्ति पाउन सक्ने देखि २०४५ सालमा गोल्चे सार्कीको अध्यक्षतामा काठमाडौंमा रहेका सचेत एवम् क्रान्तिकारी व्यक्तिहरूले "उत्पीडित जातीय उत्थान मञ्च" को स्थापना गरे। यस संस्थाले भूमिगत रूपमा सङ्गठन विस्तार गराउने क्रममा देशभरिका उत्पीडित जातिहरूको समर्थन पाउन थाल्यो। पञ्चायत विरोधी आन्दोलन मुलुकमा अघि बढ्न थालेकोले सो आन्दोलनको सहभागीको रूपमा यसले आफूलाई लगायो। २०४६ को जनआन्दोलनमा उजाउ मञ्च नै पहिलो र एक मात्र उत्पीडित जातिको संस्था थियो, जसले आफ्ना मागहरूलाई अगाडि सार्दै जनआन्दोलनमा भाग लिएको घटना ऐतिहासिक सावित भएको छ। यसै सङ्गठनको आयोजनामा आन्दोलित उत्पीडित जातिहरूमाथि प्रहरी तथा गुण्डाहरूद्वारा आक्रमण गर्ने काम भएको थियो। जनआन्दोलन पश्चात् आफ्ना जातीय मुक्तिका मागहरू अगाडि सारेर सर्वप्रथम खुला कार्यक्रमहरू सहित यो सङ्गठन अगाडि बढ्यो। संविधान सुझाव आयोगलाई आफ्ना सुझावहरू पेश गरेको थियो भने संविधान आउँदा प्रमुख मागहरू बेवास्ता भएकोमा २०४७ साल पुस ८ गते खुला मञ्चमा विशाल जनसभा सम्पन्न गरेको थियो। २०४७ पुस ३ गते प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरी गोल्चे सार्कीकै अध्यक्षतामा नेतृत्व चयन भएर देशव्यापी रूपमा आफ्ना साङ्गठनिक कार्यक्रम अगाडि बढाउँदै आयो। नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा (२०४६) झापा, दलित मुक्ति मोर्चा ( २०४५) रूपन्देही, छुवाछुत मुक्ति सङ्गठन (२०४६) काठमाडौं विधिवत रूपमा यस उजाउ मञ्च भित्र आवद्ध हुन पुगे। सङ्गठन एकीकरणकै क्रममा स्व. टी. आर. विश्वकर्माले नेतृत्व गरेको नेपाल राष्ट्रिय दलित जनविकास परिषद्सँग मोहन विक्रम सिंहको कम्युनिष्ट पार्टी समर्थक "जातीय समता समाज" (भूमिगत) पार्टीको लाइन र समर्थन त्याग गर्दै २०४९ भाद्र १ गते नेपाल

राष्ट्रिय दलित जनविकास परिषद्सँग एकीकृत हुन पुगी मिठाईदेवी विश्वकर्माको संयोजकत्वमा नेपाल राष्ट्रिय दलित जनविकास परिषद् पुनर्गठित भयो। उत्पीडित जातीय उत्थान मञ्च र सो नेपाल राष्ट्रिय दलित जनविकास परिषद्का बीचमा २०४९ चैत ७ गते एकीकरण कार्य सम्पन्न भई पद्मलाल विश्वकर्माको अध्यक्षतामा "नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज" नामक एकीकृत संस्थाको उदय भयो। नेपालको उत्पीडित दलित जातिहरूको साङ्गठानिक इतिहासमा यो एउटा सशक्त सङ्गठन बन्न पुगेको छ। हालसम्मा जातीय मुक्ति प्राप्त गर्ने क्रममा अनगिन्ती आन्दोलनहरू हाँक्दै स्वयं उत्पीडित जातिहरूलाई सजग, संगठित र मानवअधिकार बहालीका लागि जागृत गर्दै आएको छ।

पञ्चायतकालमा पञ्चायतकै वर्गीय सङ्गठनको रूपमा रहदै आएको नेपाल राष्ट्रिय समाज कल्याण संघ जन आन्दोलनपछि नेपाली कांग्रेसको भ्रातृ संस्था घोषित भएर आएको छ। नेतृत्वमा होडबाजीको कारण यसमा फूट पैदा भयो र २०४८ मा रत्नबहादुर विश्वकर्माको अध्यक्षतामा "विकासोन्मुख समाज संघ" नामक अर्को ने.का. समर्थक सङ्गठन देखा पर्‍यो। यही बेला दलवीर विश्वकर्माको अध्यक्षतामा "नेपाल दलित उत्थान संघ" नामक अर्को ने.का. को भ्रातृ संस्था पनि जन्मिएको देखिन्छ।

नेपालको दलित सङ्गठनहरूको इतिहासमा एउटा तीतो यथार्थ के छ भने जाति मुक्तिको नारा दिएर सङ्गठनहरू खोली आफ्नो व्यक्तिगत स्वार्थसिद्धिका लागि सङ्गठनलाई भऱ्याङ बनाउने, घुमिफिरी सामन्ती परिपाटीलाई नै टेवा पुऱ्याउनमा सङ्गठनलाई होम्ने र आफ्नो स्वार्थ सिद्ध गर्न नसक्दा अर्को संस्था निर्माण गर्दै जाने जस्ता कार्य हुँदै आएको देखिन्छ।

**जातीय छुवाछुत उन्मूलनका लागि केही सुझावहरू**

सबभन्दा पहिले नेपालको जनसङ्ख्यामा कथित अछूत भनी गणना गरिएका नेपालीको वास्तविक सङ्ख्या कति छ ? सन् १९९१ को जनगणनाको परिणामले यसको निरूपण गर्न सक्तैन। कारण पानी नचल्ने अछूत भनिएकाहरूको छुट्टै जनसङ्ख्या बैज्ञानिक तरिकाले गणना गरिएको छैन। यस जनगणनाले केही जातको तथ्याङ्क देखाए पनि नेवारी भाषी र सुदूर पश्चिमाञ्चलका अछूत भनिनेहरूको गणना यसमा देखाइएको छैन। समग्रमा अछूत भनिएकाहरूको सङ्ख्या ३४ लाख ५० हजार जति मात्र देखाइएको छ। जनगणना गर्दा हरेक क्षेत्रमा स्थानीय जिम्मेवार जनप्रतिनिधिको रोहवर बिना हचुवा ढङ्गले जातको सङ्ख्या लिने काम भयो। यसो गर्दा एकातर्फ आर्य र मंगोलका उपभेद (थर) हरू भएका अछूतमा झारिएकाहरूले आफूलाई अछूत बताउन नचाहने स्वाभाविक स्थितिले पानीचल भनिएकैहरूको सङ्ख्या वृद्धि हुन गएको हो र अछूत पारिएकाहरूको सङ्ख्या न्यून हुन गयो। अर्कातर्फ समाजमा को छूत र को अछूत भन्ने कुराको किटान गर्न असजिलो भएर पनि परिणाम यस किसिमको हुन गयो। छुटेका ती अछूत भनिएकाहरूको सङ्ख्या पनि सम्मिलित गराउँदा नि:सन्देह यस मुलुकमा अछूत पारिएकाहरूको मात्र सङ्ख्या पचास लाख भन्दा बढी छ। तैपनि वास्तविक तथ्याङ्क पत्ता लगाउनेतर्फ हाम्रो प्रयास कायम रहनु पर्दछ। वास्तविक सङ्ख्या पत्ता लागेपछि श्री ५ को सरकार र सामाजिक

संघ संस्थालाई यो समस्या समाधानतर्फ केही गर्न सहयोग पुग्न सक्छ।

नेपालमा जातीय रूपले अछूत पारिएकाहरू को को हुन् ? कहिलेदेखि, कुन कुन कारणबाट अछूतमा झारिए ? यस विषयमा हालसम्म राज्यस्तरबाट तथा समाजशास्त्री र अनुसन्धाताहरूबाट विशेष रूपले खोज अनुसन्धानको कार्य भएको छैन। सिंगै मुलुकको जनसङ्ख्याको एउटा ठूलो हिस्सा जातीय छुवाछुत एवम् उपेक्षाको मारमा लामो समयदेखि परिरहेको दर्दनाक कुराको प्रकाश पार्ने गरी कुनै पुस्तक एवम् पत्रपत्रिकाहरू निस्किन सकेका छैनन्। राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पहलमा यस विषयमा गहिरो एवम् भरपर्दो अध्ययन-अनुसन्धान गरी सामान्य मानवअधिकार समेत उपभोग गर्न बञ्चित जनताको स्थिति जग जाहेर गर्नुपर्छ।

जातीय व्यवस्था (वर्णवाद) पनि शोषणको एउटा रूप हो। यसैले अछूत जातिमा पारिएकाहरूको समस्यालाई यसबाट अलग गरेर हेर्न मिल्दैन। अछूत जातिमा झारिनु पर्ने, वाध्यतावश त्यसलाई स्वीकार्नु पर्ने र उपेक्षित एवम् तिरस्कृत हुनुपर्ने मुख्य जड नै आर्थिक विपन्नता हो। राणाकालमा अछूतमा रहँदै आएका तराईका तेली (सूँडी), नेवारी समाजका मानन्धर लगायतका जातहरूको आर्थिक स्थिति सुधिएकै कारणले पानी चलमा उक्लेकोबाट यो कुरो प्रमाणित हुन्छ। एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले हालै गरेको सर्वेक्षण अनुसार नेपालमा ४२ प्रतिशत जनसङ्ख्या निरपेक्ष गरिबीको रेखामुनि छ, जसमध्ये ३५ प्रतिशत अछूत भनिएकै जातिहरू पर्न आउँछन्। न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्न समेत नसकी अधोगतितर्फ उन्मुख जनसङ्ख्याको यो हिस्सालाई आर्थिक रूपबाट उठाउनका लागि राज्यस्तरबाट प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गराइनु पर्छ।

अशिक्षा र अचेतनताका कारण वर्णव्यवस्था र धर्मले लादेका पूर्वजन्म, पुनर्जन्म, भाग्यवाद आदि अन्धविश्वासमा जकडिएर पूर्वजन्मको फलअनुसार आफू अछूत भएर जन्मिएको र यस जन्ममा धार्मिक अनुशासन पालना गरी माथ्ला भनिनेहरूको सेवा चाकडी पुऱ्याई अर्को जन्ममा "छूत" बन्ने सपना बोकेका छन्। यिनीहरूले यसतर्फ सरकारले सोच्नुपर्ने कुरा के हो भने उनीहरूलाई कसरी सुशिक्षित एवम् सचेत पार्न सकिन्छ। एकातिर हीनतावोधले ग्रसित र अर्कातर्फ आर्थिक विपन्नताले गर्दा शिक्षातर्फ रूचि दिन नसकेका यिनीहरूलाई शिक्षित एवम् सचेत बनाउनका लागि विशेष शैक्षिक कार्यक्रमहरू तत्काल ल्याउनु पर्दछ। युगौंदेखि जातीय उत्पीडनको कारण पिछडिएको समुदायलाई उठाउने हो भने विशेष आकर्षण सहित शैक्षिक कार्यक्रम लागु गर्नुपर्छ र शिक्षा हासिल गरिसकेकाहरूका निम्ति सरकारी तथा अर्धसरकारी निकायहरूमा जागिरको लागि आरक्षणको व्यवस्था गर्ने पर्दछ। पेशागत समूहमा रहेकै कारणले अछूतमा झारिएपछि आर्थिक रूपले समेत जर्जर अवस्थामा पुगेकाले आफ्नो परम्परागत पेशालाई अघि बढाउन नसक्नु स्वाभाविकै हो। यसर्थ उनीहरूको पेशालाई आधुनिकीकरण गर्नका लागि उनीहरूलाई देश विदेशमा तालिम लिन पठाउने व्यवस्था गराएर ती पेशालाई प्रतिस्पर्धा गर्न सक्ने र आयमूलक तथा सम्मानित बनाउनेतर्फ सकारले तुरून्त कदम चाल्नु पर्दछ।

राष्ट्रिय शिक्षा नीतिमा नै परिवर्तन गरेर शिक्षालाई सुलभ र रोजगारमूलक बनाउनु जरूरी छ। जातीय भेदभावलाई बढावा दिने खालका पुस्तक एवम् पत्रपत्रिकाहरू चाहे ती जुनसुकै फाँटका किन

नहुन्, लाई प्रतिबन्ध लगाइनु पर्छ। रेडियो, टेलिभिजन जस्ता सञ्चारका माध्यमबाट जातीय वैमनस्यता र विभाजन पैदा गर्ने खालका कार्यक्रम प्रसार गरिनु हुँदैन र छुवाछुत विरोधी तथा समानताको भावना पैदा गराउने स्वालका कार्यक्रमहरू दिइनु पर्छ। "चार जात र छत्तीस वर्ण" जस्तो जातीय विभाजन पैदा गराउने भनाइलाई छोड्नु पर्छ। अवैज्ञानिक र रूढिग्रस्त मान्यताको कारण उच्च जातिको दासत्व विरूद्ध संघर्ष गर्न, जातीय मुक्तिका लागि सङ्गठित भई आन्दोलन गर्न र सामन्तवादी परम्परामाथि विजय प्राप्त गर्न नसकेर यी जातिहरू धर्मको भ्रमजालमा फसिराखेका छन्। यस्ता वर्गलाई शिक्षादीक्षा र चेतना जगाई उत्थान गर्नका निम्ति गाउँ गाउँ तथा कुना कुनामा छुवाछुत विरोधी सभा गोष्ठी, डकुमेण्ट्री फिलिम, पोष्टर प्रचार जस्ता कार्यक्रमहरूलाई विस्तारित ढंगले अघि बढाइनु पर्दछ। यातायातको अभावले बढी जनसम्पर्कबाट बञ्चित रहनु पर्दा युग परिवर्तनको अत्तोपत्तो नभएका जनताका माझमा छुवाछुतको समस्या बढी प्रबल पाइएकोले यसका विरूद्ध उपरोक्त कार्यक्रम बढी प्रभावकारी हुन सक्छन्। यस्ता पिछडिएका दूरदराजका गाउँहरूमा यातायातको विकास गरी अस्पताल, उच्च शिक्षालय, वाचनालय, पुस्तकालय, क्लब, हुलाक, टेलिफोनको व्यवस्था गरे यस्ता कुसंस्कार र कुरीतिहरू क्रमश: हराएर जान सक्छन्।

विद्यमान संविधान र कानुनमा जातीय समानता एवम् स्वतन्त्रताका हकहरूको प्रावधान भएको छ। सार्वजनिक स्थलको उपभोग गर्ने क्रममा जातिपातीकै आधारमा भेदभाव गरिएमा मुलुकी ऐनको अदलको १० क नं. अनुसारको दण्ड हुने व्यवस्थालाई कडाइका साथ लागु गरिएमा मात्रै पनि धेरै हदसम्म जातीय समानता प्राप्त हुन सक्तछ। यति मात्रै नभएर कसैले जातपात र छुवाछुतको भेदभाव गरेको अवस्थामा हालको भन्दा कडा दण्ड सजाय हुने, मुआब्जा तिर्नुपर्ने कानुनी प्रावधान गरेर छुवाछुतलाई समाप्त गर्नेतर्फ लाग्नु वाञ्छनीय देखिन्छ।

पृथ्वीनारायण शाहले १७५७ ई. मा कीर्तिपुर चढाइ गर्दा आफूलाई बचाएर गोरस्वा पुऱ्याइ दिने तल्लो जातको मानिने दुअर जातिलाई पुतवर (माथ्लो) जात बनाइदिएको, रणबहादुर शाहले हिन्दू धर्मको



*उदयपुर, बेलटारको शिव मन्दिर : अछुतका लागि निषेधित*

कट्टरताको विरोध गर्दै सबै जातलाई सँगै सहभोग गराउने र मन्दिर प्रवेश गराएको, श्री ३ जंगबहादुर राणाले अछूत मानिएका मेचेको पानी चल्ने गराएको उदाहरण लिँदै अहिले पनि राज्यस्तरबाटै जातिप्रथा उन्मूलनका लागि कदम चालिनुपर्ने हो।

विद्यालयमा नाम लेखाउँदा वा नागरिकता प्रमाण पत्र लिंदा अधिकांश जिल्लाहरूमा तल्ला भनिने जातिहरूले आफ्नो पेशासँग सम्बन्धित जातिसूचक पहिचान लेख्नै पर्ने बाध्यतालाई अन्त गरी आफ्नो वंश परम्पराको सही थर (उपभेद) लेख्न पाउने कुरामा व्यवधान गरिनु हुँदैन।

अन्तरजातीय विवाह पनि जातपातको पर्खाल तोड्ने एउटा सशक्त तरिका हो। रक्त सम्मिश्रणबाट अपनत्वको भाव वृद्धि भएर जाने हुँदा अन्तरजातीय विवाहलाई सरकारी स्तरबाट विशेष सुविधा एवम् पुरस्कारको व्यवस्था गरिदिएर जातपात र छुवाछुत प्रथालाई छिटै समाप्त गरिदिन सकिन्छ।

नेपालका सबै क्षेत्रमा कर्मचारी तथा जनप्रतिनिधिहरू प्रशिक्षित छैनन् बरु उल्टै सामाजिक कुसंस्कारप्रति पूर्वाग्रही छन्, जसले गर्दा जनतालाई जातीय छुवाछुत विरोधी कुरा बुझाउन सक्तैनन्। यसर्थ यस सम्बन्धमा केन्द्रबाट प्रशिक्षकहरू पठाएर कर्मचारी र गाउँलेहरू बीच समन्वय गराउँदै छुवाछुत विरोधी कानुनको व्याख्या एवम् लागु गराउनु पर्दछ। सार्वजनिक रूपमा सहभोज गर्ने गराउने जस्ता कार्यले पनि यसमा सकारात्मक प्रभाव पर्दै जान्छ।

पढे लेखेका बुद्धिजीवीहरू समाजका अगुवा र नेताहरूले पानी अचल भनिएकाहरूको पानी चलाइ दिएर जनतालाई नमूना देखाउनु पर्दछ। समाजका अन्य पक्षहरूले पानी चलाइदिएर जनतालाई नमूना देखाउनु पर्दछ। समाजका अन्य पक्षहरूले पनि अछूत भनिनेहरूप्रति सद्भावना, सहिष्णुता, समानता तथा मानवीय व्यवहार गरेर हरेक कुरामा हातेमालो गरेर अगाडि बढ्नु पर्ने जरूरी छ।

राजनीतिक क्षेत्रमा अछूत भनिने जातिहरूलाई सहभागी बनाएर लानका निम्ति गाउँ तहदेखि राष्ट्रिय तहसम्म उनीहरूको प्रतिनिधित्व गराइनु पर्दछ।

सामन्ती संस्कृतिले स्वयं अछूत भनिएका जातिकै माझमा सिर्जना गरेको आपसी छुवाछुतको कारण आपसी सद्भाव पैदा हुन सकिरहेको छैन। जसले गर्दा उच्च जाति तथा राज्यस्तरबाट उनीहरूमाथि हुँदै आएको भेदभाव विरूद्धको संघर्षलाई कमजोर पारेको छ। स्वयं अछूतमा झारिएका जातिहरूले मुक्तिका लागि सङ्घर्ष गर्नु सट्टा "म त माथ्लो जात हुँ" भन्दै जात ढाँट्ने र आफ्नो नयाँ थर गोत्र कायम गर्दै तल्ला तहमा राखिएकाहरूसँग चिनिन नखोज्ने जस्ता प्रवृत्तिले जातिकै अस्तित्व लोप हुने खतरा बढ्दैछ। अछूत भनिने जातका पठित एवम् सचेतहरूले परम्परागत पेशा र व्यवसायकै कारण अछूतमा पारेको हो र यसबाट मुक्ति पाउन कम्तीमा पनि अछूत भनिएकाहरू सबैलाई सङ्गठित गर्दै रूढिग्रस्त अवैज्ञानिक सामाजिक परिपाटीलाई तोडेर समानता र स्वतन्त्रता प्राप्तितर्फ बढ्नुपर्ने जरूरी छ। स्वयं अछूतमा झारिएका जातिहरूले लघुताभाष त्यागी सभ्य, सुशिक्षित तथा नैतिकवान् बनेर समाजका अरू माथ्ला जातिहरूसँग हर क्षेत्रमा उत्तिकै प्रतिस्पर्धी हुनु जरूरी छ।

***साभार*** *: नेपाल मानव अधिकार वर्ष पुस्तक १९९३*

**इतिहासको पानाबाट**

# रोजीरोटी खोस्न कठोर दण्ड

माओवादीले अछामको सदरमुकाम मंगलसेनबाट आठ कोस पूर्वको चाल्सा गाविसका ६ जना दलित हतियालाई "हलियाप्रथाबाट छुटाउने" बहानामा कठोर यातना दिएको छ।

सधैंजसो बिहानै भरत साउदको काममा निस्कने चाल्सा-४ का २१ वर्षीय उज्ज्वले ढोली जेठ २९ गते बिहान चाल्साबजारतिर लागे। आठजनाको परिवार पाल्नुपर्ने दायित्वले थिचिएका उनको सम्पत्तिको नाममा दुई कठ्ठा जति पाखो बारीसिवाय केही छैन। अरुको हलो नजोते उनको परिवार भोकभोकै मर्छ।

चाल्साबजारमा रहेका पाँचजना माओवादीले उज्ज्वले ढोलीलाई घरमा खाना खान र त्यसपछि पुन: चाल्सा स्कूलमा आउन कडा उर्दी जारी गरे। उर्दीको पालना गर्नु उनको बाध्यता थियो। "नत्र बाँकी राख्दैनथे, त्यसैले म घर पुगेर खाना खाएर जेठ २९ गते ११ बजे यही स्कूलमा आएँ" उनको कथन छ। ११ बजे चाल्साबजारस्थित पशुपति माध्यमिक विद्यालयको प्रांगणमा उनी पुग्दा चाल्साका अरु हलियाहरू आउसे विक, रण विक, बाले सुनार, जवाले विक र ढक्कले विक पनि माओवादी उर्दीअनुसार त्यही विद्यालयमा उपस्थित भइसकेका थिए।

माओवादी जनमिलिसियाले पशुपति माविको दोश्रो तलाको कक्षा कोठामा ६ जनै निमुखा दलितहरूलाई लिएर गए र कस्को हलो जोत्छौ? भन्दै केरकार गर्न थाले। उज्ज्वले ढोली भन्छन्, "उनीहरूले मलाई कसको हलो जोतेर खान्छौ? भने। मैले भरत साउदको हलो जोतेर खान्छु भने पनि पछि सुत्न अऱ्हाए। सुतिसकेपछि मेरा तिघ्रामा काठको कडी राखे। कडीको दुवैतिर दुई-दुईजना चढेर छेउबाट पेल्न थाले र एकजनाले माथिबाट कडी रगेड्न थाल्यो।" माओवादीले उनलाई करिब चार मिनेट पेलेपछि अर्को कोठामा लगेर सुताए।

तीघ्रामा कडीले पेल्दा उनी रोएका थिए। उनले जनमिलिसियाहरूसित पानी मागे तर तिनले पानी त के दिन्थे, दुर्व्यवहार गरे। उनी भन्छन्, "मैले एकघण्टापछि पानी मागें तर उनीहरूले पिसाब फेरेर खा भने।"

उज्ज्वलेजस्तै माओवादी ज्यादति भोगेका चाल्सा वडा नं. ३ का ३६ वर्षीय जवाले वि.क. जेठ २९ गते सात जनाको परिवारको गर्जो टार्न नैनसिंह थापाको हलो जोत्न गएका थिए।

खेतमा पुगेर जोत्न नथाल्दै उनलाई पनि अरु हलियालाई झैं पशुपति माध्यमिक विद्यालयमा तत्काल हाजिर हुन माओवादी उर्दी आयो। "मलाई जोत्न छाडेर तुरुन्त स्कूल आउन भनेपछि म गोरु फुकाएर त्यहाँ गएँ।" उनी भन्छन्। बिहानको ९ बजेतिर स्कूलमा पुगेका जवालेलाई तीन घण्टापछि १२ बजे माओवादीले तिघ्रामा काठ राखेर पेल्न थाले। अरुलाई झैं उनलाई पनि दुई-दुई जना काठमा चढेर पेले। उनी भन्छन्, "नपेल्नुहोस् भन्न पनि समय पाइन, पानी पिउन पनि पाइएन।"

माओवादी पेलाईपछि उनी उठ्न सकेनन्। बल्ल-बल्ल बेलुकी ६ बजेतिर घर गए। घटनास्थल पुगेका पत्रकारहरूसँग कुरा गर्दा पनि पीडित दलितहरू रोइरहेका थिए। उनीहरूलाई बोल्न पनि गाह्रो भइरहेको थियो।

समान पीडा भोगेका चाल्सा-६ का बाले सुनार यातना पाउने दिन घरमै बसेका थिए। उनले पनि माओवादी उर्दी सुन्नेबित्तिकै माओवादीले तोकेको स्थानमा हाजिर हुन वाध्य हुनुपर्‍यो। "म स्कूलमा पुगेको दुई घण्टापछि उनीहरूले पेल्न थाले, म रोएँ तर पनि छाडेनन्।" बालेको कथन छ। पेलेपछि अरु साथीसहित उनी पनि बेलुका ६ बजेतिर उठेर घर गए। औषधी उपचारका लागि रकम नभएका कारण ६ जनाले नै काँचो बेसार उमालेर झोल पिए। "तीन/चार किलो हर्दी खाएपछि उठ्न सकिएको हो।" बाले भन्छन्, "औषधी गर्न त रुपैयाँ नै थिएन।" उनी पनि ६ जनाको परिवार पाल्न स्थानीय मकर साउदको हलो जोतदै आएका थिए। काठको कडीले पेलिएकामध्ये आउसे विक र रण विक भारत पसेका छन्। हलिया पेशाबाट छुटाएपछि गाउँमा बसेर बाँच्ने आधार नभएका कारण दुवैजना भारत गएको पारिवारिक श्रोतले जनाएको छ।

सालको कडीले तीघ्रामा पेलिसकेपछि पीडितहरू दिनभरी उठ्नै सकेनन्। उज्ज्वले ढोली भन्छन्- "मैले त एकहप्तासम्म गोडा चलाउनै सकिनँ। दिसापिसाब गर्न पनि मुस्किल पर्‍यो, हर्दी खाएपछि दुखाई केही कम भएको छ। तर अहिले पनि पीडा बल्भिन्छ।"

दलितहरूको तीघ्रा कडीले पेल्ने माओवादी स्थानीय व्यक्ति थिएनन्। एकजना पीडित भन्छन्, "उनीहरू यो गाउँका होइनन्। हामीले उनीहरूलाई चिन्न सकेनौं।" तर यो ज्यादतीको सूत्रधार माओवादीको गाउँ कमिटी इन्चार्ज संगम थिए। उनकै निर्देशनमा बाहिरबाट जनमिलिसिया ल्याएर दलितका तिघ्रा पेलिएको हो।

हलिया प्रथाबाट दलितलाई छुटाउनका लागि यस्तो कारवाही गरिएको माओवादीको दाबी छ। तर, माओवादीले पीडित दलितहरूलाई घटना हुनुअघि हलिया छोड्न आग्रह भने गरेको थिएन। जवाले विक भन्छन्, "हलिया छाड्न हामीलाई भनेको भए हामी छोड्थ्यौं, एकैपटक यस्तो कारवाही भयो।

माओवादी कारवाहीमा परेका ६ हलियामध्ये एमाले अछामका सचिव भरत साउदले उज्ज्वले ढोलीलाई, नन्दसिंह थापाले जवाले विकलाई, पदमसिंह थापाले ढक्कले विकलाई, मक्करे साउदले बाले सुनारलाई, मोहन साउदले आउसे विकलाई र स्थानीय पशुपति माविका शिक्षक नन्दसिंह साउदले रण विकलाई लामो समयदेखि हलिया राख्दै आएका छन्। चाल्सामा रहेका यिनै ६ जना निर्दोष दलित यतिखेर यातनाको पीडा खेपिरहेका छन्।

बिना सूचना एकाएक दलित हलियाहरूलाई पेलेपछि तिनले हलिया पेशा त्यागेका छन्। गाउँमा आर्थिक स्रोतको भरपर्दो आधार मानिएको हलिया पेशा अपनाए फेरि यातनाको सामना गर्नुपर्ने भयका कारण उनीहरूले जोत्ने पेशा छोडेको बताएका छन्।

बाले सुनार भन्छन्, "हामी अब हलिया काम गर्दैनौं, बरु भारततिर कमाउन जान्छौं।" जवाले विक माओवादीले मजदुरी गरेर परिवार पाल्नुस् भनेको बताउँछन्।

अर्का पीडित बाले सुनार पनि हलिया छाडेर भारी बोक्ने या भारत जाने सोचाईमा छन्। ढक्कले भने घर छाडेर अछामकै अर्को ठाउँमा गएको बताइएको छ। खाद्यान सङ्कट हुने अछाममा वैकल्पिक पेशा र जमीन नभएका कारण सबैलाई कसरी परिवार पाल्ने र जीवन चलाउने? भन्ने चिन्ताले सताएको छ।

**आश्वासन धेरै, राहत शून्य**

चाल्सा घटनाले माओवादीभित्र हलचल मच्चाएको छ। चाल्साका निमुखा दलित हलियामाथिको कारवाहीलाई माओवादीले पार्टी निर्णयअनुसार नभएको बताएको छ। गत साउन ४ गते बेलुका माओवादीका पोलिटब्युरो सदस्य प्रभाकर चाल्सा पुगेर घटनाको यथार्थ जानकारी लिएको स्थानीय बासिन्दाहरूले बताए। तर, प्रभाकरले पीडितहरूलाई भेट्ने र उनीहरूको पीडा बुझ्ने काम भने गरेनन्।

त्यस्तै साउन ५ गते अछामको विनायकमा भएको माओवादीको सेती-महाकाली प्रादेशिक एकीकृत नयाँ जनसैन्य अभियानको समापन समारोहलाई सम्बोधन गर्दा पोलिटब्युरो सदस्य प्रभाकरले चाल्सा घटना पार्टी निर्णयअनुसार नभएको बताएका थिए। "चाल्साकाण्डका सहभागीहरूलाई हामीले कारवाही गरिसक्यौं।" उनले भनेका थिए।

त्यसो त, चाल्सा घटनाको लगत्तै माओवादीका अछाम सेक्रेटारियट बिर्ख भण्डारी पनि चाल्सा पुगेका थिए। चाल्सा चौतारोमा गाउँका सबै मानिसहरूलाई भेला पारेर उनले माफीसमेत मागेका थिए। एकजना स्थानीय बासिन्दा भन्छन्, "उनले यस घटनामा हामी क्षमा माग्छौं। आवश्यक परे क्षतिपूर्ति दिन तयार छौं भने।" पहिला कारवाही गर्ने र पछि माफी माग्ने माओवादी "संस्कृति" नै भएकाले यस प्रकरणमा पनि त्यही दोहोरिएको देखिएको छ।

**सेना गए, जनता कुटे, फर्किए**

चाल्सा घटना भएको चौध दिनपछि सदरमुकाम मंगलसेनबाट सुरक्षाकर्मीको टोली घटनास्थल पुग्यो। तर, पीडितहरूलाई भेट्ने र सत्यतथ्य जानकारी लिनुको सट्टा सुरक्षाकर्मीले स्थानीय बासिन्दाहरूलाई कुटपिट गरेर फर्किएको गाउँलेहरूले बताए। घटनास्थलमा पुगेको सरकारी टोलीले प्रमुख जिल्ला अधिकारीलाई चाल्सा घटना सामान्य रहेको प्रतिवेदन बुझाएको छ।

सुरक्षाकर्मीले चाल्साबजारको चौतारोमा बसिरहेका व्यक्तिहरूमाथि अन्धाधुन्ध फायरिङ गरेको स्थानीय बासिन्दा बताउँछन्। "म त धन्न बाँचें।" उक्त दिनको फायरिङमा बाँचेका एकजनाले बताए।

चाल्साबजारमा रहेको नयाँराम थापाको रेडियो पसलका सामानहरू सुरक्षाकर्मीले जलाइदिएको पीडित थापा बताउँछन्, "उनीहरूले मेरो सामानहरू जलाइदिएका छन्। मेरो एसएलसीको प्रमाणपत्र, बुबाको नागरिकता र रेडियो बनाउन सिक्दा पाएको प्रमाणपत्रसमेत सुरक्षाकर्मीले जफत गरेका छन्।"

सुरक्षाकर्मीले स्थानीय बृद्ध डबलसिंह साउदलाई पनि कुटपिट गरे। "म बिरामी थिएँ, उनीहरूले मलाई ढाडमा लात्ताले हाने।" साउन भन्छन्। त्यही दिन सुरक्षाकर्मीले गिरफ्तार गरी मोहनसिंह थापालाई मंगलसेन ल्याएर ११ दिनपछि छाडेका थिए।

पीडितहरूका अनुसार, सुरक्षाकर्मीको टोलीले पीडितलाई भेटेको छैन। तर, अछामका निमित्त प्रमुख जिल्ला अधिकारी नवराज ढकालले आफ्नो टोलीले पीडितलाई भेटेको दाबी गरे। निमुखा दलितमाथि भएको यो ज्यादतिको भने अहिले पनि सशक्त विरोध भएको छैन। अछामका राजनीतिक दल, दलित संघ-संस्थाहरूले घटनाको विरोधमा विज्ञप्ति पनि निकालेका छैनन्। एमाले अछामका उपसचिव शेरबहादुर कुवँर भन्छन्, "घटनाको सत्यतथ्य नै बुझ्न पाइएको थिएन।"

अछामका दलित नेता भैरे कामी पनि घटना विस्तृतरुपमा बुझ्न नपाएका कारण विरोध नभएको तर्क गर्छन्। उसो त, काठमाडौंमा दलितका नाममा खुलेका संघ-संस्थाहरूले पनि घटनाको विरोध र पीडितलाई राहत पुऱ्याउन पहल गरेका छैनन्।




**कुइँकाको घाउ आलै छ**

सुरक्षाकर्मीद्वारा घर तथा गोठ जलाइएका अछामको कुइँका गाविस-४ भुलवाडाका २६ घर दलितले अहिलेसम्म राहत पाएका छैनन्। भुलवाडाका २४ घर भुल भनिने सार्कीहरूले गएको चैत महिनासम्ममा जलेका घरहरू आफ्नै प्रयासले पुनर्निर्माण गरेका छन्। भुलवाडाका दलितहरू माओवादी भएको आशंकामा सुरक्षाकर्मीले गत वर्षको मंसिर १४ गते उनीहरूको घर जलाइदिएका थिए।

तर स्थानीय बासिन्दाका अनुसार, भुलवाडाका २४ घर सार्कीहरूमध्ये एकजना मात्र माओवादी गतिविधिमा संलग्न थिए, अरु निर्दोष थिए। राष्ट्रिय दलित आयोगले द्वन्द्व प्रभावित क्षेत्रको स्थलगत अध्ययनपछि तयार गरेको प्रतिवेदन-२०६० ले पनि कुइँका-४ भुलवाडाका घर जलाइएका सार्कीहरू निर्दोष रहेको ठहर गरेको थियो। तर, घटनास्थलमा पुगेर घटनाको सत्यतथ्य छानबिन गर्ने र क्षतिपूर्ति उपलब्ध गराउन कुनै पनि सरकारी निकायले ध्यान दिएको छैन।

“सबै आउँछन्, फोटो खिच्छन्, लान्छन् तर हाम्रो पीडामा कसैले सहयोग गरेनन्। हामी आफैंले चैतमा जलेका घर पुनर्निर्माण गरेका हौं।” किर्ते भुल भन्छन्। यो प्रतिवेदन तयार गर्ने पत्रकार त्यहाँ पुग्दा पीडितहरूले कुरा गर्न चाहेनन्। “लेखेर के हुन्छ हजुर?” किर्तेको प्रश्न थियो।

निर्दोष सार्कीहरूका २४ भर र २ गोठ सुरक्षाकर्मीहरूले जलाएपछि पीडितहरू ६ महिनासम्म राहत र क्षतिपूर्तिको प्रतिक्षामा बसे। यसबीच रेडक्रस सोसाइटीले केही थान कपडा र भाँडा सहयोग गऱ्यो। “अरुले हाम्रो पीडालाई बेचेर नाम कमाए तर सहयोग गरेनन्।” पीडित जसे भुल बताउँछन्।

द्वन्द्वको मारमा परेका यहाँका भुलहरूलाई एड्स लागेको ठहर पनि राष्ट्रिय दलित आयोगले गरेको थियो। यो ठहरलाई भुलहरूले गलत भन्दै आपत्ति प्रकट गरेका छन्। “एड्स लागेको वा नलायेको ठहर राष्ट्रिय दलित आयोगले गर्ने होइन, डाक्टरले गर्ने हो।” डबलसिंह भुलले भने, “यहाँ कसैलाई पनि एड्स छैन, भए मरिसक्थे।”

***साभार*** *: प्राची दैमासिक, वर्ष १३, पूर्णाङ्क ५२, असोज २०६१*

इतिहासको पानाबाट

# विवाहकै कारण सामाजिक बहिष्कार

इलाम। विश्वकर्माकी छोरीसँग विवाह गरेपछि 'तल्लो जातकी केटीसँग विवाह गरिस्' भन्दै घरबाट निकालिएका सोयाङ गाविस-७ का शेरबहादुर राईलाई समाजका कथित उपल्ला जातिको घरमा पस्न मनाही गरिएको छ। विवाहपछि उनीसँग दलित जातिका व्यक्तिहरूसरह व्यवहार गरिन्छ। समाजबाट अपहेलित शेरबहादुरका छोराहरू राई जातिसरह हुन सकेका छैनन्। स्थानीय विद्यालयमा पढ्दै गरेका छोराहरू आफ्नो थर विश्वकर्मा लेख्छन्। सामाजिक अपहेलनाका कारण उनले आफ्ना छोराहरूको थर राई लेखाउन सकेका छैनन्।

चिसापानी गाविस-७ का मानबहादुर कटुवालले विश्वकर्मा थरकी केटीसँग विवाह गरेपछि समाजमा सदाका लागि आफू अपहेलित भए पनि आफ्ना छोराछोरीका नाममा कटुवाल थर जोडिदिन त सके तर उनीहरू अरु कटुवाल क्षेत्री सरह समाजमा रहन सकेका छैनन्। उनीहरू कथित उपल्लो जातिको घरमा पस्न पाउँदैनन्। उनीहरूले छोएको पानी चल्दैन। मानबहादुर कटुवालका छोरा चिरञ्जीवीले क्षेत्रीकी छोरीसँग विवाह गर्न पनि पाएनन्।

पितृसतात्मक नेपाली समाजमा बाबुकै थर छोराहरूको पनि हुने तथा धर्म-संस्कृति र रितिरिवाज बाबुपट्टिकै हुने प्रचलन अन्य जातिमा लागु भए पनि दलित जातिसँगको विवाहका सन्दर्भमा भने लागु भएको पाइँदैन। बाबु उपल्लो जातको भए पनि दलित नै भएर रहनु पर्ने बाध्यता देखिन्छ। त्यसैले दलित जातिसँग वैवाहिक सम्बन्धकै कारण उनीहरूले सदाका लागि आफ्नो पुर्ख्यौली परिवारबाट अलग्गिनु परेको छ। जातीय छुवाछुत एवम् भेदभावको साङ्लो केवल तल्लो भनिएका जातिहरूविरुद्ध मात्र तेर्सिएको छ भन्दा अत्युक्ति नहोला।

फाकफोक गाविस-९ का डम्बरबहादुर बराइलीसँग ०३९ सालमा विवाह गरेकी मनमाया राई माइतघरबाट अपहेलित छिन्। माइत र समाजबाट अपहेलित भएपछि बसाइँ सरेर झापाको बुधवारेमा बस्दै आएकी उनी आमा-बाबुको न्यास्रो लाग्दा बेलाबेलामा माइत जाने गर्छिन्। तर २० वर्ष भन्दा बढि भइसक्यो- उनलाई माइत घरभित्र पस्न दिइएको छैन। उनी माइत जान्छिन् र बाहिरै बस्छिन्। खानेकुरा घरबाहिर ल्याएर दिइन्छ।

फाकफोककै हरिबहादुर खड्का बर्देवा थरकी आमाबाट जन्मेका हुन्। तर पनि उनी आफ्नै बाबुको घरमा पस्न पाउँदैनन्। उनले छोएको बाबुलाई चल्दैन। हरिबहादुर जन्मिएपछि उनकी बर्देवा थरकी आमाले अर्कैसँग विवाह गरिन्। त्यसपछि उनका बाबुचाहिँ चोखिए। उनी अरु सरह समाजमा क्षेत्री नै ठहरिए। तर, हरिबहादुरको नागरिकतामा खड्का भएर बाबुको अंश उपभोग गर्न पाउँदा-पाउँदै पनि समाजमा बाबुसरहको खड्का कहलिन सकेका छैनन्। उनलाई उपल्लो जातिका भनिने व्यक्तिहरूको घरमा पस्न मनाही छ। उनले छोएको पानी चल्दैन।

दलित जातकी केटीसँग विवाह गरेपछि बरबोटे गाविस-४ का कृष्ण अधिकारीसँग ८ वर्षसम्म गाउँ-घरका मानिसहरू बोलेनन्। छिमेकीहरू कोही पनि उनकोमा आएनन्। उनलाई सामाजिक बहिष्कार गरियो। यतिसम्मकी उनका आफ्नै दाजुभाइले पनि पानी बारे। विवाह गरेको १७ वर्ष बितिसक्दा पनि दाजुभाइले अहिलेसम्म उनलाई बोलाएका छैनन्। एकै थालमा खाँदै हिँडेका साथीहरूले पनि उनले छोएको खाँदैनन् र घरभित्र पनि पस्न दिँदैनन्। अधिकारी यी सबै व्यवहार सहेर बाँचेका छन्।

नेपाल उत्पीडित जातीय मुक्ति समाज, इलामले गत वर्ष सार्वजनिक गरेको इलाममा उत्पीडित जातिहरूको विश्लेषणात्मक तथ्याङ्कअनुसार यस जिल्लामा ९६ परिवारले अन्तरजातीय विवाहका कारण सामाजिक अपमान सहेर बस्नु परेको छ।

*(साभार : वर्ष १३, पूर्णाङ्क ५५, साउन २०६२*

# जातीय विभेदविरुद्ध इन्सेक अभियान



विजयराज गौतम

इन्सेक स्थापनापछिको पहिलो प्राथमिकता रहेको कार्यक्रम जातीय विभेद विरुद्धको अभियान पनि एक हो। मानिस - मानिस हुने विभेद र कथित तल्लो जातिको नाममा हुने अमानवीय व्यवहारको विरुद्ध इन्सेकले थालेको अभियान अहिले देशव्यापी भएको छ। पहुँच र नीति निर्माणको तहमा दलितको उपस्थिति नहुँदा अझै पनि मानिस-मानिसका बीचमा विभेद कायम छ। दलित भएको आरोपमा देशका धेरै मानिसहरू अझै पनि समाजको मूल प्रवाहबाट बाहिरै छन्।

जातपातका आधारमा मानिस-मानिसबीच गरिने विभेद कानुनतः अक्षम्य भए पनि यो प्रथा, सस्कृति, धर्म, परम्परा, विचार आदि कारणबाट समाजमा विद्यमान छ। कथित तल्लो जातको भएको आरोपमा मानिसहरूलाई गरिने व्यवहार र यस्तो व्यवहारका कारण उत्पन्न परिस्थिति र विभेदको शिकार लाखौं मानिस भएका छन्। नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा राष्ट्रिय ऐन कानुनले जातका आधारमा गरिने छुवाछुतजस्तो कार्यलाई गैरकानुनी र दण्डनीय मानेको छ। प्रजातन्त्रको पुनर्स्थापना भइसकेपछि गठन भएका सरकारहरूले छुवाछुत प्रथालाई गैरकानुनी र दण्डनीय भनी घोषणा गरेका छन्। प्राकृतिक मानवीय जीवनलाई छुवाछुतको आधारमा विभेद गर्ने यस्तो कुप्रचलन



*लहानमा आयोजित जातीय विभेद विरोधी सहभोज*

नेपाललगायत विश्वका धेरै मुलुकमा कायम छ।

नेपालमा जातीय छुवाछुत प्रथाको प्रचलन कायम भएको एकीन ऐतिहासिक प्रमाण छैन। तर लामो समयदेखि प्रचलनमा रहँदै आएको यो प्रथाका कारण लाखौँ मानिसहरू प्रताडित भएका छन्। जातीय छुवाछुतका कारण दलितहरूमाथि भएको उत्पीडन कम्ती डरलाग्दो छैन। समाज परिवर्तनसँगै जातीय छुवाछुतको प्रथामा विस्तारै कमी आउन थाले पनि यसका कारण उत्पन्न हुने र भएका पीडाको श्रेणी निकै लामो छ। मानिसलाई मानिस नगन्ने यो प्रथाका कारण मानिसहरू उत्पीडनको शिकार भएका छन्।

सामाजिक न्याय र मानवअधिकारका क्षेत्रमा इन्सेकले आफ्नो स्थापनाकालदेखि नै जातीय छुवाछुतका विरुद्धमा भेला गोष्ठी र सचेतन कक्षाहरू सञ्चालन गर्नुका साथै यस विषयमा आफ्ना प्रकाशनहरूको माध्यमबाट जनसमुदायलाई सचेत गराउँदै आएको छ। इन्सेकबाट सामाजिक उत्पीडन, जातीय छुवाछुतका बारेमा अध्ययन, अनुसन्धान, विश्लेषण तथा उन्मूलनका लागि प्रयासहरू भएका छन्। अहिले पनि यो अभियान चलिरहेको छ। प्रजातन्त्रको पुनर्स्थापनापछि जातीय छुवाछुत प्रथामा कमी आए पनि उन्मूलन हुन सकेको छैन। इन्सेकले आफ्ना विविध क्रियाकलापहरूमार्फत दलितका मुद्दाहरू उठाउने गरेको छ।

इन्सेकले सन् १९९२ देखि नेपाल मानवअधिकार वर्षपुस्तकको प्रकाशन सुरु गरेको थियो। वर्षपुस्तकमा दलित अधिकारलाई प्राथमिकताका साथ उठाउने गरिएको छ। वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको तथ्य सङ्कलन वा एउटा महत्वपूर्ण पाटोका रूपमा जातीय छुवाछुतका घटनाहरूलाई पनि समावेश गर्दै आएको छ। यसका साथै सन् १९९३ मा वर्षको उल्लेख्य जातीय छुवाछुत शीर्षकका एउटा परिच्छेद नै प्रकाशन गरेको थियो। परिच्छेदमा नेपालका विभिन्न भागमा कायम रहेको जातीय छुवाछुत प्रथा र यसले समाजमा पारेको प्रभावका बारेमा विस्तृत चर्चा गरिएको थियो। वर्षपुस्तकमा प्रकाशित यस्तो सामग्रीले जनचेतना जगाउन मद्दत पुगेको थियो।

इन्सेकले २०५० सालमा उत्पीडित जातिकै अगुवाइ तथा क्रियाशिलतामा देशव्यापी सर्वेक्षण गरेको थियो। छुवाछुत प्रचलनको बाहुल्यता रहेको क्षेत्र तथा जिल्लाहरूमा पुगेर अवलोकन तथा तथ्य सङ्कलन गरिएको थियो। यसरी गरिएको तथ्य सङ्कलन र त्यसको नतिजा नै सन् १९९३ को मानवअधिकार वर्षपुस्तकमा प्रकाशन गरिएको थियो।

उत्पीडित जातीय मुक्ति समाज नामक संस्थाको पहलमा विभिन्न समयमा गरिएका उत्पीडन विरोधी आन्दोलनहरूमा इन्सेकले सक्रिय सहयोग र सहभागिता जुटाएको थियो। विभिन्न जिल्लामा भएका पानी उघाउ कार्यक्रम, उदियाचौरको अछुत भनिने दूध उत्पादक किसानहरूको आन्दोलन, विभिन्न मठ मन्दिर प्रवेश कार्यक्रमहरू खासगरी गोरखाको मनकामना मन्दिर प्रवेशजस्ता कार्यक्रममा इन्सेकको सहयोग उल्लेखनीय छ। ०५४ सालमा मुक्ति समाजमार्फत १५ जिल्लामा दलित जातिका निमित्त छ महिने मानवअधिकार तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका थिए। २०५५ मा त्यसलाई निरन्तरता दिँदै दलितहरूको बाहुल्यता रहेका १० ओटा जिल्लाहरूमध्ये थप पाँच जिल्लामा उक्त कार्यक्रम सञ्चालन गरियो। सप्तरी, सिराहा र उदयपुर जिल्लामा रहेका मुसहर र डोम जातिका बीच विशेष कार्यक्रम सञ्चालन गरिएको थियो।




*लहानमा चमार समुदायलाई नाकाबन्दी गरिएको विरोधमा काठमाडौँमा आयोजित विरोध ऱ्याली*

इन्सेकले जातीय छुवाछुत विरुद्ध सहभोज कार्यक्रमको आयोजना गरी दलितका मुद्दाहरूलाई सतहमा ल्याउन मद्दत पुऱ्याउनुका साथै सामाजिक बहिष्करणमा परेका दलितहरूका पक्षमा आवाज उठाएको थियो। सिरहाका डोम समुदायका मानिसहरूमाथि स्थानीय कथित उपल्लो जातको भनिने मानिसहरूले फालेका सिनो नउठाएको आरोपमा गरिएको नाकाबन्दीको विरोध मात्रै गरेन त्यस अभियानमा संलग्न मानिसहरू र प्रवृत्तिप्रति आवाज उठायो। त्यस ठाउँका दलितहरूले गरेका विरोध कार्यक्रमहरूमा इन्सेकले सक्रिय सहभागिता देखायो।

आज पनि म्याग्दी, पर्वत, सङ्खुवासभाजस्ता पहाडी जिल्लामा विभिन्न संस्थाले सहभोज कार्यक्रम गर्दै आएका छन्। यसमा प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सरकारी निकायका प्रमुख, राजनीतिक दलका प्रमुख, प्राध्यापक, शिक्षक, व्यापारी, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि, उपल्लो जातका भनिएका बाहुन-क्षेत्री पनि सहभोजमा सहभागी हुँदै आएका छन्। इन्सेकले अभियानको रूपमा सुरु गरेको सहभोजको औचित्य अझै पनि बाँकी रहेको छ।

सिरहाकी रामरतिदेवी राम प्रकाश मानवअधिकार पुरस्कार २०६३ बाट सम्मानित हुनुभयो। दलितमाथिको भेदभाव, उत्पीडन, महिला हिंसा विरुद्ध सशक्त आवाज उठाउन उहाँको सक्रियाताको कदर गर्दै इन्सेकले उहाँलाई सो पुरस्कार दिने घोषणा गरेको थियो। रामरतिदेवी राम संविधानसभाको सभासद हुनुहुन्छ।

दलितअधिकारका विषयलाई उठान गर्न इन्सेकले छुट्टै विभागसमेत बनाएको थियो। अहिले नेपालमा दलित अधिकारवादी संस्थाहरू प्रशस्त मात्रामा स्थापना भइसकेका छन्। साथै राष्ट्रिय दलित आयोग पनि स्थापना भएको छ। अबको अवस्थामा इन्सेक आफैँ दलितसम्बन्धी कार्यक्रम लिएर गाउँमा जानेभन्दा दलितका मुद्दामा दलित संस्थाहरूमार्फत सहकार्य गरेर दलितका मुद्दालाई उठान गर्दै आएको छ। इन्सेकले आफ्ना कार्यक्रमहरूमा दलितहरूको अनिवार्य तथा अर्थपूर्ण उपस्थितिको सुनिश्चितता गरेको छ। कर्मचारीहरूको भर्ना प्रक्रिया दलितहरूलाई पहिलो प्राथमिकतामा राख्ने गरिएको छ।

*(लेखक इन्सेकका कार्यकारी निर्देशक हुनुहुन्छ)*

विश्लेषण

# नेपालमा जातीय विभेद : कानुनी प्रावधान र कार्यान्वयनको अवस्था

**दलित समुदाय विरुद्ध भएका जातीय भेदभाव र छुवाछुत जस्तो अमानवीय, अव्यवहारिक र कानुनी नजरमा फौजदारी अपराधमा संलग्न पीडक तथा अपराधीहरूलाई राज्यका मौजुदा कानुन र नियमहरू बमोजिम अधिकतम सजाय गरिएमा जातकै कारण मारिनुपर्ने थिएन। जातकै कारण डेरा नपाउने, श्रमका अवसर नपाउने तथा न्याय नपाउने अवस्था रहने थिएन। संविधान र विद्यमान कानुनहरू प्रभावकारी कार्यान्वयन गरिदिए मात्रै पनि जातीय भेदभाव र छुवाछुत नियन्त्रण र न्यूनीकरणमा ठूलो साथ मिल्ने थियो।**

**विषय प्रवेश**

नेपाल एक बहुजातीय बहुभाषिक देश हो। यहाँको कूल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ भने जनसङ्ख्या बृद्धिदर ०.९३ प्रतिशत छ। यहाँ १ सय ४२ मातृभाषी जातजाति बसोवास गर्दछन्। नेपालमा दश धर्मलम्बी पाइन्छन् र साक्षरता दर ७६.३ प्रतिशत छ। लिङ्गका आधारमा ८५.८ प्रतिशत पुरुष र ७०.१ प्रतिशत महिला साक्षरता देखिन्छ। जातीय र भाषिक हिसाबले पनि नेपाल एक विविधतायुक्त सहिष्णुता भएको देश हो। नेपालमा भाषिक, जातीय, धार्मिक वा सांस्कृतिक सवालमा कहिल्यै औपचारिक रूपमा साम्प्रदायिक द्वन्द्व र विवाद भएको देखिन्न। ऐतिहासिक रूपमा सामाजिक सद्भाव र एकता कायम रहेको नै देखिन्छ।



अधिवक्ता डा. रुद्रबहादुर चर्मकार

तथापी हाम्रो देशमा लामो समयदेखि लैङ्गिक, जातीय र क्षेत्रीयताका आधारमा असमानता र विभेद भने अभ्यासमा रहेको विभिन्न सर्वेक्षण र प्रतिवेदनहरूले देखाएका छन्।

विगतका कानुनहरूले लैङ्गिक र जातीय असमानता तथा विभेदलाई राज्यद्वारा नै संरक्षण गरेको भए पनि २००७ सालको प्रजातान्त्रिक आन्दोलन पश्चात् निर्माण भएका कानुन विशेषतः मुलुकी ऐन, २०२० ले सार्वजनिक स्थलमा गरिने जातीय भेदभाव र छुवाछुतलाई निषेध गरेको देखिन्छ। यसै ऐन अनुसार देश र समाजमा विद्यमान विभेद र असमानताको समुल अन्त्यको उद्देश्य अनुरुप नागरिक अधिकार ऐन २०१२ मा केही नेपाल कानुन (संशोधन र पुनःव्यवस्थापन) ऐन, २०२० मार्फत ऐनमा




***जातीय विभेदविरुद्ध राष्ट्रिय कार्यशालाको उद्घाटन मन्तव्य राख्दै राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा***

कानुनको दृष्टिमा समानता हुने र धर्म, जात, जाति वा लिङ्गको आधारमा भेदभाव नगर्ने व्यवस्था गरिएको थियो। तथापि नेपालका दलित र पिछडिएका समुदायहरूमाथि गरिने असमान र विभेदका व्यवहारमा कुनै कमी आएको देखिँदैन। २०४६ सालको प्रजातन्त्र पुन:स्थापनापछि नेपाल अधिराज्यको संविधान, २०४७ मा समानताको हकले कानुनका नजरमा सबै नागरिक समान रहने र कानुनका नजरमा कसैलाई भेदभाव नगरिने व्यवस्था गरिएको थियो। यस संविधानले गरेको व्यवस्था अनुरुप सबै कानुनहरू संशोधन गरी दलित समुदायमाथि जातकै आधारमा गरिने विविध आयामका विभेदहरूको समुल अन्त्य गरिएको भनिएको थियो।

दश वर्ष लामो सशस्त्र द्वन्द्व र १९ दिने जनआन्दोलनपश्चात् निर्माण गरिएको नेपालको अन्तरिम संविधान २०६३ ले भने दलित समुदायका पक्षमा क्रान्तिकारी व्यवस्था गरेको थियो। जनआन्दोलन पश्चात् पुन:स्थापित व्यवस्थापिका संसदको बैठकले २०६३ साल जेठ २१ गते नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरी दलित समुदायका लागि सम्मानजनक र मर्यादित जीवन यापन गर्ने आधार तयार गरेको थियो। अन्तरिम संविधानको व्यवस्था अनुसार तत्कालीन मौजुदा कानुनहरू संशोधन गरी दलितविरुद्ध हुने असमानता र विभेद हटाउनुका साथै दलित समुदायलाई राज्यका संयन्त्रहरूमा मूलप्रवाहीकरण गर्न समावेशीकरणको व्यवस्था गरेको थियो। यसका साथै दलित समुदायको उत्थानका लागि ल्याइएका विभिन्न नीति, कार्यक्रम र योजनाहरूले दलितको सशक्तिकरणमा योगदान दिँदै आएको देखिन्छ। तथापि दलित समुदायमाथिको असमानता, विभेद र छुवाछुत जस्तो अमानवीय व्यवहारमा भने अपेक्षाकृत कमी नआएको सर्वेक्षण प्रतिवेदनहरूले देखाउँछन्।

**को हुन् दलित समुदाय?**

हिन्दु वर्णाश्रम व्यवस्थाअन्तर्गत चार तहको व्यवस्थामा सबैभन्दा पिँधमा राखिएको वर्ण शुद्र हो। यस वर्ण व्यवस्थाले शुद्र वर्ण सामाजिक र सांस्कृतिक रूपमा मुलप्रवाहबाट विस्थापित हुँदै कालान्तरमा राज्य र समाजका हरेक क्षेत्रहरू-सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रहरूमा निरन्तर रूपमा विभेद र चेपुवामा पर्दै आए। जयस्थिति मल्लको जात व्यवस्थासम्बन्धी कानुन र जङ्गबहादुर राणाको मुलुकी ऐन, १९१० ले शुद्रहरूलाई झन् विभेद र विस्थापित गऱ्यो। यस ऐनले गरेको “दण्ड कैद गर्नाको” व्यवस्था मात्र हेरे पनि विभेद र असमानतको पराकाष्ठा सहजै अनुमान गर्न सकिन्छ। भारतीय उपमहाद्वीपका शुद्रहरू १९औं शताब्दीमा जातीय अस्तित्व र मानवताका लागि गरेको आन्दोलनबाट शुद्र वर्णलाई दलित समुदायका रूपमा नामाकरण गरियो। राज्यको तहबाट धेरैपछिसम्म दलित शब्द नै स्वीकार नगरिएको भारतीय दलित इतिहासमा देखिन्छ भने २०४६ साल अघिसम्म नेपालमा समेत दलित शब्द प्रयोगमा निषेध गरिएको थियो। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन अनुसार भारतीय दलित नेता डा. भीमराव अम्बेडकरको नेतृत्वको दलितविरुद्धको मुक्ति आन्दोलनको प्रभाव स्वरुप ब्रिटिश इन्डिया गभर्मेन्टद्वारा दलित समुदायका मागहरू सम्बोधन गर्न सन् १९२७ मा गठित सिमोन आयोगले शुद्र र पिछडिएका समुदायका लागि पहिलो पटक दलित शब्द प्रयोग गरेको थियो। त्यसअघि दलित तथा पिछडिएका समुदायलाई हरिजन भनिन्थ्यो भने भारतीय संविधानमा अझै पनि सूचीकृत जातजाति/समुदाय (सेड्युल कास्ट) भनी उल्लेख गरिएको छ।

नेपालका सन्दर्भमा भने दलित शब्दको प्रयोगमा भारतीय दलित आन्दोलन र दलित नेताहरूसँगको नेपालका दलित नेतृत्वको सम्बन्ध, समन्वय, सहकार्य र प्रभावले नै हो। २०४६ सालको प्रजातान्त्रिक आन्दोलनअघि नेपालमा औपचारिक र कानुनी रूपमा दलित शब्द प्रयोग गर्ने अनुमति थिएन। तथापि दलित समुदायको सङ्गठित नेतृत्वले “राष्ट्रिय दलित जनविकास परिषद् भन्ने सङ्गठन” २०२० सालतिर नै भूमिगत रुपमा स्थापना भएको पाइन्छ। यो संस्था औपचारिक रुपमा कँही कतै दर्ता नै भएको थिएन भने २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् “दलित” शब्द प्रयोग गरी दर्जनौं पार्टी भातृ सङ्गठन र सयौं गैरसरकारी संस्थाहरू स्थापना भई दलित मुक्ति आन्दोलनमा विभिन्न प्रक्रिया, विधि र शैलीमार्फत क्रियाशील रहेका छन्।

नेपालको जनगणना २०७८ अनुसार दलित समुदायको जनसङ्ख्या १३.८ प्रतिशत रहेको उल्लेख छ। तथापि यहाँका गैरसरकारी संस्थाहरूद्वारा गरिएको सर्वेक्षणले दलित समुदायको जनसङ्ख्या २० प्रतिशतभन्दा माथि रहेको दावी गर्दछन्। सदियौं वर्षदेखि सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक र शैक्षिक क्षेत्रहरूमा राज्यद्वारा विभेदमा पारिएका दलित समुदायहरू अहिले संवैधानिक र कानुनी रूपमा समान भएता पनि व्यवहारिक रूपमा मानवीय, सम्मानजनक र मर्यादित जीवन जीउन सङ्घर्षरत छन्। समाजका हरेक क्षेत्रमा असमान व्यवहार र विभेदको शिकार भएको महसुस गर्दै मर्यादित जीवनका लागि विभिन्न तबरबाट आन्दोलनरत रहेका देखिन्छन्। मौजुदा संविधान र कानुनले दलितविरुद्ध हुने सबै किसिमका विभेदहरूलाई निषेध र

दण्डनीय बनाएता पनि विभेदमा तात्विक भिन्नता यो समुदायले महसुस नगरेको सर्वेक्षणहरूले देखाएका छन्।

**दलित विरुद्ध हुने गरेका विभेदका स्वरूपहरू**

राष्ट्रसङ्घको प्रतिवेदनलाई उद्धृत गर्दै भोला पासवानले "जहाँ पाइला-पाइलामा जातीय विभेद छ" शीर्षकमा नयाँपत्रिका दैनिकमा प्रकाशन गरेको फिचर समाचारमा उल्लेख गरेअनुसार अहिले पनि दलितलाई ७४ प्रतिशत गैरदलितले घर र भान्सामा प्रवेश गर्न दिँदैनन्। ५२ प्रतिशत गैरदलितले सार्वजनिक धारा कुवा वा पानीका स्रोतहरू प्रयोग गर्न दिँदैनन्। ५० प्रतिशत गैरदलितले मन्दिर प्रवेशमा अवरोध गर्दछन्। ४१ प्रतिशत दलितले छोएको वा उत्पादित दुध बिक्री गर्न समस्या भोगेका छन्। ६७ प्रतिशत गैरदलितले दलित र गैरदलितबिच विवाह वा अन्तरजातीय विवाहलाई अस्वीकार गर्दछन् भने समुदायमा समस्या सिर्जना नहोस् भनी ७० प्रतिशत दलितले विभेदविरुद्ध उजुरी नै दिँदैनन्। कर्णाली र सुदुरपश्चिम प्रदेशका १६ जिल्लामा गरिएको सर्वेक्षण अनुसार ९७ प्रतिशत दलितले आफू जातीय विभेदबाट पीडित भएको बताउँछन्। दलित समुदायले अन्तरजातीय विवाह गरेबापत मारिने, विस्थापित गरिने, विभिन्न आरोप (अपहरण, बलत्कार, चोरी, डकैती आदि) लगाइने गरेका घटनाहरू देखिन्छन्।

दलित समुदायको असमानता र विभेदलाई राज्यले नै स्वीकार गरी राज्यका सबै संयन्त्रहरूमा दलितहरूको पहुँच बढाउनका लागि संवैधानिक व्यवस्था अनुसार विद्यमान ऐन, कानुन र नियमावलीमा नै व्यवस्था गरी समावेशीकरणको सिद्धान्तलाई अङ्गीकार गर्दै दलित समुदायलाई राज्यको मूलधारमा समाहित गर्ने प्रयास एक दशकदेखि केही प्रतिशत दलितहरूको राज्यसंयन्त्रमा समावेशीकरण भएको देखिए तापनि जातीय विभेद, छुवाछुत र सामाजिक-सांस्कृतिक जीवनमा गरिने असमान व्यवहारमा खासै ठूलो परिवर्तन आउन सकेको देखिँदैन। समावेशीकरण र जातीय भेदभाव तथा छुवाछुत दुई फरक पाटाहरू रहेछन्। दलितलाई आरक्षणद्वारा मूलप्रवाहीकरण गर्ने प्रयासका बारेमा गैरदलितहरूबाट ठूलो असन्तुष्टि प्रकट गरी दलितहरूलाई थप मानसिक र मनोवैज्ञानिक असर पुऱ्याउने गरेको समाचार र सामाजिक सञ्जालहरू दैनिक देखिन्छन्। दलित समुदायलाई राज्यका सबै क्षेत्र र संयन्त्रहरूमा समावेश गर्ने उद्देश्य अनुसार निजामती ऐन र अन्य ऐनहरू संशोधन गरी आरक्षणको व्यवस्था गरिएको छ। सकारात्मक विभेद स्वरूप निजामती सेवा र अन्य सेवामा सेवाप्रवेश परीक्षामा सम्पूर्ण कोटालाई एक सय प्रतिशत मानी एक सयको ५५ प्रतिशत खुल्ला राखी बाँकी आरक्षित ४५ प्रतिशतलाई पुन: एक सय प्रतिशत मानी त्यसको नौ प्रतिशत वा समग्रतामा एक सयमा करिब चार प्रतिशत दलित आरक्षणको व्यवस्था गरिएको छ। प्रकाश धौलाकोटीले लोकसेवा आयोगको प्रतिवेदनलाई उद्‌दृत गर्दै नयाँ पत्रिका दैनिकमा प्रकाशित "आरक्षणमाथि आक्रोश अति, तर दलितलाई अवसर नगन्य: दलितलाई भन्दा गैरदलितलाई धेरै आरक्षण" शीर्षकमा लेखेको फिचर समाचार अनुसार निजामती सेवामा अहिलेसम्म २.२२ प्रतिशत मात्र दलित सहभागिता रहेको उल्लेख छ। त्यसैगरी प्रहरी सेवामा ९.४५ प्रतिशत, सैनिक सेवामा ८.१४ प्रतिशत र न्यायाधीशमा १.०९ प्रतिशत रहेको उल्लेख

छ। राजनीतिक क्षेत्रमा पनि दलित विभेदका कारण पीडित हुँदै आएका छन्। सरकारमा दलितको उपस्थिति निराशाजनक छ। यसरी हेर्दा दलितका सामाजिक सांस्कृतिक जीवनमा मात्र नभई राजनीतिक, पेशागत, शैक्षिक र राज्यसंयन्त्रका अन्य क्षेत्रहरूमा समेत असमानता र विभेदमा परेको देखिन्छ।

दलित समुदाय दैनिक जीवनमा जातीय भेदभाव र छुवाछुतजन्य व्यवहारबाट उत्तिकै प्रताडित छन्। देशकै राजधानी र सहरी क्षेत्रहरूमा समेत दलित भएकै कारण डेरा नपाउने अवस्था छ भने ग्रामीण र दूरदराजमा दलितहरूले जातकै कारण भोग्नु परेका विभेद र छुवाछुतको अवस्था झन कति भयावह होला भन्ने सहजै अनुमान गर्न सकिन्छ। असार १, २०७८ मा काठमाडौँमा दलित समुदायकी पत्रकार रूपा सुनारलाई प्रधान थरकी घरबेटीले जातकै कारण डेरा भाडामा दिन अस्वीकार गरेको समाचारहरू धेरैजसो राष्ट्रिय दैनिकले प्राथमिकताका साथ प्रकाशित गरे। यस्ता किसिमका मानसिक र मनोवैज्ञानिक भेदभावले दलितले आफूलाई मर्यादित मानवभन्दा पनि अमानव नै हो कि भन्ने सोच्न बाध्य बनाउँछ। भेदभावका विरुद्धमा प्रहरी प्रशासन र सम्बन्धित निकायमा न्यायका लागि ढोका ढक्ढक्याउँदा प्रहरी उजुरी लिन अस्वीकार गर्दछ। उजुरीउपर कमजोर अनुसन्धान गर्दछ। सरकारी वकिलले अदालतमा पेश गर्न प्रमाण पुगेन भनेर तामेलीमा राख्दछ। अदालतमा दर्ता भइहाले पनि प्रमाणको अभाव र साक्षी नहुँदा अदालतद्वारा आरोपितहरूले सफाइ पाउने वा सामान्य जरिवानामा रिहाइ हुने घटनाहरू प्रशस्त देखिन्छन्। कान्तिपुर दैनिकको “के यो देश दलितको पनि हैन र ?” शीर्षकमा प्रकाशित सम्पादकीयमा लेखिएको छ- “अलिअघि काठमाडौँकी एउटी घरबेटीले एक युवतीलाई दलित भएकै कारण कोठा भाडामा दिन इन्कार गर्छिन्। ती युवती यो अन्याय सहन्नन्। तिनको उजुरी र आम दबाबपछि घरबेटी महिला गिरफ्तार हुन्छिन्, अनि तीन दिन हिरासत बसेर छुट्छिन्। जातीय विभेदको यो व्यवहार यसै पनि अमानवीय, गैरकानुनी र पीडादायी छँदैथियो, यसैलाई मलजल पुग्ने गरी तत्कालिन सरकारका बहालवाला एक मन्त्री ती घरबेटीलाई लिन प्रहरी बृत्त मात्र पग्दैनन्, तिनलाई आफ्नै गाडीमा राखेर घरसम्म पुऱ्याइदिन्छन्”। विभेद घटनाका आरोपित मात्र हैन, सरकार र राज्यसंयन्त्रकै व्यक्तिहरू यसरी जातीय भेदभाव र छुवाछुतलाई प्रोत्साहन गरी पीडितलाई थप पीडा दिन्छन् भन्ने यो एक सामान्य उदाहरण हो। राज्यको संविधान, ऐन, कानुन र नीति नियमहरूले जातीय भेदभाव र छुवाछुतलाई फौजदारी अपराधको रूपमा मानेको छ र कुनै पनि किसिमका विभेदलाई अस्वीकार र निषेध गरी विभेदजन्य अपराधमा संलग्नहरूलाई सजायको व्यवस्था गरेको छ। रूपा सुनारले तत्कालीन मन्त्रीलाई जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसूरमा कारबाहीको माग गर्दै असार २० गते सर्वोच्च अदालतमा रिट दायर गरेकी छन्।

**जातीय भेदभाव र छुवाछुत निषेध गर्न जारी भएका मौजुदा कानुनी व्यवस्थाहरू**

नेपालको विभिन्न राजनीतिक परिवर्तनमा दलित समुदायको उत्तिकै महत्वपूर्ण भूमिका रहँदै आएको कुरा सर्वविदितै छ। जनआन्दोलन २०६२/०६३ पश्चात् पुन:स्थापित व्यवस्थापिका संसदले

नेपालका छुवाछुतमुक्त राष्ट्र घोषणामात्र गरेन, अन्तरिम संविधान २०६३ ले जातीय भेदभाव र छुवाछुतलाई फौजदारी अपराधको स्वरूपमा व्यवस्था गरी सबै प्रकारका जातीय विभेद र छुवाछुत विरुद्धका मुद्दाहरू सरकारवादी मुद्दा हुने व्यवस्था गऱ्यो। उक्त संवैधानिक व्यवस्था अनुसार नै जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ जारी गरी तत्काल लागु गऱ्यो भने नेपालको संविधान २०७२ र मुलुकी अपराध संहिता २०७४ मा समेत जातीय भेदभाव र छुवाछुत जन्य कसुरलाई फौजदारी अपराधको रूपमा व्यवस्था गरेको छ। "सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६", "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६", "नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६" र "ऐच्छिक प्रलेख, १९६६" आदि महासन्धि र सम्झौतासमेतको पक्षराष्ट्र भएको हुनाले पनि नेपालले सोअनुसार संवैधानिक र कानुन व्यवस्था गर्नु बाध्यकारी अवस्थामा थियो। त्यसैले उक्त प्रतिबद्धताहरू पूरा गर्दै नेपालले संविधान, ऐन र अन्य कानुनहरूमार्फत सबै किसिमका विभेदहरूको समूल अन्त्य, उन्मुलन र नियन्त्रण गर्ने व्यवस्था गरेको छ। यस लेखमा नेपालले जातीय भेदभाव तथा छुवाछुतलाई निषेध गर्न लिएका संवैधानिक र कानुनी प्रबन्ध र प्रावधानहरूबारे संक्षिप्त रूपमा चर्चा गरिन्छ।

## १. **नेपालको संविधान** (२०७२)

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै "वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक, विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै" उल्लेख छ। त्यसै गरी मौलिक हकअन्तर्गत निम्न व्यवस्था रहेका छन्:

**(क) सम्मानपुर्वक बाँच्न पाउने हक** (१): प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ।

**(ख) समानताको हक** (१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन।

**(ग) छुवाछुत तथा भेदभाव विरुद्धको हक**

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति

वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।

(४) जातीय छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**(घ) दलितको हकः**

(१) राज्यका सबै प्रकारका निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।

(५) राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ।

(६) राज्यले आवाजविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ।

**(ङ) सामाजिक न्यायको हक** (१) सामाजिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी...समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

२. **मुलुकी अपराध संहिता, २०७४**

(१) **परिच्छेद–१०: भेदभाव तथा अन्य**

**अपमानजन्य व्यवहार सम्बन्धी कसूर**

**(क) भेदभावपूर्ण व्यवहार गर्न नहुने (दफा १६०)**

(१) कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानुन बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानुनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।

**(ख) जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने (दफा १६६):**

(१) कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेसा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न वञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट वञ्चित गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रूपियाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ।

**(ग) अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने (दफा १६८):**

(१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन ...।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिबाना हुनेछ।

**३. जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८**

**(क) जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव विरुद्धको अधिकार (दफा २):** (१) प्रत्येक व्यक्तिलाई जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्धको हक हुनेछ।

**(ख) जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गर्न नहुने (दफा ३):** कसैले पनि जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गर्न वा गराउन हुँदैन।

**(ग) जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गरेको मानिने (दफा ४):** (१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात,

जाति, वंश, समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा यस दफा बमोजिम कुनै काम गने वा गराएमा जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गरेको मानिनेछ।

**(घ) उजुर गर्ने (दफा ५)**: (१) दफा ४ बमोजिम कसूर कसैले गरेका वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालय, उपदफा (३) राष्ट्रिय दलित आयोग वा स्थानीय निकाय मा तोकिए बमोजिमको उजुर गर्न सक्नेछ।

**(ङ) सजाय (दफा ७)**: अपराधको अवस्था र बिगो हेरी तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजार रुपियाँदेखि २ लाख रूपियाँसम्म जरिबाना हुनेछ। (२) सार्वजनिक पद धारण गरेको व्यक्तिले कसूर गरेमा निजलाई उल्लिखित सजायको दोब्बर सजाय हुनेछ।

**(च) बाधा विरोध गर्नेलाई सजाय ( दफा ८)**: यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ।

**(छ) सरकारवादी हुने (दफा ११)**: यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

**४. राष्ट्रिय दलित आयोग ऐन, २०७४**

**(क) आयोगको काम, कर्तव्य र अधिकार**: संविधानको धारा २५६ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरू:

(१) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

२) दलित समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तिकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

३) दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सो समुदायको सशक्तिकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच निच दर्शाउने जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणा आधारित विचार व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछुत वा सामाजिक कुरीतिविरुद्ध सामाजिक सचेतना अभिबृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,

५) दलित समुदायको हक हितको संरक्षण र संवर्द्दन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि आवश्यक सूचना, जानकारी एवम् चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

६) दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय

सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

७) दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

८) दलित समुदायको हक हितको संरक्षण, सम्बर्धन र सशक्तिकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

९) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने गराउने,

**(क) उजुरी दिन सक्ने (दफा ८)**: (१) कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक करीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्नेछ।

(ख) यसरी प्राप्त भएका उजुरी उपर आयोगले ऐनको **दफा ९ अनुसार प्रारम्भिक छानविन तथा कारवाही, दफा १० बमोजिम उजुरीको छानविन, र दफा १२ बमोजिम मुद्दा दायर गर्न सिफारिस गर्ने** व्यवस्था उल्लेख छ।

**५. राष्ट्रिय प्रसारण ऐन, २०४९**

**(क) कार्यक्रम उत्पादन तथा प्रशारण (दफा ११)**: प्रशारण संस्थाले (१) सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भावना र सामञ्जस्यता अभिबृद्धि गर्ने किसिमका कार्यक्रमहरू र (च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मुल्य मान्यता एवम् संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू उत्पादन तथा प्रशारण गर्नुपर्नेछ।

**(ख) विज्ञापन प्रसारण गर्न नपाइने (दफा १५)**: कसैले पनि (१) कुनै जाति, भाषा, धर्म र संस्कृतिलाई अपब्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू प्रशारण गर्न पाइने छैन।

**(ग) प्रसारकको काम, कर्तव्य र अधिकार (दफा १६)**: (१) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने वा गर्न नलगाउने र (ग१) कसैको चरित्र हत्या वा अपमान हुने वा लैं क हिंसा वा विभेदलाई बढवा दिने पकृतिका सामाग्री प्रसारण नगर्ने वा गर्न नदिने व्यवस्था उल्लेख छ।

(घ) सजाय: (दफा १७) यस ऐन विपरित कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार रूपियाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

**मौजुदा कानुनको कार्यान्वयन र यसमा देखिएका अन्तरविरोध**

दलित समुदायविरुद्ध हुने जातीय भेदभाव तथा छुवाछुतलाई निराकरण र न्यूनिकरण पार्नका लागि राज्यद्वारा उल्लेखित संवैधानिक तथा कानुनी प्रावधानहरू

क्रियाशील छन्। उल्लेखित संवैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका, नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन तत्काल कदम चाल्न सकेमा दलित समुदायविरुद्ध हुने विभिन्न स्वरूप र आयामका भेदभाव न्यूनिकरण गर्न सकिन्छ। राज्यद्वारा जारी गरिएका मौजुदा कानुनहरू पर्याप्त नभएपनि अहिलेका लागि धेरै हदसम्म उपयुक्त देखिन्छन्। मौजुदा कानुनी व्यवस्थाहरू हुँदाहुँदै पनि दलित विरुद्धका भेदभाव र छुवाछुतजन्य आपाराधिक क्रियाकलापहरूले निरन्तरता पाइरहेका छन्। प्रत्येक दिन प्रकाशित समाचार तथा सामाजिक सञ्जालहरूमा सयौं मात्रामा विभेदका घटनाहरू सार्वजनिक हुँदै आएका छन्। पर्याप्त कानुनी व्यवस्था हुँदा पनि छुवाछुत र भेदभाव न्यूनिकरण हुन नसक्नु गम्भीर चासोको विषय हो। अहिलेसम्म न्यूनीकरण हुन नसक्नुका कारण निम्न औंल्याउन सकिन्छः

१. नेपाली समाज कानुनी व्यवस्था भन्दा पनि परम्परागत कूसंस्कारजन्य व्यवहारिक, सामाजिक र सांस्कृतिक अभ्यासलाई निरन्तरता दिन चाहन्छ। तर, राज्यले यसलाई नियन्त्रण गर्न आवश्यक र पर्याप्त तदरुकता देखाएको देखिँदैन।
२. कानुनको अनभिज्ञता क्षम्य हुँदैन तथापि मौजुदा कानुनी व्यवस्था र प्रावधानहरूका बारेमा पीडित तथा पीडक(समुदाय)सम्म जानकारी तथा चनचेतना पुऱ्याउन राज्यका संयन्त्र निरुत्साहित भएको देखिन्छ।
३. अधिकांश पीडित समुदायले विभेदका विरुद्धमा कानुनी उपचार खोज्ने प्रयास नगरेको देखिन्छ किनकी त्यस्ता उजुरी र कानुनी उपचारले समाजमा थप द्वन्द्व, असमाञ्जस्यता र विवाद बढाउँछ भन्ने आशङ्का देख्छन्। त्यसले भोलिका दिनहरूमा सामाजिक बहिष्कार र सामाजबाट नै विस्थापित हुनुपर्ने भय देखिन्छ।
४. विभेदका अधिकांश पीडित व्यक्तिहरू कहाँ, कसलाई र कसरी उजुरी दिने तथा कसरी कानुनी न्याय वा उपचार पाउने भन्ने बारेमा अनभिज्ञ देखिन्छन्।
५. अधिकांश छुवाछुत र भेदभावका मुद्दाहरू स्थानीयस्तरमै स्थानीय जनप्रतिनिधि तथा प्रहरीको रोहवरमा मेलमिलापमा नै टुङ्गो लगाउने गरेको देखिन्छ। पीडितलाई उक्त निर्णय चित्त नबुझे पनि विरोधमा बोल्ने आँट गर्न सक्दैन।
६. अधिकांश विभेदविरुद्ध उजुरीहरू दर्ता गर्न प्रहरीले असहयोग गरेका समाचार दैनिक रूपमा आउँछन्। उजुरीमा प्रमाणको अभाव देखाइन्छ र दर्ता गरिँदैन।
७. दर्ता गरिएका मुद्दाहरू उपर प्रहरीले फितलो र कमजोर अनुसन्धान गर्ने तथा प्रमाणको अभाव देखाउने गरेको देखिन्छ भने सरकारी वकिलको कार्यालयमा पेश गर्ने रायसहितको प्रतिवेदनलाई सरकारी वकिलले सम्भव भएसम्म मुद्दा अघि नबढाउने र यदि मुद्दा अघि बढाएमा पनि कमजोर दावीसहित

मुद्दा अघि बढाउने जसले गर्दा अदालतबाट पीडकले सफाई पाउने अवस्था रहन्छ।

८. अदालतमा पुगेका छुवाछुत तथा भेदभावका मुद्दाले संक्षिप्त कार्यविधि ऐन अनुसार मुद्दा अगाडि बढाउने हुनाले पर्याप्त प्रमाण बुझ्ने र साक्षी बुझ्ने नगरी फैसला गरेको देखिन्छ। धेरैजसो मुद्दाहरूका फैसलाहरूमा न्यूनतम सजाय वा सफाई दिएको पाईन्छ।

९. नेपालको कानुनी प्रक्रिया खर्चिलो, झञ्झटिलो र प्रक्रियामुखी छ। त्यसैले पनि सर्वसाधारण पीडितले प्रहरी र अदालतसम्म पुग्ने आँट नै गर्न सक्दैन। सरकारवादी मुद्दा भएता पनि आफ्नो कानुन व्यवसायी राख्नुपर्ने बाध्यता रहन्छ। खर्च र समय दुवै बढि लगाउनुपर्ने भएकोले अदालती झञ्झटमा पीडितहरू अल्झिन चाहदैनन्।

१०. पीडित समुदायमा चेतनाको अभाव वा कानुनी प्रावधानहरूको अनभिज्ञताका कारण कानुनी उपचारमार्फत न्याय पाइन्छ भन्ने जानकारी वा विश्वास कम रहेको देखिन्छ।

**जातीय भेदभाव तथा छुवाछुतजन्य समस्या समाधानका उपायहरू**

जातीय भेदभाव तथा छुवाछुत मानवता विरुद्धको अपराध हो। यस्ता अपराधका पीडितहरू कहिलेकहीं त आफूलाई मानव भएको महसुस नै गर्दैनन्। उनीहरूको पक्षमा समाज र प्रशासन दुवै नभएको महसुस गर्दछन्। आजको एक्काइसौं शताब्दीका दलितहरू आफ्नो अस्तित्वको खोजी गरिरहेको देखिन्छन्। आत्मसम्मान र मर्यादित जीवन बिनाको दलित समुदायले निरन्तर आफू अपमानित भएको महसुस मात्र गर्दैन, आफैँलाई घृणा समेत गरेको देखिन्छ। नेपालमा पर्याप्त मात्रामा मौजुदा कानुन र नियमहरूका बाबजुद् पनि भेदभावजन्य व्यवहार र घटनाहरू दैनिकजसो सार्वजनिक हुनुले कार्यान्वयनको प्रभावकारितामा आशङ्का गर्ने ठाउँ देखिन्छ। मौजुदा कानुनी व्यवस्था र प्रावधानहरूको प्रभावकारी कार्यान्वयनले मात्र शताब्दीऔँ लामो सामाजिक कुरीति र कुसंस्कारलाई नियन्त्रण र न्यूनीकरण गर्न सम्भव हुन्छ। तसर्थ यसको न्यूनीकरणका लागि सम्बन्धित सरोकारवालाहरूले तपसीलका उपायहरू अबलम्बन गर्न सकिन्छ:

१. मौजुदा संवैधानिक र कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कानुन, नियम, नियमावली र निर्देशिकाहरू तत्काल निर्माण गरी अक्षरश: कार्यान्वयन गराउनु पर्दछ।

२. संवैधानिक तथा कानुनी व्यवस्थाहरूको कार्यान्वयन समुदायस्तरसम्म पुऱ्याउन आवश्यक थप रणनीति, गतिविधि र कार्यक्रम निर्माण गरी कार्यान्वयन गराउनु पर्दछ। जसका लागि सङ्घीय, प्रदेश सरकार र स्थानीय निकायहरूले पर्याप्त बजेट व्यवस्थापन गर्नुपर्दछ।

३. सरकारका सम्बन्धित संयन्त्रहरूलाई जिम्मेवार र जबाफदेही बनाउनु पर्दछ। उजुरी नलिने, फितलो अनुसन्धान गर्ने तथा मुद्दा कमजोर बनाउन सहयोग गर्ने प्रहरी र अन्य

कर्मचारीहरूलाई विभागीय कारवाही गर्नुपर्दछ।

४. कानुनमा व्यवस्था भए बमोजिम भेदभावमा संलग्न र पीडकलाई बचाउन खोज्ने राष्ट्रसेवकलाई दोब्बर सजाय दिलाउनुपर्दछ।

५. भेदभावका पीडकहरूलाई संविधान र कानुनमा भएको व्यवस्था बमोजिम अधिकतम जरिवाना र कैद सजाय गरिनु पर्दछ।

६. समुदायस्तर र सरोकारवालाहरूसमक्ष चेतना विस्तारका कार्यक्रम तथा गतिविधिहरू संचालन गर्न राज्यका संयन्त्रहरू क्रियाशिल हुनुपर्दछ। आफ्ना वार्षिक कार्यक्रमका निश्चित प्रतिशत बजेट सोका लागि विनियोजन गर्नैपर्ने बाध्यकारी व्यवस्था हुनुपर्दछ।

७. जातीय भेदभाव तथा छुवाछुत सामाजिक फौजदारी अपराध भएकाले त्यस्ता अपराधमा सजाय पाएका अपराधीहरूलाई कानुनी सजायका साथै सामाजिक बहिष्कार र राज्यबाट लिने सेवासुविधाबाट निश्चित समय वञ्चित गराउनुपर्दछ।

८. जातीय भेदभाव तथा छुवाछुतजन्य व्यवहार अमानवीय, गैरकानुनी र मानवीय मूल्य मान्यताका विरुद्ध भएको कुरालाई राज्यले स्वीकार गर्दै राज्यले आधारभूत तहदेखि उच्च शिक्षासम्म दलित समुदायसँग सम्बन्धित पाठ्य सामाग्रीहरू अनिवार्य समावेश गर्न आवश्यक छ।

९. जातीय भेदभाव र छुवाछुतका पीडितहरूको सामाजिक आर्थिक सुरक्षाको सुनिश्चितता राज्यले गर्नुपर्दछ। जसका कारण उजुरी गरे नै बापत सामाजिक रूपमा बहिष्कृत हुने वा समाजबाट विस्थापित हुनुपर्ने अवस्था रहँदैन।

**निष्कर्ष**

दलित समुदाय विरुद्ध भएका जातीय भेदभाव र छुवाछुत जस्तो अमानवीय, अव्यवहारिक र कानुनी नजरमा फौजदारी अपराधमा संलग्न पीडक तथा अपराधीहरूलाई राज्यका मौजुदा कानुन र नियमहरू बमोजिम अधिकतम सजाय गरिएमा जातकै कारण मारिनुपर्ने थिएन। जातकै कारण डेरा नपाउने, श्रमका अवसर नपाउने तथा न्याय नपाउने अवस्था रहने थिएन। संविधान र विद्यमान कानुनहरू प्रभावकारी कार्यान्वयन गरिदिए मात्रै पनि जातीय भेदभाव र छुवाछुत नियन्त्रण र न्यूनीकरणमा ठूलो साथ मिल्ने थियो। मौजुदा कानुनी प्रावधानको कार्यान्वयन गर्नका लागि समेत राज्यसंयन्त्र तयार नहुँदा दलित समुदायले सम्मानित र मर्यादित जीवन जिउने परिकल्पना साकार हुन सकेको छैन। तत्कालिन राजनीतिक परिवर्तनमार्फत दलित, पिछडिएको समुदाय र सिमान्तकृत समुदायहरूको मर्यादित जीवन जिउने अभिलाषा पुरा हुने आशा गरिएको भएलतापनि दलितहरूले अझै मानवीय जीवन जिउन पाएका छैनन्। दलित समुदायले सम्मानजनक र मर्यादित जीवन जिउन पाउने वातावरण बनाउन जिम्मेवार नागरिकका हैसियतले सबैले आआफ्नो क्षेत्र र तहबाट भूमिका खेल्नु आवश्यक छ।

(लेखक पूर्व महासचिव/सदस्य, इन्सेक उपप्राध्यापक, त्रि.वि., पाटन संयुक्त क्याम्पस)

विश्लेषण

# नेपाली दलित आन्दोलनः वर्तमान र भविष्य

'दलित' शब्द भारतका सामाजिक सुधारक श्री ज्योतिराव फुलेले पहिलोपटक सन् १८८० मा प्रचलनमा ल्याएको मानिन्छ। पछि डा.अम्वेडकर र महात्मा गान्धी दुबैले यस शब्दलाई प्रयोग गरे। अहिले आएर छुवाछुत र उत्पीडन भोग्ने सबै जात जातिलाई संयुक्त रूपमा 'दलित' भङ्ग गरिएको छ। यद्यपि दलित भङ्ग शब्द सिर्जना हुनुभन्दा धेरै हजार वर्षअगाडिदेखि नै दक्षिण एसियाली सामन्तवादी समाजमा जातीय भेदभाव र छुवाछुत विद्यमान थियो। सम्भवत: आजभन्दा पाँचहजार वर्षजति अघि सिन्धुघाँटीमा आइपुगेका घुमन्ते आर्यहरूले द्राविड र आष्ट्रिक जातिका मानिसलाई युद्धमा हराएर दास बनाएपछि दलित अवस्था प्रारम्भ भएको हुनुपर्दछ। आजभन्दा २६ सय वर्षअघि दलित समस्याको अन्त्य गर्ने साहसी पहल गर्ने प्रथम महान व्यक्ति गौतम बुद्ध थिए।



गणेश विश्वकर्मा

२०७८ सालको जनगणना अनुसार कूल जनसङ्ख्याको झण्डै १४.२ प्रतिशत दलित रहेका छन्। नेपालमा ब्राह्मण जति छन् त्योभन्दा दुई प्रतिशत ज्यादा दलित जनसङ्ख्या रहेको छ। बहुआयामिक गरिबी दलितको एउटा मुख्य समस्या रहेको छ। नेपाल जीवनस्तर सर्वेक्षण २०६६ अनुसार कूल जनसङ्ख्याको २५.२ प्रतिशत गरिबीको रेखामुनि थिए। करिब डेढ दशकपछि २०७९ सालको जीवनस्तर सर्वेक्षणमा अहिले त्यो गरिबी २०.३ प्रतिशतमा ओर्लेको छ। यसरी हेर्दा दलितको गरिबी देशको वर्तमान औसत गरिबीभन्दा दोब्बर बढी छ। दलितको औसत गरिबी ४१ प्रतिशत रहेको छ। पहाडका दलितमध्ये ४२.४ प्रतिशत र मधेसी दलितमध्ये ४०.२ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि छन्। शिक्षामा पनि दलितहरू धेरै पछाडि छन्। यसअघिको २०६८ सालको जनगणनामा नेपालको औसत साक्षरता ६५ प्रतिशत हुँदा दलितहरू केवल ४३ प्रतिशत साक्षर थिए। एस.एल.सी (हाल एस.इ.इ) उत्तीर्णमध्ये १.६ प्रतिशत र स्नातक उत्तीर्णमध्ये ०.८ प्रतिशत मात्र दलित रहेको थियो। भूमिमा जनसङ्ख्याको निर्भरता घट्दै गए पनि नेपाली समाज अझै भूमिकेन्द्रित हुन पूरापूर छोडिसकेको छैन। नेपालमा शक्ति, सान र सम्पन्नताको एउटा मुख्य स्रोत अझ पनि जमिन रहीआएको छ। तर दलितसित हुँदै नभएको वा कम भएको भनेको जमिन नै हो। तराइका दलितमध्ये ३७ प्रतिशतसित खेती गर्ने जमिन छैन। मुसहरहरूमध्ये ७९ प्रतिशतसित त घर ठड्याउने जमिन समेत छैन। पहाडका ९७ प्रतिशत हलिया दलित छन्। तिनीहरूमध्ये ८९ प्रतिशत भूमिहीन छन्। तराइका हरवाचरवामध्ये ७४ प्रतिशत दलित छन्। हरवाचरवाको मुख्य समस्या नै भूमिहीनता हो। हरवाचरवाका ८८ प्रतिशत घर टहरो प्रकृतिका छन् जहाँ घर बनाइएको छ त्यहाँ आफ्नो स्वामित्व हुने हरवाचरवा केवल २९ प्रतिशत छन्।

नेपालको संविधानमा राज्यका सबै

निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरिएको छ। यसको तात्पर्य दलित जनसङ्ख्याको प्रतिशत जति छ त्यति नै अनुपातमा उनीहरू कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा पर्नु आवश्यक छ। तर संघीय मन्त्रीपरिषदमा जनसङ्ख्याको अनुपातमा १४ प्रतिशत दलित पर्नु त टाढाको कुरा रह्यो, एकजना पनि दलित मन्त्री समावेश गरिएको छैन जब कि १२ प्रतिशत जनसङ्ख्या रहेको ब्राह्मणको भने त्यसमा ४० प्रतिशत प्रतिनिधित्व रहेको छ। त्यस्तै, न्यायपालिकातर्फ २० सदस्यीय हालको सर्वोच्च अदालतमा पनि दलितको प्रतिनिधित्व शून्य छ जबकि दलितभन्दा २ प्रतिशत कम जनसङ्ख्या रहेको ब्राह्मणको भने १४ जना न्यायाधीश परेका छन्। यो भनेको न्यायाधीशको कूल सङ्ख्याको ७० प्रतिशत हो। सङ्घीय व्यवस्थापिकामा भने बाध्यकारी संवैधानिक र कानुनी व्यवस्थाका कारण दलितको प्रतिनिधित्व पहिलेभन्दा थोरै बढेको छ। २ सय ७५ जनाको सङ्घीय प्रतिनिधिसभामा १९ जना अर्थात ६.९ प्रतिशत दलित रहेका छन्। ५९ जनाको राष्ट्रिय सभामा ८ जना (१३.५५ प्रतिशत) दलित सांसद रहेका छन्। यसप्रकार प्रतिनिधिसभा र राष्ट्रिय सभाका कूल जम्मा ३ सय ३४ सांसदमध्ये २७ जना दलित सांसदको प्रतिनिधित्व रहेको छ जुन प्रतिशतमा ८ प्रतिशत हुन्छ। यो विगतको भन्दा निश्चय पनि बढी हो।

त्यस्तै, बाध्यकारी संवैधानिक र कानुनी व्यवस्थाका कारण स्थानीय तहमा पनि दलितको प्रतिनिधित्व बढेको छ। २०७८ सालको स्थानीय तहको निर्वाचनमा नेपालका कूल २ सय ९३ नगरपालिकामध्ये तीन ओटामा दलित मेयर र नौ ओटामा दलित उपमेयर निर्वाचित भएका छन्। त्यस्तै, देशका कूल ४ सय ६० गाउँस्तरका पालिकामध्ये ६ जना दलित अध्यक्ष चुनिएका छन् भने सात ओटामा दलित उपाध्यक्ष चुनिएका छन्। नगरपालिका र गाउँपालिका मिलाएर मुलुकका कूल ६ हजार ७ सय ४३ वडाहरूमध्ये १ सय ४८ ओटामा दलित वडाध्यक्ष समेत निर्वाचित भएका छन्। हरेक वडामा एक जना दलित महिला सदस्य



*गुह्येश्वरी मन्दिर प्रवेश गर्नुअघि ऱ्यालीमा सहभागी हुँदै दलित समुदाय*

अनिवार्य रूपमा चुनिनुपर्ने संवैधानिक प्रावधानका कारण ६ हजार ६ सय २० जना दलित महिला वडा सदस्य देशभरिका वडाहरूमा स्वत: निर्वाचित भएका छन्। तर, १ सय २३ वटा वडामा चाहिँ उम्मेदवारी दिने दलित महिला नै फेला नपरेका कारण संवैधानिक प्रावधानका बाबजुद ती वडा दलित-महिला जनप्रतिनिधि शून्य रहेका छन्। त्यसबाहेक, कूल १३ हजार ४ सय ८६ वडा सदस्यमध्ये ८ सय ७८ दलित वडा सदस्य अलग्गै पनि निर्वाचित भएका छन्। यसरी कूल जोड गर्ने हो भने स्थानीय तहका कूल २५ हजार ४१ पदमध्ये ७ हजार ६ सय ३ दलित निर्वाचित भएका छन् जुन प्रतिशतमा ३०.६ प्रतिशत हो। स्थानीय तह नै त्यो स्थान हो जहाँ कूल जम्मा पदमा दलित प्रतिनिधित्व उसको जनसङ्ख्याभन्दा धेरै ज्यादा रहेको छ। यसो भएतापनि पालिकाको नेतृत्वदायी पदमा भने दलितको प्रतिनिधित्व अझै सन्तोषजनक हुन सकेको छैन। यो संविधानत: हुनुपर्नेभन्दा निकै कम रहेको छ। यस कहाली लाग्दो अवस्थाबाट मुक्ति प्राप्त गर्न संरचनागत परिवर्तन पहिलो सर्त हो।

**नेपालको दलित आन्दोलन फर्केर हेर्दा**

नेपालको राजनीतिक आन्दोलन हेर्दा १९१० सालबाट लोकतान्त्रिक आन्दोलनको सुरुवात भयो भने २००६ सालबाट कम्युनिस्ट आन्दोलनको सुरुवात भयो। तर, नेपालका सबैजसो राजनीतिक आन्दोलनले जातव्यवस्थामा आधारित सामन्तवादको चर्चा नै गरेनन्। उनीहरूले युरोपको सामन्तवाद जस्तो, चीनको सामन्तवाद जस्तो, रुसको सामन्तवाद जस्तो जात नभएको सामन्तवादको विश्लेषण गरे यो गम्भीर त्रुटि हुन पुग्यो। ऐतिहासिक जनक्रान्ति २०६२/६३ पछि नेपाली जनताको सातदशक लामो सङ्घर्षको दौरान भएका आर्थिक/सामाजिक सन्नीकट सचेतनाको संयोजनले गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशीता र समानुपातिकताको झ्यालबाट भविष्यमा जातीय छुवाछुत र सबै प्रकारका भेदभावमुक्त सुन्दर, शान्त र प्रगतिशील नवनेपालको दलितमैत्री तस्विर सहजै देख्न सकिने राजनीतिक अवस्थामा हामी अहिले आइपुगेका छौँ। मुलुक संवैधानिक र राजनीतिकरूपमा जातीय छुवाछुतमुक्त बनेको छ। सोको नियमन गर्ने कानुन बनेको छ भने सोको प्रभावकारी अनुगमन गर्न संवैधानिक राष्ट्रिय दलित आयोगको स्थापना भएको छ। नेपाली दलित आन्दोलनलाई १९९७ देखि २०४६ सालसम्म आइपुग्दा जातीय छुवाछुत र भेदभाव विरोधी आन्दोलन, २०४६ देखि २०७२ सम्म राजनीतिक सहभागितासहितको आरक्षणको आन्दोलन र २०७२ देखि समानुपातिकसहित राजनीतिक हिस्सेदारीको आन्दोलनको रूपमा हेर्न सकिन्छ। नेपालको संविधानले वि.सं.२००७ देखिका सबैखाले आन्दोलनहरूका उपलब्धिहरूलाई संवैधानिक रूपमा संस्थागत गर्ने युगीन काम गरेको छ। दलित मुद्दा नेपाली राजनीतिको एक स्वायत्त आन्दोलन तथा संबोधन गर्नैपर्ने अनिवार्य केन्द्रीय विषय बनेको छ। देशव्यापी रूपमा दलितहरूमा मौनताको संस्कृतिको अन्त्य भई दलितहरू सङ्गठित भएका छन्, राजनीतिक प्रक्रियाबाट हजारौँ राजनीतिक नेता तथा कार्यकर्ताहरू उत्पादन भएका छन् र गैरदलितहरूको ठूलो हिस्सा दलित मुद्दामा आफैँ लड्ने भएको छ। अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरू यस मुद्दामा सकारात्मक छन्। दलित मुद्दा मानवअधिकार र सामाजिक न्यायको आन्दोलन भएका कारण राज्यले सम्बोधन गर्नैपर्ने सामाजिक समूहका रूपमा संविधानमै पहिचानकासाथ स्थापित भएको छ।

**नेपाली समाजको चरित्र र दलित समस्या**

नेपालको दलित समस्या जातिजाति बीचको, धर्मधर्मबीचको, रंगरंगकाबीचको, भूगोलभूगोलबीचको समस्या होइन यो त सामन्तवादी अवशेषको श्रमशोषण तथा जातीय विभेदमा आधारित समस्या हो। नेपालको दलित समस्यालाई विश्लेषण गर्दा तीन भाग तर एक अर्काको सहअस्तित्वका निम्ति अनिवार्य समेत बन्दै आएको समस्याका रूपमा बुझ्न सकिन्छ। यस समस्यालाई केवल वर्गीय अवधारणामा मात्र बुझ्ने वा जातीय अवधारणामा मात्र बुझ्ने दुईटै गल्ती कदापि गर्नुहुँदैन। त्यसैले नेपालको दलित समस्या मूलत: वर्गीय, जातीय र छुवाछुत (वजाछू) व्यवस्थाले एक अर्कालाई अँगालो हालेको अवस्थामा छ। जसलाई राजनीतिक, आर्थिक र सामाजिक गरी ओदानीका तीन ओटा खुट्टाका रूपमा विश्लेषण गरी सोही अनुसारको आर्थिक सामाजिक प्रगतिशील रूपान्तरणको कार्यक्रममार्फत सम्बोधन गर्नुपर्दछ।

**दलित मुक्तिको पहिलो सर्त राजनीतिका क्षेत्रको रूपान्तरण**

नेपालले अवलम्बन गरेको विद्यमान शासन प्रणाली र निर्वाचन प्रणालीमा आमूल परिवर्तन अहिले नेपाली जनताको मुख्य कार्यभार हो। जबसम्म यो कार्यभार पूरा गर्न दृढता र साहसकासाथ अगाडि बढ्ने काम गरिने छैन नेपाली जनताका निम्ति समृद्धि आफै प्राप्त हुने छैन। समाजवादी व्यवस्था अन्तर्गत नेपालको राज्य व्यवस्थामा दलाल पूँजीपति वर्गको अधिपत्यलाई सम्पूर्ण रूपले अन्त्य गरी श्रमजीवि क्रान्तिकारी सबै वर्ग, तह, लिङ्ग, जाति, समुदाय र क्षेत्रको समावेशी प्रतिनिधित्व हुने गरी राजनीतिक क्षेत्रको पुन:संरचना गरिनुपर्दछ। हालको निर्वाचन प्रणालीमा श्रमजीवी दलित समुदायको राष्ट्रिय राजनीतिको मूलधारमा आउन सक्ने आर्थिक तथा संरचनागत कारणले सम्भव छैन। समानुपातिक सूचीतर्फका विकृति र विसङ्गतिहरू हटाउँदै सङ्घीय समाजवादी व्यवस्थामा सबै तहको निर्वाचन समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचन गर्ने व्यवस्था गरिनुपर्दछ। यसका लागि राजनीतिक दल, प्रशासन संयन्त्र तथा संसदीय क्षेत्रलाई समेत पूर्ण



*जातीय विभेद विरुद्ध निकालिएको र्‍याली*

समानुपातिक बनाइनुपर्दछ। राजनीतिज्ञहरूमा रूपान्तरणकारी विकासको सोच र दृष्टिकोणको विकास र कर्मचारीतन्त्रमा नवीनतम सोच र जवाफदेहिताको विकास गरिनुपर्दछ।

**दलित मुक्तिको दोस्रो सर्त आर्थिक क्षेत्रको रूपान्तरण**

नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय सबैखाले विभेद अन्त्य गरी बहिस्करणमा पारिएका दलित जस्ता समुदायलाई राष्ट्रिय मूलधारमा स्थापित गरिनुपर्दछ। दलितहरूको आर्थिक क्षेत्रको समस्या भनेको भूमिहिनता, बेरोजगारी र शोषणमुलक कुप्रथाहरू हुन्। आर्थिक स्रोत र साधन तथा शक्ति वितरणमा निस्पक्षता, स्वतन्त्र एवम् निस्पक्ष न्याय प्रणाली, समान राजनीतिक र संवैधानिक अधिकारको प्रत्याभूति गरिनुपर्दछ। बजार र समष्टिगत योजनाबद्ध विकासको समन्वय हुने यस्तो अर्थतन्त्रमा पहिलो चरणमा समाजवाद उन्मुख अर्थतन्त्र, दोश्रो चरणमा समाजवादमा आधारित मिश्रित अर्थतन्त्र र तेश्रो चरणमा समाजवादी अर्थतन्त्र विकास गर्ने नीति अवलम्बन गरिनुपर्दछ। समाजवादमा गरिने विकासमा पूर्णतय समुदायको भूमिका निर्णायक हुनुपर्दछ।

भूमिमा जनसङ्ख्याको निर्भरता घट्दै गएपनि नेपाली समाज अझै भूमि केन्द्रित हुन पूरापूर छोडिसकेको छैन। नेपालमा शक्ति, शान र सम्पोताको एउटा मुख्य स्रोत अझ पनि जमिन रहीआएको छ। तर दलितसित हुँदै नभएको वा कम भएको भनेको जमिन नै हो। तराईका दलितमध्ये ३७ प्रतिशतसँग खेती गर्ने जमिन छैन। मुसहरहरूमध्ये ७९ प्रतिशतसँग त घर ठड्याउने जमिन समेत छैन। पहाडका ९७ प्रतिशत हलिया दलित छन्। तिनीहरूमध्ये ८९ प्रतिशत भूमिहीन छन्। तराईका हरवाचरवामध्ये ७४ प्रतिशत दलित छन्। दलित हरवाचरवाको मुख्य समस्या नै भूमिहीनता हो। हरवाचरवाका ८८ प्रतिशत घर टहरो प्रकृतिका छन् ती पनि आफ्नो जमिनमा बनाइएका छैनन्। जहाँ घर बनाइएको छ त्यहाँ आफ्नो स्वामित्व हुने हरवाचरवा केवल २९ प्रतिशत छन्।

**दलित मुक्तिको तेस्रो सर्त सामाजिक क्षेत्रमा रूपान्तरण**

एक्काइसौं शताब्दीको मानव श्रेष्ठतालाई चर्को उपहास गरिरहेको जातीय छुवाछुत प्रथाले नेपाली समाजलाई कलङ्कित बनाइरहेको छ। नेपाली समाजमा वर्णव्यवस्था हुँदै जातव्यवस्थाको स्वरूप धारण गरेको दलित समस्या शिक्षा, दण्डहीनता र जातीय छुवाछुतबाट पूर्ण रूपमा अन्त्य गर्नुपर्दछ। समाजवादको पहिलो चरणमै यो वर्णभेद र जातीय छुवाछुत प्रथालाई पूर्ण रूपले अन्त्य गर्न सक्नुपर्दछ।

दक्षिण एशियाली समाजको सम्पूर्ण इतिहास जातपात र उचनीचमय भेदभावको इतिहास हो। नेपाली दलित समुदाय एकातिर उत्पादनका साधनहरूबाट बञ्चित छ भने अर्कातिर श्रम विभाजनको प्रक्रियाबाट शासकहरूको कोपभाजनमा परेको छ। नेपाली दलित समस्या राजनीतिक बहिष्करण, आर्थिक उत्पीडिन, सामाजिक भेदभाव र साँस्कृति असमावेशीकरणको एकीकृत समस्या हो। दलित समुदायको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रलाई एकसाथ सम्बोधन हुने गरी नेपाली विशेषताको समाजवादी कार्यक्रम कार्यान्वयनमा जानुको विकल्प छैन।

(लेखक मानव अधिकार अभियन्ता हुनुहुन्छ।)

विश्लेषण

# नेपालमा दलित आन्दोलनको इतिहास र वर्तमान अवस्था

**पृष्ठभूमि**

भारत वर्षमा वर्णाश्रम व्यवस्था झन्डै पाँच हजार वर्ष पहिले इरान हुँदै प्रवेश गरेको मानिन्छ। इरानबाट भारत वर्ष पसेको वर्णव्यवस्था भारतको गंगा मैदान हुँदै नेपाल प्रवेश गरेकोमा मैतक्य छैन। भारत वर्षबाट नेपाल प्रवेश गरेको हिन्दूको समूहले साथै ल्याएको वेद, पुराण र मनुस्मृति जस्ता धर्मग्रन्थहरूको प्रभावले वर्णाश्रम व्यवस्थाले नेपाली समाजमा जरो गाड्दै गएको धेरै अध्येताहरूको अभिमत छ। खास गरेर नेपालमा लिच्छवी शासनकालमा अंशु वर्माको समयमा, लिच्छवीपछि शासन चलाएका मल्लहरूको बखतमा जयस्थिति मल्लले नेपालमा वर्णाश्रम व्यवस्थालाई प्रश्रय दिने किसिमको कानुन बनाएर शासन गरेको इतिहासमा पढ्न पाइन्छ। मल्लको पेशासँगै जातको वर्गीकरणको विचार मनुस्मृतिमा मनुले प्रस्तुत गरेका विचारसँग अधिक सामिप्यता राख्ने हुनाले वर्णाश्रम व्यवस्थालाई प्रश्रय दिएको दोष स्वाभाविक लाग्न सक्छ।



निशान्त ढुङ्गाना

मल्लपछि काठमाडौँमा राज्य गरेका शाहहरूले समेत गोरखा राज्यमा राम शाहले चलाएको थीति अनुरुपको वर्णाश्रम व्यवस्थालाई उपत्यकामा थप मलजल गर्न भूमिका खेलेको इतिहासमा पढ्न पाइन्छ। शाह राजाहरूको राजनीतिक अधिकारलाई खोपीमा थन्काएर शक्तिशाली जहानिया राणा शासनको सुरुआत गरेका जंगबहादुर राणाले विसं १९१० मा जारी गरेको मुलुकी ऐनले भने त्यस अगाडिका सम्पूर्ण वर्णाश्रम व्यवस्थालाई माथ दिने गरी निर्माण गरेको जातीवादी कानुनले नेपाली समाजलाई जातीय भेदभावमा विभाजन गरेको मान्न सकिन्छ। जंगबहादुरले मुलुकी ऐनमा गरेको जातीय वर्गीकरणले नेपाली समाजमा जातीय विभेदलाई थप कानुनी मान्यता उपलब्ध गराउँदै समाजमा जातीय विभेदलाई कडाइका साथ स्थापित गराएको थियो। जंगबहादुरको मुलुकी ऐनले जात किटान गरेर छोइछिटो हाल्नु पर्ने, पानी चल्ने र नचल्ने गरेको व्यवस्थाले अविकसित नेपाली समाजलाई थप भेदभाव तथा रुढीवादी मान्यता अंगाल्ने गरी जड बनाउन भूमिका खेलेको अध्येताहरूको मत छ।

**राणा शासन र दलित अधिकारीवादी सङ्गठनहरू**

राजनीतिक गतिविधि र अधिकार निषेध रहेको जहानिया राणा शासनको बखतमा नै दलित अधिकारका लागि दलित आन्दोलनका पहिलो पुस्ताका केही सुधारकहरूले पहल लिएको देखिन्छ। भारतबाट भागवत अध्ययन गरेका आएका भगत सर्वजित विश्वकर्माले विसं २००४ सालमा राणा शासन चलिरहेको बेला नै 'विश्व सर्वजन सङ्घ र उही समयमा काठमाडौँका सहर्षनाथ कपालीको नेतृत्वमा 'टेलर युनियन' को स्थापना गर्न सफल भएको देखिन्छ। भारतमा अध्ययन गरेर आएका विश्वकर्माले नै 'कामी' शब्दको सट्टामा विश्वकर्मा लेख्ने चलन सुरु गराएका थिए। भगत सर्वजितले आफूले शास्त्रको अध्ययन गरेका कारणले

जनै लगाउन पाउनु पर्ने, छोराको ब्रतवन्ध गर्दा जग्गे राख्न र घन्ट र शंख बजाउन पाउनुपर्ने भन्दै अधिकारको माग गरेका थिए। स्थानीय प्रशासन र समाजले तत्कालीन समयमा कथित सानो जात भन्दै ठूला जातको प्राधिकार रहेको गतिविधि गरेको भनेर विरोध गरेपछि नामुद शास्त्रीहरूसँग शास्त्रार्थ गर्दै विश्वकर्माले तत्कालीन प्रधानमन्त्री मोहनशमशेरबाट लालमोहर प्राप्त गर्दै जनै लगाउने अधिकार प्राप्त गरेका थिए।

त्यस्तै, कपालीको टेलर यूनियनले नेवारी समुदायमा कुसुले (कपाली) जातिमाथि हुने भेदभाव र सो समुदायको पेशागत हक अधिकारको विषयमा आवाज उठाएको थियो। कपालीकै नेतृत्वमा विसं २००८ सालमा जाततोडक आन्दोलन भएको थियो भने कपाली नेतृत्वको दलित सङ्गठन समाज सुधार सङ्घको आन्दोलनको प्रतापले विसं २०११ सालमा पशुपति मन्दिरभित्र दलित समुदायका व्यक्तिहरूले निर्वाध प्रवेश र पुजा गर्ने अवसर प्राप्त गरेका थिए। कपालीको नेतृत्वमा भएको सो आन्दोलनमा झन्डै ८ सय जना झ्यालखाना परेका थिए। सो आन्दोलनअघि दलित समुदायका मान्छेलाई पशुपतिनाथ मन्दिरमा प्रवेश निषेध गरिएको थियो जुन नियम आन्दोलन पश्चात परिवर्तन गरिएको थियो। उही समयमा विसं २००४ तिर धरानमा जदुवीर विकको नेतृत्वमा 'नेपाल समाज सुधार सङ्घ' र विसं २००७ मा तनहुँमा चन्दबहादुर विकले 'नेपाल हरिजन सङ्घ' बनाएर दलित अधिकारको आवाज र अधिकारको कुरा उठाएका थिए। समाज सुधार सङ्घ र हरिजन सङ्घले २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलनमा सक्रियतापूर्वक सहभागिता जनाएको इतिहास छ।

दलित आन्दोलनको सुरुआती चरणका यस्ता अभियानहरूले तत्कालीन समाजको जडता पूर्णरूपमा परास्त सम्भव थिएन। जङ्गबहादुरको छोइछिटो हाल्नु पर्ने,




*सिराहाको लाहानमा भएको जातीय विभेदको घटनाको विरोधमा भाग लिँदै अधिकारकर्मी*

कुन जातले दिएको पानी कुन जातले पिउने समेत कानुनमा किटान गरिएको क्रुर समयमा विश्वकर्मा, कपालीलगायतको पहलले भविष्यको आन्दोलनलाई एउटा खाका र वैचारिकता प्रदान गर्न धेरै हद सम्म सक्षम भएको मूल्याङ्कन गर्न सकिन्छ। अझ, भगत सर्वजितले तत्कालीन राणा प्रधानमन्त्रीबाट आफ्नो अधिकारको लागि लालमोहर प्राप्त गर्नुले पनि सो अभियान र नेतृत्वकर्ताको सक्षमता प्रकट गर्दछ। तथापि , पछिल्लो कालको दलित अधिकारको अभियानले विश्वकर्माको वैचारिकतासँग सामिप्यता महसुस गर्न सकेन।

**पञ्चायतको समय र दलित अधिकारको आयाम**

विसं २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित सरकारलाई अपदस्थ गरि सुरु गरेको दलविहीन पञ्चायती व्यवस्था सबै राजनीतिक तथा जातीय मुक्तिका आन्दोलनका लागि 'कालरात्री'को समय थियो। राष्ट्रलाई सङ्कट परेको भन्दै जननिर्वाचित सरकारलाई अपदस्थ गरि तत्कालीन उच्च सरकारी तथा राजनीतिक नेतृत्वलाई नजरबन्द र सरकारी नियन्त्रणमा जेल वा नजरबन्दमा राखिएको बेला राज्य शक्ति वा बलियो राजनीतिक आड-भरोसा प्राप्त गर्न बाट बन्चित दलित आन्दोलनले सरकारी नियन्त्रणबाट त्राण पाउने अवस्था थिएन। राणा शासनमा थोरै सङ्ख्यामा केही सीमित स्थानमा अभियन्ताहरूबाट सुरु हुँदै गएको आन्दोलनले पञ्चायतको समयमा त्यति सक्रियता नदेखाए पनि केही गतिविधिहरू भने जारी रहेको थियो।

पञ्चायतको समयमा एउटा उल्लेखयोग्य घटनाको रूपमा भने विसं २०२० सालको भदौमा नयाँ मुलुकी ऐनको जारीलाई ग्रहण गर्न सकिन्छ। जंगबहादुरले १९१० मा जारी गरेको ऐनलाई प्रतिस्थापित गरेको यस ऐनले पहिलो पटक नेपालमा 'जातीय भेदभाव तथा छुवाछुत व्यवहारलाई अपराध घोषणा र दण्ड-सजाय' व्यवस्था परेको थियो। तर , दण्डको व्यवस्था नगरी सनातनदेखि चलिआएको व्यवस्थालाई भेदभाव नमानिने कुराले भने सुरु हुनु पूर्व ऐनको उद्धेश्यलाई निस्तेज बनाएको थियो। त्यस्तै , नेपालले विस २०२७ माघ २७ ९सन् ३० जनवरी १९७१० मा 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५' मा हस्ताक्षर गरि अनुमोदन गर्नुलाई समेत एक सकारात्मक पहलको रूपमा लिन सकिन्छ।

पञ्चायतको कालरात्रीको समयमा पुन: सहर्षनाथ कपालीको नेतृत्वमा विसं २०२४ सालमा 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद'को स्थापना भएको थियो जसले विसं २०२९ मा पहिलो पटक देशमा दलित समुदायको राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो। यसअघि नेपालको इतिहासमा कुनै व्यक्ति वा समूहले दलित अधिकारवादी आन्दोलनको राष्ट्रियव्यापी सम्मेलन गर्न सकेको देखिएको थिएन। उक्त भेलाले पहिलो पटक राष्ट्रिय रूपमा दलित अधिकारको रूपमा आरक्षणको कुरा उठाएको थियो भने यसै आन्दोलनबाट टिआर विश्वकर्माको नेतृत्वमा 'दलित आवाज' पत्रिकाको प्रकाशन समेत भएको थियो। उक्त भेला पश्चात भने पञ्चायतकालमा दलित आन्दोलन र अभियान विस्तारै शिथिल हुँदै गएको देखिन्छ। सोही समयमा भने दलित समुदायका केही शीर्ष नेता पञ्चायत प्रवेश गरेका थिए। पञ्चायतकालमा दलित समुदायबाट धनमान सिंह परियार, हरकुमार सिंह परियार, हिरालाल विश्वकर्मा, टिआर विश्वकर्मा र टेकबहादुर विश्वकर्मा राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएका थिए भने

हिरालाल पटक-पटक मन्त्रीसमेत भएका थिए।

पञ्चायतको अन्तिमको वर्षहरूमा भने राजेश विकले विसं २०४५ सालमा स्थापना गरेको 'जातीय समता समाज' र सोही साल नै गोल्छे सार्कीको नेतृत्वमा स्थापित 'उत्पीडित जातीय उत्थान मञ्च'ले केही गतिविधि गरेर आन्दोलनका मुद्दा चलायमान बनाउन खोजेको देखिन्छ। सार्की नेतृत्वको 'उत्पीडित जातीय उत्थान मञ्च'ले भने विसं २०४६ को जनआन्दोलनमा सक्रियता साथ सहभागिता जनाएको इतिहासमा दर्ज छ। पहिलो जनआन्दोलन सफल भएसँगै प्रजातन्त्रको पुर्नस्थापनासँगै दलित सङ्गठनहरू पुनः सक्रियताकासाथ दलित अधिकारको आन्दोलनमा सहभागी र सङ्गठित हुन थालेको देखिन्छ। अफ्, ०४६ सालको आन्दोलनपछि देशको प्रमुख राजनीतिक दलहरूले समेत दलको भातृ दलित सङ्गठन बनाउने गरेका छन्।

**बहुदलपछिको सक्रियता र सिनो बहिष्कार आन्दोलन**

२०४६ सालको जनआन्दोलनको सफलताले दलविहीन पञ्चायतको अन्त्य गरेर पुनः राजनीतिक बहुलतालाई स्थापित गऱ्यो। आन्दोलनको भट्टीबाट खारिएर आएको राजनीतिक शक्तिको प्रतिनिधित्व रहने गरी संविधानको निर्माण भयो। नेपाल अधिराज्यको संविधान २०४७ ले कुनै पनि व्यक्तिलाई जातपातको आधारमा भेदभाव वा छुवाछुत गरिने कार्य र सार्वजनिक स्थलमा उपस्थित हुने वा सामाजिक उपयोगमा बन्देज गर्ने कार्यलाई निषेध गरिने तथा त्यस्ता कार्यमा सहभागी हुनेलाई दण्डसजायको व्यवस्था गरेको थियो।

सङ्गठन निर्माण तथा राजनीतिक स्वतन्त्रताको सो कालमा दुई घटनालाई भने दलित आन्दोलनको प्रतिनिधि घटनाको रूपमा लिने गरिन्छ। एउटा ०४९ भदौ १




*जातीय विभेदविरुद्धको ऱ्याली, काठमाडौँ*




## जातीय भेदभाव अन्त्य गर्न गरिएको विविध क्रियाकलाप

१/२ पशुपति र गुह्येश्वरी मन्दिरमा प्रवेश गर्दै दलित समुदाय

३ जातीय भेदभाव विरुद्धको अभियानको क्रममा २०५७ वैशाख २३ गते सिरहाको लहानमा आयोजित सहभोज कार्यक्रम

४ जातीय भेदभाव र सामाजिक बहिष्कारको विरुद्ध सिरहाको, लहानमा २०५७ भदौ ३१ गते आयोजित विरोध प्रदर्शन

५ लहानमा दलित समुदायमाथि भएको ज्यादतीविरुद्ध काठमाडौँमा २०५६ चैत १३ गते आयोजित विरोध प्रदर्शन

६ ३७ औँ अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका अवसरमा २०५८ चैत ८ गते काठमाडौँमा आयोजना गरिएको कार्यशालाका सहभागीहरू

७ चमार (दलित) विरुद्ध भएको जातीय भेदभाव र सामाजिक बहिष्कारका विरुद्ध २०५७ भदौ ३१ गते राजविराजमा भएको विरोध प्रदर्शन

८ चमार (दलित) लाई सामाजिक बहिष्कार गरिएको घटनाका बारेमा २०५७ भदौ ३१ गते लहानमा स्थानीयसँग कुरा गर्दै इन्सेक कार्यसमिति सदस्य कुन्दन अर्याल

९ जातीय भेदभाव र चमार समुदायलाई गरिएको सामाजिक बहिष्करण विरुद्ध सिरहाको लहानमा २०५७ वैशाख २३ गते भएको विरोध प्रदर्शन

१०/११/१२ जातीय विभेद विरुद्ध २०५७ माघ १४ गते, २०५७ फागुन ९ गते डडेल्धुरामा र २०५७ मा झापामा इन्सेकले आयोजना गरेको कार्यक्रम

१३ ५७ औँ अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका अवसरमा इन्सेकले २०७८ चैत ७-८ गते काठमाडौँमा आयोजना गरेको सम्मेलन

१४ छुवाछूत प्रथा विरुद्ध इन्सेकले प्रकाशन गरेको प्रचार सामग्री





३



४



५



६



७



८



९



१०



११



१२



१३
जातीय विभेदविरुद्ध राष्ट्रिय
कार्यशाला



१४
श्रम चल्छ, सीप चल्छ, रगत चल्छ
तर किन
समाजमा हाम्रो पानी चल्दैन?

संयोजनः गीता माली

गते चितवनमा जातीय समता समाजबाट विद्रोह गरी आएका समूहको पहलमा भएको नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को पूर्णगठन थियो। सहर्षनाथ कपालीहरूको सक्रियतामा स्थापित यो संस्थाले बहुदलपछि दोस्रो पटक चितवनमा दोस्रो राष्ट्रिय दलित सम्मेलन गर्न सफल भएको थियो। बहुदलपछि तत्कालीन समयका प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमालेले स्वतन्त्र रुपले राजनीतिक गतिविधि गर्न थालेपछि आफ्नै दलित सङ्गठन बनाएर राजनीति गर्न थाले भने खुला चौतारीको रूपमा रहेको परिषद् जस्ता संस्थाहरू भने शिथिल भएको देखिन्छ।

नेपालको दलित आन्दोलनको कुरा गर्दा प्राथमिकतामा सदैव पहाडी दलित अभियन्ताका सामाजिक सक्रियतालाई प्रमुखता साथ प्रस्तुत गरिन्छ। तथापि विसं २०५६ सालमा हालको मधेश प्रदेशको सप्तरी जिल्लाको कञ्चनपुरबाट सुरु भएको सिनो बहिष्कार आन्दोलनको उल्लेख नगर्नु नेपालको दलित आन्दोलन माथि अन्याय हुनेछ। तत्कालीन समयमा बलदेव रामको नेतृत्वमा रहेको जनचेतना दलित संगमले मधेशका दलित राम (चमार) समुदायले कथित उच्च भनिएको जातका मानिसको घरमा मरेका चौपाया उठाएर मृत चौपायाको छाला काढेर बेच्ने चलन बहिष्कार गरेका थिए। बलदेवको नेतृत्वमा सिनो उठाउन बाध्य पारिएको चमार समुदायले तत्पश्चात सिनो नउठाउने क्रान्तिकारी निर्णय गरेको थियो। सुरुमा कथित उच्च जातका मानिसले आन्दोलनलाई रोक्न, सक्नका लागि भगिरथ प्रयत्न गरे पनि अन्तिममा सिनो बहिष्कार आन्दोलन सफल भएको थियो। चमार समुदायले मृत चौपायाको सिनो बोक्ने पर्ने परिस्थितिको अन्त्य भएको थियो। नेपालको दलित आन्दोलनमा यस सिनो बहिष्कार आन्दोलनलाई सफल तथा ऐतिहासिक मानकको रूपमा लिने गरिन्छ।

**नेपालको संविधान २०७२ र दलित अधिकारका कुराहरू**

भगत सर्वजितको आन्दोलनबाट गणना गरेर ल्याउने हो भने नेपालमा दलित अधिकारको लागि सुरु भएको सामाजिक र राजनीतिक अभियान झन्डै ७५ वर्ष भन्दै बढी भइसकेको छ। ७७ वर्ष लामो दलित आन्दोलनले २००७ सालको क्रान्ति, २०४६ सालको पहिलो जनआन्दोलन र २०६३ सालको दोस्रो आन्दोलनमा सक्रिय सहभागिता जनाएर परिवर्तनगामी राजनीतिप्रति प्रतिवद्धता प्रकट गरिसकेको अवस्था छ। सबै किसिमको राजनीतिक आन्दोलनको प्रतापले नेपाली जनताले प्राप्त गरेको नेपालको संविधान २०७२ ले दलित आन्दोलनको हित रक्षाको गर्दै दलित समुदायका लागि विभिन्न अधिकारको व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को धारा २४ ले जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हकको कुरा गरेको छ भने धारा ४० मा 'दलितको हक' भन्ने व्यवस्था गरेको छ। धारा ४० अन्तर्गतका सात वटा उपधाराले राज्यका सबै निकायहरूमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक, प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षा प्राप्त गर्ने हक, स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक, परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक, भूमि र आवासको हक र दलित समुदायभित्रका महिला, पुरुष र सबै क्षेत्रका

दलितले समानुपातिक हिस्सेदारी प्राप्त गर्ने हकहरूको व्यवस्था गरेको छ।

अझ, दलित अधिकारको सवालमा संविधानको महत्वपूर्ण विषय संविधानको धारा २५५ र २५६ अन्तर्गत दलित आयोगलाई संवैधानिक आयोग मान्यता प्राप्त हुनु हो। दलित हक-अधिकारको लागि निर्माण गरिएको आयोगले सो समुदायको प्रतिनिधित्व साथै समुदायमा देखापर्ने विभिन्न समस्या समाधानको लागि पहलकदमी लिने थलोको रूपमा विकास हुँदा समुदायलाई फाईदा नै पुऱ्याउने देखिन्छ।

**दलित आन्दोलनको आगामी कार्यदिशा**

नेपालको संविधान २०७२ अन्य धेरै विषय जस्तै दलित अधिकारको विषयमा समेत प्रगतिशील नै देखिन्छ। राज्यको निकायमा समानुपातिक प्रतिनिधित्वको सवालमा होस् अथवा दलित आयोगलाई संवैधानिक आयोगको मान्यता दिने विषय होस् त्यस विषयमा संविधान प्रगतिशील छ। ७५ वर्ष भन्दा लामो सामाजिक तथा राजनीतिक अधिकार आन्दोलनको प्रतिफलको रूपमा संविधानको व्यवस्थालाई ग्रहण गर्न सकिन्छ। तर, दलित समुदायको उत्थानको लागि त्यति मात्रै पर्याप्त छैन्। अझ, कानुन निर्माण वा संविधानमा लेखिएको धारा र उपधाराले मात्र समुदायको समुचित विकास नहुने हुँदा राज्यका विभिन्न अङ्गले कानुनको अक्षरस: पालना र कार्यान्वयनले मात्र कानुनमा लेखिएको कुराहरूलाई जीवन्त बनाउने कार्य गर्छ।

अधिकारको कुरा बाहेक, दलित राजनीति पछिल्लो समय प्रतिकात्मक प्रतिनिधित्वमा सीमित हुने सम्भावना पनि देखिएको छ। दलित समुदायका अधिकारकर्मी, अभियन्ता तथा राजनीतिकर्मीहरू धेरै संख्यामा कुनै राजनीतिक दलको कमिटीमा वा भातृ सङ्गठनमा संलग्न रहिरहेको अवस्थामा अधिकांश समय दलले समुदायको हित विपरित वा दलका प्रमुख व्यक्तिहरूले दलित समुदायको भावनालाई आहत हुने गतिविधिका कारण दलितहरूको आवाज उठाउन नसकेको देखिन्छ।

आजको समयमा समेत नेपालको प्रमुख शहरमा दलित समुदायका व्यक्तिहरूमाथि जातीय विभेद तथा भेदभावका घटना सुन्नमा पाइन्छ। त्यस्ता घटनाको विरुद्धमा केही दलित र गैरदलित अधिकारकर्मीहरूले धारणा राख्ने गरेता पनि अधिक दलतन्त्रको राजनीतिका कारण अभियन्ताहरू दल र पीडकको राजनीतिक आबद्धता हेरेर धारणा व्यक्त गर्न बाध्य छन्। दलित अधिकारकर्मीको राजनीति पूर्णतस् दलको भातृ सङ्गठनमा सिमित हुने खतरा नेपाली दलित आन्दोलनको सामु देखिएको छ।

दलित अभियन्ता तथा अधिकारकर्मीमा समेत एकले अर्काले नस्वीकार्ने खतराको कारण दलको हस्तक्षेप बाहिर समुदायको हितको लागि स्वतन्त्र जातीय सङ्गठनको अवाश्यकता टड्कारो रूपमा देखिन्छ। त्यसो हुन, गएमा मात्रै भविष्यमा दलित समुदायले अधिक बुलन्द स्वरमा समुदायको अधिकारका लागि लडाई लड्ने सम्भव देखिन्छ। दलितको अधिकार रक्षाका लागि इन्सेकले चलाएको अभियान र ०७८ चैत ८ गते काठमाडौँमा सम्पन्न जातीय विभदेविरुद्को दुई दिने राष्ट्रिय सम्मेलनले पारित गरेका १६ ओटा बुँदालाई प्रभावकारी ढङ्गले अघि बढाउनु आजको आवश्यकता पनि हो।

विश्लेषण

# नेपालको दलित आन्दोलन : समीक्षा र आगामी मार्गचित्र

**पृष्ठभूमि**

परम्परागत छोइछिटोबाट फड्को मारेर जातीय विभेद तथा छुवाछुत हत्या र हिंसामा रूपान्तरण भएको तथ्य नवराज लगायतको हत्या, जुम्लामा दलितको घरमा आगो लगाइएको घटना, बझाङमा घर भत्काइएको घटना, सिराहामा महायज्ञ लगाउने भन्दै पालिका अध्यक्षको अगुवाइमा दलितको घर भत्काएर विस्थापित गरिएको घटना, सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको अन्तरजातीय विवाहमा राज्यका अधिकारीको संलग्नता जस्ता घटनाबाट उजागर हुन्छ। संयुक्त राष्ट्रसंघको एक प्रतिवेदन अनुसार ९७ प्रतिशत मानिसहरूले समाजमा विभेद रहेको स्वीकार गरेका छन्। घर, आँगन, धारा-पँधेरा, मठ-मन्दिर, स्कुल, बिहे-ब्रतवन्ध, मृत्यु संस्कार तथा भोजभतेरमा कुनै न कुनै रूपमा छुवाछुत, अपमान, तिरस्कार, कुटपिट, बहिष्कार नभोग्ने दलित करिब भेटिँदैन। त्यसो त संविधानमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था भए पनि अहिलेका सङ्घीय र प्रदेश सरकारहरूमा दलित प्रतिनिधित्व शुन्य प्राय छ। संविधान जारी भएयताका सङ्घीय तथा प्रदेश सरकारले गरेका कुनै पनि नियुक्तिमा दलितलाई बेवास्ता गरियो। संविधान र कानुनले बर्जित गर्दा समेत दलित माथि बञ्चितीकरण, हिंसा, विभेद बढ्दो छ तर, प्रतिरोध र विद्रोह भने ओरालो लागेको छ। यस्ता बञ्चितीकरण र विभेद विरुद्ध विद्रोहको आगो ओकल्नुपर्ने दलित आन्दोलन किन शिथिल वन्यो ? यो प्रश्नको उत्तर सहित दलित आन्दोलनको नीति, संरचना र नेतृत्वको निर्मम समीक्षा गर्न आवश्यक छ।



**सुशील विके**

ऋग्वेदबाट शुरु भएको वर्णव्यवस्था मनुस्मृतिकालसम्म आइपुग्दा जन्म र वंशमा आधारित जात व्यवस्थामा रूपान्तरण भयो। नेपालमा जयस्थिति मल्ल हुँदै जंगबहादुर राणाले वि.स. १९१० को मुलुकी ऐन मार्फत वर्ण र जातव्यवस्थालाई संस्थागत गरे। यसले तागाधारी र मतवालीका नाममा उच-नीच, छुत-अछुत, शुद्ध-अशुद्ध बनाउँदै एक जातिलाई अर्को भन्दा सानो बनाएर विभाजनकारी श्रेणीहरू स्थापना गऱ्यो। कालान्तरमा जात व्यवस्था धर्म, संस्कार, मूल्य-मान्यताका नाममा निरन्तर अगाडि बढ्यो र मानिसका रूपमा जन्मेका दलित समुदायलाई पशु जस्तै नारकीय जीवन जिउन विवश बनायो। हिन्दू वर्ण व्यवस्थामा आधारित यो अमानवीय जात व्यवस्थाका विरुद्धमा बुद्धदेखि भगत सर्वजीत विश्वकर्मा सहितका योद्धाले गरेको सङ्घर्षले संविधानमा सीमित भए पनि अधिकार समावेश भएका छन्। तर, व्यवहारमा दलित समुदायले अनुभूति गर्न पाएका छैनन्। यस्तो परिवेशमा संविधान प्रदत हक दलित समुदायले उपयोग गर्ने वातावरण तयार गर्दै समग्र दलित मुक्तिको नयाँ रूप रेखा कोर्ने किसिमको रोडम्याप

आजको दलित आन्दोलनले खोजेको छ।

**दलित आन्दोलनका मुख्य उपलब्धिहरू**

दलित आन्दोलनको लामो सङ्घर्षले दलित मुक्तिको विषयलाई राजनीतिक रूपमा स्थापित गर्दै यसका लागि बहुपक्षीय सङ्घर्ष गर्नुपर्ने निष्कर्ष निकालेको छ। यसले दलित आन्दोलनको सैद्धान्तिक र वैचारिक धरातल निर्माण गर्दै विभिन्न सङ्घ, सङ्गठनको स्थापना, नेतृत्व विकास र सशक्तिकरण गर्न पनि योगदान गरेको छ।

अहिले दलितका सवाललाई सबै दलहरू र राज्यले स्वीकार गरेका छन्। जसका कारण पार्टीहरूको दस्तावेजमा र संरचनामा दलितको उपस्थिति हुन सकेको छ। नीतिगत उपलब्धिका रूपमा दलित सवाल संविधानमा सूचीकृत भएका छन्। संविधानले छुवाछुतलाई वर्जित गरेको छ भने छुवाछुत ऐनले दण्डनीय बनाएको छ। सरकारको नीति-कार्यक्रम बजेट र योजनामा समावेश गर्न शुरुआत गरिएको छ भने आरक्षणको शुरुआत भएको छ। राज्यका विभिन्न निकायमा दतिल प्रतिनिधित्वको शुरुआत पनि भएको छ। यसैगरी संरचनागत उपलब्धिका रूपमा संवैधानिक दलित आयोग, विकास समिति, वादी विकास समिति गठन भएका छन्।

दलित सवाल अहिले अन्तराष्ट्रियकरण भएको छ भने जातीय विभेदविरुद्धको महासन्धिसँगै संयुक्त राष्ट्रसङ्घका विभिन्न संरचनासँग जोडिएर काम हुने गरेको छ।

**दलित आन्दोलनका मुख्य शक्तिको समीक्षा**

दलित आन्दोलनको निर्मम समीक्षा नगरेसम्म भविष्यको ठोस मार्ग तयार गर्न सकिँदैन। यसैले म, मेरो जात, मेरो सङ्गठन, मेरो पार्टी र मेरो भविष्य के हुन्छ भन्ने सोचबाट माथि उठेर समीक्षा गरिनुपर्छ। यहाँ आन्दोलनका मुख्य शक्तिहरूको संक्षिप्त समीक्षाको प्रयास गरिएको छ।

**राजनीतिक दलहरूमा रहेका दलित समुदायका नेताहरू र भातृ सङ्गठनले** देशव्यापी संरचना निर्माण गरी राज्यसत्ता र पार्टीमा दलित सवाल र प्रतिनिधित्व स्थापित गर्न, दलितका लागि संविधान, कानुन र संरचनाहरू निर्माण गर्न र दलित समुदायलाई सचेत बनाइ पार्टीमा जोड्नेजस्ता काम गरेको देखिन्छ। तर, दलित आन्दोलनको सैद्धान्तिक र बैचारिक विषयहरूमा प्रष्टता पार्न, दलित समुदायलाई पार्टीको भोट बैंकबाट मुक्त गर्न र दलित मुक्तिको खाँका तयार गरी परिचालन गर्न गराउन पार्टीभित्र ठोस अन्तर सङ्घर्ष गरेको देखिँदैन।

छुवाछुतका घटनामा ठोस पहलकदमी नगर्ने तर, पार्टी र राज्यसत्तामा पद पाउनका लागि मरिहत्ते गर्ने प्रवृति बढ्दो रहेको छ। अध्ययन, अनुसन्धान, ज्ञान उत्पादन र त्यसमा आधारित भएर बहस पैरवी गर्ने, आलोचनात्मक चेतको विकास गर्ने, विश्वव्यापी एजेण्डामा दलित आन्दोलनलाई जोड्दै अन्तराष्ट्रियकरण गर्ने, दलित आन्दोलनको पुनसंरचना गरी संघीय ढाँचामा बदल्ने, सूचना-प्रविधिमैत्री बन्ने, संविधान र कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, नेतृत्व विकास गर्दै समयमा अधिवेशन गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न बेवास्ता गर्ने, अन्य पेशागत, जातीय समाज, युवा-विद्यार्थी र नागरिक समाजलाई समेट्न नसक्ने जस्ता समस्याहरू देखिएका छन्।

सङ्घसंस्थाले स्थानीय तहसम्म जनचेतना फैलाउन, सशक्तिकरण गर्न, मानव अधिकारको संरक्षण र प्रवर्द्धन गरी न्यायमा पहुँच पुऱ्याउन, दलित सवाललाई अन्तर्राष्ट्रियकरण गर्न, नीति कार्यक्रम र

बजेटलाई दलितमैत्री बनाउनका लागि पहल गरेको देखिन्छ। तर, यस क्षेत्रमा कुनै जाति, वर्ग, समुदायमामात्र सीमित हुने र समुदायका मुल मुद्दामा भन्दा पनि परियोजनामा केन्द्रित हुने, नयाँ नेतृत्व विकास नगर्ने, विषय विज्ञ तयार गरी परिचालन नगर्ने, अन्तर्राष्ट्रिय क्षेत्रको काममा नयाँ पुस्तालाई नजोड्ने, भातृ सङ्गठनहरूलाई वेवास्ता गर्ने जस्ता समस्या देखिएका छन्।

सरकारी निकायका रूपमा रहेका दलित आयोगले जाति सूचीकरण तथा सिफारिस दिने, विकास समितिले छात्रवृति दिने, आय आर्जनको काममा सामान्य सहयोग गर्ने तथा दलित समुदायको मानव अधिकार संरक्षणमा पहल गरेको देखिन्छ। यी निकायमा विषय विज्ञ भन्दा अधिकांश पार्टीका कार्यकर्ता भर्ती हुने, काममा प्रभावकारीता नहुने, निष्पक्ष र पारदर्शी काम नहुने, अध्ययन अनुसन्धान गरी सरकारलाई सुझाव र दवाव दिन नसक्ने, मानव अधिकारको संरक्षण र प्रवर्द्धनको ठोस योजना नवनाउने, आन्दोलनका मुख्य सरोकारवालासँग समन्वय र सहकार्य नगर्ने जस्ता समस्या देखिएका छन्।

सांसद तथा मन्त्री भएकाहरूले समुदायका पक्षमा काम गर्न नसकेको गुनासो सुन्ने गरिन्छ। दलितका सवालमा तौलेर बोल्ने, दलित संघसंस्थाका कार्यक्रम सहभागी बन्ने, ऐन बनाउँदा सहभागी भए पनि पार्टीको ह्वीपका कारण दलित समुदायका पक्षमा उभिन नसक्ने, आफ्नो पदीय अधिकारको प्रयोग गर्न नसक्ने तथा कानुन, आवधिक योजना, सरकारको नीति कार्यक्रम र बजेट बनाउँदा ठोस पहल वा हस्तक्षेप गरेको पाइँदैन। उनीहरूमा भूइँतहमा फर्केर नहेर्ने र समुदायप्रति जवाफदेहिता नहुने समस्या देखिएका छन्।

सेना, प्रहरी तथा निजामति सेवामा दलितको प्रतिनिधित्व हुनु सकारात्मक हो। तर, त्यहाँ प्रतिनिधित्व गर्नेले समुदायका पक्षमा ठोस काम गरेको देखिँदैन। सारमा भन्दा दलित समुदायको नाममा राज्यका विभिन्न पदमा पुग्ने तर त्यही समुदायप्रति जवाफदेही नहुने प्रवृत्ति बढ्दो छ।

**दलित आन्दोलनमा देखिएका मुख्य समस्याहरू**

तीन ओटा जनआन्दोलन, दश वर्ष लामो सशस्त्र द्वन्द्वबाट नबदलिएको हिन्दू वर्ण तथा जात व्यवस्थामा आधारित सामन्तवादी समाजलाई बदल्न र संविधान तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि खरो उत्रनुपर्ने दलित आन्दोलन अलमल र निरिह अवस्थामा देखिन्छ। प्रहारको निशाना पहिचान गर्न नसक्दा सङ्घर्षको रूप प्रष्ट देखिँदैन भने विभिन्न समस्याहरूले आन्दोलन शिथिल बनेको देखिन्छ।

सैद्धान्तिक अलमल नेपालको दलित आन्दोलनको पुरानै समस्या हो। दलित सवाल वर्गीय हो कि जातीय ? यसलाई कसरी सम्वोधन गर्ने हो ? संविधानमा भएको समाजवादलाई दलित अधिकारसँग कसरी जोड्ने ? केन्द्रीकृत राज्यसत्तासँग उठाइएका अर्थात संविधान निर्माण हुनुपूर्वकै मुद्दालाई निरन्तरता दिने कि त्यसयता विकसित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकुल एजेण्डाहरू तयार गर्ने ? संविधानमा भएका अधिकारले दलित समुदायको मुक्ति सम्भव छ कि अरु थप मुद्दा स्थापित गर्नुपर्ने हो ? यस्ता प्रश्नको जवाफ खोज्नुपर्नेमा आन्दोलन दलित शब्द, दलित पहिचान, आरक्षण, प्रगतिशील आरक्षण र विशेष अधिकार जस्ता शब्दजालमा फसेको देखिन्छ।

बाह्रै महिना र सबै सिजनमा सधैं एउटै रुटमा निरन्तर चलिरहने भृकुटीमण्डपको रेलजस्तै दलित आन्दोलन पनि मुद्दा उही, विज्ञ उही, टिप्पणी गर्ने उही र वक्ता पनि उही हुने प्रवृतिबाट गुज्रिँदा आन्दोलनमा नयाँपन देखिँदैन।

दलितका सवालको अन्तर्राष्ट्रियकरण गर्नमा सीमित गैसस र त्यसका नेताहरू मात्र लागेको देखिन्छ। राजनीतिक नेतृत्वको चासो देखिँदैन। नयाँ पुस्तालाई जोड्दै सबैले साझा पहल गरेको देखिँदैन। आन्दोलनमा सम्भावना बोकेका व्यक्ति विदेश जाने र उतै पलायन हुने क्रम बढ्दो छ। तर, विदेशबाट अनुभव सीप हासिल गरी नेपालमा योगदान गरेको कमै देखिन्छ।

पछिल्लो समयमा केही पढे लेखेका र अगाडि डा. भएका, देश विदेश घुमेका, सामाजिक सञ्जालमा बढी फलोअर्स भएका तथा कुनै पदमा पुगेका व्यक्तिहरूले म नै जान्ने सुन्ने, म नै आन्दोलन र सङ्गठन हो भन्दै आफूलाई मसिहाका रूपमा प्रस्तुत गर्ने गरेका छन्। आन्दोलनको इतिहास, यसको मर्म र मुद्धा नबुझेका यस्ता व्यक्तिहरूले आन्दोलनमा ठूलो चुनौती थपेका छन्। यस्तै पार्टीका नेता र तिनका भातृ सङ्गठनहरूको भूमिकाप्रति प्रश्न उठाउँदै दलित आन्दोलनको एउटा पङ्क्ति वैकल्पिक शक्ति निर्माण गर्नुपर्ने पक्षमा छ। यसका लागि ठोस आधार नदेखिए पनि आन्दोलनमा अलमल पैदा भएको छ।

आन्दोलनका बलमा पदमा पुग्ने तर समुदायका लागि ठोस काम नगर्ने, आन्दोलनको शुरुआत गर्ने तर निष्कर्ष पुऱ्याउन नसक्ने, देश विदेशमा टापु जस्तै छरिएर रहेका विभिन्न राजनीतिक, पेशागत, व्यावसायिक संस्थाहरू, गैससहरू, युवा-विद्यार्थी सङ्गठन र विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरूलाई जोडेर पिरामिड शैलीको आन्दोलनको नयाँ मोडल विकास गर्न सकिएको छैन।

नयाँ पुस्ताले चाहेजस्तो खाका नबन्दा उनीहरू आन्दोलनबाट टाढा छन्। उनीहरूलाई आन्दोलनमा ल्याउने, नेतृत्व विकास गराउने र जिम्मेवारी हस्तान्तरण गर्ने वातावरण देखिँदैन। यसैगरी दक्ष जनशक्ति र ज्ञान उत्पादनमा पनि बेवास्ता गरिएको छ। विश्वको अनुभवसहित नयाँ मुद्दाको पहिचान गर्ने, अध्ययन अनुसन्धान गर्ने, ऐतिहासिक दस्तावेजहरूको अभिलेखीकरण गर्ने र तथ्य तथ्याङ्कमा आधारित भएर आन्दोलनलाई नयाँ उचाइमा लैजाने काम हुन सकेको छैन। यसका लागि आवश्यक पर्ने विज्ञ उत्पादन गरी परिचालन गर्ने, पुरानो पुस्ता र नयाँ पुस्तकावीच ज्ञान, सीप र अनुभव आदानप्रदान हुन सकेको छैन। ज्ञान उत्पादन, नेतृत्व विकास र दक्षता विकासका लागि आवश्यक पर्ने स्रोतकेन्द्रको अभाव देखिन्छ। यसका साथै सबैलाई समेट्न सक्ने, पूर्वाग्रही नहुने, पार्टी र स्वार्थमाथि उठेको, समयानुकुल नीति, संरचना र नेतृत्व गर्न सक्ने भारतका अम्बेडकर जस्तै साझा व्यक्तिको अभाव जस्ता समस्या दलित आन्दोलनले भोग्दै आएको छ।

**नेपालको दलित आन्दोलनको आगामी मार्गचित्र**

अहिलेको आन्दोलनलाई थप उचाइमा पुऱ्याउन र परिणाममुखी बनाउन मूलधारको आन्दोलनले माथि चर्चा गरिएका समस्याहरू सम्बोधन गर्नेगरी ठोस रोडम्याप तयार गर्न आवश्यक छ। यसका लागि मूलत दुईपक्षमा ध्यान दिनुपर्दछ।

**दलित पुनर्जागरण अभियान** : पुनर्जागरणको शाब्दिक अर्थ पुनरुत्थान वा पुनर्जीवन भन्ने हुन्छ। अर्थात गौरवपूर्ण विगतको खोजी तथा 'क्रिटिकल इन्क्वायरी' भन्ने हो। अन्धकारमा रहेको युरोपलाई पुनर्जागरण (रेनेसाँ) ले अहिलेको समृद्ध युरोप वनाए जस्तै दलित पुनर्जागरण अभियानका माध्यमबाट दलित मुक्तिको अभियानलाई समृद्ध वनाउन सकिन्छ। दलितको पहिचान, इतिहास, देश र समाजप्रतिको योगदान, विभेदको जड र अन्त्यको ठोस वाटो, आन्दोलनका उपलव्धी र चुनौति तथा कमजोरी पहिचान गर्न 'क्रिटिकल इन्क्वायरी' जरुरी छ।

यो देशका आविष्कारक, इन्जिनियर, डिजाइनर, सूचनावाहक, सफाइकर्मी तथा संगीतकर्मीका रूपमा दलित समुदायले स्वाभिमानीपूर्वक गरेको योगदान गर्व गर्न लायक छ। आफ्नो सीप, कला, मेहनत र क्षमताले उनीहरूले ढुङ्गे युग र जङ्गली युगमा रहेका मानवहरूलाई सभ्य समाजतिर डोऱ्याएका थिए। आफूले चरम शोषण-दमन, अन्याय-अत्याचार सहेर मानव सभ्यताका लागि दलितहरूले गरेको योगदानको इतिहास र वर्तमानप्रति गर्व गर्दै त्यो गौरवपूर्ण इतिहासको व्यापक खोजीका लागि पुनर्जागरण आवश्यक छ। यसले नै दलित प्रतिको परम्परागत नकारात्मक भाष्य चिर्ने र सम्मानजनक नयाँ भाष्य वा पहिचान स्थापित गर्नेछ।

आत्मनिर्भर, स्वावलम्वी र विद्रोही स्वभावका दलितहरूलाई सङ्गठित गरी भगत सर्वजितले २००४ सालमा शुरु गरेको दलित आन्दोलनको इतिहास गौरवपूर्ण छ। २०४५ सालमा उत्पीडित जातीय उत्थान मञ्च गठनसँगै देशव्यापी मन्दिर प्रवेश, दुध भराउ, पानी उभाउ, सहभोज, सिनो वहिष्कार, सिंहदरबार घेराउ तथा भद्रकाली अनसन, वादी समुदायको सङ्घर्ष हुँदै ६२/६३ को जनआन्दोलन पश्चात नयाँ संविधानमा दलित अधिकारका लागि गरिएका प्रतिरोधी आन्दोलनप्रति गर्व गर्दै त्यसबाट गम्भीर शिक्षा लिन आवश्यक छ।

जटिल सामाजिक र राजनीतिक परिस्थितिसँग जुध्दै आन्दोलनमा लाग्ने अग्रजप्रति गर्व गर्दै दलितभित्र रहेको आत्मनिर्भर, स्वावलम्वी, स्वाभिमानी प्रवृति र विद्रोही चेतलाई मजबुत बनाउनुपर्छ। 'क्रिटिकल इन्क्वायरी' मार्फत इतिहासको लेखन/पुनर्लेखन गर्ने, दलित स्वाभिमानको जर्गेना गर्दै हीनताबोधबाट मुक्ति र आत्मसम्मानको खोजी गर्ने, आलोचनात्मक चेतको विकास गर्ने, ज्ञानको निर्माण र बौद्धिक योगदानको वातावरण बनाउने, सामाजिक-साँस्कृतिक रूपान्तरण गर्दै वर्ण र जातव्यवस्था अन्त्यको दिशामा अगाडि बढ्नेजस्ता काम दलित पुनर्जागरण अभियानबाट मात्र सम्भव छ।

**दलित आन्दोलनको पुनर्संरचना**: ५० र ६० को दशकमा जहाँ विभेदका घटना हुन्थे त्यहाँ सशक्त विरोध र प्रतिरोध हुन्थ्यो। तर, अहिले जतिसुकै ठूला घटनामा पनि प्रतिरोध आन्दोलन हुन सकेको छैन। यसको मूलकारण भनेको दलित आन्दोलनको पुनर्संरचना हुन नसक्नु हो। आन्दोलन समयानुकूल स्थानीय, प्रदेश र सङ्घीय ढाँचामा रूपान्तरण नहुँदा प्रतिरोधका लागि चाहिने सङ्गठन र नेतृत्व भएनन् भने दलितले व्यवहारमा अधिकार पाउन सकेनन्।

एकात्मक, केन्द्रीकृत, सामन्तवादी राज्यसत्ता विरुद्धको सङ्घर्षले राज्यको पुनसंरचना भयो। तीन तहका सरकार बने।

राज्यका एजेण्डा र प्राथामिकताहरू बदलिए तर सोच, विचार, व्यबहार बदलिएन। विगतमा एउटै मात्र कार्यकारी अधिकारको सरकार सङ्घमा हुन्थ्यो र सङ्घर्ष पनि एकै ठाउँमा गर्दा पुग्थ्यो। तर, अहिले संवैधानिक अधिकारसहित तीन तहमा ७ सय ६१ ओटा कार्यकारी सरकार छन्। यसैले तिनै तहका सरकारलाई दलित मुद्दाप्रति जबाफदेही बनाउन, नीति, कार्यक्रम र बजेट दलितमैत्री बनाउन तिनै तहमा दलित आन्दोलन शक्तिसहित उपस्थित हुनु अनिवार्य छ।

अबको नयाँ सन्दर्भमा नीतिगत रूपमा राजनीतिक, आर्थिक, सामाजिक मुद्दालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुसार अनुकुलन गर्ने, संवैधानिक उपलब्धिलाई संस्थागत गर्दै कार्यान्वयन गर्ने र संविधानमा सम्बोधन नभएका मुद्दालाई निरन्तर उठाउनुपर्दछ। वास्तविक दलित मुक्तिका लागि वर्ण तथा जात व्यवस्थाको खारेजी अनिवार्य छ। यसका लागि वर्गीय र जातीय मुक्ति आन्दोलनलाई सँगै लैजान आवश्यक छ। साथै विपत्, महामारी र जलवायु परिवर्तन, दिगो विकास लक्ष्य, दलित सशक्तिकरण, निर्णय प्रक्रियामा समानुपातिक प्रतिनिधित्व र दलितमैत्री विकास र समृद्धिका मुद्धालाई आन्दोलनको मुख्य रोडम्याप बनाउनुपर्ने देखिन्छ।

नीतिसँगै तीन तहका संरचनासँग अनुकुलन हुने गरी दलित भातृ संगठन, नागरिक समाज र अन्य सरोकारवाला निकायले आफ्ना संरचनाहरूलाई पुनर्संरचना गर्नुपर्दछ। साथै माथि उल्लिखित नीति र संरचनालाई बोक्नसक्ने दृष्टि भएको गतिशील नेतृत्व निर्माण गर्नुपर्दछ। तीन ओटा जनआन्दोलन र सशस्त्र सङ्घर्षले पनि ढलाउन नसकेको सामन्तवादी, जातिवादी र विभेदकारी राज्य संरचनालाई धक्का दिन सक्ने, ज्ञानको दायरा फराकिलो भएको, मुद्दालाई बुझेको र बुझाउन सक्ने, मुलरूपमा राज्यसत्ता र दलसँग आँखामा आँखा जुधाएर सङ्घर्ष गर्न सक्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश बुझेको, सबैलाई एक ठाउँमा ल्याउन सक्ने साझा नेतृत्व निर्माण गर्न आवश्यक छ।


अन्त्यमा, अब दलित आन्दोलनले तत्कालीन रूपमा संवैधानिक प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्ने र दीर्घकालीन रूपमा वर्ण र जातव्यवस्थाको अन्त्य गर्ने लक्ष्यसहितको ठोस मार्गचित्र बनाउनु पर्दछ। यही रोडम्याप अनुरूप सङ्गठन बनाएर आफ्ना सोच, विचार, व्यवहार, कार्यशैलीमा नयाँ व्यवस्था र प्रणाली अनि विश्व परिवेश अनुकुल हुने गरी पुनर्संरचना गर्न जरुरी छ। सूचना प्रविधि हावी विश्वमा नयाँ पुस्ता फरक सोच, विचार, ज्ञान, आशा, अपेक्षा र उत्साह लिएर आएको छ। यस्तो परिवेशमा हिजोजस्तो परम्परावादी र तदर्थवादी तरिकाले अबको आन्दोलनको नेतृत्व गर्न कठिन छ। यसैले नयाँ पुस्ताका मनोभावनालाई समेत सम्वोधन गर्ने गरी नेतृत्वले ज्ञान, सीप, विज्ञान, सूचना-प्रविधि र भाषासहित भिजनरी र गतिशील नेतृत्वका रूपमा आफूलाई प्रस्तुत गर्न सक्नुपर्छ। संविधानमा भएको समाजवाद प्राप्तिको लक्ष्यसँग वर्ण र जातव्यवस्था अन्त्यको विषयलाई जोडेर आन्दोलनको नयाँ मार्गचित्र तयार गरी यस्तो लक्ष्य प्राप्त गर्न डिजिटल प्लेटफर्म, सडक, सदन र सरकार चारै क्षेत्रबाट सशक्त सङ्घर्ष गर्न आवश्यक छ।

(लेखक सामाजिक अभियन्ता हुनहुन्छ।)

विश्लेषण

# किन भूमिहीन छन्, दलितहरू ?

**सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई भन्ने मर्मलाई आत्मसाथ गरी सबै भूमिहीन दलित परिवारलाई आवासको अधिकार ग्यारेण्टी गर्ने र खेतीयोग्य जमिन किसानलाई दिने नीति अवलम्बन गर्दा उचित हुने देखिन्छ। बढ्दो खाद्य सङ्कटलाई टार्न पनि जमिनको अधिकांश हिस्सा किसानसँग नै हुनुपर्छ। तर, भूमिहीन दलित परिवारलाई आवाससँगसँगै सीप र क्षमताअनुसारको रोजगारी दिई उनीहरूको जीविकोपार्जन सहज बनाइदिने रणनीति लिनुपर्छ। अब पनि भूमिहीन दलितको समस्या समाधान नगरिने हो भने उनीहरूमाथि थप अन्याय हुनेछ।**



**विश्वास नेपाली**

सप्तरीका अग्नीसाईर कृष्णासवरन गाउँपालिका-४ को ब्रगोडिया गाउँमा ४२ घरधुरी भूमिहीन बस्छन्। उनीहरू भूमिहीन दलित हुन्। पहिले हरवा चरवा पनि बसेका थिए। सो ठाउँमा बसोबास सुरुआत गरेको २२ वर्ष जति भयो, त्यसअघि सोही गाउँको केही पर बस्दथे। उनीहरू बसोबास गरेको जग्गा ऐलानी हो। पहिले उनीहरू बसोबास गर्दै आएको ठाउँमा असुरक्षित र अपुग भएकाले गाउँलेहरूले नै सहमति गरी भूमिहीन परिवारलाई यहाँ बसोबास गर्न सहमति दिएका थिए। यहाँ नयाँ बस्ती बसेकाले प्लट काटेर नै डेढ कठ्ठाको दरले जग्गा हकभोग गर्न दिइएको थियो। तर उनीहरूसँग तत्कालिन गाविसले दिएको बसोबासको प्रमाण भने सुरक्षित छ।

उतिबेला नै उनीहरूले प्रति प्लट ३ सय १ रुपियाँ तिरेर बसोबास गरेका थिए। तर, अहिले यी बस्तीबासीलाई भूमाफिया करार गरी स्थानीय एक जमिनदार (मण्डल थरका) ले उठीबास लगाउन खोजेको छ। उसले अदालतमा मुद्दा समेत दायर गरिदिएर मजदुरी गर्न जानुपर्ने भूमिहीनहरू यतिबेला अदालतको तारेख धाउन जान बाध्य बनाइएका छन्। कारण हो, उनीहरूले जमिनदारको खेतीमा काम नगरिदिएको रिस। भूमिहीनहरू भन्छन्, हामी अन्त काम गर्न जाँदा २० केजी धान प्रतिदिनको ज्याला पाउँछौँ, उसकोमा जाँदा जम्मा १० केजी मात्रै दिन्छ। ज्यालामा नै आधा कम र विभेद। थोरै ज्याला दिँदा हामीले आफ्नो बालबच्चाको पेट भर्ने जोहो गर्न नै धौधौ भयो।

यहाँका भूमिहीनले जग्गा दर्ताको लागि पटक पटक निवेदन पेश गर्दा पनि हालसम्म पनि दर्ता हुन सकेको छैन। उनीहरूले पछिल्लो पटक राष्ट्रिय भूमि आयोगमा पनि निवेदन चाहिँ पेश गरेको बताए तर आयोगले निस्सा दिएको छैन। निवेदन पेश गरेपछि नापी टोली गाउँ आएको थियो, तर त्यही जमिनदारले अवरोध सिर्जना गऱ्यो। मुद्दा हालेको छु। यिनीहरूलाई यहाँबाट उठाउनुपर्छ भनेर विवाद झिकेपछि नापी टोली पनि त्यसै फर्कियो। एक छलफलमा स्थानीय भूमिहीनहरूले भने, हामीले त साह्रै दुःख पायौँ। हाम्रो दुःख पीडा सुन्ने कोही भएन। बसोबास गरेको जग्गाको पुर्जा पाइएला भनेको अहिले त अदालतमा तारेक धाउँदैमा हैरानी खेपिरहेका छौँ।

रसुवा कालिका गाउँपालिका- ३ इटपारेका मुरली नेपाली पुस्तौंदेखि भूमिहीन हुन्। उनको परिवारको आफ्नो भन्ने जग्गा कतै छैन। उनी र दुई छोरा मजदुरी गर्छन्। घरबास ऐलानी जमिनमा छ। ऐलानी जमिनमा बसोबास गर्न थालेको तीन दशक बित्यो। पहिले उनी अरुकै जमिनमा एक छेउमा सानो घर बनाएर परिवारसहित बसेका थिए। आफ्नो गच्छेले जग्गा किन्न पनि सकेनन्, त्यो बसेको ठाउँमा साहुले थप बस्न नदिने अवस्था भएपछि उनी परिवारसहित गाउँ नजिककै सार्वजनिक ऐलानी जमिनको सानो भाग खनीखोसी बस्न थालेका हुन्। उनले २०४८ सालदेखि यता जिल्लामा बनेका सुकुमबासी समस्या समाधान आयोगहरूमा निवेदन पेश गर्दै आए तर न त अहिलेसम्म उनी बसेको जग्गा नापी भयो न त लालपुर्जा नै पाउन सके। देवी ज्ञवाली नेतृत्वको भूमिसम्बन्धी समस्या समाधान आयोगमा २०७७ मा निवेदन पेश



*मालपोत कार्यालय रसुवामा भूमिहीन एवम् बिर्ता पीडित किसान*

गरेका मुरलीको जग्गा नापी समेत भइसकेको थियो तर लालपुर्जा वितरणमा ढिलाइ हुँदै जाँदा आयोग नै विघटनमा पऱ्यो। यता आयोग विघटन भयो, उता मुरलीको पनि जग्गा पाउने सपना ढल्यो। आफु र परिवार बसेको जग्गा दर्ता भइ जग्गाधनी प्रमाण पुर्जा पाउने आशामा उनले पछिल्लो पटक फेरी पनि २०७८ सालमा राष्ट्रिय भूमि आयोगमा निवेदन पेश गरेका छन्। तर लालपुर्जा पाएका छैनन्।

मुरलीको परिवार करिव १ रोपनी क्षेत्रफलको सार्वजनिक ऐलानी जग्गामा

घरबास गरेका छन्, केही वस्तुभाउ पालेका छन् र थोरै खेतीपाती पनि गरेका छन्। यही जमिनमा मुरलीको जेठो छोराको ४ जना, कान्छो छोरा र बुहारीसहित र छोरीकी छोरी (नातिनी) को ३ जना पनि आश्रित छन्। तैपनि जग्गा आफ्नो नाममा नहुँदा कहिले उठीबास पो हुने हो कि भन्ने चिन्ताले सधैं सताउने गरेको छ उनलाई।

**को हुन् दलित ?**

सबैको जात 'मानव' नै हो। संसारमा जात दुई छन्, एक पुरुष र अर्को महिला। तर, अन्धविश्वास, गलत अभ्यास र व्यवहारको कारण सानो जात र ठूलो जातको भ्रम र अव्यवहारिक अभ्यास नेपाली समाजमा अझै छ। सानो जात र ठूलो जातको भ्रमको कारणले लाखौं मानिसहरू विभेदको चङ्गुलमा परेका छन्। यस्तै दर्दनाक अवस्थामा छन्, नेपालका दलित जाति एवम् समुदाय।

विगत ३ हजार/पैतीस सय वर्षभन्दा पहिलेदेखि समाजको पिँधमा रहेका, विभिन्न कारणले छुवाछुतजस्तो जघन्य शोषणको सिकार हुँदै आएका छन्, दलित समुदाय। जसलाई कथित दलित भएकै वा थर मिलेकै कारण विभिन्न खाले विभेद गरिने श्रृङ्खला लामो समयदेखि चलिरहेकै छ। उनीहरूलाई अपमान गर्ने, विभिन्न अवसरबाट वञ्चित गर्ने, शिक्षा, सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रमा समेत विभेद र वञ्चित गरिदै आइएको प्रशस्तै उदाहरणहरू छन्।

विभेदको श्रङ्खला हजारौं वर्षदेखिको भएपनि राणा प्रधानमन्त्री ज बहादुर राणाले वि.सं. १९१० मा मुलुकी ऐन जारी गरी दलितहरूलाई पानी नचल्ने जातका रूपमा कानुनी मान्यता दिए। साथसाथै दण्ड सजायको व्यवस्था पनि गरेपछि त झन् दलित समुदाय/जाति माथि ठूलो अन्याय, अत्याचार र शोषणहरू हुन थाल्यो। कथित उच्च जातकाले दलित जातीलाई विभेद गर्न पाउने कानुन नै पाएपछि लामो समय यो प्रक्रिया चल्यो।

जाति व्यवस्था र छुवाछुतले कानुनी मान्यता पाएको झण्डै ११० वर्षको लामो विभेदको श्रङ्खलापछि राजा महेन्द्रले २०२० सालमा नयाँ मुलुकी ऐन जारी गरी छुवाछुत र जातपातको आधारमा विभेद गर्न नपाइने कानुनी व्यवस्था ल्याए। यसलाई एउटा सुधारको सङ्केत मान्न सकिने भएपनि कानुन त बन्यो र त्यो व्यवहारिक कार्यान्वयनमा आएन। जसकारण समाजमा जारी जातीय विभेद कायमै रह्यो।

विभेदको इतिहास हेर्दा ई.पू. ३००० भन्दा अगाडि अर्थात् लगभग ६ हजार वर्ष पहिले आर्यहरू भारत प्रवेश गरी त्यहाँका मूलतः द्रविड र आष्ट्रिक जातका मानिसहरूको सामाजिक जीवनमा हस्तक्षेप गरी आफ्नो राज्य स्थापना गरेसँगै आर्यशासित दास व्यवस्थाको थालनी भयो। आर्यहरूको जनसङ्ख्या वृद्धिसँगै राज्यहरूको विभाजन र उनीहरूबीच युद्ध शुरु भयो। युद्धमा पराजित आर्यहरू दासमा फेरिने क्रम बढ्यो। बिजेता आर्यहरूले पराजित सबैलाई श्रमजन्य काम लगाउन थाले। ब्राम्हणले पुरेत्याँई गर्ने, ज्ञान र शिक्षा आर्जन गर्ने, क्षेत्रीले सैनिक तथा प्रशासकीय कार्य गर्ने, वैश्यले पशुपालन, खेती, व्यापार र शु>ले श्रम, शिल्पकारी र सेवाको काम गर्ने गरी श्रम विभाजन गरियो। श्रम विभाजनको यही क्रम विस्तारै वर्ण व्यवस्थामा रूपान्तरित भयो। र शुद्रलाई दलितको कोटीमा राखी विभेद पनि गर्न थालियो, जसलाई विभिन्न

चरणमा क्रमशः अभ्यासमा लगियो, जुन मानव जातीको इतिहासमा एक अन्यायपूर्ण सामाजिक व्यवस्थापको रूपमा दर्ज छ।


राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ, जसमध्ये दलित जातीको जनसङ्ख्या ३८ लाख ९८ हजार ९ सय ९० (१३.४ प्रतिशत) रहेको छ।

पहिले त दलितहरूलाई कहिँकतै प्रतिनिधित्वको अवसर हुन्थेन। नेपालमा प्रजातन्त्र स्थापनापछिको समयको भने शिक्षा र राजनीतिमा दलितको पनि प्रतिनिधित्वको अवसर क्रमशः वृद्धि हुँदै गएपछि भने दलितहरूको परम्परागत पेशामा परिवर्तन, शिक्षा, राजनीति र आर्थिक क्षेत्रका विकल्प र अवसर भएको कारण दलित समुदायको पनि अहिले विविध क्षेत्रमा पहुँच बढ्दै गएको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार देशको कुल कूल साक्षरता ७६.२ प्रतिशत रहेकोमा दलित साक्षरता ६७.२ प्रतिशतमात्र रहेको छ। राष्ट्रिय सभामा ६ जना, प्रतिनिधि सभामा १६ जना र सबै प्रदेश सभामा जम्मा ३० जना मात्र दलित जनप्रतिनिधिहरू रहेको देखिन्छ। त्यसैगरी सङ्घीय निजामती सेवामा (तहगत समेत) २.३७ प्रतिशत, नेपाली सेनामा ९.७५ प्रतिशत, नेपाल प्रहरीमा १०.६७ प्रतिशत, सशस्त्र प्रहरी बलमा ८.१ प्रतिशत दलित सहभागिता छ।

नेपाल जीवनस्तर सर्वेक्षण (२०७९/८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २०.२७ प्रतिशत र बहुआयामिक गरिबी १७.४ प्रतिशत रहेको छ। गरिबीमध्ये अधिकांश घरपरिवार दलित समुदायका छन्।

**दलित किन भूमिहीन ?**

दलित समुदायलाई कामको आधारमा



*धनगढीमाइ नगरपालिका-६ सिरहाको भूमिहीन दलित जसले भूमि आयोगमा जग्गा माग राखी निवेदन पेश गरेका छन्। निवेदन दर्ता गरेपछि आयोगले वितरण गरेको निस्साको साथमा ओकिन्दर सदा*

तल्लो स्तरको/तहको काम गर्ने वर्गमा समाजले सदियौंदेखि विभेद गर्दै आएको छ। उनीहरूलाई सेवामुलक काम गर्ने वर्गमा राखिएको हुँदा उनीहरूलाई जग्गा जमिनको अधिकारबाट वञ्चित गराइयो। कतिपय ठाउँमा दासदासीको रूपमा बस्न बाध्य बनाइयो। कतै हरवा चरवा, कतै दासदासी, कतै हलिया, कतै कमैया राख्ने प्रथा नै चलाई दलित समुदायलाई जमिनको मालिक हुने वा भूस्वामित्वमा पहुँच राख्ने अवसरबाट वञ्चित गराइयो। यो श्रृङ्खला हजारौं वर्षदेखि चलिआएकै छ।

दलित समुदायले जग्गा जमिनको पहुँच नपाउनुको केही कारणहरू देखिन्छन्, जस्तो दलित समुदायसँग आर्थिक पहुँच थिएन। उनीहरूले प्रत्यक्ष आर्थिक लाभ पाउने गरी राज्यको सेवा सुविधा पाउने ठाउँमा रोजगारीका अवसरमा नियुक्ती हुन पाउँदैन थिए। जग्गा वितरण गरिँदा दलित समुदायलाई पहुँच दिइदैन थियो। थर र जातकै आधारमा विभेद गरिन्थ्यो। हिजोको दिनमा सरकारी सेवा गर्नेलाई जग्गा दिने चलन थियो, जागिर गर्नेलाई जागिर जग्गा दिने चलन थियो। राज्यको सेवा गरेवापत बिर्ता जग्गा दिने चलन थियो। यी सबैबाट दलित जाति चाहिँ वञ्चितिकरण र विभेदमा पर्दै आए। जसलाई यस्तो अवसरबाट टाढै राखिँदै आइयो।

दलित समुदायलाई कतिपय ठाउँमा कृषि मजदुरीको रूपका काम गर्न बाध्य बनाइयो। उनीहरू कृषि मजदुरभन्दा माथि उठ्न सकेनन्, उठ्नै पनि दिइएन। कतिपयले पेशागत रूपमा कपडा सिलाउने, फलाम एवम् माटाका भाडाँकुडा बनाउने, सुन-चादीका काम गर्ने, जुत्ता सिलाउने, बाजा बजाउनेलगायतको पेशाको आधारमा दलितहरू वहिष्कृत हुँदै आए। यी काम र पेशा महत्वपूर्ण थिए, यी समुदायले यी काम नगरिदिने हो भने कथित उपल्ला जातका मानिसहरूको जीवन पनि अस्थित्वमा सायद हुने थिएन। तैपनि यती धेरै महत्वपूर्ण कामको जिम्मेवारी सम्हालेका दलितहरू भने आफ्नो बास सुरक्षाको लागि जमिन, खेतीपातीको लागि जमिन पाउने अधिकारबाट सधैं वञ्चित हुँदै आएको इतिहास देखिन्छ।

दलितहरू धन आर्जन गर्ने, सम्पत्ति आर्जन गर्ने, जग्गा जमिन राख्ने, खेतीपातीको काम गर्न पाइने वातावरण र अवसरबाट वञ्चितिमा परेका समुदाय हुन्, जसलाई यो राज्य र समुदायका कुलिन वर्गले कहिल्यै पनि माथि उठ्न दिएनन्। जसले गर्दा आजका दलितहरू हिजोदेखि नै यो अवसरबाट वञ्चितिमा पर्दै आएका कारण अहिले पनि चरम गरिबीमा छन्। अधिकांश दलितहरू भूमिहीन छन्। उनीहरूको बसोबास सुरक्षित छैन। जीविका सुरक्षित छैन।

दलिहरूसँग भूमि नभएकै कारण विभिन्न समस्यामा छन्। उनीहरू कडा परिश्रम गर्न बाध्य छन्। अहिले पनि पूर्वि तराईमा हरवा चरवा बस्ने अधिकांश परिवार दलित समुदायका हुन् भने पश्चिम पहाडमा हलिया बस्ने पनि दलित समुदायबाट नै बढी छन्। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको बाधिएका हातहरू नामक अध्ययन प्रतिवेदन (२०२१) अनुसार, ६० हजार परिवार हलिया छन्। ७० हजार परिवार हरवा चरवा छन्। जो अधिकाशं दलित समुदायकै हुन्।

राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन ०७७/०७८ अनुसार भूमिहीनको राष्ट्रिय औषत तथ्याङ्क २१ प्रतिशत हुँदा दलितमात्रै ४० प्रतिशत रहेको देखाएको छ। समग्र गरिबीको अवस्था राष्ट्रिय तथ्याङ्कको

हिसावले हेर्दा २५ प्रतिशत रहेकोमा दलितको मात्रै ४२ प्रतिशत दलितहरू गरिबीको रेखामुनी रहेको देखिन्छ। ४६ प्रतिशत मधेसी दलितहरूलाई वर्षभरी २ छाक खान पुग्दैन। कुल भूमिहीन दलितसँग कुल कृषि भूमिको जम्मा १ प्रतिशत मात्रै हिस्सा छ।

दलितलाई राज्यले भूमि वितरण गरेको छैन। माथि सुरुवातमा उल्लेख गरिएको दुई घटना अध्ययनले पनि त्यो पुष्टि गर्दछ। उनीहरूको आफ्नो आर्थिक हैसियत कमजोर भएको कारण आफ्नै स्रोतले जग्गा-जमिन जोड्न सक्ने अवस्था पनि छैन। त्यसैले त अधिकांश दलितहरू भूमिहीन छन्। यसको पुष्ट्याइँ नेपालको संविधान २०७२ को धारा ४० मा दलितको हकलाई मौलिक हकमा राखी, दलित जातीलाई एक पटक घरबास वा कृषि कार्यको लागि जमिन दिने विषय ग्यारेण्टी गरिनुले गर्दछ। तर, यो संवैधानि हक पनि व्यवहारिकरूपमा कार्यान्वयन आउन सकेको छैन। त्यही भएर २०७८ फागुन २० मा सङ्घीय संसद्, राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिले भूमिहीन दलितलाई भूमि उपलब्ध गराउने सम्बन्धी कानुनको उत्तरविधायिकी परीक्षणको आधारमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि गरिएको सुझाव तथा सिफारिसमा 'संविधानको धारा ४७ को व्यवस्था बमोजिम तीन वर्ष गुज्रनु अघि भूमिसम्बन्धी ऐन, २०२१ मा २०७५ असो २ गते सातौं संशोधन गरी दफा ५२ क. थप गरी भूमिहीन दलितलाई एक पटकको लागि तोकिए बमोजिम तनि वर्षभित्र जमिन उपलब्ध गराउने व्यवस्था गरिएको भएतापनि उक्त ऐनको व्यवस्था प्रारम्भ भएपछि २०७८ असोज १ गते तीन वर्ष गुज्रिइसकेको अवस्था देखिन्छ। साथै ऐन कार्यान्वयनको लागि आवश्यक हुने नियमावली ऐन संशोधन भएको दुई वर्ष सकिएपछि २०७७ पुस ६ गते मात्रै अठारौं संशोधन भएको देखिन्छ'। यस हिसावले हेर्दा राज्यले भूमिहीन दलितको लागि जग्गा व्यवस्थापनको कामलाई प्राथमिकता दिएको देखिँदैन।

उक्त समितिले प्रतिवेदनको बुँदा ४.२ मा सुझावको रुपमा लेखेको छ, 'दलित भूमिहीनको प्रयोजनको लागि छुट्टै आयोग बन्न सकेको छैन। यो संरचना छिटो बनाई भूमिहीन दलित परिवारको पहिचान गरेर तिनको जीवनयापनको न्यूनतम आवश्यकता परिपूर्ति हुने गरी जमिन उपलपब्ध गराउनु उपयुक्त हुन्छ।' विधायन समितिले यसरी गरेको सिफारिसलाई पनि राज्यले हालसम्म कार्यान्वयनमा ल्याउन सकेको देखिँदैन।

**के छ विद्यमान कानुनी व्यवस्था ?**

नेपालको संविधान, २०७२ मा धारा ४० दलितको हक नै राखी भूमिहीन दलितलाई विभिन्न अधिकार दिइने ग्यारेण्टी गरिएको छ। धारा ४० बुँदा (५) राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ। (६) राज्यले आवासविहिन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्नेछ।

संविधानको धारा ३६ खाद्यसम्बन्धी हक, धारा ३७ आवासको हक, धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक मौलिक हकहरूको व्यवस्था गरिएका छन्। यी हक र अधिकार दलित समुदायसँग पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जोडिएका छन्।

संविधानको भाग ४, राज्यका

निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा भूमिहीन, सुकुमबासी, अव्यस्थित बसोबासको समस्या समाधानका लागि विशेष व्यवस्थाहरू गरेको छ। धारा ५१ को (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिको बुँदा ११ मा 'अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने' उल्लेख छ। धारा ५१ को (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको बुँदा ६ मा 'मुक्त कमैया, कमलरी, हरवा चरवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने' भनिएको छ।

भूमिसम्बन्धी ऐन, २०२१ को सातौ संशोधनले ५२.क (१) नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकको लागि तोकिएबमोजिम तीन वर्षभित्र जमिन उपलब्ध गराउनेछ। ऐनको आठौं संशोधनमार्फत दफा-५२ ख. भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने प्रावधान राखिएको छ भने दफा-५२ ग. अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने विषय थपिएको छ। यी तीन वटै प्रावधानअनुसार भूमिहीन दलितले जग्गा दर्ता गरी लिन पाउँछन्। दलितले भूमिहीन दलित एवम् भूमिहीन सुकुमबासीको रूपमा जग्गा दर्ता गरी लिँदा कुनै पनि शुल्क तिर्नुपर्दैन भने अव्यवस्थित बसोबासीको रूपमा फारम भरी जग्गा लिने हो भने चाहिँ केही राजश्य तिनुर्पे प्रावधान कानुनमा छ।

भूमिसम्बन्धी ऐन र कानुनमा व्यवस्था भएअनुसार भूमि समस्या समाधान आयोगले भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई एकपटकका लागि आवास प्रयोजनका लागि काठमाडौँ उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा बढीमा १ सय ३० वर्गमिटर जमिन उपलब्ध गराउनेछ। यी क्षेत्रबाहेक अन्यत्रको हकमा बढीमा ३ सय ४० वर्गमिटर जमिन उपलब्ध गराउनेछ। यस्तै भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई कृषि प्रयोजनका लागि भने तराई र भित्री मधेसमा बढीमा २ हजार वर्गमिटर जमिन उपलब्ध गराइनेछ भने हिमाल तथा पहाडमा बढीमा ३ हजार वर्गमिटर जमिन उपलब्ध गराइनेछ।

मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ को धारा २ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनैपनि आधारमा कुनै किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लेखित अधिकार हुने मूल्य र मान्यताप्रति प्रतिवद्वता जनाइएको थियो, जुन नेपालले पनि अनुमोदन गरेको छ। सोअनुसार भूमिहीन दलित पनि एक मानव भएकाले नाताले उनीहरूले पनि अन्य जाति एवम् मानिस सहर नै जमिनमा हक पाउनुपर्ने उनीहरूको कानुनी अधिकार हो। जसको ग्यारेण्टी राज्यले गर्नुपर्ने हुन्छ।

सन् १९६३ नोभेम्वर २० मा संयुक्त राष्ट्रसङ्घको महासभाले सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी घोषणापत्र पारित गर्यो। सोही दिन महासभाले आर्थिक तथा सामाजिक परिषद्लाई उच्च प्राथमिकताका साथ सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको मस्यौदा तयार गर्न आग्रह गर्यो। उक्त अख्तियारी बमोजिम महासन्धिको मस्यौदा

तयार गरी सन् १९६५ डिसेम्वर २१ मा महासभाले महासन्धि पारित गर्यो। यस महासन्धिलाई नेपालले सन् १९७१ जनवरी ३० मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको हो।

सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछ। यसमा आफ्ना क्षेत्राधिकार अन्तर्गतका ईलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारलाई रोक लगाउन निषेध तथा उन्मूलन गर्ने उल्लेख गरेको छ।

यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले पनि समाजको पिंधमा वर्षौदेखि दबाइएर राखिएका दलित जाति/समुदायलाई आर्थिक तथा सामाजिक क्षेत्रमा पहुँच दिनुपर्ने विषय समेटिएको छ। यी कानुनहरूले पनि भन्छन्, दलित समुदायलाई समृद्ध बनाउने, गरिबीबाट मुक्त गर्ने, आर्थिक रूपमा सवल बनाउन भूमिमा पहुँच हुनुपर्छ।

**भूमिहीनता अन्त्यको लागि विगतका प्रयासहरू**

वर्तमान सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको, जग्गा दर्ता गरी पुर्जा दिन एवम् जग्गा नभएकालाई जग्गा व्यवस्थापन गर्नको लागि भूमि समस्या समाधान आयोग गठन गरेको छ। आयोगले पहिलो प्राथमिकतामा भूमिहीन दलितका लागि जग्गा व्यवस्थापन गर्नु हो। सरकारले केही महिना पहिले मात्रै ७७ वटै जिल्लामा भूमि समस्या समाधान आयोगको जिल्ला



***सप्तरीको सुरुङ्गा नगरपालिकाको एक भूमिहीन दलित एवम् हरवा चरवा बस्ती। जसको लालपुर्जा छैन***

समितिहरू गठन गरिसेको छ।

राष्ट्रिय दलित आयोगले २०७८ चैत २२ गते निर्णय गरी सरकारलाई पेश गरेको सिफारिसको बुँदा नं. ८ मा नेपालको संविधानको धारा ४० बमोजिम भूमिहीन दलितहरूलाई भूमि उपलब्ध गराउन राष्ट्रिय भूमि आयोगलाई सिफारिस गरिएको उल्लेख छ। यस्तै तराईका दलितको सम्बन्धमा प्राकृतिक प्रकोप न्यूनीकरण तथा रोकथाम गरी दलित समुदायको जीवनमा सहजता ल्याउन सहयोग गर्न गृह मन्त्रालयलाई पठाएको उल्लेख गरेको छ। आयोगले २०७९ वैशाख १३ मा निर्णय गरी कर्णालीलगायत नेपालभरका घरबासविहीन वादी समुदायलाई आवास तथा भूमि व्यवस्थापन गर्नको लागि राष्ट्रिय भूमि आयोगलाई पत्र लेखी पठाएको उल्लेख छ।

सङ्घीय सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको बुँदा ५५ मा 'लोककल्याणकारी राज्य र सामाजिक न्यायको अवधारणाअनुरुप आगामी आर्थिक वर्षमा ५ लाख भूमिहीन, सुकुम्बासी, स्ववासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिनेछ।' भन्ने लेखिएको छ। सोही विषय तत्कालिन अर्थमन्त्री वर्षमान पुनले जस्ताको तस्तै बजेट भाषणाको बुँदा नं. १४५ मा राखेका थिए।

भूमि समस्या समाधान आयोगको विवरणअनुसार देशभर ७३९ वटा स्थानीय तहसँग मिलेर आयोगले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको पहल अघि बढाएको छ। देशमा नयाँ संविधान जारी भएयता पनि तीन पटक भूमि आयोगहरू बन्ने र विघटन हुने श्रृङ्खला चल्यो। मुलुकमा बहुदलीय प्रजातन्त्र स्थापना भएयता हालसम्म १८ औं पटक यस्तो आयोग गठन-विघटनको श्रृङ्खला चलिआएको देखिन्छ। यी पछिल्लो ३५ वर्षमा बनेका आयोगहरूले विभिन्न चरणमा १ लाख ६० हजार २ सय १० भूमिहीन परिवारलाई जमिन वितरण गरेका देखिन्छ। तर, यसअघि वितरण गरिएका जग्गाधनी प्रमाण पुर्जाहरू कतिपय सेता पुर्जा, केही स्रेस्ता कायम नभएका, कतै मालपोत-नापीमा रेडर्क नगरिएको यी आदि कारणले गर्दा चल्दैनन्। जुन कहीं कतै काम लाग्दैन। उनीहरूले झन दु:ख पाइरहेका छन्।

तर, २०७२ सालमा संविधान सभाबाट नेपाको संविधान बनेपछि संविधानमै व्यवस्था गरी भूमिहीन दलितलाई एक पटक जग्गा उपलब्ध गराउने कुरा संवैधानिक ग्यारेण्टी गरिएको छ। यसपछि भने भूमिसम्बन्धी ऐन २०२१ को सातो, आठौं र अहिले अध्यादेशमार्फत नवौं पटक संशोधन गरी भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको लागि सरकारले प्रयास भने गरेको देखिन्छ। यद्यपि अध्यादेश पास हुने अवस्थामा देखिएन।

भूमिसम्बन्धी समस्या समाधान आयोगको अद्यावधिक विवरणअनुसार कुल ११,००,२६०० भूमिहीन एवम् अव्यवस्थित बसोबासी परिवारको विस्तृत लगत लिएर प्रविष्टीकरण गरी सकिएको छ। जसमा भूमिहीन दलित, ८७,०९१, भूमिहीन सुकुमबासी १,६५,३५० र अव्यवस्थित बसोबासी ८,४७,८१९ परिवारको निवेदन सङ्कलनपछि प्रविष्टीकरण (डिजिटल डाटाबसे व्यवस्थापन) कार्य सकिएको छ।

२०७६ सालयता बनेका तीन आयोगले पछिल्लो ५ वर्षको अवधिमा कुल ४,५८६ परिवारलाई मात्रै लालपुर्जा वितरण

गर्न सफल भएका छन्। लालपुर्जा पाउनेहरूमा भूमिहीन दलित, ६२६, भूमिहीन सुकुमबासी ५३६, अव्यवस्थित बसोबासी १९७ र विगतको आयोगको अधुरा कामलाई सल्टाइ ३२२७ परिवारलाई लालपुर्जा वितरण गरिएको छ।

**भूमिहीनता अन्त्य कसरी**

आजसम्म अधिकांश दलित समुदाय भूमिहीन रहनुको कारण, उनीहरूको शक्ति कमजोर भएर हो। बोली कमजोर भएर हो। राजनीति र राज्यको निकायमा प्रतिनिधित्वको अवसर नपाएर हो। भूमिहीन एवम् सुकुमबासीलाई जग्गा दर्ता गरिदिने, व्यवस्थापन गरिदिने आयोगहरूमा दलित समुदाय भूमि अभियन्ताहरूको प्रतिनिधित्व नभएर हो। र मुख्य कुरा भूमिहीन दलितहरू सङ्गठित हुन नसकेर हो। आर्थिक उपार्जन गर्ने ठाउँमा अवसर नपाएर हो। उनीहरूको पेशाले राम्रो आर्थिक आम्दानी लिन सक्ने सार्मथता नपाएर हो।

नेपालमा अब भूमिहीन परिवारको सङ्ख्या शून्य बनाउने रणनीति सरकारले बनाउनुपर्छ। एकपटक भूमि सुधार गर्नुपर्छ। मानिसहरू बसोबास गर्दै आएको ठाउँमा नै जग्गा दर्ता गरी दिने र पुर्जा दिने कार्य गर्नुपर्छ। यो किन पनि जरुरी छ भने हरेक सरकारले यो विषय वार्षिक नीति तथा कार्यक्रममा समेट्छ। नेपालका हरेक राजनीतिक दलहरूले हरेक ५ वर्षमा हुने आवधिक निर्वाचनमा पनि यी विषय जोडतोडले उठाउछन् तर किन यो विषय अझैं पेचिलो बन्दै गइरहेको छ ? यी समस्या समाधानमा बहस, छलफल पनि पुगेको छैन।

हामीसँग भएका विद्यमान कानुनी व्यवस्थाहरूको उचित कार्यान्वयन मात्रै भइदिने हो भने पर्याप्त हुने थियो। सदियौंदेखि भूमिको लालपुर्जा कस्तो हुन्छ ? भन्नेसम्म देख्न नपाएका सम्पूर्ण भूमिहीन दलितलाई जग्गासमेत लालपुर्जा दिने नीति सरकारले लिनुपर्छ। भूमिहीन परिवार गरिब छन्। मजदुरी गर्छन्। आम्दानी छैन। उनीहरूलाई जग्गा दिने, सिपअनुसारको जीविकोपार्जनको विकल्प पनि दिनुपर्छ।

सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई भन्ने मर्मलाई आत्मसाथ गरी सबै भूमिहीन दलित परिवारलाई आवासको अधिकार ग्यारेण्टी गर्ने र खेतीयोग्य जमिन किसानलाई दिने नीति अवलम्बन गर्दा उचित हुने देखिन्छ। बढ्दो खाद्य सङ्कटलाई टार्न पनि जमिनको अधिकाशं हिस्सा किसानसँग नै हुनुपर्छ। तर, भूमिहीन दलित परिवारलाई आवाससँगसँगै सीप र क्षमताअनुसारको रोजगारी दिई उनीहरूको जीविकोपार्जन सहज बनाइदिने रणनीति लिनुपर्छ। अब पनि भूमिहीन दलितको समस्या समाधान नगरिने हो भने उनीहरूमाथि थप अन्याय हुनेछ। उनीहरूको मानव अधिकारको हनन् हुनेछ। यस विषयमा सबै दलित समुदायको चासो र चिन्ता हुनु त पर्छ नै, साथै सम्पूर्ण राजनीतिक दल, अधिकारवाला, सरोकारवाला, जनप्रतिनिधिहरूको पनि उचित ध्यान र चासो जानुपर्छ। र दलित समुदायको भूमि अधिकारसँगै मानव अधिकार स्थापित गर्ने विषयमा सबैको पहल-पैरवी पनि उत्तिकै जरुरी छ।

(लेखक भूमि अधिकारकर्मी हुनुहुन्छ।)

विश्लेषण

# अनौपचारिक श्रम क्षेत्रमा दलित श्रमिक पाउँदैनन् तोकिएको पारिश्रमिक, जातीय विभेद उस्तै

**पृष्ठभूमि**

आयस्रोत न्यून भएका, श्रमको निश्चितता नभएका तथा सुरक्षित, मर्यादित र आधारभूत श्रम प्राप्तिका लागि पहुँच नभएका व्यक्तिहरू अनौपचारिक श्रमिक हुन्। श्रमिकको दायरामा ल्याउन नसकिएका श्रमिकहरू जो राज्यको श्रम तथा कर नीति अनुरूप तिनको आयस्रोत कर प्रणालीमा नपर्नुका साथै सरकारी निकायबाट हुने कुनै पनि खालको नियमन, अनुगमन तथा मूल्याङ्कन हुँदैन, त्यस्तो खालको श्रमलाई अनौपचारिक श्रम अन्तर्गत राखिन्छ जसमा मधेश अन्तर्गतका जिल्लाहरूमा मूलत: घरेलु श्रम, कृषि मजदूर, निर्माण क्षेत्र, इँटा भट्टा, गिट्टी बालुवा चाल्ने, मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक छन्। अनौपचारिक क्षेत्रका श्रमिकको ठूलो हिस्सा भएपनि त्यस्ता श्रमिकहरू कति छ भन्ने आधिकारिक तथ्याङ्क उपलब्ध छैन। श्रमिक अधिकारका लागि काम गरिरहेका केही गैरसरकारी संस्थाहरूले आफ्नो कार्यक्षेत्रमा गरेको नमूना तथा बेसलाइन सर्वेक्षण, स्थानीय तहका जनप्रतिनिधिसँग गरिएको कुराकानी, समुदायका श्रमिकहरूसँग गरिएको समूहगत छलफलको आधारमा पाइएका श्रमिक र श्रमिक महिलाका सवालहरू निर्क्यौल गरिनुपर्ने बाध्यता छ।



मणिलाल विश्वकर्मा

अनौपचारिक क्षेत्रमा प्राय: दलित समुदायका पुरुषहरू कृषि तथा निर्माण र महिलाहरू घरेलु श्रम र कृषि क्षेत्रका श्रमिकको सङ्ख्या उल्लेख्य छ। श्रमिकको अवस्था, समस्या तथा चुनौती, स्थानीय तहले मौजुदा व्यवस्था अन्तर्गत श्रमिकहरूको सवाल सम्बोधन गर्न स्थानीय तहले गरेको नीतिगत व्यवस्था, त्यसका लागि गरिएको पहल, कृषि, निर्माण श्रमिकको ज्यालासम्बन्धी व्यवस्था, ज्यालामा असमानता, कार्यस्थलको सुरक्षा, श्रमिक महिलाहरूमाथि हुने हिंसा, त्यसको विरुद्ध स्थानीय तहको न्यायिक समितिमा गरिने वा गरिएको उजुरी जस्ता विषयमा श्रमिकहरू खुलेर बताउन चाहँदैनन्।

अनौपचारिक क्षेत्रका श्रमिकहरू त्यसमा पनि महिला श्रमिकहरूको रोजगारीको सुनिश्चितता, मासिक तलब, भत्ता, विदाको सुविधा, स्थानीय तहमा सूचीकरण, श्रमिक विमा आर्थिक तथा सामाजिक सुरक्षा नहुने भएकाले मौसमी मजदूरको रूपमा काम गरिरहेका छन्। श्रमिक महिलाहरूले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम् पारिश्रमिक पाउँदैनन्। स्थानीय तहहरूले पनि श्रमिकको सवाललाई नीतिगत र कार्यक्रम, योजनाको आधारमा सम्बोधन गर्ने प्रयास गरेका छैनन नै, ज्याला समेत एक रूपता छैन। समान कामको समान ज्याला त धेरै परको कुरा, श्रम शोषण, मजदूरी गरेको ज्याला समेत

काम लगाउने व्यक्तिले चाहेको बेला मात्र दिने पाइएको छ। काम गर्ने बेला दुर्घटनामा परेर अंगभंग भए वा बिरामी परे काम गरेको समेत ज्याला पाउँदैनन्। स्थानीय तहका जनप्रतिनिधिहरूले श्रमिकको सवाल सम्बोधन गर्नै पर्ने विषय भएको स्वीकारे पनि कुनै नीतिगत व्यवस्था नगरी 'प्रयास गर्दैछौं' मात्र भन्नु श्रमिकहरूको सवाललाई गम्भिर ढंगले नलिएको निष्कर्ष निकालिंदा शायद अन्यथा हुँदैन।

**विद्यमान अवस्था र समस्या**


अनौपचारिक क्षेत्रका श्रमिकहरू त्यसमा पनि प्राय: दलित समुदायका महिला श्रमिकहरूको रोजगारीको सुनिश्चितता, मासिक पारिश्रमिक, विदाको सुविधा, स्थानीय तहमा श्रमिकको सूचीकरण, श्रमिक बीमा, आर्थिक तथा सामाजिक सुरक्षा नहुने भएकाले मौसमी मजदूरको रूपमा काम गरिरहेका छन्। श्रमिक महिलाहरूले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले तोकेको न्यूनतम् पारिश्रमिक पाएका छैनन्। स्थानीय तहहरूले पनि श्रमिकको सवाललाई नीतिगत र कार्यक्रम, योजनाको आधारमा सम्बोधन गर्ने प्रयास पनि नगरेको पाइएको छ। सिरहाको लहान १३ पिडरबोनी, धनगढीमाई ११ बलुवा टोलमा दलित समुदायका श्रमिक महिलाहरूसँग गरिएको समूहगत छलफलको आधारमा बिहान ८ बजेदेखि कृषि मजदूरी गर्ने श्रमिकहरू खाजा खाना दिंदा नगद पाँच सय रूपैयाँसहित साँझ ६ बजेसम्म १० घण्टा, खाजा मात्र दिंदा साँझ ५ बजेसम्म काम गरिरहेको पाइयो भने सप्तरीको सुरुङ्गा नगरपालिका ४ मधुपट्टि गाउँका श्रमिक महिलाहरू तथा नगर उपप्रमुखसँग गरिएको कुराकानीमा नगर क्षेत्रमा बिहान ८ बजेखि साँझ ६ बजेसम्म कृषि मजदूरी गर्दा खाजा खाना दिंदा दैनिक चार सय रूपैयाँ र खाजा खाना नदिंदा ६ सय रूपैयाँ पारिश्रमिक दिने गरेको पाइएको छ।



*श्रममा अनौपचारिक क्षेत्रका मजदुर, सिराहा*

काम गर्ने बेला दुर्घटनामा परेर अंगभंग भए वा बिरामी परे काम गरेको समेत ज्याला नपाउने गरेको पाइएको छ। स्थानीय तहका जनप्रतिनिधिहरूले श्रमिकको सवाल सम्बोधन गर्ने पर्ने विषय भएको स्वीकारे पनि कुनै नीतिगत व्यवस्थाको बारेमा ध्यान दिएका छैनन्। समग्रमा अनौपचारिक क्षेत्रका श्रमिक महिलाको अवस्थालाई यसरी उल्लेख गर्न सकिन्छ :

- कृषि क्षेत्रका श्रमिक महिलाहरूको असमान ज्याला।
- अनौपचारिक क्षेत्रका काम गर्ने श्रमिकहरू असंगठित।
- श्रमिक महिलाहरूमाथि लैंगिक विभेद।
- संघीय सरकारले तोकेको न्यूनतम् ज्यालामा नघटाई प्रदेश, स्थानीय सरकारले ज्याला नतोकेकाले रोजगारदाता व्यक्तिको इच्छा बमोजिम दिने ज्यालामा श्रम गनुपर्ने बाध्यता, अन्य क्षेत्रमा काम गर्ने अवधि ८ घण्टाभन्दा थोरै बढी भएपनि कृषि श्रमिकको हकमा न्यूनतम् १० घण्टा काम लगाउने व्यक्तिले नै तोकिदिने।
- काम अनुसारको ज्याला नपाएर घर खर्च चलाउन गाह्रो हुँदा पेटभर खान नपाउने अवस्था।
- कार्यस्थलमा सुरक्षा सामग्री तथा प्राथमिक उपचारको व्यवस्था, बीमा नहुने भएकाले श्रमिक महिलाहरू बिरामी पर्दा उपचारका लागि ऋण लिनै पर्ने बाध्यता।
- कडा खालको रोग लाग्यो भने औषधि उपचार गरउन नसकी मृत्यु पर्खेर बाँच्नु पर्ने अवस्था।
- पालिकामा श्रम डेस्क रोजगार सेवा केन्द्र नहुनु।
- कृषि क्षेत्रका श्रमिकहरू मौखिक रूपले हुने रोजगारी करार र सम्झौता अन्तर्गत काम गर्न बाध्य।
- कार्यस्थलमा कुनै दुर्व्यवहार, हिंसा भए गुनासो सुनुवाई गर्ने कुनै विशेष संरचना वा संयन्त्र नभएपनि स्थानीय तहको न्यायिक समितिमा उजुरी गर्न सकिने तर समितिमा उजुरी गर्न जानेको संख्या अति न्यून।
- कार्यस्थलमा महिलामैत्री शौचालय नहुनु, स्तनपान गराउने श्रमिक महिलाका लागि स्तनपान कक्षा नहुनु, थकाई लागेका बेला खुल्ला ठाउँमा आराम



*सिराहाको औरहीमा महायज्ञको लागि गरिएको तयारी*

गर्नुपर्ने हुँदा महिलाहरू जुनसुकै बेला हिंसा, यौन दुर्व्यवहारको शिकार बन्न सक्ने जोखिम।

- श्रमिक महिलामाथि कार्यस्थलमा दुर्व्यवहार र शोषण गर्ने जोखिम बढी हुने हुँदा पूर्ण रूपले भयरहित ढंगले काम गर्न नसक्ने अवस्था।
- कार्यस्थलमा उचित व्यवस्था नहुँदा महिला श्रमिकहरू दुधे बच्चालाई लिएर श्रम गर्न बाध्य।
- श्रमिक महिलाको पारिश्रमिक थोरै हुने भएकाले जीविका चलाउन नपुग्ने र घरायसी कलह हुँदा काखे बच्चा भएका महिलाहरूमा मानसिक तनाव बढेर मानसिक रोगी बन्ने जोखिम।
- संघीय सरकारले तोकेको न्यूनतम् ज्याला ज्याला समेत नपाउने।

**भूमिहीनता, नागरिकता विहीनता अनि जातीय विभेद**

भौगोलिक रूपले जिल्लाकै सबैभन्दा ठूलो नगरपालिकाको रूपमा रहेको लहान नगरपालिका क्षेत्रका २४ वडामा वि.सं. २०७८ को जनगणना अनुसार १ लाख २ हजार ३१ जनसङ्ख्या छ। नगरका १ देखि २४ नं. वडा क्षेत्रमा बसोवास गर्ने विभिन्न समुदायका सिमान्तीकृत समूहहरू नागरिकता नहुँदा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कतिक, नागरिक अधिकारबाट बञ्चित छन्। लहान नगर स्तरीय नागरिक सहकार्य मञ्चको पहलमा सिमान्तीकृत समूहको उमेर पुगेका व्यक्तिले नागरिकता पाए नपाएको सवालमा नगरको १, २, ५, १०, १३, १४, १५ र २४ नं. वडा अन्तर्गत २४ गाउँ बस्तीमा बसोवास गर्दै आएका एक हजार तीन सय ३४ घरधुरी दलितहरूको २०७६ मा गरिएको सर्वेक्षणमा एक हजार तीन सय दुई घरधुरी दलित रहेको पाइएको थियो। त्यसमा मुसहरको सङ्ख्या ठूलो छ। सर्वेक्षण एक हजार तीन सय ३४ घरधुरीमा १६ वर्ष माथिका कुल चार हजार दुई सय ६९ जनसङ्ख्यामध्ये दुई हजार एक सय नौ जनाले नागरिकताको प्रमाणपत्र लिएका र दुई हजार एक सय ६० जनाले नागकिता लिन नपाएको वा नसकेको पाइएको छ। नागरिकता पाउने उमेर समूहमा नागरिकता पाएकाहरू ४९ दशमलव ४ प्रतिशत र नपाउनेमा ५० दशमलव ५ प्रतिशत रहेको सर्वेक्षणमा भेटियो। सर्वेक्षण गर्न बाँकी रहेका वडाका दलित समुदाय र विशेषत: मुसहर समुदायका अन्य बस्तीहरूमा समेत नागरिकता नपाउनेहरू रहेकाले सिमान्तीकृत समुदायभित्र पर्ने अन्य जातीय समुदायमा पनि नागरिकताको समस्या छ।

लहान नगरपालिका १५ अन्तर्गत पर्ने विभिन्न टोलमा बसोवास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीलाई जोतभोग गरिरहेको जग्गाको नापजाँच गरी निस्सा पत्र वितरण थालिएको छ। २०८० माघ २८ गते लहान १५ ढोढना सिमलटोकीमा आयोजित समारोहमा ७ सय ७६ जना भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीलाई निस्सापत्र वितरण गरिएको छ। निस्सापत्र पाउनेहरूमा १ सय ९६ जना भूमिहीन दलित, ८७ जना भूमिहीन सुकुमवासी र ३ सय ९३ जना अव्यवस्थित बसोवासी छन्। नगरका अन्य वडाहरूमा पनि भूमिहीनहरूको लगत सङ्कलन भइरहेका बेला आयोग विघटन भएसँगै आयोगबाट नगर क्षेत्रमा खटिएका प्राविधिकहरू फिर्ता भएपछि अन्य काम स्थगित रहेको छ। आयोगका निवर्तमान जिल्ला अध्यक्ष रामअधिन यादवका अनुसार

जिल्लाभरमा आठ हजार सुकुमवासी र तीन हजार आठ सय अव्यवस्थित बसोवासीले जग्गा प्राप्तिका लागि आ-आफ्नो बसोवास रहेको पालिकामा निवेदन दिएका छन्। जिल्लाका विभिन्न स्थानीय तहहरूले आयोगसँग सम्झौता गरी भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको लगत सङ्कलनसहित निस्सापत्र, लालपुर्जा वितरण थालिसकेको भए पनि जिल्लाका पाँच स्थानीय तहले अझै पनि आयोगसँग सम्झौता नै गरेको छैनन्। सिराहाको सुखीपुर नगरपालिकासहित लक्ष्मीपुरपतारी, बरियारपट्टी, सखुवानन्कारकट्टी र भगवानपुर गाउँपालिकाले आफ्नो पालिका क्षेत्रका भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको लगत सङ्कलनसहित अन्य कामका लागि आयोगसँग सम्झौता नै गरेका छैनन्। विष्णुपुर र नरहा गाउँपालिकाले सम्झौता भएको दुई वर्षसम्म पनि कुनै प्रक्रिया अगाडि बढाएका छैनन्।

गैरसरकारी संस्थाको रूपमा समुदाय तहमा काम गरिरहेको लहानस्थित दलित जनकल्याण युवा क्लवले कार्यक्षेत्र अन्तर्गत पर्ने धनगढीमाई नगरपालिकाको ९, १०, ११, १२, १३ र १४ गरी ६ वडामा गरेको श्रमिक सम्बन्धी बेसलाईन सर्वेक्षण अन्तर्गत ४४३ महिला श्रमिक र ४०६ पुरुष श्रमिकसँग प्रश्नावलीको आधारमा गरिएको कुराकानीमा ५६२ जना श्रमिकहरू (दलित समुदाय) को ९० प्रतिशतभन्दा बढीको आफ्नै जग्गामा बसोवास छैन भने नागरिकता पाउने उमेर भएपनि बाबु आमाको नागरिकता नरहेको, बनाए पनि हराएको वा नष्ट भएको, आवश्यक प्रमाण जुटाएर पटक पटक जिल्ला



*महायज्ञका एकजना पूजारी*




*भोजको लागि गरिएको व्यवस्था, सिराहा*

प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय धाउनु पर्दा आर्थिक रूपले धान्न नसक्ने भएपछि दलित समुदायका ४० प्रतिशत हाराहारी श्रमिक नागरिकताबाट बञ्चित छन्। अनौपचारिक क्षेत्रका श्रमिकको काम गरिरहेको दलित समुदाय बाहेक जनजाति, मधेसी, ब्राम्हण क्षेत्री, मुस्लिममा कम्तिमा प्राय:को थातथलोका लागि घडेरी थोरै (६ कठ्ठा भन्दा कम) भएपनि जग्गा, नागरिकता, बैंक खाता, विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा पहुँच रहेको भए पनि दलित समुदायका श्रमिकको हकमा त्यस्तो छैन। धनगढीमाई नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीका लागि जग्गा प्राप्ति गर्न राष्ट्रिय भूमि आयोगसँगको समन्वयमा भूमि इकाई शाखामार्फत् (२०८१ वैसाख २४ गतेसम्म) नगर क्षेत्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूलाई जग्गाधनी बनाउन सबै वार्डबाट भूमिहीन दलित ४४३, भूमिहीन सुकुम्बासी ७४६ र अव्यवस्थित बसोवासी १२५३ गरी २९७७ घरधुरीको निवेदन सङ्कलन गरिएको छ।

धनगढीमाइ नगरपालिका १३ नं. वडामा सम्पूर्ण नाप नक्साङ्कन गरी १ सय ८ जनाले जग्गाधनी दर्ता प्रमाणपूर्जा पाइसकेको, १४ नं. वडामा १ सय ३ जनाको सबै प्रकृया पुऱ्याई अन्तिम जाँचका लागि राष्ट्रिय भूमि आयोगको जिल्ला समितिमा पठाइएको र ९ नं. वार्डमा नाप नक्साङ्कन भए पनि मुसहर बस्तीमा मोही जग्गादेखिएपछि आयोगको निर्णयको पर्खाइमा रहेको छ। नागरिकता भएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले जग्गा पाएको र पाउने प्रकृयामा रहेको भएपनि नागरिकता नरहेका दलित समुदायका श्रमिकहरू लगत सङ्कलनको क्रममा नै छुटेका छन्।

प्रदेश अन्तर्गतका बाँकी सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा तथा पर्सा जिल्लाका श्रमिक महिलाहरूमा दलित र अल्पसङ्ख्यक समुदायका श्रमिकको पनि ठूलो हिस्सा भूमिहीनता र नागरिकताविहीनताको समस्याबाट गुज्रिरहेका छन्। आफ्नै जग्गा नहुने दलित,



*जातअनुसारको भोज स्थल, सिरहा*

अल्पसङ्ख्यक, मुस्लिम, जनजाति समुदायका श्रमिकहरू प्रायः ऐलानी, पर्ती, वन क्षेत्र, खोलाको किनार, पोखरीको डिल, सडक किनारमा असुरक्षित रूपले बसिरहेका छन्।

पालिकाले सञ्चालन गरिरहेको औरही अस्पताल र गाउँपालिकामा करार सेवा अन्तर्गत सरसफाइको काम गरिरहेका औरही गाउँपालिका- ५ की अनितादेवी मल्लिक र उनकी श्रीमान दिपक मल्लिक आठ जनाको परिवारको जीविका श्रम गरेरै चलाउँदै आएका थिए। जनता आवास कार्यक्रमले बनाइदिएको दुई कोठे पक्की घरको एउटा कोठामा दिपकको परिवार र अर्को कोठामा भाइ सञ्जयको परिवार बस्दै आएका थिए। उनको घर रहेको ठाउँमा १७ चैत २०८१ देखि गर्ने भनिएको विष्णु महायज्ञ स्थल अपवित्र हुन्छ भन्दै महायज्ञका मूल पूजारी बजरंगी बाबाको निर्देशनमा महायज्ञ तयारीको क्रममा १० फागुनमा उनको दुई कोठे पक्की घरमा महायज्ञ आयोजक समितिका अध्यक्ष समेत रहेका पालिका अध्यक्ष शिवजी यादव र औरही-५ का पूर्व वडाध्यक्ष दिलिपकुमार यादवले जेसिवी लगाएर भत्काइदिए। डोम परिवारको ओत लाग्ने घर भत्काएपछि पालिका अध्यक्षले स्थानीय सुन्दर जनता मा.वि.को हकभोगमा रहेको हुलाकी सडक क्षेत्रमा पर्ने करिब दुई धुर जग्गामा बाँसको कटेरो ठड्याउन लगाएर बिस्थापित गरिदिए जहाँ खानेपानी बिजुली समेत थिएन।

जातीय कारणले डोम परिवारमाथि भएको ज्यादती विभिन्न संचार माध्यमहरूमार्फत् उजागर भएपछि स्थानीय प्रहरी प्रशासनले ८ चैतमा दवै जनालाई पक्राउ गरी भोलिपल्ट पीडितले दिएको जातीय भेद्भाव तथा छुवाछुत सम्बन्धी कसुरमा मुद्दा पनि चलायो। सिरहा जिल्ला

अदालतले पक्राउ परेका दुवे जनामाथि अनुसन्धानका लागि पहिलो पटक पाँच दिन र दोस्रो पटक तीन दिन म्याद समेत थप्यो। १५ चैतमा प्रहरीले अनुसन्धान प्रतिवेदनसहित पक्राउ गरिएका दुवै जनालाई जिल्ला सरकारी वकिल कार्यालयलाई बुझाएपछि सोही दिन सिरहा जिल्ला अदालतमा अभियोजन पत्र दर्ता गरी थुनछेक बहस हुँदा जनही एक/एक लाख रूपैयाँ धरौटीमा रिहा भएका छन्।

त्यस्तै, २०७९ फागुनको तेस्रो हप्ता सिरहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले आफ्नी दिवङ्गत आमाको मृत्युको तेह्रौं तिथिमा ब्यानर टाँगेरै दलित, गैरदलितका लागि गरिएको सभाभोज खुवाए। भगवानपुर गाउँपालिका - ५ इनर्वास्थित आफ्नै घरमा आयोजित सभाभोजमा जातीय छुवाछुत भएको भन्दै चौतर्फी आलोचना भएपछि अध्यक्ष यादवले प्रेस विज्ञप्तिमार्फत भोजको व्यवस्थापनको क्रममा जातीय प्रमुखबाट अञ्जानमा कुनै वर्ग, धर्म सम्प्रदाय र जातलाई आत्मसम्मानमा चोट पुग्ने किसिमको वा जातीय विभेदलाई सङ्केत गर्ने कार्य भएको स्वीकार्दै क्षमायाचना र आत्मालोचना त गरे तर १४ चैतमा अध्यक्ष यादव विरुद्ध जिल्ला प्रहरी कार्यालय सिरहामा जातीय भेद्भाव छुवाछुत सम्बन्धी कसुरमा किटानी जाहेरी दर्ता समेत भयो। पालिका अध्यक्ष जस्ता जिम्मेबार व्यक्तिले त जातीय विभेद गरिरहेका छन् भने अन्य सर्वसाधारण भलै, त्यो मुद्दा अदालतले किनारा लगाइसकेको छ। औरही र भगवानपुरका प्रतिनिधिमूलक घटना मात्र हुन् जसमा पालिका अध्यक्ष नै जोडिएकाले बढी चर्चामा भयो तर त्यस्ता जातीय छुवाछुत विभेद सम्बन्धी कैयौं घटनाहरू छन्, जुन बाहिर नै आउँदैनन्। गाउँमै पञ्चायती गरेर मिलापत्र गराइन्छ।




*भोजमा गरिने विभेदको दृश्य*

**प्रदेश सरकारको प्रयास**

मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवधिक योजनाहरूमा अनौपचारिक क्षेत्रका श्रमिकका लागि किटानहित उल्लेख नभए पनि आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको ९० नं. बुँदामा किसानको बारी स्यवयम्सेवकको छहारीको सोचलाई सार्थक तुल्याउन महिला कृषि स्वयम्सेविका कार्यक्रम सञ्चालन, ९१ नं. मा हरवा चरवा, बिपन्न, गरिब, भूमिहीन तथा सामाजिक रूपमा पिछडिएका साना कृषकहरू, एकल महिला, विभिन्न आन्दोलनमा सहिद र घाइते परिवारको आयआर्जन तथा जीविकोपार्जनमा टेवा पुऱ्याउन स्वरोजगारमूलक विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

नीति तथा कार्यक्रमको बुँदा नं. १३७ मा मधेशका महिलाहरूको दैनिक आवश्यकता सम्बोधन गरी जीवनयापन सहज गर्न मुख्यमन्त्री महिला उज्जवला कार्यक्रम सञ्चालन, १५१ नं. मा दलित तथा आर्थिक रूपले विपन्न समुदायका लागि क्षमता अभिवृद्धि र आर्थिक उपार्जनका लागि सम्बन्धित निकायसँग समन्वय गरी सीपमूलक तालिमको व्यवस्था गरिनुका साथै प्रदेशभर रहेका अर्धदक्ष तथा दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक नीतिगत, कानुनी, संस्थागत व्यवस्थासहितको प्रशिक्षण, सीप परीक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने, १९९ नं. बुँदामा बालबालिका, महिला, अपांगता भएका व्यक्ति, एकल महिला, आदिवासी जनजाति, मुस्लिम, ज्येष्ठ नागरिक र बिपन्न लगायतका समुदायको अधिकार, सशक्तिकरण र विकास गर्ने नीति अवलम्बन, दलितहरूको क्षमता अभिबृद्धि, आर्थिकोपार्जन र सशक्तिकरणका लागि सम्बन्धित निकायसँग समन्वय गरी सचेतना सीपमूलक कार्यक्रम सञ्चालन, २१३ नं. मा मधेश प्रदेशका गरिब, दलित, सिमान्तकृत र बिपन्न परिवारहरूको लागि एक विद्युतीय चुलो कार्यक्रमको निरन्तरता जस्ता कार्यक्रम छन्।

**कानुनी, नीतिगत व्यवस्था र स्थानीय कार्यक्रम र बजेट**

श्रम ऐन २०७४, नियमावली २०७५, प्रधानमन्त्री रोजगार सञ्चालन निर्देशिका २०७५, इँटा उद्योगमा काम गर्ने श्रमिकका लागि व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्यसम्बन्धी निर्देशिका २०७४, राष्ट्रिय रोजगार नीति २०७१ मार्फत् अनौपचारिक क्षेत्रका समस्याहरू सम्बोधन गर्ने प्रयास त गरिएको छ तर प्रभावकारी कार्यान्वयन छैन।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को दफा २१ को उपदफा ३ बमोजिम 'गाउँ कार्यपालिका नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेस गर्नुपर्ने' व्यवस्था अनुरूप उल्लेख छ। त्यही प्रावधान बमोजिम स्थानीय तहहरूले ल्याएका आर्थिक वर्ष २०८१/०८२ का लागि आय व्ययसहितको अनुमानित बजेटसहित नीति तथा कार्यक्रममा सुत्केरीलाई भत्तादेखि दलितलाई नागरिकता बनाउन लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले व्यहोर्नेसम्मका कार्यक्रम छन्।

**अब के गर्ने ?**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा श्रमिकहरूको हक, हित, अधिकार, सुविधाको व्यवस्था गरेको भए पनि प्रभावकारी कार्यान्वयन भइरहेको छैन। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आफ्नो

पालिकाको भूगोलभित्र बसोवास रहेका श्रमिकहरूको तथ्याङ्क सङ्कलन, सुकुम्बासीको पहिचान र व्यवस्थापन, सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोवास व्यवस्थापन गर्ने व्यवस्था छ। त्यस्तै, जिल्ला दररेट निर्धारण समितिले हरेक वर्षको आर्थिक वर्ष शुरु हुनु १५ दिन अगावै संघीय सरकारले तोकेको भन्दा नघटाई ज्यालाको दररेट तोकिसक्नु पर्ने कानुनी व्यवस्था गरे बमोजिम दररेट निर्धाण हुँदै आएको छ तर त्यसमा कृषि क्षेत्रका श्रमिकलाई छुटाउने गरिएको। स्थानीय तहहहरूले पनि ध्यान पुऱ्याउन सकेका छैनन्। श्रम ऐन, नियमावली अनुसार हरेक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था गरेको भए पनि त्यसले कृषि क्षेत्रका श्रमिकलाई छोएको छैन।

तसर्थ, सङ्घीय सरकारले बनाएका नीतिगत व्यवस्थाहरूको कार्यान्वयनसहित प्रदेश सरकारको नीति तथा योजना आयोगले प्रदेश अन्तर्गतका जिल्लाहरूमा अनौपचारिक क्षेत्रमा काम गरिरहेका श्रमिकको लगत एकीन गरी तिनको जीविकोपार्जनका अल्पकालीन र दीर्घकालीन योजना बनाएर कार्यान्वयनका लागि प्रदेश सरकारलाई कार्यान्वयनका लागि सिफारिस गर्न जरुरी छ। स्थानीय तहले स्थानीय तहको भूगोलभित्र दैनिक ज्यालादारीमा आश्रित श्रमिकहरूको पहिचान गरी पञ्जीकरण गर्न र परिचय पत्रको व्यवस्था, श्रम कार्यविधि निर्माण गरी तत्काल लागु र श्रम अनुगमन समिति गठन, पालिकामा श्रम डेस्कको स्थापनासहित श्रमिकहरूको तथ्याङ्क अद्यावधिक गरी श्रम सूचना केन्द्रको स्थापना, पालिका क्षेत्रमा श्रमिकहरूले पाउने ज्यालाको समयसापेक्ष पुनरावलोकनका लागि संयन्त्र स्थापना र सम्मानित कामको वातावरण सिर्जना र समय सापेक्ष न्यायोचित ज्यालाको ग्यारेण्टी, श्रम गर्ने क्रममा दुर्घटनामा भए औषधि उपचारसहित उचित रोजगारीको व्यवस्था र स्वास्थ्य बीमाको व्यवस्था लागु गर्न जरुरी छ।

**निष्कर्ष**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा श्रमिकहरूको हक, हित, अधिकार, सुविधाको स्पष्ट व्यवस्था गरेको भए पनि प्रभावकारी कार्यान्वयन भइरहेको छैन। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आफ्नो पालिकाको भूगोलभित्र बसोवास रहेका श्रमिकहरूको तथ्याङ्क सङ्कलन, नेपाल सरकारले तोकेको भन्दा नघटाइ हरेक वर्षको आर्थिक वर्ष शुरु हुनु १५ दिन अगावै ज्यालाको दररेट तोकिसक्नु पर्ने कानुनी व्यवस्था बमोजिम स्थानीय तहहहरूले ध्यान पुऱ्याउनु जरुरी छ। गाउँ/ नगर क्षेत्रमा बसोवास गर्ने अनौपचारिक क्षेत्रका श्रमिकको लगत सङ्कलनसहित व्यवस्थापनका लागि पालिकाले नीतिगत व्यवस्थासहित बजेट कार्यक्रममार्फत् काम गरेको खण्डमा त्यस्ता श्रमिकको सवाल सम्बोधन हुन सक्छ। श्रम ऐन, नियमावली अनुसार हरेक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने व्यवस्था कार्यान्वयनका लागि श्रम सम्बन्धी स्थानीय ऐन, नीति, निर्देशिका, कार्यविधि तर्जुमा गरी कार्यान्यवन गर्न आवश्यक छ।

(लेखक सञ्चारकर्मी हुनुहुन्छ।)

विश्लेषण

# जातीय विभेदका घटना, प्रवृत्ति र न्यायको सवाल

प्रसङ्ग एक, सिरहा जिल्लाको औरही गाउँपालिका-५ मा महायज्ञ आयोजना गर्ने क्रममा, स्थानीय दीपक मरिक (डोम) को घर बलपूर्वक भत्काइएको छ, जसले स्थानीय र राष्ट्रिय स्तरमा व्यापक विरोध भयो। तुलनात्मक रूपमा यो घटनालाई संसदमा समेत विशेष महत्वका साथ उठाइयो।

फागुन १० गते, महायज्ञ स्थललाई "अपवित्र" मान्दै, बजरंगी बाबा नामक व्यक्तिको निर्देशनमा गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्व वडाध्यक्ष दिलीप यादवले पालिकाको जेसीबी प्रयोग गरी मरिकको घर भत्काएका थिए। घर भत्काएपछि उक्त स्थानको माटोसमेत खनेर हटाइएको थियो, जसले जातीय भेदभावको गम्भीरता दर्शाउँछ। पीडित परिवारलाई गाउँकै एकान्तमा रहेको सामुदायिक विद्यालयको जग्गामा अस्थायी टहरा बनाएर बस्न बाध्य पारिएको छ।



भोला पासवान

घटनापछि, पीडित परिवारले गाउँपालिका अध्यक्ष, पूर्व वडाध्यक्ष, र बजरंगी बाबाविरुद्ध जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा जाहेरी दिएका छन्। यस आधारमा, अध्यक्ष यादव र पूर्व वडाध्यक्ष यादवलाई प्रहरीले पक्राउ गरेको छ, भने बजरंगी बाबा फरार रहेका छन्। गृह मन्त्रालयले सिरहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाललाई मन्त्रालय तानेको छ र राष्ट्रिय मानवअधिकार आयोग तथा राष्ट्रिय दलित आयोगले घटनाको अनुगमन गरेका छन्। जातीय विभेदको घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवलाई जिल्ला अदालत सिरहाले जनही एक लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको छ। न्यायाधीश विदुर काफ्लेको इजलासले चैत १५ गते उक्त आदेश गरेको हो।

यसअघि, फागुन १० गते महायज्ञ स्थललाई "अपवित्र" मान्दै, दीपक मरिकको घर बलपूर्वक भत्काइएको थियो, जसमा गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्षको संलग्नता रहेको आरोप लागेको थियो। घटनापछि, पीडित परिवारले उनीहरू विरुद्ध जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा जाहेरी दिएका थिए, जसका आधारमा चैत ९ गते उनीहरूलाई पक्राउ गरिएको थियो। अदालतको आदेशअनुसार, उनीहरू अब बाहिरै बसेर मुद्दाको सामना गर्न सक्नेछन्। साथै, अदालतले वैशाख १९ गते पुनः अदालतमा हाजिर हुन आदेश दिएको छ।

यो घटना नेपालको संविधान र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को उल्लङ्घन हो, जसमा दोषीलाई तीन वर्षसम्मको कैद र जरिवाना हुन सक्छ। अझ सार्वजनिक पद धारणा गरेका व्यक्तिहरूलाई सजाय बढी छ। तर, यस घटनाले नेपालमा अझै पनि जातीय

भेदभाव कायम रहेको देखाउँछ, र राज्य संयन्त्रले यस्ता घटनाहरूको न्यूनीकरणका लागि प्रभावकारी कदम उठाउनु आवश्यक छ।

प्रसङ्ग दुई, लेखक रामरिझन यादवले २०८० फागुन १४ गते समाजिक सञ्जाल फेसबुक मार्फत गाउँको भोजमा भएको बिभेदबारे अवाज उठाए। गाउँमा हजारौँको सङ्ख्यामा नित्याइएका भोजमा दलित र गैर दलितहरूलाई छुटै राखेर भोज खुवाइरहेको फोटो पोष्ट गर्दै उनले लेखे, 'दलितको साथ हिजो सुखद सहभोज ! सवर्णको भोजमा (एकातिर सवर्ण र अर्कोतिर दलित) दलितलाई अलग्गै खुवाउने परम्परागत चलन (छुवाछुत) समाजमा अझै कायम छ। पढेलेखेका सचेत दलितहरूमध्ये एक जना पनि भोज खान आएनन्। हिजो मेरो गाउँमा भएको आधा सभाको भोजमा ( ३० देखि ४० मन चावल) पनि यही दृश्य मञ्चित भइरहँदा म दलित समुदायको पङ्क्तिमा बसी ठूलो भोजको विरोधी भएँ। खाएँ र यो मक्किएको प्रथालाई फेरि पनि चुनौती दिएँ।'

**प्रसङ्ग तीन,**

रामरिझन यादवले भोजमा भइरहेको विभेदबारे कुरा उठाएको एक साता नबित्दै सिरहा जिल्लाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले २०७९ फागुन २२ गते आफ्नी आमाको १३ औं दिनको पुण्य तिथिको अवसरमा किरिया भोज आयोजना गर्दा दलित र गैरदलितका लागि अलग अलग ठाउँ तोकेर ( कागजमा लिखितरूपमै टाँसेर) लाइन बस्न लगाइएको घटना सार्वजनिक भयो।

नेकपा एमाले, सिरहाका जिल्ला सचिवसमेत रहेका उग्रनारायणले आयोजना गरेका उक्त भोजमा सिरहाका प्रमुख जिल्ला अधिकारी,जिल्ला प्रहरी कार्यालय प्रमुखदेखि पूर्व कानुन मन्त्री,मधेस प्रदेशका बहालवाला



*दलित अधिकारको माग गर्दै गरिएको प्रदर्शन।*

मन्त्री,जिल्लाका पालिका प्रमुखहरूसमेत सहभागी थिए। कानुन कार्यान्वयन गर्ने जिम्मेवार व्यक्तिहरू नै उपस्थित भएका भोजमा दलित र मुस्लिम समुदायमाथि तोकेरै गरिएको जातीय विभेद कानुनीरूपमा त दण्डनीय हो नै, सामाजिकरूपले पनि सिङ्गो दलित र मुस्लिम समुदायको आत्मसम्मानमा प्रहार भएको छ।

किरिया भोजमा पानी चल्ने भनिएका गैरदलितहरू एकापट्टि बस्ने र पानी नचल्ने भनिएका दलितहरूलाई अर्कोपट्टि बसेर भोज खाने व्यवस्था गरिएको थियो। त्यसैगरी मुस्लिम समुदायका लागि अलग स्थानमा बसेर भोज खाने प्रबन्ध गरिएको थियो। छुवाछुत मुक्त राष्ट्रका गाउँपालिका अध्यक्षले सार्वजनिक रूपमै प्रदर्शन गरेका यो व्यवहारले मुलुकको कानुनी राजलाई समेत खिल्ली उडाएको छ। यतिसम्म कि दलित र गैरदलितलाई खाना बाँड्नेहरूसमेत अलग अलग व्यक्ति थिए। यस्तो विभेदबारे प्रश्न गर्ने केही सचेत दलितहरूलाई 'स्वयंसेवक' हरूले धपाएका थिए। विभिन्न दलका दलित भातृ सङ्गठनहरू र दलित अधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाले कारबाहीको माग गरे। तर आरोपितलाई कुनै कारबाही भएन।

**प्रसङ्ग चार**

करिब ३ वर्षअघि सिरहा घर भएका तर सप्तरीको एक गाउँपालिकामा कार्यरत प्रमुख प्रशसाकीय अधिकृतको आमाको क्रिरियाभोजमा पालिकाका सबै कर्मचारीलाई निम्त्याइएको थियो। भोज खान एक जना दलित समुदायका वडा सचिव पनि सँगै कर्मचारी र जनप्रतिनिधिहरूसँग हाकिमको घर गएका थिए। तर भोजस्थलमा पुग्नेबित्तिकै दलित समुदायलाई छुट्टै बस्न लगाएर भोज खुवाउने प्रबन्ध देखेपछि शौचालय गर्ने बाहानामा भोज नै नखाइ फर्किए। तीन वर्षअघि म सप्तरीका एक पालिका प्रमुखको छोराको विवाहको भोज




*दलित अधिकारको माग गर्दै प्रदर्शनकारीहरू, सिराहा*

खान गएको थिएँ। खासमा भोजमा म अलि ढिलो पुगेका थिएँ। म पुग्न बितिकै मलाई मेरो नातामा पर्ने भाइले लगेर सटर भएको कोठामा भोज खुवाए। सुरुमा म त खुशी भए कि म त ढिलो आए पनि छिटो भोज खान पाइयो भनेर। तर जब भोज खाएर निम्तो दिन पुगेँ अनि बल्ल थाह पाए,त्यहाँ त दलित, मुस्लिम, यादव र अझ पहाडी सरकारी कर्मचारीलाई छुटा छुटै भोज खाने र खुवाउने व्यवस्था गरिएको रहेछ। भोज खाए पनि घर फर्किने बेला मनमा एउटै कुरा सताइ रह्यो कि कानुन कार्यान्वयन गर्ने प्रमुखहरू कै यो हालतले दलितहरूमाथि हुने विभेद कहिले हट्छ ?

**प्रसङ्ग पाँच,**

मेरो टोलमा मेरो घरमा मात्रै इनार थियो। मेरो घरसँगैको एक जना गैर दलित छिमेकी थिए। उनको परिवारले मेरो घरबाट नि :शुल्क रूपमा भैंसीको एक गलास दुध नियमित रूपमा लैजान्थ्यो तर, मेरो घरको इनारमा पानी भर्न आउँदा छोइन्छ कि भनेर इनारको पाटबाट हटाएर पानी लैजान्थ्यो। अझ बिहान सबभन्दा पहिले ती छिमेकीले नै पानी लानुहुन्थ्यो। पछि मात्रै थाह पाए,बाल्यकाल्यमा आफ्नै घरमा दैनिक म लगायत मेरो परिवारले कति विभेद भोग्यो भनेर। नि :शुल्क रूपमा लगिने दूध चल्ने तर पानी नचल्ने नियम सम्झेर अझै पनि म आर्श्चय चकित हुन्छु।

हाम्रो समाजमा सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनले शासित छ। मनुवादीको प्रभाव यति गहिरो छ कि समाजिक कानुनको अगाडि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन हात्तीको देखाउने दाँत साबित भएको छ। संयुक्त राष्ट्रसंघ (युएन)को नेपालस्थित कार्यालयले सन् २०२० मा नेपालमा विद्यमान जातीय विभेदलगायतका पाँचवटा हानिकारक प्रथा र चलनका विषयमा अध्ययन गरी 'नेपालमा अभ्यास गरिने हानिकारक प्रथा तथा चलनहरू समुदायको दृष्टिकोणसम्बन्धी प्रतिवेदन' प्रकाशित गरेको थियो । अध्ययनका क्रममा मधेश प्रदेश, कर्णाली र सुदूरपश्चिमका १६ जिल्लाका विभिन्न जातजातिका चार हजार घरमूलीसँग कुराकानी गरिएको थियो । उक्त प्रतिवेदनअनुसार सर्वेक्षणमा सहभागी ९७ प्रतिशतले आफ्नो समुदायमा जातीय विभेद हुने गरेको बताएका छन्। ७४ प्रतिशत दलितले गैरदलितको घर-भान्सामा प्रवेश नपाउने गरेको बताएका छन। कर्णाली र सुदूरपश्चिममा ५४ प्रतिशत र मधेश प्रदेशमा ४६ प्रतिशतले दलितलाई आफ्नो घरभित्र प्रवेश गर्न नदिने गरेको प्रतिवेदनमा उल्लेख छ ।

संयुक्त राष्ट्रसङ्घले गरेको अध्ययनका क्रममा सर्वेक्षणमा सहभागीहरूलाई एउटा प्रश्न 'तपाईंको समुदायमा जातीय भेदभाव हुने गरेको छ कि छैन ?' भनेर सोधिएको थियो । जसमा ९७ प्रतिशतले 'भेदभाव हुने गरेको' र तीन प्रतिशतले 'नहुने गरेको' जवाफ दिएका थिए ।

कानुनको शासन लोकतन्त्रको आधार स्तम्भ हो, सुशासनको पूर्व शर्त हो। नेपालमा कानुनको शासन कायम गर्नको नियम कानुन, संरचना सबै निर्माण गरिएका छन् तर कार्यान्वयन पक्ष कमजोर रहेकोले दलित समुदायका लागि ऐन कानुन फगत एउटा कागजको टुक्रा साबित भएको छ।

**हात्तीको दाँत जस्तै सरकारको नीति**

सरकारले जातीय विभेदको सवालमा 'हात्तीको देखाउने र चपाउने दाँत' फरक

फरक रहेको जस्तै नीति लिएको देखिन्छ। गत वर्ष चैत ९ गते बुधबार एमाले सांसद भुवनबहादुर सुनारले राष्ट्रिय सभामा पेश गरेको 'दलित समुदायमाथि भइरहेको विभेद र उत्पीडनहरूको अन्त्य गरी तत्काल अधिकार सुनिश्चित गर्नुपर्ने १९ बुँदे' व्यवस्थासहितको सङ्कल्प प्रस्ताव राष्ट्रियसभाले सर्वसम्मत पारित गऱ्यो। सांसदले उठाएका प्रश्नको प्रधानमन्त्री पुष्पकमल दाहालले दलित समुदायमाथिको विभेद अन्त्यका लागि सामाजिक जागरण, रूपान्तरण र मुक्तिको आन्दोलनका लागि निरन्तर सांस्कृतिक आन्दोलन र अभियान चलाइरहनुपर्ने जिकिर गरे। प्रधानमन्त्रीले सरकार दलित समुदायको पक्षमा ऐतिहासिक कर्म गर्न दृढ र प्रतिबद्ध रहनुका साथै दलित समुदायमाथि हुने विभेद अन्त्यका लागि सरकारको तर्फबाट भएका कानुनको प्रभावकारी कार्यान्वयन र अपुग भएका कानुन निर्माणका लागि प्रतिबद्ध रहेको दावी गरिरहेकै दिन भने पर्सा वीरगन्ज महानगरपालिका-१७ अलौका दलित समुदाय 'सामाजिक सद्भाव कायम राख्न' खुलेआम छुवाछुत गर्नेसँग २५ वर्षपछि विभेद नहुने मौखिक अश्वासनमा आन्दोलन बिसाउँदै थिए।

गत वर्ष ८ चैतदेखि सुरु भएको शतचण्डी महायज्ञ (यो यज्ञ २५ वर्षको अन्तरालमा गरिन्छ) मा प्रवेश गर्न नदिएको भन्दै अलौका दलित समुदाय आन्दोलनमा उत्रिएका थिए। दलित समुदायका अगुवाहरूले सङ्घर्ष समिति बनाएर नै सिडियो कार्यालय,एसपी कार्यालयदेखि स्थानीय सरकार समेतलाई गुहार लगाए। दलित समुदायले न्यायका लागि सडकमा 'हिन्दुद्वारा हिन्दुमाथि विभेद, हिन्दुको शोषक हिन्दु, हिन्दु एकता जिन्दावाद' लगायत नारा लेखिएका प्लेकार्ड बोकेर नाराबाजी गरे। तर मूल पूजा समितिका सदस्यसमेत एवम् संसारीमाई मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रह्लाद चौधरीले संचार माध्यममा पूजा स्थलमा दलित समुदायलाई प्रवेश गर्न नदिएको स्वीकार मात्रै गरेनन् 'बरु जेल जान तयार रहेको तर पहिलैदेखि चल्दै आएको संस्कारबमोजिम मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न नदिने' चटानी अडान लिए। महिनौँसम्मको आन्दोलनले कुनै टेरपुच्छर नलागेपछि महायज्ञ सुरु हुने अघिलो दिन दलित अगुवाहरूले अर्को २५ वर्षपछि हुने महायज्ञमा भाग लिन पाउने गरी उधारो सहमति गरे।

**जातीय विभेदका मुद्दामा न्याय पाउन कठिन**

देश छुवाछुत मुक्त घोषणा भएको १४ वर्षमा प्रवेश गरेको दिन २०७७ साल जेठ २१ गते जातीय विभेदजन्य अपराधमा संलग्नहरूलाई पहिचान गरी समयमै कारबाही हुन नसकेको अवस्थाप्रति राष्ट्रिय मानवअधिकार आयोगले सरकारको गम्भीर ध्यानाकर्षण गराएको थिए। आयोगले त्यत्तिखेर रुकुम पश्चिम, जाजरकोट, रूपन्देही, उदयपुर, धनकुटालगायत मुलुकका विभिन्न ठाउँमा हालै भएका जातीय भेदभावसम्बन्धी आपराधिक घटनाहरूमा शून्य सहनशीलता कायम गरी कानुनी कारबाही गर्न सरकारलाई निर्देशन दिएको थिए। पछिल्लो पटक जातीय भेद्भाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस मार्च २१ ( चैत्र ७ गते )को अवसरमा आयोगले जारी गरेको विज्ञप्तिमा "समाजमा दैनिकजसो घट्ने जातीय विभेद तथा छुवाछुतसम्बन्धी घटनालाई निर्मूल गरी जातीय विभेदमुक्त

वातावरणको सुनिश्चित गर्न सरकारलाई आग्रह गरिएको छ। संवैधानिक तथा कानुनी व्यवस्थाका बाबजुद कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अझै पनि जातीय विभेदको स्थिति कायमै रहेको र दोषीलाई कानुन बमोजिम समयमै कारबाही हुन नसकेको स्थिति छ। र,पछिल्लो समय ओखलढु ामा दलित समुदायलाई मन्दिर प्रवेश गर्न रोक लगाइएको विषयमा प्रमुख जिल्ला अधिकारीकै संयोजकत्वमा बसेको बैठकले निर्णय गरी अपराधलाई ढाकछोप गर्न खोजिएको, सिराहाको भगवनपुर गाउँपालिका अध्यक्षले घरमा राखेको भोजमा जातीय भेदभावजन्य कार्य गरेको,महोत्तरीमा दलितको भोज खाएको भनि सामाजिक बहिष्कार गरिएको साथै जुम्ला, रामेछापलगायतका जिल्लामा जातीय भेदभावका घटना भएका आयोगको अनुगमनबाट पाइएको उल्लेख गरेको छ। नेपालको संविधानले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, दलितको हक, सामाजिक न्यायको हक, समानताको हक, छुवाछुत तथा भेद्भाव (कसूर र सजाय) ऐन, २०६८ र मुलुकी अपराधसंहिता, २०७४ समेतले यी हकको प्रत्याभूति गरेको छ

अपवाद बाहेक अधिकाश जातीय बिभेदको घटना दर्ता गर्न दलित समुदायले आन्दोलन गर्नैपर्छ। आन्दोलन गरेर दर्ता गरिएको अधिकाश जातीय विभेदको घटनामा आरोपीले सफाइ पाउँदै आएका छन्। कतिपय मुद्दामा दोषी सावित भए पनि नाम मात्रको सजाय भएको देखिन्छ। बितेको ११ वर्षमा जातीय विभेद तथा छुवाछुतसम्बन्धी दायर भएको मुद्दामा भएको कारबाहीको अवस्था विश्लेषण गर्दा ५४ प्रतिशत भन्दा बढी घटनामा आरोपितले सफाइ पाए।

**राजनीतिक दलका नीति र नियत**

अहिले सिरहको घटनामा कसैलाई



*जातीय विभेदविरुद्ध प्रदर्शन गर्दै दलित अधिकारकर्मी, काठमाडौँ*

पनि कारबाही भएको छैन। सबै राजनीतिक दलले आफ्ना घोषणापत्रमा दलितमाथिको विभेद अक्षम्य हुने उल्लेख गरेका छन्। २०७० साल जेठ २४ गते रौतहटको पिपरिया दोस्तिया ८ स्थित भिङडावर गाउँको दलित बस्तीमाथि स्थानीय गैरदलित समुदायबाट भएको आक्रमणमा १८ जना घाइते हुनुका साथै कम्तीमा ६० घर भत्काइएको थियो। मन्दिर प्रवेशमा रोक लगाएको विरुद्धमा दर्ता गरिएको मुद्दा दर्ता फिर्ता दिन नमानेपछि दलित बस्तीमा गैरदलित समुदायको सामूहिक आक्रमणमा भएको थियो। गाउँको मध्यभागमा रहेका चमार समुदायलाई एक महिनाअघि स्थानीय क्षेत्रमा रहेका मन्दिर प्रवेशमा गैरदलितले रोक लगाएपछि दलित समुदायले गैरदलितविरुद्ध मुद्दा दर्ता गराएका थिए। स्थानीय रामचन्द्र राय, विजय साह, सिकिन्द्र पण्डित, पसिन्द्र यादव, रामेश्वर यादव र हृदयनारायण यादवसहितको समूहले दलित बस्तीमा आक्रमण गरेको थियो। उक्त घटनालाई संरक्षण दिने हृदयनारायण यादव नेपाली कांग्रेसको जिल्ला कोषाध्यक्ष थिए। यादबलाई न त कानुनले कारबाही गऱ्यो नत पार्टीले नै।

२०५७ सालमा सप्तरीको कदमाहा र दौलतपुर हुँदै सिनो बहिष्कार आन्दोलन लहान आइपुग्यो। तत्कालीन उद्योग राज्य मन्त्री पद्मनारायण चौधरीको दाजुको घरमा मरेको भैँसीको पाडो ( सिनो ) फाल्न रैथाने चमार समुदायले अस्वीकार गरेपछि उच्च जातीय अहंकारलाई खपिनसक्नु औडाहा भयो। पद्म नारायण चौधरीकै आदेशमा चमार नाकावन्दी समिति बन्यो। खानेपानी लिन नदिने , कसैको जग्गा जमिनमा टेक्न नदिने, लहान बजारमा रोजगारी गर्न नदिने, स्वास्थ्य संस्थामा उपचार गर्न नदिने, औषधी तथा खाद्यान्न खरिद गर्न नदिने, दिसा पिसाब गर्न कसैको जग्गामा टेक्न नदिने ( त्यतिबेला घर घरमा शौचालय नै थिएन ) चमार समुदायका बालबालिकालाई विद्यालय जान नदिने तथा कसैले सो आदेशको उलंघन गरे त्यसलाई ५ हजार जरिवाना गरिने उर्दी सुनाइएको थियो। तर पद्मनारायण चौधरीमाथि कुनै कारबाही भएन।

जनआन्दोलनपछि पुर्नस्थापित संसद्ले २१ जेठ ०६३ मा नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गऱ्यो । जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन ०७५ ले जातका आधारमा हुने छुवाछुत, बहिष्करण र प्रतिबन्धहरूको अपराधीकरण गरी पीडकलाई तीन वर्षको जेल र दुई लाखसम्मको जरिवानाको व्यवस्था गरेको छ ।

तर, सरकारका मन्त्रीहरूले नै त्यसको उल्लंघन गरिरहेका छन । कोठा भाडामा दिने क्रममा जातीय दुर्व्यवहार गरेको अभियोगमा पक्राउ परेकी काठमाडौं बबरमहलकी घरधनीलाई तत्कालिन शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठ आफैँले जमानतमा रिहा गराएका थिए । प्रहरी कार्यालयमै पुगेका उनले फौजदारी अभियोग लागेकी घरधनीलाई छुटाएर आफ्नै गाडीमा राखेर घरसम्म पुऱ्याएका थिए । पछिल्लो पटक भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले कानुन बनाउने र कार्यान्वयन गर्ने निकायकै उपस्थितीमा जातीय विभेद गरेका छन्। तर भोजमा उपस्थित पूर्व कानुन मन्त्री,बर्तामानका मन्त्रीदेखि सिडिओ तथा एसपीसम्मले घटना नदेखेको जस्तो मात्रै गरेको छैन। दलित समुदायले दिएको उजुरीले समेत इन्कार

गरेको छ। खुलेआम विभेद हुँदा समेत नदेख्ने प्रहरी,प्रशासन प्रमुखलाई दलित कसरी हेर्ने ?

**कानुनको व्यवहारिक कार्यान्वयन खोइ ?**

नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक,धारा २४ मा छुवाछुत तथा भेदभावविरुद्धको हक,धारा १८ मा समानताको हक,धारा ४० मा दलितको हक,जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन २०६८,मुलुकी अपराध संहिता २०७४ तथा नेपाल पक्ष भएका सबै किसिमका जातीय छुवाछुत तथा भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ समेतका विपरीत छन्।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय विभेद तथा छुवाछुतजन्य कार्य आफै गर्ने तथा अरूमार्फत गराउने कुरालाई मात्रै निषेध गरेको छैन, भेदभाव तथा छुवाछुतजन्य निषेधित कार्यलाई समर्थन गर्ने, दुरुत्साहन गर्ने वा उकास्ने कार्यलाई समेत बर्जित गरी दण्डनीय बनाएको छ। सार्वजनिक तथा निजी दुवै स्थलमा जातीय भेदभाव वा छुवाछुतजन्य कार्य गरेको अवस्थामा ऐनअन्तर्गत फौजदारी दण्डको भागीदार बन्नुपर्ने व्यवस्था छ । ऐनको दफा ४ को उपदफा २ (ख) मा व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहमा कुनै प्रकारको भेदभाव गर्न नहुने उल्लेख छ। भेदभाव गरेमा ३ महिनादेखि ३ वर्षसम्म कैद र ५० हजारदेखि २ लाख रुपियाँसम्म जरिवाना हुने व्यवस्था छ।

सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन२०६८को २ (ङ)मा “सार्वजनिक समारोह” भन्नाले सार्वजनिकरूपमा आयोजना गरएको भोज-भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्तै जुनसुकै प्रकारका धार्मिक,सामाजिक वा सांस्कृतिक समारोह सम्झनुपर्छ भन्ने उल्लेख छ। उक्त ऐनको दफा ७ उफदफा १ (ग) मा जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गर्न मद्दत गर्ने,दुरुत्साहन गर्ने,उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने लेखिएको छ। त्यसैगरी उक्त ऐनको दफा ७ को उपदफा (२)मा सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा(१) बमोजिम कसुर गरेमा निजलाई सो उपदफामा उल्लिखित सजायमा पचास प्रतिशत थप सजाय हुने पनि उल्लेख छ।

सामाजिक छुवाछुत तथा भेदभाव ( कसुर र सजाय) ऐन २०६८ सम्बन्धी मुद्दा सरकारवादी हुने व्यवस्था भएपनि दोषीउपर कारबाही गर्न अहिलेसम्म प्रहरी प्रशासनले आलटाल गरिरहेकाले सिरहाका दलित समुदाय मुद्दा दर्ता गर्नसमेत आन्दोलन गर्न बाध्य भएका छन्। सामाजिक छुवाछुत तथा भेदभाव घटनामा संलग्नमाथि तत्काल कारबाही प्रक्रिया अघि बढाउन दलितहरूले आन्दोलन गर्नुपर्ने अवस्था कायम छ। समानुपातिक निर्वाचन प्रमाणलीले दलित समुदायलाई पार्टीका नेताप्रति थप परनिर्भर बनाइ दिएको छ। पार्टीका नेताले खुल्लेआम विभेद गर्दा समेत पार्टी भित्रका दलितहरूले सामूहिक रूपमा कारबाहीको माग समेत गर्न नसक्नुले यसको पुष्टि गर्दछ।

*(लेखक दलित अधिकारकर्मी हुनुहुन्छ ।)*

विश्लेषण

# प्रेममा अवरोध बनेको जात व्यवस्था

**चिना बराल**

**मुलुक छुवाछुतमुक्त भनी संसदबाट घोषणा गरिए पनि सिधासाधा दलित समुदायले यसको अनुभूति गर्न नपाएको दलित अधिकारकर्मी यज्ञ परियार बताउँछन्। 'दलितका श्रम र सीप छुन हुन्छ,' उनी भन्छन्, 'तर अझै पनि घरभित्र पस्दा, सार्वजनिक धारा, मठमन्दिरमा जाँदा अछुतको व्यवहार गर्ने गरिएको छ।' माथिल्लो जातका मानिसले छुवाछुतको व्यवहार फरक तरिकाले गर्दै आइरहेका छन्। घुमाउरो तरीकाले अहिले समाजमा जातिय भेदभाव तथा छुवाछुत निकै चर्को छ।**

फाल्गुन महिनाको चिसो जस्तै चिसो मन लिएर कमला वि क रोकाले २०७४ साल फागुन २१ गते जिल्ला अदालत रुकुम पश्चिममा सम्बन्ध बिच्छेदको मुद्दा दर्ता गरिन्। एक हातले निधारका पसिना र अर्को हातले आँखाका आँसु पुछ्दै कमला वि क रोका जिल्ला अदालत रूकुमको गेटबाट बाहिर निक्लिन्। भित्र अदालतको सेतो कागजमा कालो मसीले सम्बन्धविच्छेदपत्रमा ल्याप्चे लगाएर आएकी कमलाले गेटमा आएर कालो मसी कपालमा पुछिन्। बुढी औंलामा लागेको कालो त कमलाले कपालमा पुछिन्। सम्बन्धबिच्छेदका कारण जिन्दगीमा हुने अप्ठ्यारो कहाँ पोख्लिन् ? यो प्रश्न अनुत्तरित छ। उस्तै अनुत्तरित छ उनले काखीमा च्यापेकी सानी दुई छोरीको भविष्य के होला भन्ने प्रश्न। अदालतको आँगन छिचोल्नै लाग्दा शनैशनै: भन्दै थिइन-"जात व्यवस्था बनाउनेको केही नरहोस्।"

दश वर्ष लामो सशस्त्र संघर्ष चरम उत्कर्षमा पुगेका बेला उनीहरूको प्रेम सम्बन्ध पनि उत्कर्षमा नै थियो। समाज परिवर्तनको मुद्दामा ज्यान हत्केलामा राखेर लडेका उनीहरूले २०६२ माघ महिनामा देश शान्ति प्रक्रियामा प्रवेश गर्दैगर्दा प्रेम सम्बन्धलाई विवाहमा प्रवेश गराएका थिए। कमला वि क दलित समुदायकी थिइन्, उनका श्रीमान अटल रोका भने क्षेत्री समुदायका थिए। सिङ्गो मानव जातिको मुक्तिको लागि लामो समय कमरेड भनेर सम्बोधन गरेका उनीहरूले एकले अर्कोलाई कहिल्यै जात भने सोध्न पाएनन्। सोध्न चाहेनन् पनि। युद्धमा योगदान गरी शान्ति प्रक्रियापछि एउटा छोरी सहित रूकुम फर्केका उनीहरूको जीवनमा घर पुग्ने बित्तिकै अशान्तिले बास गर्‍यो। एक कान, दुई कान, मैदान हुँदै परिवारमा सबै जनाले कमला दलित समुदायकी हुन भन्ने थाहा पाए। उस्तैगरी थाहा पायो समाजले पनि जातको कुरो।

समाजमा इज्जत र कुलको रक्षाका लागि भन्दै कमलालाई घरबाट गोठमा सारियो। कमलाले कहिल्यै सोचेकी थिइनन् देशको परिवर्तनका लागि रगत बगाएको एउटा मान्छे उस्तै रगत भएका आफ्नै परिवारका सदस्यबाट यसरी अपहेलित

# रुकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोती

## घटनाको स्थलगत अनुगमन प्रतिवेदन २०७७ जेठ २६

जाजरकोट जिल्ला भेरी नगरपालिका-४ का नवराज विकसहित १८ जना युवा रुकुम पश्चिमको चौरजहारी नगरपालिकाकी युवती लिन भनि २०७७ जेठ १० गते सोती पुग्दा सोतीका स्थानीय ५०/६० जना समूहले पीडितहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गर्दा नवराज बिकसहित ६ जनाको मृत्यु भयो। सो घटनाका सम्बन्धमा इन्सेकसहित मानव अधिकार संस्थाका प्रतिनिधिले जेठ १३ गतेदेखि जेठ १५ गतेसम्म घटनास्थलको अनुगमन, घटनाका घाइते, स्थानीय, घटनाका आरोपितका साथै सरोकारवालासँग भेटघाट तथा छलफल गरी तयार पारेको स्थलगत प्रतिवेदनको सारांश यसप्रकार रहेको छ।

**घटनाको सारांश**

नवराज बिक र सोतीकी एक युवतीबीच २०७५ सालमा जाजरकोटको कुदुमा भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भेट भएको र त्यसयता उनीहरूबीच नियमित सम्पर्क भइरहेको थियो। २०७६ साल पुसमा जाजरकोटको खलंगामा लागेको मेलाको बेलामा ती युवती नवराजको घरमा चार दिन बसेको पाइयो। नवराज पहिलो पटक युवतीको घरमा जाँदा युवतीकी आमाले खाना खुवाएर जात नमिल्ने भन्दै नआउन आग्रह गरेको र दोस्रो पटक ०७६ चैत १७ गते युवतीको घरमा जाँदा वडाअध्यक्ष डम्बरबहादुर मल्ल, युवतीका दाइ बिनोद मल्ल र परिवारका सदस्यहरूले उनलाई कुटपिट गरी इलाका प्रहरी कार्यालय, चौरजहारीमा बुझाएका थिए। नवराजलाई इलाका प्रहरी कार्यालय, चौरजहारीको हिरासतमा एक दिन राखियो। इलाका प्रहरी कार्यालय, चौरजहारीले चैत १८ गते नवराजको परिवारलाई फोन गरी छोरो बुझ्न आउनु भनेपछि नवराजकी आमा प्रहरी चौकीमा गई नवराजलाई घर ल्याएकी थिइन्।

नवराजको गाउँदेखि सोती गाउँ पुग्न पैदल करिब दुई घण्टा ४५ मिनेटको समय लाग्छ। नवराजसहितका साथी सोती गाउँमा २०७७ जेठ १० गते साँझ करिब ५.३० बजे पुगेका थिए। युवतीकी आमाले नवराजलाई चिनेपछि 'तँ डुम फेरि आइस् तँलाई कुटाइ नपुगेको हो' भनि गाली गर्न थालिन्। सो लगत्तै नवराजसहितका साथी युवतीको घर नजिकबाट फर्किए। उनीहरूले बाटोमा पर्ने बालकुमारी विश्वकर्माको घरको धारामा पानी खाए। सोही क्रममा सोतीका नाम थाहा नभएका स्थानीयले 'कहाँ बाट आयौ बाबु हो काफल खाएर जाऊ' भनि अल्मल्याएका थिए। उक्त अनुरोध वेवास्ता गरी उनीहरू सरासर बन्चरे भन्ने ठाउँमा



मृतकहरू क्रमशः नवराज विक, टिकाराम सुनार, गणेश बीएम, लोकेन्द्र सुनार, सन्जु विक र गोविन्द शाही

पुगी मध्यपहाडी लोकमार्गको माथिल्लो भागमा बसिरहेका बेला ५०/६० जनाको समूहमा घरेलु हतियारसहित आएका स्थानीयले नवराज र उनका साथीहरूलाई घेरा हाली एक्कासि आक्रमण गरे।

सोतीगाउँका स्थानीयबासीको आक्रमणबाट भेरी नपा- ४ का २१ वर्षीय नवराज विक, भेरी नपा- ४, चौरजहारी नपा- १ का २० वर्षीय टिकाराम सुनार, भेरी नपा -४ का २१ वर्षीय सन्जु बिक, भेरी नपा- ४ रानागाउँका १७ वर्षीय गणेश बीएम, भेरी नपा- ११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको मृत्यु भयो। उनीहरू सबैको शव भेरी नदीमा भेटिएको थियो। घटनाको करिब आधा घण्टापछि इलाका प्रहरी कार्यालय, चौरजहारीबाट पाँच जना प्रहरी घटनास्थल पुगेका थिए।

घटनास्थलबाट प्रहरीले १२ जना युवालाई घाइते अवस्थामा उद्धार गरेको थियो। प्रहरीले उद्धार गरेका १२ जनामध्ये सुदीप खड्कालाई टाउको र छातीमा चोट लागेको थियो भने अन्य सबैको शरीरका विभिन्न भागमा चोटपटक थियो। घाइते सबैजनाको मिसन अस्पताल, चौरजहारी उपचार भयो। उद्धार गरिएका १२ जनालाई प्रहरीले जेठ ११ गते अभिभावकको जिम्मा लगायो। पेट नफुलेको, पानी नखाएको, शरीर नसुन्निएको, टाउको तथा शरीरमा चोट लागेको अवस्थामा सबै शव विभिन्न मितिमा भेरी नदीमा फेला परेको थियो। सबै शवको जाजरकोट स्वास्थ्य सेवा कार्यालयमा पोष्टमार्टम भएको छ। पीडित पक्षले ०७७ जेठ १३ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा २० जनाका विरुद्ध किटानी जाहेरी दिएका छन्। प्रहरीले घटनामा संलग्न भएको आरोपमा चौरजहारी नपा-८ का वडाअध्यक्ष समेत १८ जनालाई गिरफ्तार गरेको छ भने अन्य दुई जना फरार रहेको प्रहरीले जनायो। गिरफ्तार भएकाहरूको बयानको आधारमा थप १२ जनालाई अनुसन्धानको दायरामा ल्याइएको छ।

**घटनास्थलको विवरण**

दक्षिण मध्यपहाडी राजमार्ग, पूर्व जाजरकोट कालेगाउँ र रुकुम (पश्चिम) चौरजहारी नगरपालिका सोती गाउँ जोड्ने झुल ` पुल दक्षिणमा सानीभेरी नदी, पश्चिममा रहेको सेती गाड खोला र सालघारी जङ्गल रहेको छ। घटनास्थल भेरी नदीको बगर किनारमा रहेको छ। जाजरकोट जिल्ला भेरी नपा-४ रानागाउँ र रुकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोतीगाउँ भेरी नदीले सीमाना छुट्टाएको छ। रानागाउँबाट सोतीगाउँ पुग्न स्थानीयबासीलाई पैदल पौने तीन घण्टा लाग्दछ। रानागाउँ र सोतीगाउँ जान आउन यातायात तथा पैदल हिँडेर समेत सजिलै पुग्न सकिने क्षेत्र भएकाले यी दुवै क्षेत्रका बासिन्दाको नियमित सम्पर्क र आउने जाने क्रम विगतदेखि नै हुने गरेको थियो। चौरजहारी नगरपालिकामा विमानस्थल, मिसन अस्पताल र चौरजहारी बजारसमेत भएकाले जाजरकोटको रानागाउँबासीका लागि चौरहजारी बजार अनिवार्य गन्तव्य स्थानको रूपमा रहेको पाइन्छ।

**अनुगमा टोलीले फेला पारेको तथ्यहरू**

युवतीको घरछेउ पुगेका युवालाई युवतीकी आमाले गालीगलौज गरेपछि फर्किएका थिए। फर्किंदा सोती गाउँकै स्थानीय बालकुमारी विश्वकर्माको घरमा रहेको धारमा पानी खाएका थिए। बालकुमारीका अनुसार गाउँबाट केही तल झरेपछि स्थानीयहरूले घरेलु

## घटनामा मृत्यु भएकाहरूको विवरण

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | लास प्राप्त भएको मिति र स्थान | पोष्टमार्टम भएको मिति |
|---|---|---|---|---|---|
| १. | **नवराज विक** | भेरी नपा-४ रानागाउँ, जाजरकोट | २१ | ०७७ जेठ ११ गते, जाजरकोटको कालेगाउँ नजिक भेरी नदीमा | ०७७ जेठ १४ गते |
| २. | **टिकाराम सुनार** | चारजहारी नगरपालिका-१ चारजहारी, रुकुम (पश्चिम) | २० | २०७७ जेठ ११ गते जाजरकोटको छेडा नजिक भेरी नदीमा | ०७७ जेठ १३ गते |
| ३. | **गणेश बीएम** | भेरी नगरपालिका-४ रानागाउँ, जाजरकोट | १७ | २०७७ जेठ १२ गते, जाजरकोटको छेडा नजिक भेरी नदीमा | ०७७ जेठ १४ गते |
| ४. | **लोकेन्द्र सुनार** | भेरी नगरपालिका-११, मटेला, जाजरकोट | १८ | २०७७ जेठ १४ गते, जाजरकोटको मटेला नजिक भेरी नदीमा | ०७७ जेठ १५ गते |
| ५. | **सन्जु विक** | भेरी नगरपालिका-४ रानागाउँ, जाजरकोट | २१ | ०७७ जेठ १६ गते, जाजरकोटको छेडा नजिक भेरी नदीमा | ०७७ जेठ १६ गते |
| ६. | **गोविन्द शाही** | भेरी नगरपालिका-११ रानागाउँ, जाजरकोट | | ०७७ जेठ २१ गते, जाजरकोटको छेडा नजिक भेरी नदीमा | ०७७ जेठ २१ गते |

हातहतियारसहित (हँसिया, कुटो र दाउरा) लखटेको र भेरी नदीको किनारमा पुऱ्याई ती हतियार प्रयोग गरी आक्रमण गरेका थिए।

स्थानीयको कुटपिटबाट युवाहरूको मृत्यु भएको र शव भेरी नदीमा मृत अवस्थामा फेला पऱ्यो।

भेरी नदीमा फेला परेका शवको प्रकृति हेर्दा पेट नफुलेको, पानी नखाएको, शरीर नसुन्निएको अवस्थामा थिए।

घटनामा दोहोरो भिडन्त वा प्रतिकार भएको थिएन। घटनामा संलग्न कुनै पनि स्थानीयलाई चोटपटक लागेको वा घाइते भएको पाइएन।

घटना शुरु भएको आधा घण्टापछि घटनास्थल पुगेको प्रहरीले १२ जनालाई उद्धार गरेको थियो। उद्धार गरेका सबै जनाको चौरजहारी मिसन अस्पतालमा उपचार गराई अभिभावकको जिम्मा लगाएको पाइयो।

**निष्कर्ष**

२०७७ जेठ १० गते साँझ ६:३० बजेको समयमा सोतीका स्थानीयहरूले भेरी नगरपालिका-४ रानागाउँ निवासी २१ वर्षीय नवराज विक, चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम सुनार, भेरी नगरपालिका-४ निवासी २१ वर्षीय सन्जु विक, भेरी नगरपालिका-४ रानागाउँ निवासी १७ वर्षीय गणेश विएम, भेरी नगरपालिका-११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको सामूहिक हत्या गरेको पाइयो। पानी, धारा छोएको निहुँमा कुटिनु, दलित भएकै कारण समाजबाट बहिष्कृत हुनु, मठमन्दिरमा दलितहरूलाई बन्देज लगाइनु, बोक्सीको आरोप लगाएर दलित महिला तथा वृद्धहरूलाई मलमुत्र खुवाइनु, गाउनिकाला गरिनु, दलितहरूसँगको प्रेम तथा विवाहलाई अस्वीकार गर्नु, अन्तरजातीय विवाह गर्ने जोडीलाई शारीरिक र मानसिक यातना दिनु र हत्यासम्म गराउने गरेका घटना सार्वजनिक हुने गरेका छन्। नेपालको संविधान २०७२ र प्रचलित कानुनले जातीय विभेद तथा छुवाछुतलाई अस्वीकार गरी दण्डनीय अपराधको सूचीमा व्यवस्था गरेको भए पनि व्यवहारमा यस प्रकृतिका घटना र त्यस प्रकृतिका घटना र त्यसप्रतिको दृष्टिकोणमा कमी आएको छैन।

नेपालको कानुन तथा संविधानले जुनसुकै नाम वा निहुँमा भएका हिंसालाई दण्डनीय मानेको छ। जातिका नाममा हुने गरिने हिंसा तथा विभेदका सवाल अझ गम्भीर विषय हो। त्यसैले यस्ता अपराधमा संलग्नलाई हदैसम्मको दण्डको व्यवस्था गरिएको हुन्छ। नेपालमा जातका आधारमा गरिने विभेदका घटना सार्वजनिक हुने गरेको भए पनि अपराधमा संलग्नहरू कारबाहीको दायरमा आएको उदाहरण एकदमै कम छन्। यस्ता घटना मिलापत्रमा टुंगिने गरेका उदाहरणहरू धेरै छन्। रुकुम पश्चिममा भएको दलितसहित युवाहरूको सामूहिक हत्या निकृष्ट अपराध हो। कथित माथिल्लो जातकी किशोरी र कथित दलित किशोरबीचको प्रेमसम्बन्ध अन्ततः हत्या जस्तो गम्भीर अपराधका रूपमा परिणत भएको छ। यो घटनाले हाम्रो समाजमा व्याप्त विभेदको डरलाग्दो पाटोका साथै समाजमा व्याप्त जातिगत भेदभाव र विभेदको स्वरुप उजागर गरेको छ। नेपालमा व्याप्त दण्डहीनता र अपराध गर्दा पनि केही नहुने उदाहरण हेरेर र देखेर हुर्किएको पुस्ता यो अपराधमा संलग्न रहेको छ। यसैगरी, राज्यको निर्वाचित स्थानीय सरकारका प्रतिनिधि नै कानुनी शासनको पालनामा गम्भीर समस्या देखिएको छ। शान्ति सुरक्षा र कानुन कार्यान्वयनका लागि परिचालित गर्नुपर्ने प्रतिनिधि नै घटनामा

**जाजरकोटबाट सोती गाउँ गएका नवराज विकसहितका साथीहरूको विवरण**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | नवराज विक | भेरी नपा-४, जाजरकोट |
| २. | टिकाराम सुनार | चारजहारी नपा-१, रुकुम (पश्चिम) |
| ३. | गणेश बीएम | भेरी नपा-४, जाजरकोट |
| ४. | सन्जु विक | भेरी नपा-४, जाजरकोट |
| ५. | लोकेन्द्र सुनार | भेरी नपा-११, जाजरकोट |
| ६. | गोविन्द शाही | भेरी नपा-११, जाजरकोट |
| ७. | महेश कार्की | भेरी नपा ३ जाजरकोट |
| ८. | विभाग पुन | भेरी नपा ३ जाजरकोट |
| ९. | भोला विक | भेरी नपा-३, जाजरकोट |
| १०. | सुदिप खड्का | भेरी नपा-४, जाजरकोट |
| ११. | गोविन्द सुनार | भेरी नपा-११, जाजरकोट |
| १२. | मदन शाही | भेरी नपा-४, जाजरकोट |
| १३. | इन्द्रजङ्ग शाह | भेरी नपा-४, जाजरकोट |
| १४. | जीवन विक | भेरी नपा ४ जाजरकोट |
| १५. | डिल्ली विक | भेरी नपा-४, जाजरकोट |
| १६. | सुनिल सुनार | राप्ती सोनारी गाउँपालिका-४, बाँके |
| १७. | रोज भडेल | भेरी नपा, जाजरकोट |
| १८. | लालबहादुर खड्का | भेरी नपा, जाजरकोट |

संलग्न हुनुले गम्भीर प्रश्न खडा गरेको छ। घटनामा नाम जोडिएकी युवतीको गोपनीयताका विषय र संरक्षणका सवालमा राज्यले उचित ध्यान दिनु पर्ने देखिन्छ।

**सुझाव**

- घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय सर्वदलीय। संसदीय छानबिन समिति गठन गर्नुपर्ने।
- जातीय विभेदका कारण हुने हिंसाका विरुद्ध राजनीतिक दल, सञ्चार क्षेत्र, नागरिक समाजको एकीकृत पहलकदमी आवश्यक देखिन्छ।
- घटनाका पीडित परिवारको सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि राज्यको उपस्थिति र प्रभावकारी कार्यक्रम आवश्यक देखिन्छ।
- व्याप्त दण्डहीनताको अन्त्यका लागि पहलकदमी लिनुपर्ने।
- जातीय भेदभाव तथा छुवाछुतजन्य कार्यहरूलाई उच्च प्राथमिकताका साथ कानुनी कारबाहीको दायरामा ल्याउनु पर्ने।
- घटनामा संलग्न सबै आरोपितहरूलाई गिरफ्तार गरी विद्यमान कानुनी प्रक्रिया अनुसार गहन अनुसन्धान गरी फौजदारी अपराध अन्तर्गत सजाय गरिनु पर्ने।
- घटना र घटनास्थलमा उपलब्ध प्राथमिक प्रमाणहरू जोगाउन प्रहरी प्रशासनलाई जिम्मेवार बनाउने।

**घटना सम्बन्धमा आरोपित पीडित पक्ष, प्रत्यक्षदर्शी सरोकारवाला र स्थानीयबासीको भनाइ**

**प्रहरी हिरासतमा रहेका चौरजहारी नपा–८ का वडाअध्यक्ष डम्बरबहादुर मल्ल**

कोरोनाको महामारी बढ्दै गएको बेला गाउँ आएका नवराव विकसहितका युवालाई स्थानीय समुदायले कहाँबाट किन आएको भनि सोधपुछ गर्दै थिए। नवराज बिक यसअघि पनि पटकपटक आएको हुँदा मैले प्रहरीलाई खबर गरेको हुँ। यत्तिकैमा गाउँले पनि जम्मा भए उनीहरू आवेशमा आएपछि घटना हुन पुग्यो।

**मृतक नवराज विकका बुबा मुनलाल नेपाली**

घटनाको प्रत्यक्षदर्शी म होइन। लासको विषयमा कसैले लास नबुझ भन्छन् कसैले क्षतिपूर्तिको माग गर भन्छन्। आफूलाई दु:ख परेको छ केटा र युवतीबीच दुई वर्ष अघिदेखि प्रेम सम्बन्ध थियो। युवतीको पेटमा गर्भ छ भन्छन् तर त्यो कुरा मलाई स्पष्ट छैन। छोराले युवतीसँग फोनमा कुरा गर्दा छोराको आमाले सुनेको थिए भन्छिन्। छोरासँग युवतीले फोनमा कुरा गर्दा मलाई अर्को ठाउँमा विवाह गर्ने भए मेरो बच्चा सकुसल चाहिन्छ भन्यो भन्दै थिइन्। युवती हाम्रो घरमा पहिलो चोटी ०७६ पुसमा आएकी थिइन। त्यतिबेला चार दिन बसेर फर्केको, दोस्रो पटक दुई दिन बसेर गएकी थिइन्। यसपटक काफल खाने र माछा मार्ने भनी घरबाट नवराज एक्लै गएको थियो। युवती आफ्नी छोरी सँगसँगै पढ्ने भएकाले घरमा आउँदा छोरीको साथी होला भन्ने ठानेको थिएँ। युवती घरमा आउँदा आफु नवराजको साथी भएको र आफूलाई बुहारी भन्न युवतीले आग्रह गरेपछि मात्र छोराको साथी रहेछ भन्ने थाहा पाए। त्यसपछि अहिले तिमी सानै छौ भर्खर नौ कक्षामा पढ्दैछौ, उमेर पुगेपछि विवाह गरौँला एक त तिमीसँग जात मिल्दैन तिमीले विवाह गरेपछि मात्र बुहारी भनौँला भनी सम्झाइबुझाइ

गरी पठाएको थिएँ। घरपरिवारमा विवाह गर्ने/नगर्ने भन्ने कुराको जानकारी थिएन। छोरालाई माथिल्लो जातको छोरी ल्याउन खोजेको कारण हत्या गरिएको होला।

**मृतक गणेश बिएमका बुबा पदमबहादुर बुढा**

नवराज विक मेरो छोरा गणेश बीएमको साथी हो। घरबाट खेल्न जान्छु भन्दै गएको थियो। घटनामा परेछ। सोतीका मानिसले किन कुटपिट गरे थाहा भएन। युवतीकी आमाले सोतीको स्थानीयलाई उक्साएका कारण यो घटना भएको हुनुपर्छ। छोरीलाई तल्लो जातको केटासँग विवाह गर्न नदिने मनसाय थियो होला।

**सोभे विकः मृतक टिकाराम सुनारका बुबा**

मेरो छोरा जाजरकोट जिल्ला भेरी नगरपालिका-४ रानागाउँमा काकीको घरमा बस्ने गर्थ्यो। नवराज विकलाई युवतीले बोलाए नबोलाएको थाहा भएन। नवराज विक युवतीको घरमा पटक-पटक जाने गर्थे। मेरो छोरालाई बाहिरबाट चक्कुले हानेर मारेर फालेका रहेछन्। नवराजलाई पनि बाहिर कुटपिट गरेका रहेछन्। नवराजको समूह युवतीको घरमा पुगेका होइनन्। डुमको छोरा आयो भन्दै मृतकका आमाले छिमेकीलाई बोलाएर हँसिया, कुटो र दाउराले हानी मारेका रहेछन् टाउकोमा चोट छ। अन्तरजातीय प्रेम सम्बन्धका कारण दुवै जनाको प्रेम सम्बन्ध भत्काउनलाई यो घटना भएको हो।

**गोविन्द सुनारः घटनाका घाइते**

आफूलाई नवराजले दुलही ल्याउनुपर्ने छ आऊ भन्दै फोन गरेर बोलाए। हामी सबै २० जना धल्ला पुलमा जम्मा भयौँ। धल्लाबाट हामी सोती गाउँतर्फ जाँदै गर्दा बाटोबाट दुई जना साथीहरू फर्किए र हामी १८ जना युवतीको घरनजिक पुग्यौँ। युवतीकी आमाले हामीलाई देखिन्। ...डुम फेरि आइस् अस्तीको कुराले पुगेन  भन्दै गालीगलौज गरिन्। नवराजलाई हामीले नचिन्ने अवस्थामा राखेका थियौँ। तैपनि युवतीको आमाले नवराजलाई चिनिन्। हामी चुपचाप फर्कियौँ। युवतीसँग भेट भएन। हामी फर्केर सोती गाउँभन्दा तल सडकमा पुगिसकेपछि ढु  ामुढाले आक्रमण भयो। ३०/४० जना आएर हामीलाई हसिँया दाउरा र ढु  ाले कुटे। हामीलाई नकुट्नुस् हामीले केही गरेका छैनौँ भनी अनुनय विनय गरे पनि उनीहरूले हाम्रो कुरा सुनेनन्। मलाई नदीबाट तानेर कुटपिट गर्ने क्रममा म बेहोस भएछु। मलाई प्रहरीले बचाएको रहेछ।

**मदन शाहीः घटनाका घाइते**

घटना हुने दिन म घरमा थिएँ। नवराजले फोन गरेर ...युवती लिन जाउँ  भनेर बोलायो हामी त्यहाँ गयौँ। त्यस्तो हुन्छ भन्ने थाहा पाएको भए हामी जाने थिएनौँ। हामीलाई देखिसकेपछि युवतीकी आमाले ...डुम फेरी आइस् त डुमलाई आज यहीं मार्न पर्छ  भन्दै गालीगलौज गरिन्। हामीले ...आन्टी हामी त्यत्तिकै आएका हौँ  भन्यौँ। त्यसपछि हामी त्यहाँबाट फर्कियौँ। सोती गाउँभन्दा तल सडकको माथिपट्टि ढु  ामा आएर बसेका थियौँ। त्यो गाउँमा कोही थिएनन्। कहाँबाट आएर एक्कासि आएर आक्रमण गरे। त्यसरी आएर

हान्छन् भन्ने थाहा पाएको भए त बस्ने थिएनौँ। एक्कासि माथिबाट धेरैको सङ्ख्यामा आएर ढु   ाले हाने। हामी हाम्रो जिल्लामा आउँदा पनि उनीहरूले त्यहाँ आएर हामीलाई कुटेका थिए। चारैतिर घेरेर ढु   ा दाउराले हाने। कसैको होस थिएन। गाउँका सबै आएर लखेटेर कुटेर हत्या गरी भेरीमा फलिदिएका हुन्। मृत्यु भएका पाँच जना र बेपत्ता एक जना (सबै) भेरी नदीमा पौडी खेल्न जान्ने मान्छे हुन्।

**इन्द्रजङ्ग शाहीः घाइते**

हामी जाजरकोट रानागाउँबाट नौ जना धल्ला गयौँ। धल्लामा अरु साथीहरू थिए। नवराजले हामीलाई युवती लिन जाऔँ भनेर बोलायो। हामी धल्लाबाट सबै साथी जम्मा भएर गयौँ। हामी युवतीको घरमा नपुग्दै युवतीको घर नजिकै सडकमा थियौँ। हामीलाई युवतीको आमाले देखेर गालीगलौज गरिन्। त्यसपछि हामी कसैलाई केही नभनी फर्कियौँ। हामी सोती गाउँभन्दा तल आएर बसेका थियौँ। एक्कासी माथिबाट आएर ढु   ाले हाने। चारैतिर घेरेर आक्रमण गरे। हाम्रा साथीहरूलाई मारेर भेरीमा फालेका हुन्।

**सरोकारवालाका भनाइहरूः**

**खम्बजङ्ग शाह, वडाअध्यक्ष, भेरी नगरपालिका-४, जाजरकोट**

उमेर नपुगेकी बालिकालाई ल्याउने भनी लकडाउनको समयमा नवराज विकले आफ्ना साथी लिएर युवतीको घरमा नजानु पर्ने हो। लकडाउनको समयमा अर्काको घरमा जानु नवराज र उनका साथीहरूको गल्ती हो। युवती पक्षले कानुन हातमा लिन हुँदैन्थ्यो, हातमा लिए। यो घटना राजनीतिकरण नहोस्। सत्यतथ्य घटनाको छानबिन होस्। केटा र युवतीको घरमा जाने संयोग मिलेन जातीय विभेदको विषयमा दुवै पक्ष एकअर्काको घरमा आउने जाने छुवाछुत मान्दैनौँ भनी दुवै परिवारबाट स्वीकार भएको कुरा हो।

**विशाल शर्मा, प्रमुख, चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)**

जे नहुनु थियो भयो। घटना निन्दनीय छ। यस विषयमा घटनाको छानविन गरी सत्यतथ्य बाहिर ल्याउनु पर्छ। नेकपाले चन्द्रबहादुर विकको संयोजकत्वमा छानबिन समिति बनाएको छ। समितिमा पुष्पा वादी र भीमा थापा सदस्य रहनुभएको छ। उक्त समितिले काम सुरु गरिसकेको छ। हाम्रो पनि समिति गठनको विषयमा सहमति रहेको छ। घटना अनुसन्धानका क्रममा रहेको छ।

**उपेन्द्र पौडेल, प्रमुख जिल्ला अधिकारी, रुकुम (पश्चिम)**

घटनामा विवाह गर्न गएको भन्ने आधार छैन। सामान्यतया विवाह गर्न आफ्ना अभिभावकसँग जाने गरिन्छ। अभिभावक कोही नगएको हुँदा के मनसायले गएका हुन् भन्न सकिने अवस्था छैन। न्याय दिलाउने र घटनाको अनुसन्धान गर्ने हाम्रो काम हो। हामी यस विषयमा लागिपरेका छौँ। घटनाको सत्यतथ्य छानबिन निष्पक्ष ढङ्गले हुनेछ।

**ठगबहादुर केसी, डिएसपी, रुकुम (पश्चिम)**

घटना अनुसन्धानको क्रममा रहेको छ। पीडित पक्षले जाजरकोट जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन्। प्रहरीले घटनामा संलग्न भएको आरोपमा १८ जनालाई गिरफ्तार गरेको छ। घटनाको सत्यतथ्य छानबिन हुनेछ। फरार रहेकाको खोजबिन भइरहेको छ।

**किशोरकुमार श्रेष्ठ, डिएसपी, जिल्ला प्रहरी कार्यालय, जाजरकोट**

घटनामा मृत्यु भएका पाँच जनाको शवको पोष्टमार्टम स्वास्थ्य सेवा कार्यालय, जाजरकोटमा भएको छ। हामी अनुसन्धानका क्रममा छौँ। हालसम्म १८ जनालाई गिरफ्तार गरिएको छ। उच्चस्तरीय छानबिन समिति पनि जिल्लामा आएको छ। सोधपुछ भइरहेको छ। हामीकहाँ पोष्टमार्टमको प्रतिवेदन आइसकेको छैन।

**सुनिल पुन, डाक्टर, स्वास्थ्य सेवा कार्यालय, जाजरकोट**

सोती घटनामा भेटिएका पाँच जनाको शवको पोष्टमार्टम भइसकेको छ। पोष्टमार्टम प्रतिवेदन बनाउँदै छौँ। जेठ १३ गते एक शवको पोष्टमार्टम भएको थियो भने जेठ १४ गते दुई जनाको पोष्टमार्टम भएको थियो। त्यसैगरी, जेठ १५ गते एक जनाको शव र जेठ १६ गते एक शवको पोष्टमार्टम भएको थियो। विभिन्न सञ्चारमाध्यमले पोष्टमार्टमको रिपोर्ट आयो भनी समाचार बाहिर ल्याएको विषयमा हाम्रो ध्यानाकर्षण भएको छ। हामीसँग सम्पर्क नगरी लेखिएको समाचारका विषयमा हामी पोष्टमार्टममा संलग्न चिकित्सकले विज्ञप्ति निकाल्ने तयारी गरेका छौँ। हामीले पोष्टमार्टमको रिपोर्ट प्रहरी कार्यालयमा बुझाउँछौँ। तपाईंहरूले पोष्टमार्टमको रिपोर्ट प्रहरी कार्यालयबाट लिनु होला।

**राजकुमार शर्मा, इन्चार्ज, नेपाल कम्युनिष्ट पार्टी, रुकुम (पश्चिम)**

सोती घटना दु:खद् निन्दनीय भएको र सत्यतथ्य पत्ता लगाई दोषीलाई कडाभन्दा कडा कारबाही गर्नु पर्दछ। यो घटनालाई राजनीतिकरण नगर्न अनुरोध गर्दछु।

**प्रेमप्रकाश वली, सभापति, नेपाली काङ्ग्रेस, रुकुम (पश्चिम)**

सोती घटना दु:खद् र निन्दनीय छ। दोषीलाई कडा कारवाही गर्नु पर्छ। राजनीतिकरण गर्न हुँदैन। आरोपितलाई उन्मुक्ति दिनु हुँदैन। निष्पक्ष छानबिन हुनु पर्छ। नेपाली काङ्ग्रेस आस्थामा जो जता भए पनि त्यसको बचाउमा लाग्दैन। विभिन्न तर्क आए पनि यो घटना अन्तरजातीय प्रेम सम्बन्धका कारण भएको हो।

## सोतीका स्थानीयबासीको भनाइ

**बालकुमारी विश्वकर्मा**

जाजरकोटबाट आएका युवाहरूको समूह सोतीस्थित युवतीको घरमा पुगेर फर्कंदै गर्दा हाम्रो घरको धारामा पानी खाएको र सोती गाउँमा झगडा नगरी फर्कंदै गरेको देखेका थियौँ। युवाहरू चुपचाप फर्कंदै थिए।

**महेन्द्र पुन**

केटा पक्ष युवती लिन भनी यसअघि सोती गएका थिए। पहिलो पटक केटालाई युवतीको घरमा खाना खुवाएको र सम्झाइबुझाइ गरी पठाएका थिए। दोस्रो पटक तीन चार जना साथीसहित युवतीको घरमा आउँदा युवतीको बुबा र युवतीको दाइले एक दुई थप्पड हानेको र वडा अध्यक्ष डम्बरबहादुर मल्ललाई भनी वडा अध्यक्ष मल्लले प्रहरीलाई खबर गरी नवराज र उनका साथीलाई प्रहरीलाई बुझाएका थिए। तेस्रो पटक १८/१९ जनाको समूहमा आउँदा लकडाउनको समयमा अर्काको गाउँमा किन प्रवेश गरेको भनी युवती पक्ष र छिमेकीलाई रिस उठेपछि लखेटेका थिए। युवती पक्ष र स्थानीयले लखेट्दा नवराजलगायत पाँच जना भेरी तर्न खोजेको र भेरीमा बगेर मरेको हुन सक्छन्। वीरबहादुर मल्लले छोरीको उमेर पुगेको छैन भनी विवाह गर्न नमानेको कारण नवराज विकले केटाहरू साथमा ल्याई युवतीलाई हुल हुज्जत गरी लैजान खोजेकोमा छिमेकीले लखेटेका हुन्। उनीहरू आफैं भेरी नदी तर्न खोज्दा बगेका हुन्।

**बेदबहादुर मल्ल**

यो घटना जातीय विभेदका कारण भएको होइन। यसभन्दा अगाडि मल्ल परिवारमा अन्तरजातीय विवाह भएको छ। तर कसैलाई जातीयताको कारण समस्या भएको छैन।

**बिर्मी मल्ल**

लकडाउनको समयमा गाउँमा धेरैजना आउँदा सोधपुछ गरेको हो। जातीय घटना होइन। त्यो परिवारमा पहिला पनि अन्तरजातीय विवाह भएको थियो। उनीहरूबीच घरपरिवारमा राम्रो सम्बन्ध छ। ती केटाहरूको कसरी मृत्यु भयो थाहा भएन। लखेटेर कुटेर हत्या गरेको होइन।

**भक्तबहादुर मल्ल**

मृतक नवराज विकले अन्य युवाहरूलाई लिन हुँदैन्थ्यो। पहिला मृतकहरूले अराजकता देखाएपछि सोतीबासीहरूले कानुन मिचे। घटना अकल्पनीय भयो तर जातीय विभेदका कारण यो घटना भएको होइन। यो परिवार जातीय विभेद गर्ने परिवार होइन। यो परिवारमा योभन्दा पहिला पनि सोही परिवारबाट यमुना मल्लले विष्णु चनारासँग अन्तरजातीय विवाह गरेर मेलमिलापसँग बसेका छन् भने निमबहादुर मल्लले सीता विकसँग विवाह गरी घरपरिवारमा राम्रो सम्बन्ध रही आएको छ। यो जातीय घटना होइन। यमुना मल्ल र निमबहादुर मल्ल युवतीको दाजु र दिदी नाता पर्दछन्।

**गिरफ्तार भएका व्यक्तिहरूको विवरणः**

चौरजहारी नगरपालिका-८ सोती निवासी ४१ वर्षीय वडाअध्यक्ष डम्बरबहादुर मल्ल, सोही ठाउँ निवासी ४२ वर्षीय वीरबहादुर मल्ल (युवतीको बुवा), सोही ठाउँका ३९ वर्षीया प्रकाशी मल्ल (युवतीको आमा), २२ वर्षीय रमेश मल्ल, १७ वर्षीया सुष्मा मल्ल ( विवाह गर्ने भनिएकी युवती), ४२ वर्षीय डिल्ली मल्ल, ३९ वर्षीय प्रेमबहादुर ठकुरी, २६

वर्षीय सन्तोष मल्ल, २८ वर्षीय मोहन पुनमगर, ४० वर्षीय मानबहादुर मल्ल, ३७ वर्षीय टोपबहादुर मल्ल, ५४ वर्षीय नन्दु मल्ल, २० वर्षीय बिनोद मल्ल, ४२ वर्षीय इन्द्र भनिने इन्द्रबहादुर मल्ल, ४६ वर्षीय हर्कबहादुर मल्ल, ३५ वर्षीय तिलक चन्द, १९ वर्षीय दिपेन्द्र चन्द र ५२ वर्षीय तुलबहादुर मल्ल रहेका छन्। गिरफ्तार भएका सबै जनालाई जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम)मा राखिएको छ।

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, प्यान नं. ३००९३१९७

इन्सेक insec

## अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति २०७७ जेठ १३ गते

**चौरजहारी घटनाको तथ्य संकलन गर्न अधिकारकर्मीको टोली घटनास्थलतर्फ**

रुकुम पश्चिम चौरजहारी नपा-८ सोतीगाउँमा २०७७ जेठ १० गते भएको घटनामा जाजरकोट जिल्ला भेरी नपा-४ का २१ वर्षीय नवराज विश्वकर्मा, सोही ठाउँका १७ वर्षीय गणेश विएम र रुकुम जिल्ला चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम विश्वकर्माको शव फेला परेको र अरु तीन जना व्यक्ति सम्पर्कमा नआएको भनिएको घटनाको सत्य तथ्य संकलन गर्न इन्सेक रुकुम (पश्चिम) का जिल्ला प्रतिनिधि मनिषा केसीको नेतृत्वमा मानव अधिकार संस्थाका प्रतिनिधि सम्मिलित एक टोली जेठ १३ गते बिहान घटनास्थल प्रस्थान गरेको छ ।

टोलीमा बार एशोसियशनका रुकुमपश्चिम अध्यक्ष एक्क पाण्ढे, गैसस महासंघका जिल्ला अध्यक्ष नारायणकुमार शाह, रुकुमेली समाज विकास केन्द्रका अध्यक्ष नरबहादुर नेपाली र हरप्लेसका अध्यक्ष सुनीता बीएम रहनु भएको छ । टोलीले संकलन गरेको सत्यतथ्य विवरणका आधारमा तयार पारिने प्रतिवेदन केही दिनभित्र सार्वजनिक गरिनेछ ।

**नारायण सुवेदी**
संयोजक
इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालय
वीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत
फोन: ०८३-५२१४८९,
Email: surkhet@insec.org.np Web-site: www.insec.org.np, www.inseconline.org

मिति २०७७ जेठ १२ गते

# प्रेस विज्ञप्ति

रुकुम (पश्चिम) चौरजहारी नपा-८ सोतीगाउँमा २०७७ जेठ १० गते साँझ कुटपिटबाट जाजरकोट जिल्ला भेरी नपा-४ का २१ वर्षीय नवराज विश्वकर्मा र रुकुम जिल्ला चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम विश्वकर्माको शव फेला परेको र अरु चार जना व्यक्ति सम्पर्कमा नआएको भनि विभिन्न सञ्चारमाध्यममा आएको घटना सम्बन्धमा कर्णाली प्रदेशमा कार्यरत हामी अधिकारकर्मीहरूको गम्भीर ध्यानाकर्षण भएको छ।

जाजरकोट जिल्ला भेरी नपा-४ का नवराज विश्वकर्मा र १७ वर्षीया एक युवतीबीच प्रेम सम्बन्धपछि उनीहरूको भागी विवाहका लागि साथ दिन गएका भनिएका व्यक्तिमाथि चौरजहारी नगरपालिका-८ का वडाध्यक्ष डम्बरबहादुर मल्ललगायतको संलग्नतामा कुटपिट भएको भन्दै प्रहरीले १० जनालाई गिरफ्तार गरेको तथा दुई जना व्यक्तिको शव फेला परेको र जाजरकोट जिल्ला भेरी नपा-११ का चार जना क्रमश: १८ वर्षीय लोकन्द्र सुनार, १७ वर्षीय गोबिन्द शाही, २१ वर्षीय सञ्जु विक र १७ वर्षीय गणेश बीएम घरपरिवारको सम्पर्कमा नभएको खुलेको छ।

'जातीय भेदभाव तथा छुवाछुत कसूर र सजाय ऐन २०६८' तत्कालीन व्यवस्थापिका संसदबाट छुट्टै कानुन पारित भएको दिन जेठ १० गते दलित समुदायले उत्सव मनाउने दिवसको दिन कर्णाली प्रदेशको एक मात्र छुवाछुत मुक्त स्थानीय तह चौरजहारी नगरपालिका क्षेत्रमा भएको यस घटना दु:खदायी भएको हाम्रो ठहर छ। घटनाको निष्पक्ष छानबिन, दोषी पत्ता लगाई संलग्न व्यक्तिलाई कानुनी कारबाही र पीडित परिवारको न्यायमा कमीकमजोरी हुन नदिन सरकारका निकाय र सरोकारवाला सबैको ध्यानाकर्षण गराउँदछौं।

- उत्तम आचार्य, अध्यक्ष, उच्च वार एशोसियसन वीरेन्द्रनगर, सुर्खेत
- नारायण सुवेदी, संयोजक, इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत
- हरिप्रसाद अधिकारी, अध्यक्ष, गैसस महासङ्घ कर्णाली प्रदेश
- दुर्गा थापा, अध्यक्ष, नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश
- पवित्रा शाही, कार्यकारी निर्देशक, आवाज, सुर्खेत
- मञ्जु सुनार संयोजक, संयोजक कर्णाली प्रदेश दलित अधिकार सञ्जाल
- टिकाराम आचार्य, कार्यकारी निर्देशक, स्याक
- घनश्याम केसी, अध्यक्ष, गैसस महासङ्घ, सुर्खेत
- भुपेन्द्र कँडेल, कार्यकारी निर्देशक, सुन्दर नेपाल
- मधुरानी ढकाल, मानव अधिकार एलाइन्स
- खगिसरा वली, सचिव, दलित महिला सङ्घ
- खिम रेग्मी, अध्यक्ष, स्थानीय सरोकार समूह

हुनुपर्ला भनेर। घरको गर्जोले थिच्दै जान थालेपछि कमलाका पति रोजगारीका लागि भारत जानुपर्ने बाध्यता आइलाग्यो। कमलालाई लागेको थियो पति कमाउन गएका हुन्। कमलाले लामो समय पति आउने बाटो हेर्दै बिताइन् तर उनको अत्तोपत्तो भएन। एकातिरबाट जात व्यवस्थाको अग्लो पर्खाल र अर्कोतिर बाट पारिवारिक जिम्मेवारीले थिचेपछि कमला एकदिन नाबालक बालबच्चा काखी च्यापेर भारतर्फ लागिन्। पतिको खोजीमा। मनभरि पतिको माया बोकेर भारत पुगेकी कमलाले पतिलाई अर्कै महिलासँग देखेपछि मुर्छा परिन्। युद्ध मैदानमा छेवैको साथी गोलीले ढल्दा हरेस नखाएकी कमला, शरीरभरि गोलीका छर्रा हुँदा पनि नथाकेकी कमला थाकिन् पतिको यस्तो हर्कतले। सँगै मर्ने सँगै बाँच्ने बाचा कसम खाएर नजिक भएका कमला र उनका श्रीमान् टाढिनुपर्ने अवस्थामा पुगे।

दुई बच्चासहितको घरबार खण्डहर भयो। कमलाले गहभरि आँसु पार्दै भनिन् "परिवार र समाजले जातकै कारण टाढा बनाएपछि पतिको भर परेको थिएँ। पतिले नै अर्को बिहे गरेपछि कसको भर पर्नु। त्यसैले सम्बन्ध बिच्छेदको निष्कर्षमा पुगेँ। "कमला थप्छिन्"उहाँको परिवार छोराले अर्को विवाह गरोस् तर आफ्नै जातको गरोस् भन्ने चाहन्थ्यो"। रूकुम पश्चिममा अन्तरजातीय भनिने विवाह गरेका कारण सम्बन्ध विच्छेद भएका जोडिमा कमला र उनको श्रीमान पहिलो भने होइनन्। चालु आर्थिक वर्षको अहिलेसम्म जिल्ला अदालतको तथ्याङ्कअनुसार जात कारण बनेका पाँचओटा मुद्दा दर्ता भएको जिल्ला अदालतमा कार्यरत नायब सुब्बा रमेश खड्काले जानकारी दिए। अन्तरजातीय विवाह भन्दा अप्ठेरो पर्ने भएपछि कति मुद्दा बालविवाह, जबरजस्तीकरणी, मानव बेचविखन आदिको स्वरूपमा पनि दर्ता हुने गरेका छन्। यद्यपि भित्री कारण भने जात नै हुने गरेको छ।

**कथित जातीय सोचले पारेको दरार**

हिन्दु वर्णाश्रमका आधारमा सानो-ठूलो, तल्लो र उपल्लो भनेर छुट्टयाइने समूहलाई जात भनिन्छ। हिन्दू वर्ण व्यवस्थाअनुसार ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्ण र त्यस अन्तर्गत विभिन्न जात पर्दछन्। उदाहरणका लागि खनाल, दाहाल, शर्मा, पौडेल, कामी, दमाई र सार्की आदि जात हुन् तर जाति होइनन्। यही सानो-ठुलो र तल्लो उपल्लो छुट्याउने रुढीवादी सोचले मानवीय सोच र चिनतनमा ठुलो दरार पारेको छ। यसतै सोचका कारण समाजले विभिन्न खालका समस्या खेप्नु परेको छ। यो समस्या कु-प्रथाजन्य हो। यसको पुनर्पुष्टि गर्नका लागि यो भन्न सकिन्छ कि तात्कालिक कुलीन वर्ग या शासक र कथित धर्म गुरुहरूले आफ्नो सामाजिक वर्चश्व कायम गरिरहनका निमित्त यस्तो खालको कु(व्यवस्था लागु गर्न लागिपरिरहेको कुरामा कुनै शङ्कै छैन।

यो राजनीतिक पनि समस्या हो जातीय असमानता र विभेद रहिरहनु भनेको राज्यमा एकत्व भाव नरहनु हो। राज्य भित्रको एकताको कमी भनेको राज्यको गति कमी हुनु हो, जसले गर्दा राज्यको सबै आयाममा प्रभावशाली उपस्थिति हुन सक्दैन। राज्यले सामाजिक एकता नहुनुमा मूलभूत समस्याको पहिचान नगरी समाधानोन्मुख ठोस कदम नचाल्नु राजनीतिक तबरको गम्भीर समस्या हो।

तल्लो/उपल्लो जातियसोच सामाजिक समस्या पनि हो। समाजमा यो

कलङ्कले जरो गाडेसँगै अर्को पुस्तामा पनि यो कु-भावानाको सञ्चार भइरहँदा समाज छिन्नभिन्न हुने अनि सामाजिक मेलमिलाप नहुने समस्या विद्यमान रहेको छ। अर्को कुरा यसले सामाजिक समग्र गतिमा नकारात्मक प्रभाव पार्दै आएको छ। अवस्थाको आँकलन नगरी निरन्तर रूपमा एउटा समुदायमा विभिन्न तबरले अपहेलना गरिरहनु एवम् सामाजिक मेलमा खल्ल पुऱ्याइरहनुले हाम्रो समाजमा विभिन्न प्रकारका घटना दिनप्रदिन हुँदै आएका छन्।

२०६६ साल मंसिरमा रुकुम जिल्लालाई छवाछुत मुक्त जिल्ला घोषण गरिएको थियो। शान्ति सम्झौतापछि जातीय घटनाकै पृष्ठभूमिमा सरकारले जातीय भेदभाव तथा कसूर सजाय ऐन, २०६८ ल्यायो। तर, त्यसको कार्यान्वयन प्रभावकारीरूपमा हुन सकेन। कार्यान्वयन फितलो हुँदा छुवाछुत र विभेद कायमै छ भन्ने माथि उल्लेखित घटनाहरूले पुष्टि गर्छन। समाजमा मानिसहरू शिक्षित भए तर सचेत हुन सकेनन् जसका कारण अहिले पनि समाजमा कुनै न कुनै रूपको छुवाछुत र विभेद कायमै छ। कर्णाली प्रदेशका दश जिल्लामध्ये रुकुम पश्चिम पनि एक हो दलितमाथि भएका कतिपय विभेद सार्वजनिकनै हुँदैनन् भने कतिले चाहिँ अदालती प्रक्रियामा जान खोज्दा अवरोध खप्नुपर्छ। जातकै कारणले छ जनाले ज्यान गुमाएका छन भने सिङ्गो समाज अपमानित हुनु परेको छ। यो तथ्याङ्क अदालतको हो भने अदालत सम्म नपुगेका यस्ता धेरै घटना समाजमा यथावत नै छन्। अहिले पनि समाजमा लुकेका त्यस्ता घटनाले जातीय विभेदविरुद्ध बनेका ऐन नियमलाई गिज्याइ रहेका छन्।

२०७७ जेठ १० गते जाजरकोट भेरी नगरपालिका-४, रानागाउँका नवराज विक मल्ल थरकी युवतीसँग भएको प्रेम सम्बन्धलाई बिहेमा परिणत गर्न रुकुम पश्चिम चौरजहारी नगरपालिका-८, सोती पुगे। त्यहाँ आफ्नी प्रेमिकालाई भेट्न नपाउँदै सोही वडाका वडाध्यक्ष डम्बरबहादुर मल्ल, केटीका परिवार र सिंगो गाउँले उनी र उनका साथीमाथि आक्रमण गऱ्यो। आक्रमणबाट नवराजसहित ६ जनाको ज्यान गयो। कारण थियो, 'अन्तरजातीय प्रेम सम्बन्धलाई बिहेमा परिणत गर्न खोज्नु।'

मुलुक छुवाछुतमुक्त भनी संसदबाट घोषणा गरिए पनि सिधासादा दलित समुदायले यसको अनुभूति गर्न नपाएको दलित अधिकारकर्मी यज्ञ परियार बताउँछन्। 'दलितका श्रम र सीप छुन हुन्छ,' उनी भन्छन्, 'तर अझै पनि घरभित्र पस्दा, सार्वजनिक धारा, मठमन्दिरमा जाँदा अछुतको व्यवहार गर्ने गरिएको छ।' माथिल्लो जातका मानिसले छुवाछुतको व्यवहार फरक तरिकाले गर्दै आइरहेका छन्। घुमाउरो तरीकाले अहिले समाजमा जातिय भेदभाव तथा छुवाछुत निकै चर्को छ।

जातीय छुवाछुत तथा भेदभाव कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीनवर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ। त्यस्तै दफा ४ को उपदफा (८), (९),(१०), (११), (१२) वा (१३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक महिनादेखि एक वर्षसम्म कैद वा पाँच सय रुपियाँदेखि दश हजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

*(लेखक सञ्चारकर्मी हुनुहुन्छ ।)*

विश्लेषण

# सुदूरपश्चिम प्रदेश : स्थानीय तह र प्रदेश सरकारमा दलित समुदायको सहभागिताको अवस्था

**पृष्ठभूमि**

सदियौँदेखि राज्यका हरेक निकायबाट पाखा पारिएका दलित समुदाय समाजमा व्याप्त जातीय विभेद, छुवाछुत, तिरस्कार, घृणा र बहिष्करणबाट मुक्त हुने अभिलाषाले राज्यव्यवस्था परिवर्तनका लागि गरिएका विभिन्न आन्दोलन तथा अभियानमा सक्रिय सहभागी भए। राणशासन विरुद्ध आन्दोलन, पञ्चायती व्यवस्था विरुद्धको जनआन्दोलन, दश वर्ष लामो सशस्त्र द्वन्द्व होस् वा ०६२- ०६३ को जनआन्दोलन यी सबैमा दलित समुदायले बलिदानीपूर्ण सहभागिता जनाएको छ। व्यवस्था परिवर्तनका लागि दलित समुदायले गरेको बलिदान र योगदान समाजमा व्याप्त छुवाछुत, विभेद, तिरस्कार, अपमान, घृणा र वञ्चितीकरणबाट मुक्तिका लागि थियो।



कृष्णबहादुर बिक

गणतन्त्र स्थापना भएको झण्डै १६ वर्ष बितिसक्दा समेत सदियौँदेखि वञ्चितिकरणमा पारिएको दलित समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थामा अपेक्षाकृत परिवर्तन तथा सुधार आउन सकेको छैन। व्यवस्था परिवर्तनसँगै दलित समुदायमा राजनीतिक चेतनामा बृद्धि भएको भए पनि नेपालको संविधान ०७२ मा व्यवस्था गरिएका अधिकारहरूबाट नै दलित समुदाय वञ्चित हुनपरेको छ।

देशमा आएको राजनीतिक परिवर्तनसँगै दलित समुदायमा चेतनाको स्तरमा वृद्धि भएको भए पनि दलित समुदायामथि गरिने विभेद र बहिष्करणको अवस्थामा खासै सुधार आएको पाइँदैन। दलित समुदाय सक्रियरूपमा राजनीतिक पार्टीमा आबद्ध भएर स ठित रूपमा विभेदका विरुद्ध आन्दोलन गर्दै आएका भए पनि यो समुदायको आर्थिक, सामाजिक र राजनीतिकलगायत राज्यको मूलधारबाट अहिले पनि पाखा पारिएको छ।

**स्थानीय तहमा दलित समुदायको सहभागिताः**

नेपालको संविधानले राज्यका सबै निकायमा समानुपातिक समावेशिताको आधारमा सबै समुदायको प्रतिनिधित्व सुनिश्चितता गरेको भए पनि जनसंख्याका आधारमा दलित समुदायको सहभागिता हुन सकेको छैन। विशेष गरी राजनीतिक क्षेत्रमा राजनीतिक नेतृत्वको तजबिजमा दलित समुदायको सहभागिता हुने गरेको पाइन्छ। नेपालमा दलित समुदायको जनसङ्ख्या कूल जनसङ्ख्याको १३ प्रतिशत छ। सुदूरपश्चिममा प्रदेशको कुल जनसङ्ख्याको १७ प्रतिशत दलित समुदायको रहेको छ। सोही जनसङ्ख्याका आधारमा स्थानीय तह, प्रदेश सभा, प्रतिनिधिसभा लगायतका क्षेत्रमा दलित समुदायबाट प्रतिनिधित्व सुनिश्चित गरिनु पर्ने हो। एक उपमहानगर, ३३ नगपालिका र ५४ गाउँपालिका गरी ८८ ओटा स्थानीय तह रहेको यस प्रदेशमा दलित

**तालिका १ : ०७९ मा सम्पन्न स्थानीय निर्वाचनपछि स्थानीय तहमा दलित प्रतिनिधित्व**

| क्र.सं. | स्थानीय तह | जम्मा पद सङ्ख्या | दलित सङ्ख्या | दलित प्रतिशत |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय समिति संयोजक | ९ | १ | ११.१ |
| २ | उपमहानगरपालिका प्रमुख | १ | | |
| ३ | उमनपा उपप्रमुख | १ | | |
| ४ | नगरपालिका प्रमुख | ३३ | | |
| ५ | नगरपालिका उपप्रमुख | ३३ | १ | ३ |
| ६ | गाउँपालिका अध्यक्ष | ५४ | १ | १.८ |
| ७ | गाउँपालिका उपाध्यक्ष | ५४ | | |
| ८ | वडाध्यक्ष | ७३४ | २६ | ३.५ |
| ९. | वडा सदस्य | ६७४३ | ६२० | ९.२ |
| | **जम्मा** | **७५७५** | **६४९** | **८.५६** |

*स्रोत: जिल्ला समन्वय समिति र नगरपालिकाको वेवसाइट*

समुदायको सहभागिता सन्तोषजनकसमेत छैन्। ३३ ओटा नगरपालिका र एक उपमहानगपालिका रहेको यस प्रदेशमा दलित समुदायबाट प्रमुखमा दलित सहभागिता शून्य छ। कैलालीको भजनी नगरपालिकामा नागरिक उन्मुक्ति पार्टीबाट राजु तिरुवा उपप्रमुख पदमा दलित समुदायबाट निर्वाचित हुनुभएको छ। ५४ ओटा गाउँपालिका रहेको यस प्रदेशमा डडेल्धुरा जिल्ला आलिताल गाउँपालिकामा मात्रै अध्यक्ष पदमा एक जना दलित समुदाय बाट निर्वाचित हुनुभएको छ भने उपाध्यक्ष पदमा दलित समुदायबाट निर्वाचित भएका छैनन्। कैलाली जिल्ला समन्वय समितिमा टिकाकुमारी चौधरी भुल समन्वय प्रमुख पदमा निर्वाचित हुनुभएको छ। यस प्रदेशका ८८ ओटा स्थानीय तहमा ७ सय ३४ वडाध्यक्ष मध्ये २६ जना मात्रै दलित समुदायबाट निर्वाचित भएका छन् भने ६ हजार ७ सय ४३ वडा सदस्यमा ६ सय २० जना मात्रै दलित महिला वडा सदस्य निर्वाचित भएका छन्। स्थानीय तहमा दलित समुदायको सहभागिताको अवस्था हेर्दा समानुपातिक समावेशिताको सिद्धान्तलाई राजनीतिक दलहरूले आत्मसात गरेको पाइँदैन।

समानुपातिक समावेशिताका आधारमा सुदूरपश्चिम प्रदेश अन्तर्गत स्थानीय तहमा १७ प्रतिशत दलित समुदायबाट प्रतिनिधित्व हुनुपर्नेमा हाल ८.५६ प्रतिशत मात्रै दलित समुदायबाट प्रतिनिधित्व भएको पाइन्छ। यसमा पनि नगरपालिका प्रमुख र उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष पदमा दलित समुदायको सहभागित शून्य प्रतिशत जस्तै छ। स्थानीय तह निर्वाचन ऐन २०७३ मा हरेक स्थानीय तहको नगरपालिका वा गाउँपालकाको वडा समितिमा एक जना दलित महिला सदस्य अनिवार्य गरिएको बाध्यकारी व्यवस्थाले मात्रै सुदूरपश्चम प्रदेशको स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्व ८.५६ प्रतिशत

**तालिका २ : पहिलो र दोस्रो प्रदेश सभामा दलित प्रतिनिधित्व**

| प्रदेश सभा | जम्मा प्रदेश सभा सदस्य सङ्ख्या | | दलित प्रतिनिधित्व | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | प्रत्येक्ष निर्वाचन | समानुपातिक निर्वाचन | प्रत्यक्ष | समानुपातिक | |
| पहिलो प्रदेश सभा | ३२ | २१ | १ | ५ | ६ |
| दोस्रो प्रदेश सभा | ३२ | २१ | ० | ३ | ३ |
| **पहिलो र दोस्रो जम्मा** | **६४** | **४२** | **१** | **८** | **९** |

*स्रोत: जिल्ला समन्वय समिति र नगरपालिकाको वेवसाइट*

देखिन्छ किनकी स्थानीय तह वडा समितिमा दलित महिला सदस्य ६ सय २० छ। ०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनमा स्थानीय तह निर्वाचन ऐनमा बाध्यकारी व्यवस्था गरिएअनुसार वडा समितिमा समेत दलित महिला सदस्यहरूको पूरक सङ्ख्या छैन। ७ सय ३४ दलित महिला सदस्य निर्वाचित हुनु पर्नेमा ६ सय २० जना मात्रै निर्वाचित भएका छन्।

**सुदूरपश्चिम प्रदेश सभामा दलित प्रतिनिधित्वः**

०७४ सालमा सम्पन्न पहिलो सुदूरपश्चिम प्रदेश सभा सदस्य पदका लागि ३२ प्रत्येक्ष र २१ जना समानुपातिक गरी ५३ जना सदस्य पदमा प्रत्यक्ष निर्वाचन प्रमाणीतर्फबाट एक जना र समानुपातिक निर्वाचन प्रणालीतर्फ चार जना महिला सहित ६ जना दलित समुदायबाट सहभागिता रहेको थियो। नेपाली कांग्रसबाट उमाकुमारी बादी र टेकबहादुर रैका, नेकपा एमालेबाट दुर्गाकुमारी कामी र अर्चना गहतराज र नेकपा माओवादीबाट मानवहादुर सुनार र शान्ति नेपाली पहिलो सुदूरपश्चिम प्रदेश सभाका सदस्य रहनुभएको थियो। दोस्रो सुदूरपश्चिम प्रदेश सभामा यो सङ्ख्या घटेर तीन पुगेको छ। हाल सुदूरपश्चिम्म प्रदेश सभामा दुई जना महिला सहित तीन जनाको मात्रै प्रतिनिधित्व रहेको छ। नेपाली कांग्रेसबाट लिलिता सुनार, नेकपा माओवादीबाट लक्ष्मी बिक र नेकपा एमालेबाट हिरासिंह सार्की प्रदेश सभा सदस्य रहनुभएको छ।

**सुदूरपश्चिम प्रदेश सरकारमा दलित प्रतिनिधित्वः**

सुदूरपश्चिम प्रदेशमा पहिलो प्रदेश सभा निर्वाचनबाट पहिलो पटक त्रलोचन भट्ट मुख्यमन्त्री रहनुभएको सात सदस्सीय मन्त्री मण्डलमा एक जना पनि दलित परेनन्। दोस्रो प्रदेश सभा सदस्य निर्वाचनपश्चात ०७९ माघ २७ गते माननीय राजेन्द्रसिंह रावल मुख्यमन्त्री हुनुभएको थियो र ०८० जेठ ६ गते विस्तारित गरिएको सात सदस्सीय मन्त्रिमण्डलमा पनि दलितको प्रतिनिधित्व शून्य नै रऱ्यो। संघीय सरकार र राजनीतक दलबिचको खिचातनीसँगै सरकार परिवर्तनको प्रभाव सुदूरपश्चिम प्रदेशमा पनि पऱ्यो। हाल सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेसबाट कोमलबहादुर शाह मुख्यमन्त्री रहनुभएको मन्त्रिमण्डलमा नेकपा एमालेबाट हिरासिंह सार्की आन्तरिक मामिला तथा कानुनमन्त्री रहनुभएको छ। यसभन्दा अगाडि

नेकपा (एस) र नेकपा माओवादीको संयुक्त गठबन्धन सरकारमा नेकपा माओवादीका तर्फबाट सुदूरपश्चिम प्रदेश सरकारमा माननीय लक्ष्मी बि.क आन्तरिक मामिला तथा कानुन मन्त्री र सामाजिक विकास राज्यमन्त्री हुनुभएको थियो।

अहिले प्रतिनिधिसभामा समानुपातिकबाट निर्वाचित १५ जना र प्रत्यक्षमा एक जना गरी जम्मा १६ जना ( ५.८१ प्रतिशत) सांसद दलित समुदायबाट रहनुभएको भए पनि सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधि सभामा दलित सांसद सङ्ख्या शून्य रहेको छ। सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधि सभामा नै दलित समुदायबाट प्रतिनिधित्व नभएपछि संघीय सरकारमा त प्रतिनिधित्वको सवाल नै भएन।

संविधानको मैलिक हक अन्तर्गत धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरिएको भएपनि जातकै आधारमा दलित समुदाय अर्थिक, सामाजिक र राजनीतिक विभेद खेप्न बाध्य छ। शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा दलित समुदायको सहभागिता र पहुँच नुहँदा दिनहुँ सयौँको संख्यामा भारत लगायतका खाडीमुलकहरूमा कष्टकर र सस्तो श्रम बेच्न बाध्य हुनुपरेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा समेत दलित समुदायको अवस्थामा परिवर्तन आउन नसकेपछि राज्य र ठूला राजनीतिक दलप्रतिको विश्वास समेत घट्ने देखिएको छ। राजनीतिक दलहरूले निर्वाचनको समयमा गरेका प्रतिवद्धताहरू व्यवहारमा नदेखिनु र जनताको भावना र अपेक्षा अनुसारका नीति, योजना र कार्यक्रमहरू सरकारबाट सञ्चानल हुन नसकेको दलित समुदायलगायत नागरिकहरूको गुनासो छ।

नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा जातीय विभेद विरुद्धको हक अन्तर्गत कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय, वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै पनि प्रकारको छुवाछुत तथा भेदभाव गरिने छैन भनेर व्यवस्था गरेको छ। कसैले जातीय भेदभाव तथा छुवाछुत गरेमा मुलकी अपराध संहिता २०७४ को दफा-७ को उपदफा (१) अनुसार तीन महिनादेखि तीन वर्षसम्म कैद वा १ हजार रुपियाँदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। यसैगरी जातीय तथा अन्य छुवाछुत र भेदभाव ( कसूर र सजाय) ऐन, २०६८ को दफा ४ अनुसार कसैले कुनै व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाती, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा विभेद गरको खण्डमा तीन महिनादेखि तीन वर्ष कैद र ५० हजारदेखि २ लाख रुपियाँसम्म जरिवानाको व्यवस्था गरेको छ। यद्यपि कानुन अनुसर जातीय छुवाछुतका आरोपितलाई कारबाही हुन सकेको छैन। अधिकांश आरोपितलाई धरौटीमा रिहा गरिएको पाइन्छ। जातीय छुवाछुत अन्त्यका लागि निर्माण गरिएका कानुनहरूको अक्षरश: कार्यान्वयन गरिनु पर्दछ। सामाजिक कुरीति र कुसंस्कार तथा सामाजिक अपराधका रूपमा समाजमा व्याप्त जातीय छुवाछुतको समुल नष्ट गर्न राजनीतिक दल, राज्यका सबै निकायहरू, पत्रकार, बौद्धिक व्यक्तित्व, नागरिक समाजहरूको सहयोग, सक्रियता र इमान्दारिता आजको आवश्यकता हो।

*(लेखक इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालयका अधिकृत हुनुहुन्छ ।)*

विश्लेषण

# कर्णालीका भूमिहीन दलित समुदाय

नेपालको संविधानको भाग ३ को धारा २५ को (१) मा 'प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ' भनेर उल्लेख गरिएको छ। तर, कर्णाली प्रदेशका भूमिहिन दलित समुदायहरू त्यसबाट बञ्चित भएका छन्। जसको उदाहरणका लागि प्रतिनिधिमूलक रूपमा कर्णालीका विभिन्न जिल्लाका भूमिहिन दलित बस्तीहरूको समस्या उठान गरिएको छ। वीरेन्द्रनगर नगरपालिका-११ स्थित 'बालुवाटार' बस्तीका नागरिक भूमिको हकबाट वञ्चित भएका छन्। दूरीका हिसाबले वीरेन्द्रनगर बजारदेखि १० किलोमिटर मात्रै टाढा छ, यो बस्ती। यहाँका २६ घरधुरीले नै अहिलेसम्म जग्गाको लालपुर्जा पाउन सकेका छैनन्। जसबाट उनीहरू कानुनी रूपमा जग्गाको मालिक बन्न पाएका छैनन्। पाँच रोपनी जग्गा भए पनि १५ वर्षदेखि पुर्जाविहिन भएको स्थानीय कर्णबहादुर गन्धर्वले बताए। 'नाम सुन्दा काठमाडौँ बालुवाटार सुनिए पनि यहाँको पीडा व्यथा भने अर्कै मूलकको जस्तो छ। पाँच रोपनी जग्गाको अहिलेसम्म पुर्जा पाउन सकेको छैन। एक गैरसरकारी संस्थाको सहयोगमा विद्युत पुगे पनि सडक र शिक्षाको अवस्था भने उस्तै छ', उनले भने।



जगतदल जनाला विक

वडा कार्यालय र स्वास्थ्य संस्था जान पनि एक घण्टौं टाढा हिँड्नुपर्ने बाध्यता रहेको उनले सुनाए। उनका अनुसार बालविवाह, गरिबी, बेरोजगारी, अशिक्षा र स्वास्थ्य बालुवाटार बस्तीका प्रमुख समस्या हुन्।

यहाँको एक मात्र आयआर्जनको स्रोत भनेको नजिकै बगिरहेको झुप्रा खोला हो। जहाँबाट बालुवा निकालेर आयआर्जनको रूपमा स्थानीयले लिने गरेका थिए। तर, पछिल्ला केही वर्ष यता नगरपालिकाले ठेक्का मार्फत मेसिनबाट बालुवा निकाल्दा उनीहरूको आय स्रोत समेत रोकिएको छ। 'पहिला बालुवा बेचेर जीविका चलाउँथ्यौँ। अहिले त नगरपालिकाले ठेक्कामा दिएपछि, डोजरले बालुवा तान्छ। हाम्रो काम बन्द भयो। न पर्याप्त जग्गा छ। नत भएको जग्गाको पुर्जा छ', स्थानीय तुलसी बैगारले भनिन्, 'अहिले त साँझ बिहानको छाक टार्न पनि मुस्किल छ।'


कर्णबहादुर र तुलसी मात्रै होइनन्, पुर्जा नहुँदा यो बस्तीका अधिकांश घरपरिवारहरू भूमिहिन भएका छन्। तीन घरधुरी मात्रै गैर दलित समुदाय रहेको बालुवाटार बस्तीमा १ सय ५० कुल जनसङ्ख्या छ। यो बस्तीमा ९८ प्रतिशत दलित समुदायको बसोवास छ। 'हरेक हिसाबले अभाव झेल्दै आएको यो बस्ती समस्याको खानीका रूपमा परिचित छ। साँझ बिहान त के खाउँ भन्ने छ ?', अर्का स्थानीय गोकर्ण गन्धर्वले भने, 'नेपालको संविधान जारी भएको नौ वर्ष पूरा भइसक्दा समेत हाम्रो भूमिको अधिकार हामीले पाउन सकेका छैनौं।'

वीरेन्द्रनगर नगरपालिका-११ की ४५ वर्षीया रूपा वादीको घर तल्लो झुप्रा खोलाको छेउमै छ। खोला किनारमै रहेको घर वर्षामा उनलाई कतिबेला बाढीले बगाउने हो भन्ने चिन्ताले सताउँछ। हिउँदमा ढुक्कले सुत्ने उनी बर्खा लागेपछि त्रासमा बाँच्ने गरेको बताउँछिन्। 'वर्षमा राती कतिबेला भल आएर घरसहित लिने हो भन्ने चिन्ताले रातभर नसुतेरै बस्छु', उनले भनिन्, 'यहाँ बसौं आफुसँग पुर्जा छैन। नबसौं यहि खोलाबाट बालुवा चालेर जिविका चलेको छ।' ५५ वर्षीया लालसरा बादीसँग २० मिटर जग्गा छ। त्यहाँ उनी बस्न थालेको २० वर्षभन्दा बढी भइसक्यो। तर, उनीसँग अझै पुर्जा छैन। 'जग्गा भएपनि त्यसको मालिक हुन पाएको छैन। हिउँदमा यहीबाट बालुवा र गिट्टी कुटेर जहान परिवार पाल्छौं,' उनले भनिन्, 'सबैजना लालपुर्जाविहीन छन्। वर्षौंदेखि जग्गाको मालिक बन्ने सपना राज्यले कहिले पूरा गर्छ ?।'

रुपा र लालसरा मात्रै होइनन्, यहाँ बस्दै आएका १ सय ४१ घरधुरीसँग लालपुर्जा छैन। वीरेन्द्रनगर बजारदेखि करिब १३ किलो मिटर पूर्वमा बसोबास रहेको यो बस्तीका स्थानीय २०४४ सालदेखि ऐलानी जग्गामा बस्दै आएका छन्। २०७१ सालको बाढीले यो बस्तीलाई तहसनहस बनाएको थियो। पछि अवस्था सामान्य भएपछि त्यही बगरमै बसेर बालुवा गिट्टीबाटै यहाँका बादी समुदायले जीविकोपार्जन गर्दै आएका छन्।

दैलेखको दुल्लु नगरपालिका-१ तल्लो डुङ्गेश्वर स्थित लोहरे खोलामा बस्दै आएका ४२ घरधुरी बादी समुदाय पनि लालपुर्जाविहिन छन्।

वीरेन्›नगर नगरपालिका-७ खारखोलीमा बस्दै आएकी नन्दकला विकलाई कुन बेला डोजरले घर भत्काइदिने हो भन्ने चिन्ताले रातदिन पिरोलिरहेको छ। किनभने उनले बनाएको घर सरकारी जग्गामा पर्छ। त्यहाँ कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत यातायात व्यवस्था कार्यालयले ट्रायल सेन्टर बनाउँदै



***दैलेख दुल्लु नगरपालिका-१ स्थित तल्लो डुंगेश्वर स्थित वादी बस्ती***

छ। २० वर्ष अगाडि दुई छोराछोरी काखमा च्यापेर दैलेख चामुडाविन्›सैनी-८ जम्बुकाँधबाट माइतीसँगै वीरेन्›नगर झरेकी थिइन् नन्दकला। त्यहीबेला देखि उनका श्रीमान पूर्ण विक सम्पर्कमा छैनन्। आफ्नै बस्ने घरसमेत नभएकी उनलाई यो घर पनि भत्किए कहाँ जाने, के गर्ने भन्नेसमेत टुंगो छैन।

'२० वर्षदेखि बस्दै आएको घर भत्काएपछि यी छोरा छोरी लिएर कहाँ जाउँला?' नन्दकलाले भनिन्, 'हाम्रो वैकल्पिक व्यवस्था नगरेरै प्रशासनले उठीबास लगाउँदैछ। हामीसँग न पुर्जा छ, नत अन्य कागजात नै।' उनी मात्रै होइन, २७ वर्षदेखि बस्दै आएका त्यहाँका ६ घरधुरी भूमिहीन दलित परिवारलाई ट्रायल सेन्टरका नाममा यातायात व्यवस्था कार्यालयले गएको कात्तिक ३० मा सूचना जारी गर्दै ठाउँ खाली गर्न भनेको छ। तर, त्यहाँका स्थानीयले भने आफूहरूको वैकल्पिक व्यवस्था गरिदिनका लागि उनीहरूले प्रशासन र स्थानीयदेखि प्रदेश सरकारसँग बारम्बार अनुरोध गरिरहेका छन्। तर, सरकारले उनीहरूको पीडा सुनेको छैन। गएको फागुन ३ मा विश्व सामाजिक मञ्च २०२४ को सन्दर्भ पारेर आयोजित अन्तर्राष्ट्रिय उठीबासविरुद्धको न्यायाधिकरणमा पनि त्यसबारे सुनुवाइ भएको थियो। उक्त सुनुवाइमा पीडितले प्रस्तुत गरेको प्रमाण र तथ्यको आधारमा मानव अधिकारको सम्मान, संरक्षण र परिपालन गर्ने राज्यको दायित्व पूरा नगरेको भन्दै सरकारलाई ध्यानाकर्षण गरिएको थियो।

२०५४ सालदेखि आफ्ना परिवारसहित ती स्थानमा बसोबास गर्दै आएका घरपरिवारहरूले भूमि आयोगमा वडा कार्यालयमार्फत जग्गा प्राप्त गर्न निवेदनसमेत दिइसकेका छन्। यस अवधिमा, उनीहरूले पानी, बत्ती, मताधिकार, जन्मदर्ता, विवाह दर्ता लगायतका स्थानीय सुविधाहरू वडा नम्बर ७ बाटै प्राप्त गर्दै आएका छन्। संविधान अनुरूप सुविधा दिन नसक्नु मानव अधिकारको रक्षा नहुने राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेशकुमार थापाले बताए। 'संविधानले नै रक्षा गरेको मौलिक हक प्रत्याभूति गराउन राज्यले चासो देखाउनुपर्छ। त्यसमा पनि भूमिहिन दलितहरूका लागि अझै महत्वपुर्ण छ,' उनले भने, 'जसको पुस्तौंदेखि जमिन



*वीरेन्द्रनगर नगरपालिका -११ झुप्रा खोलामा बसेको वादी बस्ती*



*वीरेन्द्रनगर नगरपालिका -११ स्थित दलित समुदाय बसेको बालुवाटार बस्ती*

छैन। उनीहरूलाई जमिनको आवश्यकता पर्छ। राज्यले भूमि पाउने अधिकारलाई सुनिश्चितता गर्नुपर्छ।'

**साढे दुई हजार बढी भूमिहिन दलित**

राष्ट्रिय भूमि अधिकार मञ्च कर्णाली प्रदेशको तथ्याङ्क अनुसार प्रदेशका १० जिल्लाहरूमा दुई हजार ७८२ घरधुरी भूमिहिन दलितहरू रहेका छन्। जसमध्ये सबैभन्दा बढी सुर्खेतमा २२ सय ५४, दैलेखमा १७३, जाजरकोटमा १४७, रुकुमपश्चिममा १०४, सल्यानमा ७२, कालिकोटमा १७ र जुम्लामा १५ घरधुरी भूमिहिन दलितहरू रहेका छन्। मुगु, डोल्पा र हुम्लामा भने भूमिहिन दलित छैनन्। दलित समुदायलाई संविधानले दिएको अधिकारलाई प्रत्याभूति गर्न राज्य चुकिरहेको राष्ट्रिय भूमि अधिकार मञ्च कर्णाली प्रदेशका अध्यक्ष राजेन्द्र शर्माले बताए। 'संविधान र भूमि ऐनले समेत भूमिहिनहरूलाई भूमि दिने भन्ने ग्यारेन्टी गरेको छ। स्थानीय सरकारलाई समेत भूमि सम्बन्धी अधिकार दिइएको छ,' अध्यक्ष शर्माले भने, 'अधिकार आएपनि स्थानीय तहले पुर्जा बाँड्न नसक्नु भूमिहिनहरूको अधिकारलाई ध्यान नदिनु हो।'

नेपालको संविधान २०७२ को धारा ४०(५) 'राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्ने' धारा ४०(६) अनुसार 'राज्यले आवासविहीन दलितलाई कानुन बमोजिम बसोबासको व्यवस्था गर्ने दायित्वबाट' राज्य पन्छिन खोजेको उनको भनाइ छ।

राष्ट्रिय भूमि अधिकार मञ्चको तथ्याङ्क अनुसार सुदुरपश्चिम प्रदेशमा १० हजार ५४३, लुम्बिनीमा २२ हजार १८५, गण्डकीमा सात हजार ९४०, बाग्मतीमा ६ हजार २०६, मधेशमा १६ हजार ६६७ र कोशीमा २० हजार ८२२ घरपरिवार भूमिहिन दलित रहेका छन्।

(लेखक इन्सेक सुर्खेत प्रतिनिधि हुनुहुन्छ।)

विश्लेषण

# कविरामको सम्मानित नाम र इन्सेक

दैलेखको भगवतीमाई गाउँपालिका-४ मनघर र डुग्री गाउँमा सात जना मानिसहरूको नागरिकतामै कुकुर नाम लेखिएको छ भन्ने दुई वर्ष अघिदेखि सुने अनुसार खोजमूलक समाचार लेख्ने ध्येयले २०७९ साउन महिनाको ५ गते दिउँसो बेस्तडासम्म यात्रा तय गरेँ। बेलुका बेस्तडाको निकेश होटलको बसाइ भयो। वर्षायाम भएकोले बेस्तडा अगाडि गाडी जाँदैन थिए त्यसैले भोलिपल्ट साउन ६ गते बिहानै बेस्तडादेखि सम्भेखोला हुँदै उकालो समेत तीन घण्टाको पैदल यात्रापछि मनघरको कालिका मावि नजिकै सिलाइ काम गरिहेका व्यक्तिको घरमा पुगेँ।



अमर सुनार

उहाँले मलाई चिन्नु हुँदारेहेछ, प्रेमपूर्वक संवाद भयो। उहाँको नागरिकतामा कुकुर दमाईं लेखिएको छ भन्ने मलाई सूचना थियो। उही व्यक्तिसँग भेटभइसक्दा पनि सोझै तपाईंको नागरिकतामा 'कुकुर' लेखिएको छ र ? भन्न गाह्रो भयो। मैले प्रत्यक्ष संवाद पहिलो पटक गरेको तर, उहाँले चाहिँ मलाई पहिल्यै चिनेको अनि उनको मावली र ससुराली मेरो छिमेकी गाउँ चौराठा भएकोले पारिवारिक भलाकुसारी भयो। यति हुँदै खाना खाइवरी सकेपछि संवादको दोस्रो चरण नागरिकता हेर्न मन छ भनेपछि उनी खिन्न देखिए। किन चाहियो मेरो नागरिकता तपाईंलाई ? उहाँले प्रश्न तेर्स्याउनु भयो।


उहाँ मनघरको नाइके दमाईं हुनुहुन्छ। विवाहमा बाजा बजाउन बोलाएकामध्ये कसैले 'कुकुर दाई' भन्दिएको कारण बाजा बजाउन गएको आफ्नो समूहलाई फिर्ता लिएर घर फर्किएका किस्सा सुनिसकेका थिएँ। मैंले नागरिकता माग्दा पनि उहाँको अनुहार रातोपीरो भइसकेको थियो। यो दृष्यले मलाई पनि मनमनै डर पैदा गरायो। तर, पनि मैले नागरिकतामा नाम साँच्चै त्यस्तो भए सुधार गराउन सकिएला कि मेरो प्रयास रहनेछ भनेपछि चाहिँ नागरिकता देखाउन सहमत हुनु भयो। नागरिकतामा उहाँको नाम 'प्रेमबहादुर दमाईं' लेखिएको रहेछ। पहिले पाएको सूचना गलत रहेछ, मेरो समाचार नबन्ने प्रष्ट भयो। मेरो लागि समाचार बन्ने कुरा भन्दा पनि व्यक्तिको नागरिकतामा त्यस्तो असजिलो नाम नभएकै ठीक भन्ने निष्कर्ष सुनाएँ।

२०४५ साल वैशाखामा नागरिकता टोली गाउँमा गएको बेला उहाँको नागरिकताको अनुसूची फारम भर्दा कुकुर दमाईं लेखिएकै रहेछ, त्यसबेला प्रधानपञ्च प्रेमबहादुर थापालाई गाउँमा भन्ने नाम त बिगार्‍यौ नागरिकतामै यस्तो बिगारेर लेख्छौ ? भनी प्रतिवाद गरेपछि त्यस्तो भीडभाडमै पनि भरिसकेको अनुसूची फाराम र त्यसबेलाको जगनाथ गाउँ पञ्चायतको सिफारिस च्यातियो र प्रेमबहादुर दमाईं लेखिन गएको कारण सुरु रडाको सुनेकाहरूले उहाँको नागरिकतामा कुकुर नै लेखिएको छ होला भन्ने गाउँका पाका पुरानाहरूलाई पनि लागेको रहेछ। प्रेमबहादुर दमाईंले प्रतिवाद गरेर उनको नाम सुध्रिएको


तर, उनको जति बोल्न नसक्ने कुल्लेबुंची गाउँका कामी थरका दुई जनाको नाम चाहिँ कुकुर लेखिएको थियो। ती पुराना व्यक्तिहरूको नागरिकता बनाएको ५-७ वर्षपछि मृत्यु भइसकेको कुरा पूर्व शिक्षक कृष्णप्रसाद अधिकारीले त्यसबेला सुनाए।

मनघरमा नागरिकतामै कुकुर नाम लेखिएका व्यक्तिहरू रहेनछन् भन्ने निश्चित भयो। दिन ढल्यो प्रेमबहादुर दमाईंको नागरिकता उत्तिबेलै सच्चिएको र जसको नागरिकतामा कुकुर लेखियो थियो ती दुई व्यक्ति जीवित छैनन् भन्ने भएपछि समाचारको विषय बनेन। त्यहाँ समाचार नबने पनि छिमेकी गाउँ भगवतीमाई गाउँपालिका-३मेहेलतोलीमा चाहिँ ३-४ जनाको नाममा कुकुर लेखिएको र उनीहरू सबै कामी दमाईं समुदायको हुन्, नागरिकता हेरेको छु भनी मनघर गाउँका सामाजिक अगुवाले भनेपछि भोलिपल्टको लागि कार्यसूची राखेर बेलुका बेस्तडा झरैं। किकेश होटलको बासपछि साउन ७ गते सान्तडा हुँदै मेहेलतोली पुगैं। नाइटभिजन कामीको घरमा खाना खाइवरी आफूलाई कविराम कामी भन्ने गरेका व्यक्तिको घर खोज्दै पुगैं।

गाउँको माथि टुप्पोमा पुग्दा दिउँसोको १ बजिसकेको थियो, भेट भयो अघिल्लो दिन


परिचय पत्र नं.:-
नाम थर:- कुकुर कामी
ठेगाना:- भगवतीमाई-3, दैलेख
जन्ममिति:- २०१७।०३।२५
नागरिकता/जन्मदर्ता प्रमाण-पत्र नं. १४८३
जारी गर्ने जिल्ला:- दैलेख
परिचय-पत्र जारी मिति:- २०४६।२।६
परिचय-पत्र लागु हुने मिति....०७८......... साल श्रावण १ गते
(परिचय-पत्र लागु हुने मिति भन्नाले परिचय-पत्र प्राप्त गरेपछि आउने सालको श्रावण १ गतेलाई उल्लेख गर्नु पर्दछ)
बाबुको नाम :- मुन्टे कामी
आमाको नाम:- मुधी कामी
पति/पत्नीको नाम:- खिला कामी

प्रेमबहादुर दमाईंसँगको जस्तै संवादलाई सम्यम राख्दै हाशियारीपूर्वक उनीसँग कुरा गरैं। उहाँले पनि मलाई २५ वर्षदेखि रामरी चिनेको बताए, नागरिकताको प्रसङ्ग आउनासाथ नागरिकता छोराले काठमाडौं लिएर गयो भनेर टार्नुभयो। घरमा छँदै छैन भनेपछि नागरिकता देखाउन उहाँलाई समस्या परेको हो, नाम निश्चित रूपमा असजिलो नाम लेखिएकै छ भन्नेमा ढुक्क भएँ। छोरा कहिले फर्किन्छन् काठमाडौंबाट ? भनेर सोधें, उनको सम्पर्क मोवाइल नम्बर लिएँ। एक हप्ताको समय लिएर त्यो दिन साँझ बेस्तडा बास भयो, साउन ८ गते जिल्ला सदरमुकाम फर्किएँ। चार दिन खर्चेर पनि ताकेको कुरा




*अपमानित नाम भएको नागरिकता*

पाइएन तर कविरामसँगको भेटले आशा जगायो।

हरेक दिनजसो फोन गरेर कुरा गरिराखेपछि उनले १२ गते आउनुस् भनेर बोलाउनु भयो। साउन १२ गते बेस्तडामा बास बसी भोलिपल्ट साउन १३ बेस्तडा बजारबाट ४ घण्टाको पैदल यात्रापछि कविरामको घरमा पुगेँ। उहाँले प्रश्न तेर्स्याउनु भयो मेरो नागरिकता तपाईंलाई किन चाहियो ? मैले भने भन्न, बोल्न नसकिने असजिलो नाम सच्याउन पो सकिन्छ भनेर पहल गरुँला भनेर माग्न खोजेको भनेँ। उनले आफूले नागरिकता लिँदा नै प्रतिवाद गरेको, पछि सच्याउन पहल गर्दा पनि नागरिकता एकपटक बनिसकेपछि सच्चिँदै भन्ने प्रमुख जिल्ला अधिकारी र धेरैको मुखबाट सुनेको खुलाए। मैले फेरि भनेँ 'म चाहिँ प्रयास गर्छु।'

२०४६ जेठ ४ गते त्यसबेला मेहेलतोली गाउँपञ्चायतमा नागरिकता वितरण टोली गाउँमा पुगेको दिनदेखि धेरैलाई भनेको एक जना हस्तराज रेग्मी भन्ने व्यक्तिले जेठ ६ गते आफूलाई दिनभर मकै लगाउन जोत्न लगाएर भोलिपल्ट ७ गते नागरिकता बनाउन अनुसूची र सिफारिसमा प्रधान पञ्च बखतबहादुर खड्काको दस्तखत



नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-.

सिंहदरवार,
काठमाडौं, नेपाल।

विज्ञप्ति

विभिन्न जिल्लाहरुबाट जारी भएका नेपाली नागरिकताका प्रमाणपत्र जारी गर्दा अपमानजनक शब्द राखी जारी भएको सम्बन्धमा प्रकाशित समाचार, सूचना तथा जानकारीहरु प्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा देहाय अनुसारको व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

देहाय

१. अपमानजनक शब्द प्रयोग गरी नागरिकतामा व्यक्तिको नाम र थर जनिने गरी नागरिकता प्रमाणपत्र जारी नगर्ने,

२. त्यसरी अपमानजनक शब्द प्रयोग गरी जारी भएका नागरिकता प्रमाणपत्रमा सम्बन्धित व्यक्तिले सच्याउन माग गरेमा आवश्यक प्रक्रिया पूरा गरी सच्याउने व्यवस्था मिलाउने ।

मितिः २०७९।०४।२३

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता

*अपमानजनक नाम भएका नागरिकता सच्याउनू भनी गृहमन्त्रालयले निकालेको विज्ञप्ति*

गराएर तत्कालीन नापी अधिकृत टोली प्रमुख दुर्गाप्रसाद गिरीबाट प्रमाणित गराएको 'कुकुर कामी' नाम लेखिएको नागरिकता हात परेको रहेछ। यो नागरिकताको अनुसूची फाराम भर्दै गर्दा मेरो नाम कविराम हो भनेको तर जबरजस्ती प्रधान पञ्च र हस्तराजले हप्काएर 'कुकुर कामी' लेखिदिएको र यसरी नागरिकतामा नाम बिगारेका फेहरिस्त उहाँले सुनाउनु भयो।

'नागरिकता हात पर्दै सुधार गरिदिन भनेँ, धेरैपटक जिल्ला प्रशासन कार्यालयमा पुगेँ तर सुनुवाइ भएन, एकपटक बनिसकेको नागरिकता सुधिन्न भन्ने जवाफ पाएँ। धेरैतिर बुझेँ हो रैछ, नागरिकताको नाम सच्चिने रहेनछ' उनले समस्या दर्शाए। नागरिकतामै कुकुर नाम लेखिएको कारण कागजपत्र देखाउनपर्ने बैठक, भेला वा यस्ता जमघटमा जान छोडेको अनि छोराछोरीहरूले बुबाको नाम कुकुर लेखाएर नागरिकतै लिँदैनौँ भनेका र जेठो छोरा जयबहादुर वैदेशिक रोजगारीमा गएर बुबाको नाममा पैँसा पठाउन गाह्रो लागेर गाउँलेहरूको नाममा पठाउने गरेको सुनाए। गाउँमा प्रधानमन्त्री रोजगार कार्यक्रम, बैठक-भेला र ज्येष्ठ नागरिक भत्ता लिन बैंकमा लाइन लाग्दा समेत नागरिकतामा लेखिएको नामबाट बोलाउने भएकोले जमघटमा जान लाज लाग्ने गरेको उहाँले दुःखेसो गर्नु भयो। समस्या टिपोर्ट गरेर उहाँलाई आश्वस्त पारेँ 'म प्रयास गर्छु।'

तीन वर्ष अघि त्यसबेला ६३ वर्षका कविरामले नागरिकता, दलित ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको कागजपत्र दिनु भयो। ती कागजपत्र, कविरामको व्यक्तिगत र घरसँगै उपलब्ध परिवारजन समेतको फोटो खिचेर फर्किएँ। बाटोमा फर्किँदै दैलेखका तत्कालीन प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेललाई फोन गरेँ। कविरामको नागरिकतामा कुकुर कामी लेखिएको रहेछ




***नयाँ नागरिकता पाएपछि कविराम र कर्णबहादुर विक***

सुध्रिने सम्भावना बारे सोधें, उनले भने 'कस्तो नराम्रो नाम राखिदिएछन् ? को सीडीओले दिएको रहेछन् ?' मैले नागरिकता टोलीले दिएको कुरा बताएँ। 'नागरिकता संशोधन हुँदैन तर माथि सोधौँला।' प्रमुख जिल्ला अधिकारी प्याकुरेलको सम्भावनायुक्त लवजको टेलिफोन सम्वाद सकिएपछि मलाई लाग्यो 'माथि म पनि कुरा गर्छु।' तत्कालीन गृह प्रवक्ता फणिन्द्रमणि पोखरेललाई फोन गरेँ उहाँले नीति, योजना तथा अनुगमन शाखा प्रमुख सहसचिव भीष्म भुसाललाई यो कुरा भन्न अह्राउनु भयो। भीष्म भुसालसँगको एक मिनेट जति लामो कुराकानीमा उनले सोधे 'त्यो नागरिकताको फोटो भए ह्वाट्स एपमा पठाउनुस्' भन्नु भयो। मैँले फोटो पठाएँ।

'कुकुर कामी' नाम लेखिएको नागरिकता देखे लगत्तै उहाँले मलाई फोन गरी 'नागरिकतामै यस्तो अपमानित नाम ! भन्नु भयो नागरिकता ऐनको संशोधन मस्यौदाको काम भइरहेको छ, मस्यौदामा नागरिकता सच्याउने पाउने कुरा राख्न मन्त्री र सचिवलाई प्रस्ताव गरेको थिएँ उहाँहरू मान्नुभएको थिएन, नाम सच्याउन आवश्यक छ भन्ने पुष्ट्याइँका आधार खोज्दै थिएँ। मलाई आधार भयो, यही नागरिकताको आधार नाम सच्याउने प्रस्ताव तयार पार्छु' यो संवादले ठूलो आशा जगायो। मैले साउन १४ गते समाचार लेखेँ, २०७९ साउन १५ गते उज्यालो अनलाइनमा समाचार छापियो 'नागरिकतामै अपमानित नाम'। उज्यालो छापिएपछि धेरै मिडियामा समाचार छायो। सुरु सम्वादमा भीष्म भुसालको टिप्पणी नै 'अपमानित नाम' शीर्षक बन्यो। उनको गृह मन्त्रालयमा गरिएको प्रयासले २०७९ साउन २३ गते विज्ञप्ति आयो नागरिकता, जन्मदर्तामा अपमानित नाम नराख्नु र पहिले राखिएकाहरूको हकमा नागरिकता र जन्मदर्ता सच्यादिनू।

नागरिकता एकपटक बनिसकेपछि सच्याइँदैन भन्ने पुरानो मान्यता भत्कियो अनि दर्जनौं व्यक्तिले आफूलाई असजिलो लागेका नामहरू सच्याएर नागरिकता लिएका छन्। नागरिकता सच्याउन सकिने प्रावधान ल्याउने र अपमानित नाम सच्याउन पाउने व्यवस्था गरिएको चाहिँ खोजमूलक समाचारले राज्यको नीतिमा सुधार आयो। नीति मै परिवर्तन ल्याउन इन्सेकको अधिकार परियोजनाले जातीय विभेद तथा महिला अधिकारको सवालमा फेलोसिपको खोजमूलक समाचारको प्रभावको योगदान छ। खोजी समाचारको प्रभावले दर्जनौं अपमानित नाम सच्याएर आफूले चाहेको नाम राखी नागरिकता पाउनुभएको छ।

अपमानित नाम सच्याउने पाउने व्यवस्था गरिएको गृह मन्त्रालयको परिपत्र जारी भएको २ सातामा पहिलो पटक ०७९ भदौ ५ गते जिल्ला प्रशासन कार्यालय दैलेखले भगवतीमाई गाउँपालिका-३ मेहलतोलीका ६३ वर्षीय कविराम कामी र भगवतीमाई गाउँपालिका-५ कट्टीका ४४ वर्षीय कर्णबहादुर बिकले आफूले रोजेको नाममा नागरिकता पाए। दैलेखबाट सुरु भएको यो नयाँ अभ्यास बागलु को ताराखोला गाउँपालिका-४ तारागाउँकी ५६ वर्षीया सावित्री कामीको पुरानो नागरिकतामा लेखिएको कुकुर्नी कामी नाम खारेज भयो। सावित्रीले भदौ ६ गते उनले नयाँ नाम पाइन्।

परिपत्र अनुसार बागलु को ताराखोला गाउँपालिका-४ तारागाउँकी ५६ वर्षीया सावित्री कामीलाई अघिल्लो अपमानित नामको सट्टा सच्याएर प्रतिलिपी दिइएको थियो। २०७९ भदौ ६ गते बागलु का प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलले

उक्त प्रतिलिपी दिएका थिए।

दुल्लू नगरपालिका-१ दुल्लू बजारका ३९ वर्षीय फणिन्द्र वादीले भदौ २३ गते अपमानित नाम सच्याएर प्रतिलिपी पाए। उतिबेला पनि यस्तो नाम नराखिदिन आग्रह गर्दा समेत तत्कालीन दुल्लू गाविस सचिव डिलबहादुर थापाले गरेको सिफारिसका आधारमा नागरिकतामा 'फ्याउरो बादी' लेखिएको उहाँको नागरिकता त्यसबेलाका प्रमुख जिल्ला अधिकारी टेकराज ज्ञवालीले प्रमाणित गरेका थिए। भदौ २७ गते भगवतीमाई गाउँपालिका-३ मेहलतोलीका त्यसबेला ६६ वर्षका काशिराम कामीले पहिलेको कुकुर कामी लेखिएको नागरितामा नाम बदलियो। उनको २०८१ माघ २३ गते निधन भइसकेको छ।

अपमानबोध भएको भनिएको नागरिकताको प्रमाणपत्रमा उल्लेखित नामले सम्बन्धित व्यक्तिको विषयमा कुनै फौजदारी कसुरमा मुद्दा चलेर फरार रहेको, कैद सजाय असुल गर्नुपर्ने वा यस्तै अघिल्लो नागरिकता अनुसार कुनै असुल उपर गर्नुपर्ने भए सोको दायित्व समेत जाने गरी नाम सच्याउनेसम्बन्धी परिपत्रको छुट्टै व्याख्या पठाइएको थियो।

अपमान बोध भएका नाम सच्याइसकेपछि पति-पत्नी, छोराछोरी समेत परिवारजनको पनि कसरी बदल्ने भनी गृह मन्त्रालयले छुट्टै परिपत्र गरेको छ। त्यस अनुसार दैलेखमा कविराम कामीको एक छोराको नागरिकतामा बुबाको नाम कोलममा नयाँ सच्चिएको र कर्णबहादुर विकको पत्नीको नागरिकतामा पतिको नाम सच्याइएका छन्।

आम सञ्चार माध्यम र संसदमा समेत अपमानित नामहरू सच्याउन दबाव परेपछि २०७९ साउन २३ गते यस्ता अपमानजनक नाममा नागरिकता जारी नगर्न र पहिले जारी भएका नागरिकता बाहकले सच्याउन चाहेमा सच्याइदिन गृह मन्त्रालयले परिपत्रपछि दैलेखमा हालसम्म मात्र ९ जनाले त्यस्ता अपमानित नामहरू सच्याएको जिल्ला प्रशासन कार्यालय दैलेखका सूचना अधिकारी प्रशासकीय अधिकृत गणेशप्रसाद कोइरालाले जनकारी दिनु भयो।

'नागरिकता व्यक्तिको आफ्नो औपचारिक परिचय हो, नागरिकतामै यस्तो अपमानित नाम हुनु दुःखद् कुरा हो। नागरिकताको प्रमाणपत्रमा अपमानित नाम लेखिएका सबैजसो दलित समुदायकै हुनु यो समुदायमाथिको राज्यले गरेको विभेदपछि राज्यले सच्यायो, सच्याएर राम्रो गऱ्यो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को फेलोसिप कार्यक्रमको क्रममा लेखिएको समाचारले राज्यको नीति बदलियो, अपमानित नाम लेखिएकाहरूले सम्मानित नाम रोजेर नागरिकताको प्रमाणपत्र पाए सबैको लागि खुशीको खुशीको कुरा हो। इन्सकको लागि गौरबको कुरा हो' इन्सेकका कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले टिप्पणी गर्नु भयो।

इन्सेकको मानव अधिकार फेलोसिप समाचारले उज्यालो अनलाइनमा सुरुवात गरेको सामाजिक जागरणमा अरु सञ्चार माध्यमहरूले पनि राम्रो स्थान दिए। कान्तिपुर दैनिकले नागरिकतामा अपमानबोधक नाम लेखिएकाहरूको खोजी समाचार थप्यो। उज्यालो र इन्सेकमा समाचार आएपछि फलोअपमा कविरामको जीवनी र अपमान श्रृङ्खला बारे अन्नपूर्ण दैनिकका लागि अन्नपूर्ण दैनिकले समाचारहरू प्रकाशन गऱ्यो।

(लेखक इन्सेक दैलेख प्रतिनिधि हुनुहुन्छ।)

विश्लेषण

# अन्तरजातीय विवाह र जातीय विभेदका मुद्दामा कानुनी अलमल

जीवनभर साझेदारीको लागि दुई व्यक्तिहरू एक अर्कासँग वाचा गरी सम्बन्ध गाँस्ने समाजिक मान्यता र प्रक्रियालाई विवाह भनिन्छ। जसमा दुवै पक्षको व्यक्तिहरू साक्षीहरूको रूपमा समावेश भएका हुन्छन्। यद्यपि विवाहका विभिन्न प्रकार भए पनि सामाजिक रूपमा हिन्दु परम्पराको सातपदीय (अग्नीलाई साक्षी मानेर सात वाचा) मानिएको विवाहमा दुवै पक्षको भूमिका हुने भएकोले यसलाई मान्यता दिइएको हो भने हरेक धर्म संस्कृति र समुदायमा यसको मूल्य मान्यता फरक रहेको पाइन्छ।



ममता विश्वकर्मा

लोकतान्त्रिक राज्यमा सबैको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार हुन्छ। यो व्यक्तिको नैसर्गिक अधिकार पनि हो। आफूलाई मन परेको व्यक्तिसँग विवाह गर्ने, सँगै बस्ने र जीवनसाथी रोज्न पाउनु हरेक व्यक्तिको नैसर्गिक अधिकार हो। नेपालको परिवेशमा विवाह व्यक्तिगत सम्बन्ध मात्र नभई पारिवारिक सम्बन्ध हो र पारिवारिक सम्बन्ध नराम्रो हुँदा व्यक्तिले विभिन्न समस्याहरू भोग्नुपर्छ। यही समस्याहरूमा अन्तर्जातीय विवाह दलित समुदायको निम्ति अभिशाप बनेको तीतो यर्थाथ हाम्रो समाजमा विद्यमान छन्।

अन्तर्जातीय विवाहको प्रचलन नेपालमा एक संवेदनशील र जटिल विषय हो। सामाजिक संरचना र परम्परागत जातिवादले अन्तर्जातीय विवाहलाई कठिन र संवेदनशील बनाएको छ। नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक समाजमा यस्तो विवाह विवादस्पद बन्दै गएको छ। दलित समुदायका सदस्यहरूलाई अन्तर्जातीय विवाह गर्दा धेरै किसिमका समस्या र चुनौतीहरूको सामना गर्नु परिरहेको छ। अहिलेको जमानामा दलित र दलितबीचको वा गैरदलित र गैरदलितको विवाहले समस्या नदेखिए पनि दलित र गैरदलितको विवाहले जातीय भेदभाव र सामाजिक अस्वीकारको सामना गर्नुपरेको छ। जसले गर्दा कतिपयले यसलाई अभिशापको सङ्ज्ञा समेत दिने गरेका छन्। यस्तो विवाहलाई स्वीकार नगर्नु, उनीहरूको सम्बन्धलाई अस्वीकार गर्नु र यस्तो जोडीलाई सामाजिक रूपमा बहिष्कृत गर्ने जस्ता व्यवहारहरू देखिएको छ।

२१ वर्षीया युवतीको महोत्तरी जिल्ला पिपरा गाँउपालिका-४, सहोड्वाका २५ वर्षीय मनिषकुमार साहसँग ०८१ भदौ १८ गते धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिकाको भमरपुरास्थित शिव मन्दिरमा अन्तर्जातीय प्रेम विवाह भयो। विवाहपश्चात आरतीलाई साहले आफ्नो घर लगे पनि घरपरिवारका सदस्यहरूले तल्लो जातको युवतीलाई ल्याएको भन्दै घरभित्र प्रवेश गर्न दिएनन्। "दुसाद तथा पासमान

जस्तो पानी नचल्ने तल्लो जातको छोरी हाम्रो घरको बुहारी भए हाम्रो कुल देवता रिसाउने र समाजमा बेइज्जत हुने” भन्दै अमानवीय व्यवहार गरेको आरतीले बताइन्। “साहका परिवारले तल्लो जातकै कारण बुहारी अस्वीकार गरेपछि असोज १२ गते साहले आरतीलाई जनकपुरधामस्थित होली डे गेष्ट हाउसमा पुऱ्याई, छाडी भागेको र फोन गरी अब कुनै सम्बन्ध नरहेको बताएर सम्पर्क विहिन बन्दा आरतीको बिचल्ली भएको छ। सप्तरी जिल्ला खडक नगरपालिका-४, पन्सेरा टोलकी २२ वर्षीया आरती पासवानले ०८१ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालय, महोत्तरी अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसा सम्बन्धी उजुरी दर्ता गरेकी छन्।

यस्तै महोत्तरी गाँउपालिका-६ की २१ वर्षीया युवती र सोही ठाँउ बस्ने वर्ष २२ का अमितकुमार पाण्डेले पर्सा जिल्लाको गवाही मन्दिरमा ०८० माघ ४ गते प्रेम विवाह गरे। पूजा गर्भवती भएको पाँच महिनामा घरमा परिवारसँग कुरा मिलाएर पर्साबाट हिँडेका अमित सम्पर्कमा आउन चाहँदैनन्। पीडितले ०८१ पुस ११ गते



जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिइन्। पोषण नपुगेका कारण चार महिनाको गर्भपतन भयो। इन्सेकको पहलमा ०८१ फागुन ४ गते भेदभाव तथा अपमानजनक व्यवहार तथा गर्भ संरक्षण सम्बन्धी कसुर जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ।

सोनमा गाउँपालिका-५ का १७ वर्षीय बालक र १६ वर्षीया बालिका प्रेम सम्बन्धमा रहेकोमा ०८१ माघ १४ गते उनीहरू भागेर प्रेम विवाह गरे। सोही निहुँमा पीडित पक्षलाई आरोपित पक्षले ‘तँ दलितको छोराले मेरो छोरी भगाउने’ भनी गालिगलौज, दुर्व्यवहार कुटपिट गरे। आरोपित पक्षले माघ १५ गते छोरीको खोज तलास गरी पाउँ भनी इलाका प्रहरी कार्यालयमा निवेदन दियो। प्रहरी र दुवै परिवारको प्रयासमा बालक र बालिका माघ १६ गते चितवनको भरतपुरमा फेला परेकोमा सोही दिन उनीहरूलाई आ-आफ्नो परिवाको जिम्मा लगाइयो। दलितले यादवको छोरी भगाएको भन्दै राम परिवारलाई गालीगलौज र दुर्व्यवहार गर्नुको साथै धम्की दिएको कारण माघ १६ गतेदेखि नै घर गाउँबाट विस्थापित भएको छ। राम परिवारका मन्जितकुमार राम उनकी आमा ६८ वर्षीया फूलकुमारी देवी महरा र भाउजु ४० वर्षीया पवनदेवी राममाथि ०८१ चैत ३ गते कुटपिट भयो। पीडितहरूलाई घरमा बसिरहेको अवस्थामा सोनमा गाउँपालिका-५ का ६० वर्षीय कुन्ज बिहारी यादव र उनका तीन जना छोराहरू ४६ वर्षीय राजीव यादव, २५ वर्षीय ओमप्रकाश यादव र २० वर्षीय दिपेश यादवले दुवै हात बाँधेर घिसार्दै आफ्नो घरमा पुऱ्याइ कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिएका छन्।

यस्तै, अन्तर्जातीय विवाहपछि पीडा बोक्दै र एक महिने गर्भवती महिला न्यायका

लागि जिल्ला प्रशासन कार्यालय धाइरहेकी छन्। धनुषा जिल्ला नगराइन नगरपालिका-९ की २० वर्षीया महिला आफ्नो विवाहको दिन ०८१ फागुन ७ गते महोत्तरी मटिहनी नगरपालिका-७ बस्ने २२ वर्षीय आनन्द मण्डलसँग भागिन्। ०८१ फागुन १४ गते मन्दिरमा विवाह गरी दुवै जना भारतको दिल्लीमा केही दिन बसी चैत १ गते नेपाल फर्किए। घरमा गएर कुरा मिलाइ फर्किन्छु भनी अनुराधालाई होटेलमा छोडेर हिँडेका आनन्द फेरि सम्पर्कमा आउन चाहेनन्। बिचल्लीमा परेकी अनुराधाले न्यायका लागि पहल गरिदिन भन्दै जिप्रका महोत्तरीमा ०८१ चैत १ गते उजुरी दिएकी छिन्। यी प्रतिनिधिमूलक घटना मात्र हुन्। जसको जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भए पनि न्यायिक प्रकृया उदासिन रहेको देखिन्छ। यी घटना कुनै आरोपितलाई प्रहरीले न्यायिक प्रकृयामा ल्याउन सकेको छैन।

जिल्ला प्रहरी कार्यालय महोत्तरीमा दर्ता भएका पञ्चवर्षीय अपराध तथ्याङ्क आ.व ०८०/८१ फागुन मसान्त अनुसार जातीय छुवाछुतसम्बन्धी कसुरमा आ.व ०७६/७७ मा १ ओटा , आ.व ०७७/७८ मा ४ ओटा, आ.व ०७८/७९ मा २ ओटा उजुरी दर्ता भए भने आ.व ०७९/८० तथा आ.व ०८०/८१ मा कुनै उजुरी परेको छैन। जातीय भेदभाव तथा छुवाछुत गर्नेलाई कसुर र अपराधजन्य कार्य मानी यस्ता कार्य गर्ने व्यक्तिलाई दण्डित गर्न ०६८ साल जेठ १८ गतेदेखि जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन, ०६८ लागु भएको छ। सो ऐन अनुरुप कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशा तथा प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, आधारमा देहायको कार्य गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछुतको कसुर मानेको पाइन्छ। यसरी अपमानजनक अमानवीय व्यवहारसम्बन्धी कसुर अन्तरगत जिल्ला प्रहरी कार्यालय महोत्तरीमा दर्ता भएका पञ्चवर्षीय अपराध तथ्याङ्क आ.व ०८०/८१ फागुन मसान्तसम्म आ.व ०७६/७७, आ.व ०७७/७८, आ.व ०७८/७९ मा कुनैल उजुरी दर्ता भएन भने आ.व ०७९/८० मा १ ओटा तथा आ.व ०८०/८१ मा १ ओटा उजुरी परेको छ। तथ्याङ्कलाई आधार मान्दा प्रहरी कार्यालयमा उजुरी दर्ता गरिए पनि फर्स्यौट विशेष गरी समाजिक दबाब र पहुँचका प्रभावले मिलापत्रमै समेटिने देखिन्छ।

कसैले पनि कसैलाई जात, धर्म, वर्ण, वर्ग, कामको आधारमा भेदभाव गर्न पाइँदैन। कानुनले जातीय भेदभावलाई निषेध गरे पनि यो निर्मूल हुन सकेको छैन। २१ औँ शताब्दी प्रविधिको युग हो। तर, यस युगमा पनि जातीय भेदभाव न्यून हुनुको साटो आगोको मुस्लोझैँ फैलिएको यर्थाथ छ। विगतमा मिडियाको पहुँच नभएको कारणले सार्वजनिक नहुँदा जातीय भेदभावको सङ्ख्या नदेखिएको हो। त्यसैगरी उजुरी गर्ने चलन दलित समुदायहरूमा नहुँदा पनि सङ्ख्या न्यून रहेको भन्न सकिन्छ तर अहिले प्रविधिले गर्दा तथा विभिन्न सङ्घ, संगठनहरूको कारणले तथा समाजमा वैचारिक कुराहरू बढ्दै गएकोले जातीय विभेद, जातीय भेदभावका घटनाहरू आगोको मुस्लो झैं फैलिएको देख्न सकिन्छ। जातीय भेदभाव एक गम्भीर समस्या हो, जसले विभिन्न जाति र समुदायहरूलाई विभिन्न पाटोहरूमा प्रभाव पारेको हुन्छ। शिक्षा, स्वास्थ्य, आर्थिक असमानता, राजनीतिक पहुँचहरूमा उनीहरूको प्रभाव यसै कारणले कम छ।

दलित र उच्च जातिकाबिच विवाह हुँदा दुवै पक्षको परिवारमा परिवारिक र


सांस्कृतिक दबाब आउँछ। यसले व्यक्तिगत सम्बन्धलाई टुक्र्याउँछ। केटी दलित र केटा उच्च कुलको छ भने केटालाई परिवारबाट बहिष्कार गरिन्छ। दलित र गैरदलितबिचको अन्तरजातीय विवाह अहिले पनि स्वीकार्यता निकै कम छ। मागी विवाहभन्दा बढी भागी विवाह हुने गरेकोले समस्या देखिएको छ। दलित र गैरदलितबिचको सम्बन्धलाई पचाउन नसकिने भएकोले समाजले अहिलेसम्म यसलाई मागी विवाहको रूपमा लिन सकिएको छैन। त्यसैले विवाहपश्चात पनि उनीहरूबिचको प्रेम छुट्ट्याउन कोसिस समेत गर्न खोजिन्छ। डर, धाक, धम्की लोभ, लालच, कानुनी डर, बालविवाहको मुद्दामा फसाउने, अपहरण गर्ने, बलात्कारको अभियोग दर्ता गर्ने, चोरी जस्ता झुटा मुद्दामा फसाएर, कुटपिट गरेर, मानसिक यातना दिएर विवाहलाई निस्तेज बनाउने कोशिश गरिन्छ। कतिपय अवस्थामा दलित केटा-केटीदेखि तिनको परिवारसम्मलाई धम्क्याउने र कुटपिट गर्ने घटना समेत पनि भएका पाइन्छन्। उमेर नपुगेर भागेर विवाह गरिएको खण्डमा उनीहरूबिच विवाह दर्ता र छोराछोरीको जन्म दर्तामा समस्या भोग्नुपर्छ। वैवाहिक नागरिकता पाउन कठिन हुन्छ।

कानुनी रूपमा जति बन्देज लगाए पनि सामाजिक रूपमा यी विवाहलाई मान्यता नदिएसम्म अन्तरजातीय विवाह दलित र गैरदलितबिचको एउटा अभिशाप नै हो। २१ औं शताब्दीको प्रविधिको यो युगमा व्यक्तिगत स्वतन्त्रतालाई जसरी माथि उठाउँदै लगिएको छ, त्यसरी नै जातीय र सामाजिक अर्न्तघुलन आवश्यक देखिएको छ। उनीहरूको स्वतन्त्रतालाई पनि सम्मान दिन जरुरी छ। जातीय भेदभावलाई गौण ठानेर अभिभावकहरूले छोराछोरीहरूको खुशीमा रमाउनुपर्छ। सबै मानव हौँ भन्ने बुझेर मानवताको व्यवहार गर्न जरुरी छ। सबैको रगत रातो भएकोले दलित र गैरदलित भन्ने भावनाको जगाउनु पर्छ। शिक्षाको पहुँचले जातीय विभेदलाई हटाउने मुख्य भूमिका खेल्ने गर्छ। दलित भन्दा गैरदलितहरू शिक्षा, सामाजिक भूमिकामा अग्रणी रहेकोले जातीय विभेद हटाउन गैर दलितहरूको भूमिका अनिवार्य छ। बढीभन्दा बढी अन्तरजातीय विवाहलाई प्रोत्साहन गरेर अभिसापलाई एउटा अवसरको रूपमा लग्न गैरदलितहरूको भूमिका बढी आवश्यक देखिन्छ। संयुक्त राष्ट्र संघले सन् २०२० मा नेपालमा अभ्यास गरिने हानिकारक प्रथा तथा चलनहरू समुदायको दृष्टिकोणसम्बन्धी प्रतिवेदनमा मानिसको जातको आधारमा उसले खाने खाना, प्रयोग गर्न सक्ने धारा, प्रवेश गर्न पाउने सार्वजनिक स्थान, कसलाई विवाह गर्ने र कुन पेशा अवलम्बन गर्न पाउने भन्ने बारेमा नियमहरू रहेको उल्लेख गर्दै मधेश प्रदेशमा ४६ प्रतिशतले जातीय भेदभाव हुने गरेको जसमा दलितलाई गैरदलितको घरमा प्रवेश नदिइने गरेको उल्लेख छ। त्यस्तै ६७ प्रतिशत परिवारले आफ्नो समुदायमा दलित र गैरदलितबिच अन्तरजातीय विवाह नभएको तथा प्राय: परिवारले आफना छोराछोरीलाई आफ्नो जाति बाहिर विवाह नगर्नु नभए अस्वीकृत भइन्छ भनेर सिकाउने गरेको उल्लेख छ। यसले पनि अन्तरजातीय विवाहको अवस्था कस्तो छ भन्ने बुझ्न मद्दत गर्छ।

(लेखक इन्सेक महोत्तरी प्रतिनिधि हुनुहुन्छ।)

# शिक्षाको पहुँचबाट टाढा रहेका बाँतर जातिका बालबालिका

नेपालको संविधानले आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा नि:शुल्क गरेको छ। नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो। तर, यस देशमा जातीय विभेदको लहर उत्तिनै चर्चा र परिचर्चाको विषय बनेको छ। सोही बेला दलित भनिने जातिहरू नेपालको हिन्दू वर्णाश्रम जाति व्यवस्था, वि.स.१९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जाति भनी कहलिएको छ। फलस्वरूप समाजमा अछुत मानिएका र समाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रूपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जात-जातिको समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ। यही परिभाषा अनुसार दलित वर्गमा सूचीकृत जात-जातिहरू पहाडी मूलमा गन्धर्व, गाइने, परिया, दमाई, दर्जी, सूचिकार, नगर्ची, ढोली, हुड्के, बादी, विश्वकर्मा, कामी, लोहार, सुनार, चुनँरा, पार्की, टमटा, सार्की, मिजार, चर्मकार, भूल रहेका छन्। मधेश मूलमा कलर, ककैहिया, कोरी, खटिक, खत्वे, मण्डल, खड्ग, चमार, राम, मेची, हरिजन, रविदास, चिडिमार, डोम, (मरिक), ततमा-ताँती, दास, दुसाध (पासवान, हजार) धोवी (रजक), पत्थरकट्टा, पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर, सरबरिया) समुदायका वर्गहरू नेपालको धेरैजसो भूभागमा सदिऔंदेखि बसोवास गर्दै आइरहेको छ। तर उनीहरूको सूचना शिक्षा, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा पहुँच नभएका कारण अहिले पनि दलितहरूले लाच्छना खेप्नुपरेको र जातका आधारमा उचोनिचो ठान्ने वा छुवाछुत गर्ने चलन अझै पनि रहँदै आएको छ भने बाँतर समुदायका बालबालिका शिक्षाको अवसर र पहुँचबाट अझै पनि टाढा रहेकोले राज्य आफ्नै दायित्वबाट विमुख भएको देखिन्छ।



(पदमकुमार सरदार बाँतर)

कोशी प्रदेशको दक्षिणी भेगमा सबैभन्दा बढी दलित समुदायको बसोबास रहेको पाएको छ। जसका कारण अधिकांश सामुदायिक विद्यालयमा केही विद्यार्थी बाहेक दलित विद्यार्थी मात्र पढ्ने गरेका छन्। उदाहरणका लागि मोरङको कटहरी गाउँपालिका-६ थलाहाको सरस्वती आधारभूत विद्यालयलाई लिन सकिन्छ। सरस्वती आधारभूत विद्यालयमा बाँतर बालबालिकाको बाहुल्यता रहेको छ। उक्त विद्यालयमा ९९ प्रतिशत बाँतर समुदायका बालबालिका रहेको विद्यालयका शिक्षक सोनेलाल सरदार बाँतरले जानकारी दिनुभयो। कोशी प्रदेशको तथ्याङ्क अध्ययन गर्ने हो भने बाँतर जातिका बालबिलकाको विद्यालय छोड्ने दर ६० प्रतिशतभन्दा माथि छ। उच्च शिक्षा हासिल गर्ने बाँतर बालबालिका कम छन्।

पहाडे मुलका दलित बालबालिकाको तुलनामा मधेशीमूलका बालबालिकाहरूको

शिक्षाको अवस्था कमजोर छ। मधेशी मूलका दलित बालबालिकालाई पढाउनुपर्छ भन्ने चेतनाको कमीका कारण पनि बालबालिका पढ्नबाट बञ्चित भएका हुन्।

जिल्ला शिक्षा समन्वय समिति मोरङको तथ्याङ्कका अनुसार बाँतर बालबालिकाहरू ३० प्रतिशतले पढाइ छोडेर अन्य काममा लाग्ने गरेको पाइन्छ।

वि.स. १९९० सालदेखि संरक्षणात्मक कानुनका बावजुद, सामूहिक रूपमा दलित भनेर चिनिने सीमान्तकृत जातिका मानिसहरूमाथि भेदभाव जारी छ र नेपालको समाजमा गहिरो रूपमा गाँसिएको छ। बाँतर जातिका बालबालिकाको लागि विद्यालयमा सफलताको सम्भावना कम छ, निरक्षरता दर उच्च छ र उनीहरूले छिट्टै विद्यालय छाड्ने सम्भावना बढी छ, विशेष गरी बालिकाहरू।

आधारभूत हक र सेवाबाट वञ्चित तथा समाजको सीमामा बाँचिरहेका बाँतर दलित बालबालिका र तिनका परिवारको मर्यादा, हक र कल्याणको प्रवर्द्धनका लागि सरकारले विशेष योजना ल्याउनु जरुरी छ।

संविधानको धारा ४० (२) ले दलितलाई उच्च शिक्षासम्म नि:शुल्क व्यवस्था छ। यसलाई कार्यान्वयन गराउन दलित अगुवाहरू पनि संगठित हुन आवश्यक छ भने अन्य दलितलगायत बाँतर जातिका बालबालिकाहरूको क्षमता अभवृद्धिका लागि लागि तीनै तहको सरकारले दलित बालबालिकाहरूका लागि शिक्षाको क्षेत्रमा ठोस योजना ल्याउनु पर्छ। राज्यमा दलित समुदायका मानिसमा उचोनिचो र छुवाछुत जस्तो व्यवहारलाई अन्त्य गर्न सकेमा मात्र अन्य दलित लगायत बाँतर जातिका बालबालिकाहरूलाई अध्ययन तर्फ पु:न केन्द्रित गर्न सकिन्छ।

*(लेखक अधिकारकर्मी हुनुहुन्छ।)*


**मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन**

**इन्सेकद्वारा प्रकाशित**

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानवअधिकार सङ्गालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- मानवअधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

# जातीय विभेद विरूद्ध गण्डकी प्रदेश सम्मेलन (१३ -१४ माघ, २०८१) बाट जारी पोखरा घोषणापत्र

नेपालमा मानवताको कलङ्का रूपमा रहेको जातीय विभेद तथा छुवाछुतको कानुनत: अन्त्य भएको करिब ६ दशक भइसकेको तथ्य स्मरण गर्दै, सबै किसिमका विभेदको अन्त्य गर्ने प्रस्तावना सहितको नेपालको संविधान २०७२ को धारा २४ मा व्यवस्था भएको छुवाछुत तथा भेदभाव विरुद्धको हक र छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय तथा अन्य छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन- २०६८ कार्यान्वयनमा रहेको अवस्था मनन् गर्दै, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले व्यवस्था गरेको मानव जातिको आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्दै, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा तथा गैसस महासंघ, दलित महिला संघ ( फेडो), एड्भोकेसी फोरम नेपाल, ,बहिनी एडुकेयर फाउण्डेशन,एड्वान,ओस्सो, जागृति बाल तथा युवा सरोकार नेपालको सह-आयोजनामा २०८१ माघ १३ र १४ गते मानव अधिकार तथा दलित अधिकारको क्षेत्रमा क्रियाशील १ सय ५० जना भन्दा बढी व्यक्तिहरूको सहभागितामा गण्डकी प्रदेशको राजधानी पोखरामा आयोजित जातीय विभेद विरुद्ध प्रदेश सम्मेलनमाबाट ...जातीय विभेद उन्मूलनका लागि पोखरा घोषणापत्र २०८१' जारी गरेका छौं।

१. नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४) का साथै समानताको हक (धारा १८), दलितको हक (धारा ४०), सामाजिक न्यायको हक (धारा ४२) को अक्षरश: पालना गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ।
२. 'जातीय विभेदलाई शून्य सहनशीलताको सिद्धान्त' अँगाली राज्यले छुवाछुत तथा भेदभाव विरुद्धको हक (धारा २४) लगायत अन्य सान्दर्भिक कानूनको प्रभावकारी कार्यान्वयन गर्न यो सम्मेलन सम्बन्धित सबै पक्षको गम्भीर ध्यानाकर्षण गराउँदछ।
३. जातीय भेदभाव तथा छुवाछुतका मुद्दालाई विशेष प्रकृतिका मुद्दा मानी पीडितलाई छिटो न्याय दिलाउन आवश्यक पहलकदमी गर्न यो सम्मेलन नेपाल सरकार समक्ष हार्दिक अनुरोध गर्दछ।
४. दलित समुदायको सशक्तिकरणका लागि क्षमता वृद्धि तथा सीपमुलक तालिम तथा आर्थिक सशक्तिकरण गर्न दलितमैत्री नीति तथा कार्यक्रम र बजेट तय गर्न सम्मेलन तीनै तहका सरकार र सरोकारवालासँग माग गर्दछ।
५. नेपाल सरकारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक नीति तथा कार्यक्रम लागु गर्न नेपाल सरकारसँग सम्मेलन जोडदार माग गर्दछ।

६. जातीय विभेद विरुद्धका उजुरी सुन्ने राष्ट्रिय संयन्त्रको विकास गर्न तथा उजुरी परेका घटनामा मेलमिलाप गर्ने प्रवृत्तिको अन्त्य गर्न सम्मेलन माग गर्दछ।

७. नेपालको संविधानको मौलिक हकको धारा ४० को उपधारा ५ र ६ मा उल्लेखित दलितलाई एकपटकका लागि आवास र जमिन उपलब्ध गराउनु पर्ने प्रावधान तत्काल लागु गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ।

८. दलित समुदायलाई आधारभूत तहदेखि उच्चतहसम्मको शिक्षा नि:शुल्क प्रदान गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न सम्मेलन माग गर्दछ।

९. जिल्ला प्रहरी कार्यालयहरूमा स्थापना गर्नुपर्ने दलित डेस्कको सबै जिल्लामा अविलम्ब स्थापना गरी प्रभावकारी रूपमा परिचालन तथा कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ।

१०. संविधान तथा ऐन कानुनमा उल्लेखित राज्यका हरेक क्षेत्रमा प्रतिनिधित्व, सहभागिता, समावेशिता र आरक्षणको प्रभावकारी कार्यान्वयन गर्न सम्मेलन नेपाल सरकारसँग माग गर्दछ। साथै प्रदेश सरकारले गर्ने सबै नियुक्तिहरूमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व गराउन समेत माग गर्दछ।

११. सीमान्तकृत दलित समुदायको क्षमता अभिवृद्धि गरी राज्यका निकायमा पहुँच अभिवृद्धि गर्न आवश्यक काम गर्न यो सम्मेलन तीनै तहका सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ।

१२. जातीय विभेद तथा छुवाछुत विरुद्ध बृहत् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न र स्थानीय तथा प्रदेश सरकारलाई जवाफदेहिता पालना गर्न यो सम्मेलन हार्दिक अनुरोध गर्दछ।

१३. विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा जातीय विभेद तथा छुवाछुत विरुद्ध र सामाजिक न्याय तथा मानव अधिकारका विषय समेट्न सम्मेलन माग गर्दछ।

१४. संविधानको कार्यान्वयन गरी जातीय विभेद तथा छुवाछुतको अन्त्य गर्ने र दलित समुदायको उत्थान र विकास गर्न प्रदेश सरकारले ल्याउन लागेको दलित अधिकारको व्यवस्था गर्न वनेको विधेयक सम्वन्धित सरोकारवालाहरूको व्यापक छलफल र सुझावहरूलाई समावेश गर प्रदेश सभाको आगामी हिउँदे अधिवेशनवाट पारित गर्न यो सम्मेलन प्रदेश सरकार समक्ष जोडदार माग गर्दछ। साथै ऐन कार्यान्वयनका लागि आवश्यक संरचना निर्माण गरी पर्याप्त स्रोत साधन सहित कार्यान्वयन गर्ने वातावरण बनाउन समेत अनुरोध गर्दछ।

१५. राष्ट्रिय दलित आयोगलाई स्रोत साधन सम्पन्न वनाउँदै यसका प्रदेश कार्यालय स्थापना गर्न यो सम्मेलन  अनुरोध गर्दछ।

१६. स्थानीय तहमा निर्वाचित दलित समुदायका जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारको कार्यक्रम तथा बजेटलाई दलितमैत्री बनाउन सक्ने वातावरण तयार गर्न यो सम्मेलन प्रदेश सरकार समक्ष माग गर्दछ।

१७. आगामी प्रदेश/सङ्घघीय तथा स्थानीय निर्वाचनमा दलितको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणालीमा मात्र नभई प्रत्यक्ष निर्वाचनमा समेत दलितको उम्मेदवारीलाई प्राथमिता दिन सम्पूर्ण राजनीतिक दललाई आह्वान गर्दछौँ।

*२०८१ माघ १४ गते पोखरा*

अन्तर्वार्ता



# दलित समुदायलाई उनीहरूको श्रम र योगदानको अवमूल्यन गरेर नै यो अवस्था पुऱ्याइएको हो

**देवराज विश्वकर्मा**, दलित आयोगका अध्यक्ष हुनुहुन्छ। नेपालको संविधानको धारा २५५ मा नेपालमा  राष्ट्रिय दलित आयोग रहने उल्लेख छ। राष्ट्रिय दलित आयोगले दलित अधिकारका बारेमा गरेका कृयाकलाप, नेपाल दलितका सवालजस्ता विषयमा गरिएको कुराकानी।



**नेपालमा जातीय विभेद तथा छुवाछुतको अवस्था कस्तो छ ?**

नेपालमा जातीय भेदभावको घटनाहरू कमी आएको छ। हिजो राज्यले नै कानुन बनाइ जातीय विभेदलाई गहिरो धार्मिक मान्यातासमेत दिएर संस्थागत गरेको थियो। मनुस्मृति धार्मिक कानुन थियो भने वि.सं १९१० को मुलुकी ऐन त्यसको निरन्तरता। त्यो मनुस्मृति र १९१० को मुलकी ऐनको प्रभावलाई विस्थापित गर्ने गरी नयाँ संविधानमा व्यवस्था त गर्‍यौँ तर, त्यसलाई समयसीमा तोकेर निर्मूल गर्ने कदम नचाल्दा २० बाट १९ त भएको छ। शून्यमा पुर्‍याउन अझै थुप्रै समय लाग्ने देखिन्छ। घट्दो क्रममा तर निकै सुस्त गतिमा।

**नेपालमा जातीय विभेद तथा छुवाछुतको अन्त्य गर्नका लागि के कस्ता कानुनी प्रावधान छन् ?**

कानुनी प्रवन्ध केही प्रगतिशील भए पनि समयसापेक्ष अपेक्षित छैनन्। संविधानमा निकै संवेदनशील ढंगले दलित समस्या समाधान गर्ने सङ्कल्पसहित व्यवस्था गर्‍यौँ तर, त्यस अनुरूप कानुन एकदशक बित्नै लाग्दा पनि बनेको अवस्था छैन। दलित समुदायलाई उनीहरूको श्रम र योगदानको अवमूल्यन गरेर नै यो अवस्था पुर्‍याइएको हो। आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक रूपमा उनीहरू पछाडि परिनुमा उनीहरू निषेधित भएर हो, नगरेर होइन। संविधानको धारा ४० कार्यान्वयनका लागि कानुन नबन्दासम्म दलित प्रगतिका सूचकहरू सुधारिँदैनन्। अर्कोतर्फ पीडकलाई सजायसम्बन्धी कानुन पनि प्रभावहीन छ भन्दा अन्यथा नहोला। नेपाल प्रहरीले यो कानुन कार्यान्वयनका लागि महत्व नदिएको दखिन्छ। अरु शिक्षा, स्वास्थ्य, रोजगारी अभिवृद्धि र मूलप्रवाहिकरणसम्बन्धी कानुन पनि बनेको अवस्था छैन। समग्रमा भन्दा जुन ढङ्गले सोचिनुपर्थ्यो र नेपाली समाजको प्रगतिको अवरोधकका रूपमा यो साम्प्रदायिक प्रथाको उपचारका लागि कानुनी प्रबन्ध गर्नुपर्थ्यो त्यो भएको छैन।

**अनेकौँ संवैधानिक तथा कानुनी प्रबन्धका बाबजुद पनि जातीय विभेदका घटनामा कमी आउन नसक्नुको कारण के हो ?**

जातीय विभेदका घटनामा कमी नआउनुको कारण यसप्रतिको नेपाली समाजको सोच नै हो भन्ने लाग्छ। हामीले हजारौँ वर्षदेखि पाल्दै आएको कुप्रथालाई संवेदनशील ढंगले लिइरहेको छैनौँ। जस्तो कि कुनै दलित मानिएको व्यक्तिले मन्दिरमा पूजा गर्न नपाउनु, धारामा पानी भर्न नपाउनु, विद्यालयमा छुट्टै बसालेर खाना दिइनु, सार्वजनिक समारोमा उपयुक्त भूमिका निर्वाह गर्न बञ्चित गरिनु, सबै योग्यता पुगे पनि समुदायका कारणले अवसरबाट बञ्चित गरिने कुरालाई हामीले पहिलेदेखि चल्दै आएको चलन भनेर सामान्यीकरण गरिरहेका छौँ। त्यसैले विभदेका घटनामा कमी नआएको हो। हामीमाथि उल्लेखित व्यवहार गरिनुहुन्न भनेर आवाज आएको खण्डमा दलितमाथि समाज भाँडेको आरोप लगाइन्छ। समाज एकताबद्ध हुन नदिने त माथिका क्रियाकलाप गर्नेहरू हुन नि त। विभेद गर्नेहरूको सोच मूल्य मान्यता नफेरिनु मूल कारण हो।

**जातीय विभेदका घटनामा कमी ल्याउन के गर्न सकिन्छ ?**

दलित समुदायले जुन अपमान, वहिस्करण, थिचोमिचो, भेदभाव भोगिरहको त्यो हामीले भोग्नुपरेको भए कति कठिन हुन्थ्यो होला भन्ने बुझाइ गैरदलित

**जातीय विभेदका घटनामा कमी नआउनुको कारण यसप्रतिको नेपाली समाजको सोच नै हो भन्ने लाग्छ। हामीले हजारौँ वर्षदेखि पाल्दै आएको कुप्रथालाई संवेदनशील ढंगले लिइरहेको छैनौँ। जस्तो कि कुनै दलित मानिएको व्यक्तिले मन्दिरमा पूजा गर्न नपाउनु, धारामा पानी भर्न नपाउनु, विद्यालयमा छुट्टै बसालेर खाना दिइनु, सार्वजनिक समारोहमा उपयुक्त भूमिका निर्वाह गर्न बञ्चित गरिनु, सबै योग्यता पुगे पनि समुदायका कारणले अवसरबाट बञ्चित गरिने कुरालाई हामीले पहिलेदेखि चल्दै आएको चलन भनेर सामान्यीकरण गरिरहेका छौँ।**

समुदायमा निर्माण गर्न सकियो र निर्मित संविधान, ऐन कानुको सहि र प्रभावकारी कार्यान्वयन गर्न सकियो भने भेदभावमा कमी ल्याउन सकिन्छ। सँगसँगै दलित समुदायको ठूलो हिस्सा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक हिसाबले पछाडि पारिएको हुँदा उनीहरूको सशक्तिकरण र मूलप्रवाहिकरणमा पनि उत्तिकै ध्यान दिनुपर्दछ। यसरी विभेद कम गर्दै उन्मूलन गर्ने दिशातिर अघि बढ्न सक्छौँ।

**राष्ट्रिय दलित आयोगले दलितहरूको अधिकार संरक्षणका लागि के कस्ता कार्यहरू गरिरहेको छ ?**

आयोगले मूलत : विभेद अन्त्य गर्न मुख्य भूमिका खेल्नुपर्ने निकायहरूलाई दायित्वबोध गराउने कार्य गरिरहेको छ। तीनै तहका सरकार र मूल रूपमा जातीय भेदभावको स्थान भनेको बस्तीस्तरमा गलत परम्परा, अन्धविश्वास, कुरीती हटाउन लागि काम गरिरहेका छौँ। दलित समुदायका अरु अधिकारको समन्वय र सहकार्य गर्नेसम्बन्धी काम गरिरहेका छौँ। दलित समुदाय मानव अधिकार संरक्षणका सबै प्रकारका काम आयोगले गरिरहेको छ। तीन तहका सरकारहरूलाई नीतिगत सिफारिस गर्नुका साथै अध्ययन अनुसन्धानको काम पनि आयोगले गरिरहेको छ।

**यति धेरै कामहरू गरेको बताउनु भयो तर, आयोग प्रभावकारी नभएको गुनासो छ नी ?**

आयोगलाई जुन जिम्मेवारी र दायित्वका साथ स्थापना गरिएको छ त्यो दायित्व पूरा गर्नका लागि साधन स्रोतको जरुरी पर्छ। सरकारले साधन स्रोत उपलब्ध गराउन नसक्दा स्वभाविक रूपमा कामहरू प्रभावित भएका छन्। तर, आयोगले काम नै नगरेको भन्ने चाहिँ होइन। आयोगको मोजुदा सामर्थ्य जे छ त्यसको अधिकतम् सदुपयोग गरेको छ। अझै जनअपेक्षा अनुरूप काम गर्न प्रतिबद्ध छ। मानव अधिकारको क्षेत्रमा काम गर्ने सबै व्यक्ति र संस्थाहरूमा दलित समुदायको मानव अधिकार संरक्षणका निम्ति साझेदारी र सहकार्य गरौँ भन्ने अपिल गर्दैछौँ।

# जातीय विभेद



## जातीय भेदभाव तथा छुवाछुत भनेको के हो ?

नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरूद्धको हकको उल्लेख गरिएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ कार्यान्वयनमा रहेको छ। संविधान तथा कानूनबमोजिम भेदभाव तथा छुवाछुत विरूद्धका अधिकारहरू स्थापित गरिएका छन्। साथै भेदभाव तथा छुवाछुत कार्यलाई कसूरको रूपमा परिभाषित गरी दण्ड सजायको व्यवस्था समेत गरिएको छ।

## जातीय भेदभाव तथा छुवाछुतको कसुरमा कसरी उजुरी गर्ने ?

- जातीय भेदभाव तथा छुवाछुतको कसुर गरेको वा गर्न लागेको थाहा पाउने जोसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सकिने,
- यस्तो कसुर नेपाल बाहिर गरेमा कसुरदार बसोबास रहेको वा निज रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्न सकिने।

## भेदभाव तथा छुवाछूतको कसूर गरेमा कस्तो सजाय हुन सक्छ ?

- जातीय भेदभाव तथा छुवाछुतको कसुर गर्नेलाई अपराधको प्रकृतिबमोजिम अधिकतम तीन महिनादेखि तीन वर्षसम्म कैद वा १ हजार रूपैयाँदेखि २५ हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक पद धारण गरेको व्यक्तिले जातीय भेदभाव तथा छुवाछुतको कसुर गरेमा निजलाई पचास प्रतिशत थप सजाय हुन्छ,
- जातीय भेदभाव वा छुवाछुत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा उद्योग गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुने।

जि.प्र.का. द. नं. २१/०४९/५०

# www.inseconline.org

# नेपालको पहिलो मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal